# नारी : समाज, घटना र पात्रहरु



- राजेन्द्रप्रसाद अधिकारी

एकिकृत विकास समाज नेपाल
Integrated Development Society Nepal
IDS-Nepal

नारी : समाज, घटना र पात्रहरु - राजेन्द्रप्रसाद अधिकारी
बि.सं. २०७८

# नारी : समाज, घटना र पात्रहरू

- राजेन्द्रप्रसाद अधिकारी


एकिकृत विकास समाज नेपाल
*Integrated Development Society Nepal*
बालुवाटार, काठमाडौं, नेपाल
IDS-Nepal

© सर्वाधिकार : *लेखकमा*
*ISBN: 9789937140805*
**मुद्रण :** प्रिन्ट प्लस प्रा.लि, काठमाडौं
**प्रकाशक :**
**एकिकृत विकास समाज नेपाल**
***Integrated Development Society Nepal***
बालुवाटार, काठमाडौं, नेपाल

# लेखकीय

बि. सं. २०५४ सालतिर मैले जनएकता साप्ताहिकमा नारी स्तम्भ लेख्ने गरेको थिएँ । यो पुस्तक मूलतः त्यसैको संकलन हो । त्यो समय र परिवेशले अहिले २५ वर्ष पुरा गरिसकेको छ । यस अवधिमा देशमा महत्वपूर्ण राजनैतिक परिवर्तन भएको छ । प्रविधिमा भएको विकासले आजको समाज पनि डिजिटल सामाजिक सञ्जालको युगमा प्रवेश गरेको छ जसले महिलाहरुलाई थप अवसर प्रदान गरेको छ भने अर्कोतिर महिला हिंसा र शोषणका नयाँ पाटाहरु पनि सृजना भएको देखिन्छ । हाम्रो सामाजिक-आर्थिक अवस्था र पूर्वाधारमा देखिने केही परिवर्तनले आवरणमा केही सुध्रेको देखिएता पनि मूलभूतरुपमा महिला शशक्तिकरणको पक्ष अझै दयनीय नै रहेको छ । यद्यपि कागजातहरुमा वा केही महिला अधिकारवादीहरुको दृष्टिकोणमा "एक शताब्दी भन्दा लामो महिला अधिकार आन्दोलनका क्रममा महिला हक/हित र अधिकारका पक्षमा धेरै उपलब्धि हासिल भएका छन् । हिजो भन्दा आज क्रमशः समाज बदलिइरहेको छ । २०४६ को जनआन्दोलन, सशस्त्र सङ्घर्ष तथा २०६२/२०६३ को आन्दोलनबाट भएको राजनीतिक परिवर्तन र विभिन्न जाति, भाषा र समुदायमा आएको जागरण, आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणले विगतको तुलनामा महिलाको हैसियत र अवस्थामा सुधार आएको छ । जसलाई विभिन्न अध्ययन र तथ्याङ्कले पुष्टि गरेका छन् ।"[1]

नेपालको नयाँ संविधान जारी भई, देश गणतन्त्र भएपछि देशको राष्ट्रपति, संघीय संसदको सभामुख र प्रधान न्यायाधीशमा एकै समय महिलाहरु पुगेको अवस्थालाई मात्र हेर्ने हो भने माथिको भनाईसँग असहमति जनाउने अवस्था देखिदैन । तर वास्तविकतालाई तथ्याङ्कमा नसमेटिएका घटनाहरुबाट पनि हेर्नुपर्ने हुन्छ । उदाहरणको लागिः[2]

> "यहाँ (मुक्तिकोट, बाजुरा) मृत्यु भएका बालबालिकाको तथ्याङ्क कसैले पनि राख्ने नगरेको मुक्तिकोटस्थित आधारभूत

---

[1] *कमलाकुमारी पराजुली, अध्यक्ष, राष्ट्रिय महिला आयोगको मन्तव्य, नेपालमा महिलाको अवस्था (फागुन २०७८), राष्ट्रिय महिला आयोग ।*

[2] *वसन्तप्रताप सिंह, "जहाँ हरेक आमाले गुमाएका छन् सन्तान्", कान्तिपुर, ८ चैत २०७८*

स्वास्थ्य केन्द्रका प्रमुख उमेश शाहीले बताए । 'त्यस्तो रेकर्ड त कसैले राख्ने गरेको छैन, टोलटोलमा गएर बुझ्ने हो भने सबै डाटा आउन सक्छ,' उनले भने । उनले मुक्तिकोटमा कुपोषणको अवस्था भयावह रहेको र कुपोषणकै कारण बालबालिकाले ज्यान गुमाइरहेको जनाउँदै स्थानीयको लापरबाहीका कारण उपचार गराउन समस्या भइरहेको बताए । 'हामीले एक महिनाअघि मात्रै ४० जना बच्चाको कुपोषण जाँच गर्दा ३६ जना कुपोषित भएको भेट्यौं, तीमध्ये १५ जनामा त निकै कडा खालको कुपोषण छ ।"

उक्त गाउँमा दुई सयभन्दा बढी पाँचवर्ष मुनिका बालबालिका रहेको र सबैजसो कुपोषित भएको पनि बताइएको छ । यसैबाट अनुमान गर्न सकिन्छ त्यहाँका महिलाहरुको आर्थिक र मनोवैज्ञानिक अवस्था कस्तो होला। साथै आर्थिकरुपले विपन्न; आर्थिक-सामाजिक अवस्थाको कारण चाहेर पनि अध्ययन गर्न नपाएका बालिका र किशोरी; दु:खजिलो अध्ययन पुरा गरेर पनि रोजगारी पाउन नसकेका महिलाहरु; वैदेशिक रोजगारीमा जान विवश महिलाहरु; श्रीमान वैदेशिक रोजगारीमा गएका महिलाहरु; र महिला भएकै कारण अवसरहरुबाट वञ्चित हुनु परेका वा वञ्चित गराइएका महिलाहरुको अवस्था झन् कहालिलाग्दो रहेको महशुस हुन्छ । उदाहरणको लागि- अपहरणमा परी २०६१ सालमा हत्या गरिएको १७ वर्षीय छोरा कृष्णप्रसाद अधिकारीकी आमा गंगामाया, साउन २०७५ मा उखुबारीमा मृत भेटिएकी कञ्चनपुरकी (भिमदत्त नगरपालिका-२) १३ वर्षीय बालिका निर्मला पन्त र उनकी आमा, वा खाद्य सुरक्षाको अवस्था अत्यन्तै कमजोर रहेको बाजुरा मुक्तिकोटका महिलाहरु भनिन्छ त्यहाँका प्रत्येक आमाहरुले आफ्ना सन्तान गुमाएका छन् वा विराटनगरको रानी नाकाबाट मात्र उद्धार गरिएका १३१ बालिका तथा महिलाहरु (माइति नेपाल, मोरङ्, पुष २०७९) को अवस्थालाई लिन सकिन्छ ।

प्रहरीसम्म पुगेको घटनालाई मात्र हेर्दा पनि पछिल्लो दशकमा झण्डै एक लाख चालिस हजार महिला हिंसाका घटनाहरु भएको बताइएको छ । आ. ब. २०७०/७१ मा लगभग ९००० महिला हिंसाका घटनाहरु भएकोमा आ. ब. २०७८/७९ मा यो संख्या २१००० नाघेको देखिन्छ । यो डरलाग्दो तथ्याङ्क हो र महिलाहरु असुरक्षित रहेको प्रमाण हो । राज्य यसप्रति गम्भीर हुन सकेको छैन । वरिष्ठ अधिवक्ता मीरा ढुंगानाको अनुसार पर्याप्त कानुनी व्यवस्था नभएको र भएको कानुन समेत प्रभावकारीरुपमा कार्यान्वयन नभएकोले महिला हिंसाका घटनामा कमी नआएको हो । वहाँको भनाईमा, "जबसम्म महिलालाई एउटा वस्तुकोरुपमा हेरिन्छ,

उनीमाथि मानवीय दृष्टिकोणले हेरिदैन, तबसम्म हिंसाको दर घटदैन । 'पहिले त सोचमा परिवर्तन आवस्यक छ ।"[३] ग्लोबल भिसाज कन्सल्टेन्सीका सञ्चालककलाई आठ वर्षअघि मिस ग्लोबल इन्टरनेशनल नामक सौन्दर्य प्रतियोगितामा भाग लिएकी एक १६ वर्षीया किशोरीमाथिको मानव बेचविखन र यौन दुराचार गरेको जस्ता आरोपमा जिल्ला अदालत काठमाडौंले दोषी ठहर गर्नु परिरहेकै छ।[४] यी त सार्वजनिक भएका केही घटनाहरु मात्र हुन् । कमजोर सामाजिक-आर्थिक अवस्थाको कारण सार्वजनिक हुन नसकेका र सत्ता र शक्तिको आडमा दविएका घटनाहरुको संख्या कति होलान् अहिले अनुमान गर्न पनि गाह्रै देखिन्छ ।

माथि उल्लिखित पृष्ठभूमिमा हेर्दा यस पुस्तकमा समेटिएका अवस्था र घटनाहरुमा मूलभूतरुपमा परिवर्तन आएको छैन र तिनीहरु सान्दर्भिक नै देखिन्छन् । यसको अतिरिक्त आजभन्दा २५ वर्ष अगाडिको समाज, घटना र पात्रहरुको बारेमा जानकारी प्रदान गर्दै उक्त समयको दस्तावेजको रुपमा समेत यस पुस्तकमा समेटिएका लेखहरु रहने छन् र सो समयभन्दा पछिल्ला चरणमा भए गरेका प्रगतिको तुलनात्मक अध्ययन गर्नका लागि समेत यी लेखहरु उपयोगी हुने विश्वास गरेको छु ।

साथै छरिएका लेखहरुलाई पुस्तकको रुपमा प्रकाशित गर्न सहयोग पुऱ्याउनु हुने आइडिएस नेपालका सल्लाहकार तथा सरक्षक श्री प्रभा पोखेलज्यूलाई महत्वपूर्ण भूमिकाको निमित्त समेत हार्दिक आभार प्रकट गर्दछु साथै उपाध्यक्ष श्री गीता खड् काज्यू र कार्यकारी निर्देशक श्री प्रकाश कोइरालाज्यूलाई वहाँहरुबाट प्राप्त सहयो गको निमित्त हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**- राजेन्द्रप्रसाद अधिकारी**
चण्डोल, काठमाडौं

[३] *प्रकाश धौलाकोटी, "महिला हिंसाको उकालो ग्राफ", कान्तिपुर, २७ मंसिर २०७९*
[४] *मनोज पाण्डे मानव बेचबिखन तथा बाल यौन दुर्व्यवहारमा दोषी ठहर, हिमाल टाइम्स, १० माघ २०७९*

# प्रकाशकीय

यस संस्था एकीकृत विकास समाज नेपालका अध्यक्ष प्राध्यापक राजेन्द्रप्रसाद अधिकारीको पुस्तक ***नारी : समाज, घटना र पात्रहरु***को प्रकाशन एकीकृत विकास समाज नेपालबाट हुन पाएकोमा हामी हर्षित छौं । यो पुस्तकले महिला तथा वालवालिकाहरुको अवस्था र उनीहरु माथिको विभेदलाई विभिन्न कोणबाट छर्लङ्ग पार्नुको साथै विगत २५ वर्ष अघिदेखिको समाज, घटना र पात्रहरुको बारेमा जानकारी प्रदान गरेको छ र ती विषयवस्तुहरु अझै पनि उत्तिकै सान्दर्भिक देखिएका छन् ।

लेखकले वि.सं. २०५४ सालतिर जनएकता साप्ताहिकमा नारी स्तम्भ लेख्दाको संकलनलाई प्राथमिकताका साथ यस पुस्तकमा समावेश गर्नु भएको छ । यो पुस्तकले हामीलाई विगत २५ वर्ष तिरको हाम्रो समाज र विश्व परिस्थितिमा घटेका घटनाक्रमसँग आजको समाज र विश्व परिस्थितिलाई तुलनात्मक रुपमा नियाल्नको लागि महत्वपूर्ण अवसर सिर्जना गरिदिएको छ । उल्लिखित कारणले गर्दा यो पुस्तक सबैका लागि पठनीय एवम् मननीय पनि छ भन्ने हामीलाई लागेको छ ।

यस पुस्तकको माध्यमबाट हामीले महिला तथा बालबालिकाको अवस्था र उनीहरु माथि हुने गरेका विभिन्न प्रकारका हिंसाहरुलाई कम गर्न सकिने आधार र शिक्षा पाउनुका साथै महिलाहरुको विशिष्ट शक्ति र क्षमताहरुको बारेमा समेत जानकारी गराउने छ। तसर्थ महिलाहरुको वास्तविक उत्थान र सवलीकरणका लागि नीतिगत र व्यवहारिक रुपमा पनि ध्यान दिनु पर्ने थुप्रै विषयहरुलाई सरल ढँगले उजागर गर्ने प्रयासमा यो पुस्तक केन्द्रित रहेको देखिन्छ । अतः एकीकृत विकास समाज नेपालको उद्देश्य अनुरुप यस संस्थाको मुख्य कार्यक्षेत्र मध्येको एक महिला अधिकार एवम् सशक्तिकरणको विषयसँग सम्बन्धित रहेकोले

पनि यो पुस्तक प्रकाशन गर्नु हाम्रो लागि महत्वपूर्ण रहेको छ ।

यस पुस्तकको प्रकाशनको सिलसिलामा यसमा समावेश सामग्रीहरुलाई पुस्तकको ढाँचामा मिलाई छपाई गरिदिनु हुने प्रिन्ट प्लस छापाखानालाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा समेत प्राध्यापक अधिकारीको पुस्तक प्रकाशन गर्न पाउने अपेक्षा सहित यस पुस्तकको प्रकाशनमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने सबैलाई एकमुष्ठ धन्यवाद ज्ञापन गर्दछु ।

**- प्रकाश कोइराला**
कार्यकारी निर्देशक
एकीकृत विकास समाज नेपाल

# समसामयिक, सान्दर्भिक र पठनीय विषयवस्तु : एक समीक्षा

मानव सभ्यताको विकासक्रमसँगै विभिन्न कालखण्डमा भएका सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक परिवर्तनका प्रभावले विश्वव्यापी रुपमा लैङ्गिक समानता र समताका क्षेत्रमा वकालत र पैरवी शुरु हुन थाले । अन्तर्राष्ट्रिय मञ्चहरुमा उठेका महिला सशक्तिकरण र समावेशीताका सामाजिक मुद्दाहरुले दक्षिण एशियाली राष्ट्रहरुमा समेत सामाजिक अभियानको रुपमा एक तरंग पैदा गर्‍यो । फलस्वरुप: बर्षौंदेखि घरायसी कामधन्दामा र वस्तुको रुपमा मात्र चित्रण गरिएको महिलाको भूमिकामा व्यापक परिवर्तन देखापर्‍यो ।

विश्वव्यापी परिवर्तनका वावजुद नेपाली समाजमा अझै पनि महिलाहरुको भूमिकालाई घरेलुकरणमा सीमित गरी पाठ्यक्रममा समेत कमाउने काम पुरुषको हो त्यसबाट नै घर खर्च चलाइन्छ तर महिलाको काम चाहिँ घरभित्रको मात्र हो भन्ने सिकाइले कलिला मष्तिस्कमा सानैदेखि नै पुरुषको भूमिका मात्र महत्वपूर्ण रहन्छ भन्ने धारणा विकसित हुँदै गइरहेको छ । घरभित्रको काम महिलाहरुको हो र त्यो काम सामान्य हो भन्ने मानसिकता विकास हुँदै जाँदा बालबालिकाहरुको सामाजिकीकरण प्रकृयामा पर्नसक्ने प्रभावबारे यस **नारी : समाज, घटना र पात्रहरु** पुस्तकमा लेखक डा. राजेन्द्रप्रसाद अधिकारीले बडो मार्मिक ढंगले विश्लेषण गर्नु भएको छ ।

मैले शुरुमा लेखक अधिकारीलाई पदिय हिसाबले खरिद विशेषज्ञ (Procurement Expert) को रुपमा चिनेकी थिएँ र उहाँ सँगसँगै काम पनि गरेकी थिएँ । वास्तवमा उहाँको लेखक रुपसँग भने धेरै पछि मात्र परिचित भएँ र यो मेरो रुचिको विषयमा लेखिएको आलेखहरुको सँगालोको समीक्षा गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ ।

डा.अधिकारीद्वारा चित्रण गरिएका यी घटनाक्रमका सँगालो

वि.सं. २०५३ देखि २०५५ साल भित्रका पात्रहरु र त्यस समयको समाजमा विद्यमान महिलाको समग्र अवस्था र मुद्‌दाहरुको सेरोफेरोमा छ । गहिरिएर विश्लेषण गर्दा आज पनि यी मुद्‌दाहरु उत्ति नै सान्दर्भिक छन्‌ र कति त (फेसनका कुराहरु, नारीलाई वस्तु र यौन साधनको रुपमा प्रस्तुत गर्ने) दिनप्रतिदिन झनै बढ्दै गइरहेका छन्‌ । यस अर्थमा पुस्तकमा प्रस्तुत  लेखहरुले २५ वर्षको भोगाईलाई सूक्ष्म रुपमा बुझ्न मद्‌दत गर्दछ ।

लेखकले मुख्यतया महिला सशक्तिकरणका विभिन्न आयामहरु लगायत दाइजोको बहानामा, बोक्सीको आरोपमा लगायतका विभिन्न बहानामा महिलामाथि गरिने दूर्व्यवहार, सांघातिक हमला, यौन शोषण,  बलात्कार आदि जस्ता हिंसाहरुलाई छर्लङ्ग हुनेगरी उजागर गर्नुभएको छ । परिवर्तनका नाममा महिलाको सोचलाई नै प्रभाव पार्ने गरी सुन्दरता र सशक्तताका गलत सूचकहरु स्थापित गरिएको विषयलाई गम्भीर रुपमा चित्रण गर्दै दाईजो प्रथा र लिङ्ग पहिचान गरि भ्रुण हत्या गर्ने जस्ता कुप्रथा लगायत पितृकार्यको सन्दर्भमा गरिने विभेदहरु साथै सञ्चार माध्यमका र सामाजिक संस्थाहरुको विभेदकारी प्राथमिकतालाई समेत मर्मस्पर्शी रुपमा पस्कनुभएको छ ।

राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा गरिने सौन्दर्य प्रतियोगिता महिलाहरुको विषेश योग्यताको कदर भन्दा पनि विशुद्ध व्यापारिक कार्यक्रमको रुपमा झाङ्गिदै गएकोले महिलाहरुको छविलाई नै वस्तुको रुपमा प्रस्तुत गरिन्छ । यसले महिलाहरुको दिमागमा सदैव सौन्दर्यप्रतिको चिन्ता रहने भएकोले वास्तविक क्षमता ओझेलमा पर्न गई एक प्रभावशाली व्यक्तित्वको रुपमा स्थापित हुनसक्ने सम्भावनामा रुकावट पैदा भएको छ । अनावश्यक ग्लेमरका लागि महिलाहरुको शरिरलाई ‘यौन वस्तु’ कै रुपमा प्रस्तुत गरिनाले समाजमा बढदै गइरहेको वेश्यावृत्ति र बलात्कारका घटनाहरुले नारी व्यक्तित्व र अस्मितालाई धुजा धुजा पार्दै गइरहेको सन्दर्भलाई समेत लेखकले बडो संवेदनशील रुपमा प्रस्तुत गर्नुभएको छ ।

समाजमा हुने हरेक पेशा र संलग्न व्यक्तिको आ-आफ्नै महत्व छ । काम आफैँमा ठूलो वा सानो हुँदैन भन्ने जान्दाजान्दै श्रमको कदर नहुँने ठाउँमा कामलाई सानो वा ठूलोको दृष्टिले हेरिने र धेरै पैसा कमाउनेलाई “इज्जत” गर्ने गरिन्छ । सामान्यतया: पुरुषले मात्र गर्दै आइरहेको काममा महिलाहरुको आकर्षण

बढ्नु निश्चय नै राम्रो कुरा हो । तथापि महिलाहरुको “छवि”लाई वस्तुको रुपमा चित्रण गरिरहेको पुँजीवादी समाजमा यौन शोषण हुने कार्यबाट जोगिनु र जोगाउनु आजका सचेत महिलाहरुको निमित्त चुनौती बनेको छ । महिलाहरुलाई विभिन्न क्षेत्रमा आकर्षित गर्नुका साथै उनीहरुलाई आत्मनिर्भर र आत्मविश्वासी बनाउन सम्बन्धित निकायले प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट महिलाहरुमाथि हुन सक्ने शोषण र प्रतिरक्षाबारे सचेत बनाउन आवश्यक भईसकेको सन्दर्भ अत्यन्तै सान्दर्भिक छ ।

तीन दशकभित्र ५२ वटा चलचित्रहरुमा अभिनय गर्नुभएकी श्रीलंकाकी एक चर्चित अभिनेत्री स्वर्णा मालावाराचीले “मेरो चलचित्र लोकप्रिय होस भन्ने चाहन्छु तर म जुनसुकै चलचित्रमा खेल्दिन” भन्ने अभिव्यक्तिको प्रसंङ्गले वास्तवमा, नग्नता कहिल्यै कला बन्न सक्दैन र यस कुरालाई कला क्षेत्रमा लाग्ने सबैले महशुस गर्नैपर्ने सन्देश दिएको छ ।

यस पुस्तकमा प्रस्तुत गरिएको डायनाको मृत्यु प्रकरणले पश्चिमा संस्कृतिको अन्धाधुन्ध नक्कल गर्नेहरुलाई “खुल्लापन” र “स्वतन्त्रता”को अर्थ यौन स्वतन्त्रता होइन र पश्चिमी मुलुकहरुमा पनि यौन सम्बन्धलाई एक संवेदनशील विषय मानिन्छ भन्ने सन्देश दिएको छ । वास्तवमा डायना आफ्नो कार्यहरुको कारण अत्याधिक चर्चित बन्न पुगिन । उनले गरेका सामाजिक कार्यहरुको समीक्षा गरी समाजसेवीको रुपमा चित्रण गर्न सकिन्थ्यो तर उनलाई “जनताकी राजकुमारी” भन्ने विशेषण दिई पुरुष समानको व्यक्तित्व हुनसक्ने आधारलाई सीमित गरियो । अतः महिलाहरुको शरीरलाई माध्यम बनाई जीवनको महत्वपूर्ण कार्यमा खासै महत्व नराख्ने यौन प्रसंगलाई बढाईचढाई गरी कमाउन पल्केकाहरुको स्वार्थबाट सजग रहन डायनाको असामयिक मृत्युले दिएको सन्देश उदारहणीय छ । त्यस्तै गरिब र असहायहरुको आमा बन्न सफल “मदर टेरेसा” को जीवन कथाको प्रसंङ्गले “हृदयकी राजकुमारी” हुनु र “मदर” (आमा) हनु बीचको भिन्नतालाई लेखकले बडो शानदार ढंगले प्रस्तुत गर्नुभएको छ ।

नर्स अरुणा शानबागको बलात्कारको घटनालाई उद्धृत गर्दै लेखकले बलात्कारको विषयलाई पुरुषद्वारा आफनो शक्ति स्थापना गर्ने, पौरुषत्व प्रमाणित गर्ने, महिलालाई आफनो अधिनमा पारी आफूभन्दा कमजोर देखाउने नियतको रुपमा विवेचना गर्नुभएको छ । विश्वव्यापी रुपमा फष्टाउदै गइरहेको सुन्दरी प्रतियोगिता र

मिस्टर हेण्डसम प्रतियोगितामा समेत अप्रत्यक्ष तवरले पुरुषहरुको छविलाई नै सबल, सुदृढ र सशक्त रुपमा प्रस्तुत गरिने गरिएको र महिलाहरुको छविलाई चाहिँ कोमल, सुन्दर र समर्पित पात्रको रुपमा उभ्याउने प्रवृत्तिले महिलाहरु अन्य मूल्यवान सम्पति जस्तै केवल सामग्रीको रुपमा व्याख्या हुनसक्ने सन्दर्भलाई लेखकले बडो बेजोड ढँगले प्रस्तुत गर्नुभएको छ । यस प्रकारको संस्कारले गर्दा महिलाहरुको सार्वजनिक अपमान गर्नु पुरुषहरुको सामाजिक अधिकार नै ठानिने र त्यस्तो अधिकारको उपभोग कुन हदसम्म गर्ने भन्ने दायरा पनि पुरुषहरुकै स्वविवेकमाथि निर्भर रहने हुन्छ ।

फेसन, चलचित्र वा ग्लेमरका क्षेत्रहरुसँग जोडेर भने महिलाहरुको खुबै तारिफ गरिने तर अन्यायका विरुद्ध राजनैतिक परिवर्तनका क्रममा खुँडा र खुकुरी बोकेर संघर्षमा उत्रिएका वीरङ्गनाहरुको संघर्षशील छविलाई सञ्चार क्षेत्रले पनि उजागर गर्न नसकेको प्रसङ्ग उठाउँदै महिलाहरुले ‘दृढ तथा सुन्दर’ को सट्टा ‘दृढ तथा सचेत’ को रुपमा पहिचान बनाउनुपर्ने सन्देश आफैँमा गम्भीर र महत्वपूर्ण छ ।

पाइलट पेशा धन भएकाहरुले मात्र पढ्ने र बढी पैसा आर्जन हुने भएकोले सम्मानित हुने गरेको तर ड्राइभर पेशा चाहिँ तुलनात्मक रुपले धन नभएकाहरुले अपनाउने र कम आर्जन हुने भएकोले अपमानित हुने गरेको सन्दर्भमा स्नातकोत्तर तहको अध्ययन गरेकी **सुमित्रा दंगालले** प्रथम महिला टेम्पो चालकको रुपमा अपनाउनुभएको पेशा र दृढ अठोटले मानव मस्तिष्कमा फैलिएको संकोचको पर्दालाई च्यात्ने साहस गर्नुभएको छ, त्यस प्रसंगलाई लेखकले बडो प्रेरणादायी तवरले प्रस्तुत गर्नुभएको छ ।

वेश्यावृत्तिलाई कामको रुपमा स्वीकारेर यसलाई कानुनी मान्यता दिइनुले यस कार्यमा संलग्न महिलाहरुमाथि हुने गरेको शोषणको अन्त्य हुन्छ, विकसित देशमा समेत हुने गरेको वेश्यावृत्ति हाम्रो देशमा पनि हुनु गौरवको कुरा हो, वेश्यावृत्ति राम्रो होइन तर त्यसको विकल्प पनि छैन भनी प्रस्तुत भएका फरक फरक धारणाका आधारमा लेखकले बेचबिखन महिलाहरुको स्थानान्तरण, साटासाट र बिक्री हो र यस्तो बेचबिखनको सारा जंजाल पुरुषहरुले नै सृजना गरेका हुन्छन् भन्ने यथार्थलाई मर्मस्पर्शी ढंगले विवेचना गर्नुभएको छ ।

भारतको हरियाणामा जन्मिएकी (अमेरिकी नागरिक) कल्पना चावलाको अन्तरीक्ष यात्राको उपलब्धीले स्वतन्त्रताको नाममा पश्चिमी विकृतितर्फ आकर्षित हुँदै प्रतिष्ठा, पैसा र ग्लेमरप्रति आकर्षित महिलाहरुका लागि प्रेरणाको स्रोत हुनुका साथै अवला, र मनोरञ्जनका साधनका रुपमा चित्रण गरिएका महिलाहरु पनि सक्षम, दृढ र निर्णयशील व्यक्तित्व भएर चम्किन सक्छन भन्ने सन्देश अत्यन्तै प्रेरणदायी छ ।

न्वारन, पास्नी, ब्रतबन्ध, गून्यूचोली र विवाह, जस्ता सामाजिक एवं धार्मिक कार्यक्रमहरुमा गरिने अनावश्यक तडकभडक, फजुल खर्च र दाइजो प्रथा जुन समाजमा उन्नत र सुसंस्कृत हुँदै जानु पर्नेमा दिनप्रतिदिन विकृत बन्दै गइरहेको छ, त्यसले समाजमा विभिन्न किसिमका घटनाहरु घट्ने भएकाले अनावश्यक तडकभडकलाई निरुत्साहित गर्नुपर्ने सन्देशले आम समुदाय र विशेष गरी युवा पुस्ताहरुमा सकारात्मक सन्देश प्रवाह गर्नेछ ।

महिलाहरु श्रृङ्गार र सौन्दर्यमा नै अल्झिराखे दमनकारी समूहलाई नै फाइदा पुग्छ भन्ने साहित्यकार पारिजातको धारणाले महिला मुक्तिका कुराहरु जतिसुकै उठाए पनि, व्यवहार र संस्कारमा परिवर्तन नआएसम्म त्यसले मूर्त रुप लिन नसक्ने कुरा स्पष्ट पारेको छ । समाजमा प्रचलित विसंगतीपूर्ण व्यवहारहरु नै महिला मुक्तिका बाधक हुने गरेको र महिलाहरु नै यस प्रकारको सोचबाट मुक्त हुन नसकेको प्रसङ्ग सिङ्गो नारी जातिका लागि अत्यन्तै प्रेरणादायी छ ।

अन्तर्राष्ट्रिय महिला दिवसको प्रसंङ्ग उल्लेख गर्दै लेखकले अधिकार प्राप्तिका निम्ति महिलाहरुले गरेका संघर्षको इतिहासले सक्रिय, निरन्तर एवं संस्थागत अर्थात् सामूहिक प्रयासबाट मात्र अधिकार प्राप्त हुन्छ र अधिकारको चाहना राख्ने तर निस्क्रिय रहने हो भने महिला समानता वा अधिकारको दिशामा कुनै प्रगति हुन सक्दैन भन्ने गहिरो सन्देश प्रवाह गर्नुभएको छ ।

लस एन्जेलसकी एन्जेला मार्कलले चित्रकलाको प्रदर्शनी गर्ने नाममा प्रस्तुत गरेको कलाको विकृति रुपको प्रसङ्ग उल्लेख गर्दै विज्ञान र प्रविधिमा भएको विकास, पूँजीवादले उत्पन्न गराएको जीवन पद्धति र अमूर्त स्वतन्त्रताको नाममा विकास भएको 'व्यक्तिगत' स्वतन्त्रताले विकसित राष्ट्रका मानिसहरु वास्तवमै पीडित बनेका

यथार्थलाई लेखकले सूक्ष्म रुपमा व्याख्या गर्नुभएको छ ।

राष्ट्रिय जनआन्दोलनमा महिलाहरुले देखाएका अदम्य साहस र उत्साहको चर्चा गर्दै महिलाहरु ममताका प्रतिमूर्ति हुन् तर ममताको प्रर्दशन कायरता र आँसुले हैन वीरता र संचेतनाकासाथ गर्दछन् भन्ने यथार्थलाई अत्यन्त सबल रुपमा प्रस्तुत गरिएको छ । जनआन्दोलनको पूर्व संध्यादेखि नै नेपाली महिलाहरु पनि आफ्नो मौलिक हक र अधिकारको बहाली, प्रजातन्त्रको स्थापना र निरंकुश तानाशाही व्यवस्थाको अन्त्यको लागि संघर्षको मैदानमा उत्रिएको घटनालाई उल्लेख गर्दै नेपाली महिलाहरु पनि उत्तिकै सक्षम, साहसी र सक्रिय छन भन्ने वास्तविकतालाई उच्च मूल्यांकनका साथ प्रस्तुत गरिएको छ ।

अन्त्यमा, नारी अर्थात् महिला समाजको एक कुशल वास्तुकार हुन, आमा भन्दा ठूलो अर्को भगवान छैन, जहाँ नारीको सम्मान हुन्छ त्यहाँ भगवानको पनि बास हुन्छ, नारी घरकी लक्ष्मी हुन, ज्ञानको भण्डार माता सरस्वती हुन, शक्तिको प्रतिक नवदूर्गा हुन आदि भनेर अनेक तरहले व्याख्या विश्लेषण गरिरहँदा यही समाजमा नारीहरु सुरक्षित हुन सकेका छैनन । महिला सशक्तिकरण र समावेशीताका सवालमा राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चहरुमा पैरवीका साथै समान सहभागीताका लागि नीतिगत व्यवस्था गरिएपनि महिलाहरुलाई विकल्प अर्थात् सहायक पात्रको रुपमा मात्र हेरिने परम्परागत सोचमा परिवर्तन हुन सकेको छैन । तथापि महिलाहरुसँग जोडिएका तर सूक्ष्म रुपमा उत्खनन हुन नसकेका यथार्थलाई विश्लेषणात्मक र रचनात्मक तवरले समाजमा उजागर गर्न सकेमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा झाङ्गिएको यथास्थितिवादी जालो हटाउन सकिने छ । समग्रमा, पुरुषवादी सोचमा सकारात्मक परिवर्तन ल्याउनुका साथै महिलाहरुलाई आफ्नो वास्तविक क्षमता स्वयं पहिचान गरि स्वविवेकले अघि बढ्न प्रेरित गर्ने डा. अधिकारीको यस **नारी : समाज, घटना र पात्रहरु** पुस्तक घटनाक्रमको २५ वर्षपछि पनि उत्तिकै समसामयिक, सान्दर्भिक र पठनीय छ ।

**- प्रभा पोखरेल**

संस्थापक अध्यक्ष,

आई. डि. एस. नेपाल

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | यसरी महिलाहरुको छविलाई घरेलुकरण गरिएको छ | १ |
| २. | पारिजात, पासाङ्ग र बन्दना गजमेर | ४ |
| ३. | "मिस वर्ल्ड नेपाल - ९७" देखि "दाइजो नेपाल - ९७" सम्म | ८ |
| ४. | बेखबर - सरस्वती अधिकारीहरु मरिरहेछन् | १३ |
| ५. | मिस वर्ल्ड नेपाल १९९७ को लागि दरखास्त | २० |
| ६. | विकसित देशबाट हामीले के सिक्ने ? | २४ |
| ७. | पुजा भट्ट, एलिना शाक्य र संचार माध्यम | २७ |
| ८. | मिस वर्ल्ड नेपाल १९९७ र झरना बज्राचार्य | ३२ |
| ९. | "वहाँहरुको इच्छा छ भने आए हुन्छ" | ३६ |
| १०. | "काम गर्नु चाहिँ राम्रो हो तर..." | ४० |
| ११. | अभिनेत्री स्वर्णाबाट केही सिकौं | ४३ |
| १२. | डायनाको मृत्यु: महिलाहरुले बुझ्नुपर्ने कुरा | ४६ |
| १३. | एक सार्थक जीवनको अन्त | ५० |
| १४. | बलात्कार बिरुद्ध उठ्न जरुरी छ | ५३ |
| १५. | पुरुष "ह्याण्डसम" र महिला "ब्यूटिफुल" | ५७ |
| १६. | सक्रिय आवाजका खाँचो | ६० |
| १७. | यथार्थ बुझ्ने कोसिस गरौ | ६२ |
| १८. | राजधानी, राजनीति र घटना | ६५ |
| १९. | सुमित्राको यात्रा सफल रहोस् | ६८ |
| २०. | वेश्यावृत्तिले उठाएका केही कुराहरु | ७२ |
| २१. | कल्पना, कल्पनाभन्दा पर | ८१ |
| २२. | फेशन : समयको मागमाथि टेकेको विकृति | ८४ |
| २३. | विकृतिको यो रुप | ८९ |
| २४. | देश बाहिरको तथ्याङ्कमा बलात्कार | ९२ |
| २५. | 'आधी आकाश' भित्रकी पारिजात | ९५ |
| २६. | अन्तर्राष्ट्रिय महिला दिवस : ८ मार्च | १०२ |
| २७. | कलाको नाममा विकृतिको यो रुप | ११६ |
| २८. | पारिजात स्मृति सभा: केही जिज्ञासाहरु | १२० |
| २९. | जन आन्दोलन २०४६ मा महिलाहरुको भूमिका | १२४ |
| ३०. | महिलाहरुले के गरे ? | १३२ |

# यसरी महिलाहरूको छविलाई घरेलुकरण गरिएको छ

श्री ५ को सरकारको नयाँ पाठ्यक्रममा आधारित भनी प्रकाशित गरिएको सामाजिक शिक्षाको भाग १ को पाठ ४ मा अभिभावकको कर्तव्य भन्ने पाठ छ। यो स्कूल जान थालेका भरखरका बच्चाहरुलाई पढाइने किताब हो । यो पाठका केही अंशहरु यस प्रकार छन्:

“बाबु परिवारको प्रमुख हो ।”

“उसले अर्थात बाबुले स्कूलबाट आफ्नो तलब पाउँछन् ।”

“त्यसरी पाएको तलबले उनले परिवारका लागि खाना, कपडा र अरु आवश्यक वस्तुहरु किन्छन् ।”

“आमाचाहिँ घरमा काम गर्छिन ।”

“तिनी अर्थात् आमा परिवारका लागि थुप्रै काम गर्दछिन् ।”

“तिनी खाना पकाँउछिन् । घर सफा सुग्घर राख्छिन् । कपडाहरु धुन्छिन् । भाडा माँझ्छिन् । घरमा कोही विरामी भयो भने हेरचाह गर्छिन् । पसल जान्छिन् ।”

माथिका वाक्यहरुमा सरसर्ती हेर्दा आपत्तिजनक कुराहरु केही देखिदैंन । समग्रमा हेर्ने हो भने हाम्रो सामाजिक पारिवारिक यथार्थ पनि यही हो । तर कलिला बच्चाहरुको मानसिकता निर्माण गर्ने कार्यको रुपमा यसलाई हेर्दा भने यो अतिनै संवेदनशील विषय वस्तु हो । यस्ता विषय वस्तुमा हात हाल्दा वा कलम चलाउँदा धेरै नै सोच्नु जरुरी हुन्छ । धेरै जसो स्कूलहरुमा शिक्षिका जो घरको कामको क्षेत्र भन्दा बाहिर निक्लिएर स्कूलसम्म गएर बच्चाहरुलाई पढाउँछन् र त्यस वापत् प्राप्त पारिश्रमिक (तलब) बाट आफ्नो घर खर्चमा सहयोग पुरयाउँछन् उनीहरु नै पाठ्यपुस्तकमा लेखिएको कारणले गर्दा विद्यार्थीहरुलाई पाठयांशको अन्तमा निम्न अनुसार प्रश्नोत्तर गराउन वाध्य छन् ।

प्रश्नः तिम्रो परिवारको प्रमुख को हो ?

उत्तर: मेरो बाबु मेरो परिवारको प्रमुख हो ?

प्रश्न: तिम्रो बाबु तिम्रो परिवारको लागि के गर्दछन् ?

उत्तर: उनले परिवारको लागि खाना, कपडा र आवश्यक वस्तुहरु किन्छन् ।

प्रश्न: तिम्रो आमाले घरमा गर्ने कुनै चार प्रकारका कामहरु लेख ?

उत्तर: (क) खाना पकाउने (ख) भाँडा माझ्ने (ग) कपडा धुने (घ) घर सफा सुग्घर राख्ने ।

यहाँ सजिलै अनुमान गर्न सकिन्छ कि माथिका प्रश्नोत्तरहरु मार्फत बच्चाहरुमा झूठ प्रेषित गरिन्छ र सानो उमेरदेखि नै उनीहरुमा बाहिरको काम बाबु अर्थात पुरुषले गर्ने काम हो र त्यसवापत उनले कमाएको पैसाबाट घर चलाइएको हुन्छ। यसैगरी आमा अर्थात् नारीको काम चाहिँ घरभित्रको काम हो। जस अन्तर्गत खाना पकाउने, लुगा धुने, भाँडा माँझ्ने जस्ता काम पर्दछन्। यस्तो पाठले कलिला बच्चाहरुमा नजाँनिदोपाराले घरबाहिरको काम पुरुषले गर्ने काम हो र त्यो "ठूलो" काम हो र घरभित्रको काम नारीहरुले गर्ने काम हो र त्यो "सानो" काम हो भन्ने कुराहरु थोपर्दछन् । फलस्वरुप जब बच्चाहरु वयस्क हुँदै जान्छन्, उनीहरु यसै अनुरुप आफ्नो आचरण बनाउन थाल्छन् । साना बच्चाहरुको लागि तयार गरिने पाठ्य पुस्तकहरु धेरै गहन र संवेदनशील हुने हुनाले त्यस्ता पाठ्य पुस्तकहरु तयार गर्दा र पाठ्य सामग्रीको रुपमा स्कूलहरुले समावेश गर्दा त्यसमा रहेका सामग्रीहरुले बच्चाहरुको सामाजिकीकरण प्रक्रियामा के कस्तो प्रभाव पार्दछ भन्ने कुरामाथि विषेश ध्यान पुऱ्याउनु पर्ने हुन्छ।

नारीहरु पनि पुरुषले आधिपत्य जमाएका पेशा वा व्यवसायहरुमा सफलताका साथ अगाडि बढिरहेको आजको सन्दर्भमा (यद्यपि संख्यात्मक हिसावले कम छ) यस प्रकारले परम्परागत रुपमा भएको लिङ्ग अनुसारको कार्य विभाजनलाई बच्चाहरुको कलिलो मानसिकतामा अझसम्म थोपरिरहेको पाइन्छ र यही नै महिलाहरुलाई घरेलुकरण गर्ने प्राथमिक र महत्वपूर्ण चरण हो । कतिपय घरहरु होलान्, जहाँ पुरुषलेभन्दा महिलाले बढी पैसा कमाउँछन् । कतिपय घरमा पुरुषहरु तास र रक्सीमा डुबेर दिन बिताँउछन् भने महिलाहरु सम्पूर्ण कार्य बोझ सम्हालेर

बसेका हुन्छन् ।

झापाकी रिक्सा चलाउने देखि हवाइजहाज हाँक्ने समेत महिला भइसकेको स्थितिलाई समेत चटक्कै बिर्सी उही परम्परागतढंगले कलिला बच्चाहरुलाई पढाइने पाठ्य पुस्तकहरु लेखिनु र त्यस्ता पाठ्य पुस्तकहरु स्कूलहरुले आफ्नो पाठ्यक्रममा राख्ने कार्यलाई यत्तिकै सामान्य नै ठानेर छोड्दै जाने हो भने महिलाहरुको छविलाई घरेलुकरण गर्ने प्रक्रियाको सुरुवात यहींबाट र यस्तै प्रकारका कार्यहरुबाट हुने गर्दछ । अतः पाठ्य पुस्तक लेख्ने लेखकहरु र त्यस्ता पुस्तकलाई पाठ्यक्रममा समावेश गर्ने स्कूलहरुले आफुले के तयार गरिरहेको छ वा के पढाइरहेको छ भन्ने कुरामा विषेश ध्यानदिई त्यसको असर कस्तो पर्छ भन्ने कुरामा समेत ध्यान दिन जरुरी हुन्छ । यसै गरी महिला हकहित र अधिकारको लागि भनेर संचालन भएका संघसंस्थाहरुले पनि ठूला ठूला आर्दशका कुराहरु मात्र नगरेर सानासाना के-कस्ता कुराहरुले महिलाहरुको समग्र छवि निर्धारण गर्नमा भूमिका खेलिरहेको हुनसक्छ भन्ने तर्फ पनि विशेष ध्यान दिई उल्लेखित तवरले तयार पारिएका पाठ्यपुस्तकहरुको सूची तयारपारी तिनीहरुलाई परिमार्जित गरी लागू गराउने तर्फ लाग्नु पर्ने देखिन्छ र यसलाई एक अभियानकै रुपमा अगाडि बढाउनु पर्ने पनि देखिन्छ ।

*(२०५४ बैशाख १६)*

# पारिजात, पासाङ्ग र बन्दना गजमेर

श्रीमती बन्दना गजमेर "श्रीमती सुन्दरी ९६" (Mrs. Beautiful '96) घोषित हुनु भएको खबर मैले इन्टरनेटको माध्यमबाट विकसित राष्ट्र क्यानाडाको यौटा शहर क्यालगरीमा छँदा नै काठमाण्डु पोष्ट पढेर थाहा पाएको थिएँ । र त्यसको बारेमा मलाई लागेको प्रतिकिया इन्टरनेटकै सहाराले काठमाण्डु पोष्टमा पठाएको थिएँ। सो प्रतिक्रियाको सानो अंश मात्र उक्त पत्रिकाले प्रकाशित गरेको रहेछ। यसर्थ यहाँ मैले उल्लेखित प्रसंगबारे नै चर्चा गरेको छु ।

उल्लेखित प्रतियोगिता आयोजना गर्नुको मूख्य उद्देश्यचाहीँ एकै समयमा विवाहित नारी 'सुन्दरी' र 'बुद्धिमान' दुवै हुन सक्छन् भन्ने देखाउनु थियो रे। साथै सो प्रतियोगितामा एक विवाहित नारीले प्रदर्शन गरेको बौद्धिकता (Intelligence) चाहिँ प्रतियोगिताको दोस्रो चरणमा उनले बोलेको वाक्य थियो र त्यो वाक्य यस प्रकार थियो- "यदि म 'श्रीमती सुन्दरी ९६' छानिए भने आउँदा वर्षहरुमा सम्पूर्ण महिलाहरुलाई यस्ता प्रतियोगितामा भाग लिन उत्प्रेरित गर्नेछु"। आहा ! क्या आदर्श वाक्य ! आहा क्या बौद्धिकता !

म छक्क परें। महिला साक्षरता प्रतिशत कम रहेको एक गरिव देशका महिलाहरु सौन्दर्य प्रतियोगितामा भाग लिनु पर्ने सन्देश पाईरहेका छन् । सौन्दर्य प्रतियोगितामा त्यस्तो के चीज रहेछ ? अथवा यसको अर्थ ती सम्पूर्ण महिलाहरु जसले त्यो प्रतियोगितामा भाग लिए लिएनन् ती सबै सुन्दर छैनन् ? वा त्यस्ता प्रतियोगितामा भाग नलिने महिलाहरुको जीवन नै बेकार छ किनकी नारी समानता र स्वतन्त्रता भनेको पनि त्यही हो अत: सम्पूर्ण महिलाहरुलाई सौन्दर्य प्रतियोगितामा भाग लिन प्रेरित गरिनेछ। जसले गर्दा उनीहरु पनि सुन्दर बनुन।

सौन्दर्य प्रतियोगिताको अवधारणा नेपाली माटोमा नै जन्मिएको कुनै नयाँ र मौलिक कुरा होइन । यो पनि देशको सामाजिक-आर्थिक विकासको स्थिति माथि कुनै विचार नपुऱ्याई पश्चिमी/अमेरिकी समाजबाट भित्र्याईएको अवधारणा हो । बुझ्नु पर्ने अर्को कुरा के हो भने सौन्दर्य प्रतियोगिता महिलाहरुको विषेश

योग्यताको कदर गर्दै समाजमा उनीहरुको स्थानलाई उँचो राख्ने वा उनीहरुको छविलाई मर्यादित बनाउने उद्देश्यलिएर सुरु भएको र संचालन हुने कार्यक्रम होइन । यो विशुद्ध व्यापारिक कार्यक्रम हो । नाफाको निमित्त व्यापारीहरुको प्रायोजनमा आयोजित सौन्दर्य प्रतियोगिताले सामग्रीहरुको बजारको विस्तृतीकरण मात्र नगरी स्वयम महिलाहरुको छवि (Image) लाई नै वस्तु (Commodity) को रुपमा रुपान्तरण गर्नमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मैथली शिवरामन लेख्छन् कि पश्चिममा सौन्दर्य प्रतियोगिताहरु विक्री-विज्ञापनको रुपमा सुरु भएको थियो र वस्तु बेच्दाबेच्दै खुद महिलालाई नै वस्तुको रुपमा परिणत गरिदियो । (लोकलहर, २४ जुलाई १९९४)

स्वतन्त्र सामाजमा सबैजना आफुलाई मन लागेको कार्य गर्न स्वतन्त्र छन् र यसमा कसैले अरुको गतिविधिलाई लिएर टाउको दुःखाउन आवश्यक नहुन सक्छ । तर गरिब र अशिक्षित जनताहरुलाई दिग्भ्रमित पार्ने स्वतन्त्रता भने कसैलाई पनि हुनु हुँदैन । सौन्दर्य कुनै विवादास्पद विषय नै होइन, न त सुन्दर हुनु नै विवादित विषय हो । जहाँपनि सुन्दरता प्रशंसनीय नै हुन्छ तर यसको अर्थ यो होइन कि महिलाहरु 'सुन्दरी' घोषित नै हुनु पर्दछ र अरु कसैद्वारा सुन्दरी घोषित हुनका लागि तछाड मछाड गर्दै दगुर्नै पर्दछ ।

हामी सबैलाई थाहा भएकै कुरा हो कि कुनै समय चाइनिज महिलाहरु सुन्दरताको लागि आफ्नो खुट्टालाई तीन इन्चको बनाउनकालागि फलामे साँचो प्रयोगगर्न बाध्य थिए । त्यतिखेर, त्यस्तो गर्नु ती महिलाहरुको चाहाना नभएर बाध्यता थियो । त्यसैले त उना स्टानर्ड लेख्छिन्- प्राणी जगतको झूठा मयूर हुन् औसत महिलाहरु । यसको मतलब पञ्चानब्बे प्रतिशत महिलाहरु, तिनीहरुको संस्कृतिले गरेको व्यवहार हेर्दा सुन्दर छैनन् ।

हामीले किन पहिलो नेपाली महिला पाइलटलाई सम्मान गरेनौं वा मुकुट पहिराएनौ ? झापाकी रिक्सा चालक महिलालाई जेसिस लगायत व्यापारिक संस्थाहरु मिलेर सौदर्य प्रतियोगिता जत्तिकै साजसज्जाकासाथ किन मुकुट पहिराईएन ? वा हाम्रो जस्तो पुरुषप्रधान समाजमा कतिपय महिलाहरु जो पुरुषले आधिपत्य जमाएका कामका क्षेत्रहरुमा पुरुष समान (हुन सक्छ अझ बढी) लागिपरिरहेका छन् र महिलाहरुको स्तर उँचो राख्न संघर्षरत रहेका छन् । धुमधाम प्रचार प्रसार सहित तिनीहरुलाई किन सम्मान गरिएन ? किनकि, यसो गर्नको निमित्त प्रयोजक वा

व्यापारिक वस्तुहरु तयार छैनन् । सौन्दर्य प्रतियोगिता पछाडि नाफा कमाउनेहरुको स्वार्थ रहेको र घोषित सुन्दरीहरु वस्तुहरुको बजार बढाउन बलियो माध्यम हुने गरेको तथ्य कुनै लुकेको कुरा होइन । उदाहरणको लागि जुलाइ १२, १९९४ को टाइम्स अफ इण्डियामा प्रकाशित एउटा सानो विज्ञापनलाई लिउँ, त्यसमा लेखिएको थियो कि- अब केही हप्ताभित्र सुष्मिता सेन, मिस यूनिभर्स, १९९४ भारत आउँदैछिन् । भव्य सार्वजनिक समारोहयुक्त गौरवपूर्ण गृह प्रवेश हुनेछ। यदि तपाई मिस यूनिभर्स, १९९४ लाई आफ्नो उत्पादनको मोडलिङ गराउन वा कुनै आयोजनामा उनको उपस्थिति गराउन वा व्यापारिक प्रयोजनको प्रवक्ता बनाउन चाहनुहुन्छ भने आफ्नो लिखित प्रस्ताव मिस यूनिभर्सको आधिकारिक भारतीय एजेन्टसमक्ष पठाउनु होला । यस विज्ञापनले विश्व सुन्दरीलाई स्वतन्त्र एवं बौद्धिक क्षमतायुक्त महिलाकोरुपमा राखेका छैन, व्यापारिक प्रयोजनको निमित्त उपयोग गरिने नियन्त्रित वस्तु बनाउन पुगेको छ ।

यहाँनिर हामीले के चाहिँ स्वीकार्नं पर्दछ भने विज्ञान  र प्रविधिको क्षेत्रमा भएको विकाशले हामीलाई हाम्रो जीवन र शरीरमाथि नियन्त्रण गर्ने अवसर दिएको छ । यसर्थ, कसैले आफ्नो शरीरलाई पातलो राख्न चाहन्छ भने वा कसैले सौन्दर्य प्रशाधन प्रयोग गरेर आफ्नो अनुहारलाई आकर्षक बनाउन चाहन्छ भने त्यो कुनै अस्वभाविक होइन । तर, यस्तो सामान्य कुरामा हामीहरु किन महिलाको शरीरलाई प्रयोग गरिरहेका छौ ? किन हामी सौन्दर्यको नाममा भ्रम फैलाईरहेका छौ ?

हामी धेरै कुरा पश्चिमी/अमेरिकी समाजबाट विना सोचबिचार नक्कल गर्दछौ । निश्चयनै, विकसित समाजका थुप्रै कुराहरु छन् जसको नक्कल गर्न हामीलाई हतारमात्र हैन ढीलो पनि भैसकेको छ। तर कतिपय सामाजिक साँस्कृतिक कुराहरुको नक्कल गर्दा भने हामीले पश्चिमी शैली, सभ्यता र परम्परा तथा पूर्वीय शैली, सभ्यता र परम्पराबिचको आधारभूत फरकलाई भने मनन गर्नै पर्ने हुन्छ ।

यहाँनेर केही प्रश्न गरौं - बाहिरी कामको क्षेत्रमा महिलाहरुको सम्मान, प्रतिष्ठा र क्षमताको प्रदर्शन महिला पाइलेटले गरेको होला कि, महिला डाक्टर इन्जिनियरहरुले गरेका होलान् ? अमेरिकी 'पोर्न स्टार' ले गरेको होला कि, बेलायतकी मार्गरेत थ्याचरले गरेको होला ? फेरी पनि प्रश्न गरौं -भारतकी 'मोडल गर्ल' मधु

सप्रेको कार्यबाट महिलाहरुले स्वतन्त्रता र समानताको अनुकरण गर्दै गौरवान्वित हुने कि, मदर टेरेसाको कार्यबाट ? त्यस्तै नेपाली महिलाहरुले स्वर्गीय पारिजात (जसले लेखेको उपन्यास अमेरिकाको मेरिल्याण्ड विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरिएको छ) वा स्वर्गीय पासाङ ल्हामुको कार्यबाट गौरवको अनुभूति लिने कि बन्दना गजमेरको कार्यबाट ? यी प्रश्नहरुको उत्तर खोज्ने जिम्मा तपाईहरुलाई नै ।

*(२०५४ बैशाख २३)*

## "मिस वर्ल्ड नेपाल - ९७" देखि "दाइजो नेपाल - ९७" सम्म

सन् १९९० मा सिउलमा सम्पन्न भएको 'मिस वर्ल्ड युनिभर्सिटी' सुन्दरी प्रतियोगितामा सिर्जना योञ्जनले 'मिस ट्यालेन्ट', यसको लगत्तै पछि (सन् १९९१) को यसै प्रतियोगितामा हनी रौनियार र सनी रौनियारले क्रमशः 'मिस ट्यालेन्ट' र 'मिस पिस' र सन् १९९२ को यसै प्रतियोगितामा पदमा हिराचनले 'मिस ट्यालेन्ट' प्राप्त गरेर सुन्दरी प्रतियोगिताप्रति नेपालका केहि युवा मनहरुलाई झकझकाएको धेरै समय नबित्दै बिरगञ्जकी रुवी राणाले नेपालको पहिलो 'नेपाल सुन्दरी' (मिस नेपाल) बनेर नेपालमा सुन्दरी प्रतियोगिताको लागि उर्वर भूमि तयार पारिदिईन भने, अशिक्षा र गरिबीको जातोमुनि पिल्सिएका बहुसंख्यक ग्रामिण महिलाहरु भएको हाम्रो देशमा सुन्दरी प्रतियोगिताको आयोजना गरेर एक 'ऐतिहासिक' एवं 'गौरवमय' परम्पराको थालनी गर्न काठमाण्डौ जेसिज सफल भएको छ । सफलताको सिँढीमा उक्लँदै गरेको काठमाण्डौ जेसिजले हालैमात्र 'हुलास लिटिल लेडी ब्युटी पेजेन्ट' नामक नौदेखि बाह्र वर्ष उमेर समूहका बालिकाहरुको सुन्दरी प्रतियोगिता समेत सम्पन्न गरेर थप कीर्तिमान कायम गरेको छ । जसमा दश वर्षिया प्रविना थापा 'लिटिल लेडी - १९९७' घोषित भएकी छिन् । यसैगरी विश्वकै गरिब राष्ट्रमध्ये पनि गरिब भनिएर चिनिएको नेपाललाई अब विश्व सुन्दरी प्रतियोगितामा भाग लिने चाँजोपाँजो मिलाएर हिडन ट्रेजर काठमाण्डौले देशको "नाम विश्वस्तरमा अरु परिचित हुने" मौका दिलाउने भएको छ ।

यो समाचार सरकारी दैनिक पत्रिका गोरखापत्रले २०५४ बैशाख २७ गतेको आफ्नो अंकमा गर्वसाथ प्रथम पृष्ठमा प्रकाशित गरेको छ । सहित्य समाज, अमेरिकाव्दारा सन् १९९७ मा आयोजित अन्तराष्ट्रिय नेपाली कविता प्रतियोगितामा नेपालका कवि अनिल पौडेल प्रथम हुनु भएको समाचार चाहिँ गोरखापत्रले आफ्नो सोही अंकको एघारौं पृष्ठमा लगेर सानो स्थानमा छापेको छ । मलाई यहाँनेर गोरखापत्रका सम्पादक महोदयसंग प्रश्न गर्न मनलागेको चाहिँ के हो भने समाचारको दृष्टिले, नेपालको छविलाई उँचो पार्ने दृष्टिले, बौद्धिकताको दृष्टिले उल्लेखित दुई

समाचारहरु मध्ये कुन चाहिँले प्राथमिकता पाउनु पर्ने थियो ? नेपाल र नेपालीको गौरव कवि पौडेलको कार्यबाट बढ्ला कि आगामी साउन १७ गते काठमाण्डौमा आयोजना हुने 'मिस वर्ल्ड नेपाल' को छनौट कार्यबाट ?

सुन्दरी प्रतियोगिताहरुले यसरी देशका प्रमुख पत्रपत्रिकाहरुबाट प्रशस्त चर्चा प्राप्त गरिरहेका छन् र केही बाहेक धेरै जसो टिप्पणीहरुमा यस्ता प्रतियोगिताहरु र विजेताहरुले प्रशंसा नै प्राप्त गर्ने गरेका छन् । जसको फलस्वरुप, थुप्रै किशोरीहरुमा यस्ता सुन्दरी प्रतियोगिताप्रति आकर्षण पैदा भइरहेको हुनुपर्दछ । भारतकी सुष्मिता सेनले 'मिस यूनिवर्स' (१९९४) र ऐश्वर्या रायले 'मिस वर्ल्ड' प्राप्त गरेपछि भारतीय (नेपाली पनि) किशोरीहरुमा सुन्दरी प्रतियोगिताको माध्यमबाट थोपरिएको सुन्दरताप्रतिको आकर्षणमा बृद्धि भएको छ । यस्ता किशोरीहरुको निमित्त रुवी राणा, सुस्मिता सेन वा ऐश्वर्या राय सुन्दरताका आदर्श बन्न पुगेका छन् । यस प्रकार नेपाली किशोरीहरुलाई पनि सुन्दरी प्रतियोगिताको स्वप्नमयी रंगीन दुनियाँमा विचरण गराउन काठमाण्डौ जेसिजदेखि लिएर हिडन ट्रेजरजस्ता संस्थाहरु लागिपरेका छन् ।

सरसर्ती हेर्दा सुन्दरी प्रतियोगिता विशुद्ध प्रतियोगिता जस्तो लाग्न सक्दछ र यसका विजेताहरु साँच्चै नै समाजिक-सौन्दर्यका आर्दश नमूनाहरु नै हुन भन्ने पनि भान पर्न सक्दछ । कतिले त यस्तै भ्रममा परेर नै यस्ता प्रतियोगिताहरुको पक्ष लिने तथा यस्ता प्रतियोगितामा भाग लिने गर्दछन् । यस्तो भ्रम सिर्जना गर्नमा - यस्ता कार्यक्रमहरु, प्रतियोगिताहरु आफैं वा यस्ता कार्यक्रमका आयोजकहरुमात्र नभएर कतिपय खबरहरुले प्रतिष्ठित पत्रपत्रिकाहरुमा विषेश स्थान पाउनु वा प्रतिष्ठित लेखकहरुद्वारा प्रशंसा पाउनुले भ्रमको खेतिमा ठूलो मलजलको काम गरेको हुन्छ । उदाहरणको लागि माथि उल्लेखित गोरखापत्रको समाचारलाई लिन सकिन्छ । यस तर्फ बेलायतस्थित बि. बि. सी समयमै सचेत भएको देखिन्छ, किनकि यसले सन् १९८४ मा नै सुन्दरी प्रतियोगितासम्बन्धिको प्रसारणलाई बन्द गरेको थियो ।

सुन्दरी प्रतियोगिता महिलाहरुको विशेष योग्यताको कदर गर्दै समाजमा महिलाहरुको स्थानलाई उँचो राख्ने वा महिलाहरुको छविलाई मर्यादित बनाउने उद्येश्य लिएर सुरु भएको र संचालन हुने गरेको कार्यक्रम होइन । यो शुद्ध व्यापारिक कार्यक्रम हो । नाफाको निमित्त (वा उत्पादनको बजार विस्तृतीकरणको निमित्त) व्यापारीहरुव्दारा प्रायोजित यस्ता प्रतियोगिताले वस्तुहरुको बजारको विस्तृतीकरण

मात्र नगरी स्वयं महिलाहरुको छविलाई नै वस्तु (Commodity) को रुपमा रुपान्तरण गर्नमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

भारतबाट प्रकाशित हुने माया पत्रिकामा हरिजिन्दर लेख्छन् कि भारतीय सुन्दरी भर्खर विश्वमा तहल्का मच्चाउन निस्केकाछन्, तर विश्वका सौन्दर्यका व्यापारीहरुले भारतीय बजारमा तहल्का मच्चाउने तयारी यो भन्दा धेरै पहिले गरिसकेका छन् । उनीहरुको दृष्टि लगातार फैंलदै गएको भारतीय प्रशाधनको बजारमाथि छ । भनिन्छ कि - "भारतिय सुन्दरीहरुको सौन्दर्य प्रचार जुन गतिमा फैलिरहेको छ त्यो भन्दा धेरै तेज गतिले सौर्न्दय प्रशाधनको कारोवार फैलिरहेको छ " (माया, ३१ डिसेम्बर १९९४) । सन् १९९४-९५ मा भारतमा नेल पालिस ४३.५ करोड भारतीय रुपैंयाँको कारोवार हुने अनुमान गरिएको थियो । हरिजिंदर भन्दछन् कि - "लगातार फैलदो बजारको वावजुद पनि भारतमा सौन्दर्य प्रशाधन प्रतिव्यक्ति खर्च वार्षिक तेह्र पैसा हुन्छ, तर यस धन्दामा लागेका कम्पनीहरुको अनुमान छ कि सुष्मिता सेन र ऐश्वर्या रायजस्ता सुन्दरीहरु अव त्यो युगको सूत्रपात गर्नेछन्, जहाँ यो सब बदलिने छ ।"

यहाँ उल्लेख गर्नु प्रसंगिक हुनेछ कि - 'मिस यूनिवर्स' को आयोजना गर्ने 'मिस यूनिवर्स इनकर्पोरेट' को प्रमुख हिस्सेदार 'स्वीमसुट' उत्पादन गर्ने कम्पनी हो । यस्ता आयोजनाहरुमा पैंतिस करोड नेपाली रुपैयाँ भन्दा बढि खर्च हुने गर्छ र आयोजकलाई लगभग तीस प्रतिशत (अर्थात् दश करोड भन्दा बढि) नाफा हुन्छ" । आयोजना समाप्त भएपछि आयोजक कम्पनीसँगको सम्झौताअनुसार 'मिस युनिर्वस' वा 'मिस वर्ल्ड' एक वर्षसम्मको लागि आयोजक कम्पनीको कर्मचारी बन्नुपर्छ र आयोजक कम्पनी यस समय बिभिन्न कम्पनीहरुका लागि विश्व सुन्दरीहरुबाट मोडलिंग गराउँछन् र त्यसबाट प्राप्तहुने रकम आयोजक कम्पनीको हुन्छ (माया, ३१ डिसेम्बर १९९४) ।

महिलाहरुको सौन्दर्य भनेर अमूर्तरुपमा बढाइचढाइ प्रस्तुत गरिने गरिएको छ र उनीहरुको मानसिकतामाथि सौन्दर्यरुपी धारिलो हतियारले बारम्बार प्रहार गर्ने गरिन्छ । साथै, उनीहरुको छविलाई समाजमा 'यौन वस्तु' को रुपमा उभ्याउने कार्य सुन्दरी प्रतियोगिता वा मोडेल वा अनावस्यक तवरमा खेलौनाको रुपमा सिनेमाहरुमा गरिने प्रस्तुतिले गरिरहेको हुन्छ । एक सर्वेक्षणमा के पाइयो भने

नेपाल टेलिभिजनबाट प्रसारित भएका ६५ वटा विज्ञापन मध्ये ६० वटा विज्ञापनमा महिलालाई प्रयोग गरिएको छ भने ४८ वटा विज्ञापनमा नाजायज ढंगले महिलालाई प्रयोग गरिएको छ (विमोचन, पुष २०५१) ।

सुन्दरताको नाममा नगण्य महिलाले पैसा र चर्चा प्राप्त गर्न सकेपनि यसले सम्पूर्ण महिलाहरुको छविलाई नै भ्रमपूर्ण पारेको छ र अन्ततः माथि उकास्नुको सट्टा तलतिर गिराउनमा नै सहायक बनेको छ । फिलिपिन्स सुन्दरीको उपाधि पाईसकेकी मुत्या क्रिसोस्टोमोलले आफुले सन् १९९० मा प्रतिसाता १२ हजार ५ सय अमेरीकी डलर पाउने गरी ब्रुनाईमा बस्न झन्डै स्वीकृति दिएको, तर पछि वेश्यावृत्तिमा लगाउनका लागि सो रकमको प्रस्ताव आएको थाहा पाएपछि त्यसलाई अस्वीकार गरेको कुरा एक अर्न्तवार्तामा बताएकी छिन् भने सिनेटर अर्नेष्टो म्यासेडाले विफियन्सबाट विश्व सुन्दरीमा प्रतिस्पर्धा गर्ने फिलिपिनो युवतीहरु प्राय ब्रुनाईमा महँगा वेश्याको रुपमा रहने गरेको पाइएको बताइएकी छिन् (कान्तिपुर, ६ असोज २०५०) । उल्लेखित उदाहरणहरुबाट के स्पस्ट हुन्छ भने सौन्दर्यको अमूर्त चाहनाले महिलाहरुको मानसिकतालाई वास्तविक संसारबाट काल्पनिक संसारमा विचरण गराइरहेको हुन्छ र उनीहरु त्यही काल्पनिक संसारमा रमाईरहेका हुन्छन्, जुन भ्रममात्र हुन्छ र समयको अन्तरालपछि वास्तविक संसारमा अवतरण गर्दा, केही अपवादलाई छाडेर, उनीहरुसंग पश्चताप गर्नु सिवाय अरु केही बाँकी रहँदैन । एकपटक मैथिली शिवरामनको भनाईलाई यहाँ उल्लेख गरौं -

“भनिन्छ सुष्मिता सेनको कुशाग्र बुध्दिले गर्दा नै फैसला उनको पक्षतिर मोडियो, किनकि उनको उत्तर नै सबभन्दा राम्रो ठानियो । ... कुशाग्रताले ... त केवल मामूली मात्र अन्तिम क्षणमा आफ्नो भूमिका निभायो । यसको साथ एक यस्तो जवाफको जरुरत थियो कि, त्यो विवादास्पद नहोस् र निर्णायकहरुलाई स्वीकार्य होस् । जरुरी थिएन कि त्यो ज्यादै बुद्दिमत्तापूर्ण होस् । भारत सुन्दरी प्रतियोगिताको समय सुष्मिता सेनसंग एक प्रश्न सोधिएको थियो - कि अतितको कुन चाहिँ घटनालाई उनी बदल्न चाहन्छिन् ? उनको जबाफ थियो ‘इन्दिरा गान्धीको हत्या” र उनले प्रतियोगिता जितिन । यदि उनले आफ्नो जवाफमा इन्दिरा गान्धीको हत्यापश्चात् निर्दोष सिखहरुमाथि ठूलो परिमाणमा भएको हत्या र हमला जस्लाई उनी बदल्न चाहन्छिन् भनेको भए के उनी कहिल्यै मनिला जान पाउथिन ? यसलाई राजनैतिक जवाफ मानिन्थ्यो (लोकलहर, २४ जुलाई १९९४) । यसै

सन्र्दभमा मणिमाला लेख्छिन् - उनले भारतको असली हालत बयान गरिदिएको भए निर्णायकहरु बेखुश हुन्थे । संभवत, निर्णायकहरुको दिमागको अंदाज गरेर नै उनले भारत सुन्दरी प्रतियोगितामा इन्दिरा गान्धीको हत्याको दाग इतिहासको पनावाट हटाउन चाहिन्, माहात्मा गान्धीको हत्याको दाग होइन । माहात्मा गान्धीको नाम लिनासाथै शायद निर्णायकहरुले उनलाई 'आउट डेटेड' सम्झन्थे (धर्मयुग, १६-३१ जुलाई १९९४)

सुन्दरी प्रतियोगिता 'सुन्दरी' घोषित हुन नसकेकाले मात्र विरोध गर्ने गरेको सामान्य विषय वस्तु होइन । यसको विरोध भनेको महिलाहरुलाई व्यापारीहरुव्दारा निर्मित रंगीन दुनियाँमा विचरण गराएर आफ्नो स्वार्थपूर्ति गर्ने र वास्तविक रुपमा महिलाहरुको छविलाई नै एक वस्तुको रुपमा स्थापित गर्ने प्रयासको विरोध हो । मिस नेपाल रुवी राणाले हाम्रो समाजको ग्लेमरलाई राम्रो इज्जत र प्रतिष्ठा भएको क्षेत्रको रुपमा नलिएकाले नै हाम्रो देश पिछडिनुको मुख्य कारण मान्नु (विमोचन, कात्तिक २०५१) को पछाडि पनि उहाँमा सिर्जना भएको यिनै प्रकारको भम्रले काम गरेको हुनुर्पछ । महिलाहरुमाथि बर्षौदेखि लादिएको र उनीहरुको दिमागमा हमेशा छाइरहेको सौन्दर्यप्रतिको चिन्ताले उनीहरुलाई महान चिन्तक, दार्शनिक, वैज्ञानिक, नेता आदिको रुपमा  विकसित हुनबाट रोकेको छ भन्ने ठहर मैथिली शिबरामनको रहेको छ । यहाँनेर मणिमालाको यो भनाई पनि मनन योग्य रहेको देखिन्छ - "भारतका सात जोडी आँखा र त्यसपछि ब्रह्माण्डका सातजोडी अखबारहरुले भारत सुन्दरी र विश्व सुन्दरी घोषित नगरेको भएपनि सुष्मिता सुन्दरी त हुन्थिन नै । कहिले स्वीमिङ सुटमा, कहिले गाउन लगाएर, कहिले खर्चिलो श्रृंगार गरेर ती आँखाहरुका अगाडि सुन्दरी घोषित हुन उनलाई नापेर, तौलेर हिंड्नु पर्‍यो, मुस्कुराउनु पर्‍यो ... ।

एक्काईसौं शताव्दीमा प्रवेश गर्न लागेको बखत नेपाली महिलाहरु योगेन्द्र देवान, उषा लामा र अप्सरा बस्नेत राजधानीमै वस्तुसरह दाईजोको रुपमा जाँदैछन्, जसलाई मैले "दाइजो नेपाल ९७" नामाकरण गरेको छु र "मिस वर्ल्ड नेपाल ९७" सम्पन्न गर्न हिडेन् ट्रेजर काठमाण्डौ पनि लागि पर्ला नै ।  यस घडीमा नारी समानता, स्वतन्त्रता र न्यायका लागि स्थापना भएका सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारीहरुलाई बधाई ज्ञापन नगरी बस्नु उचित होला र ?

*(२०५४ बैशाख ३०)*

## बेखबर - सरस्वती अधिकारीहरू मरिरहेछन्

"बैशाख २७ गते निरीह सरस्वती फेला परिन्, पश्चिमी संस्कृती र रहन सहनले गाँजिसकेको काठमाण्डौमा आफ्नै लोग्ने समेत लागेर तीन दिन देखि दुई हात खुट्टा बाँधिएर एक थोपा पानीको लागि तड्पिएकी सभ्य कहलाइने समाजमा क्रुर हिंसाको चपेटामा परेकी सरस्वतीको मृत्युपश्चात् यस्तो लाग्यो कि, ती बेलायत जाने गैंडाहरु सरस्वतीभन्दा धेरै भाग्यमानी रहेछन् । "(अमृत बाँस्कोटा, पुनर्जागरण, २०५४ जेठ ७)"

बोक्सी धपाउने भनी दिएको अमानवीय एवं दारुण यातनाको शिकार भएर दुई बच्चाकी आमा ३२ वर्षीया सरस्वती अधिकारीको वीर अस्पतालको आकस्मिक कक्षमा शनिवार ४ बजे मृत्यु भएको थियो । मर्न र बाँच्नु, मानिसको जीवनमा त्यति ठूलो घटना होइन । तर, जुन परिस्थितिको शिकार बनेर सरस्वती मरिन् त्यो भने ठूलै घटनाको रुपमा लिनु पर्ने हुन्छ । तर पनि सरस्वतीको दुःखद मृत्यु भारतीय चर्चित नायिका पूजा भट्टको नग्न शरीर सम्बन्धी विवाद जत्तिको चर्चित भने नेपालभित्रै पनि हुन सकेजस्तो लाग्दैन । 'ग्लेमर' क्षेत्रका 'बुद्धिजीवी'हरुले जति पूजा भट्टको नग्न शरीर सम्बन्धी विवादबारे उल्लेख वा चर्चा गरे त्यति मात्रामा हाम्रा महिला सम्बन्धी 'बुद्धिजीवी'हरुले कमै कलम चलाए । मलाई त लाग्छ, हाम्रा कतिपय शिक्षित एवं सक्रिय भनिने महिलाहरु समेत नै पूजा भट्टकै समाचार पढ्दा पढ्दै आफ्नै घरको छिंडीमा असिम यातना खपेर आफैं मरिरहेको पीडालाई समेत बिर्सिरहेका छन् । त्यसैले त केही प्रचारमा आएको सरस्वती मृत्यु प्रकरण राजधानीमा सेलाउँदै गएको छ । त्यसको लगतै ताहाचलकी मीरा डंगोल घरेलु यातनाको शिकार भएकी खबर त प्रकाशित भयो (लोकपत्र, जेठ १, २०५४) तर त्यसले कुनै उल्लेखनीय रुप लिएन । मानौ, महिलाहरु माथि यातना हुनु त स्वभाविक घटना हो, मात्र त्यसको मात्रा कम वा वेसी के भयो त्यो मात्र विचारणीय कुरा हो । यातनाको मात्रा ज्यादै बढी (मृत्यूसम्म पुग्यो) भने मात्र न केही चर्चा गर्न लायक हुन्छ । नत्र पूजा भट्टका बारेमा नेपाली छापाहरुमा अझैं चर्चाहरु आइरहेको छ तर खोई सरस्वती प्रकरणको चर्चा ?

तर खोई मीरा प्रकरणको चर्चा ?

भारत यस मानेमा हामीभन्दा धेरै नै गुणा अगाडि छ । पूजा भट्टको आपत्तिजनक तस्बिर 'स्टारडस्ट' नामक पत्रिकाले प्रकाशन गरेको र सोको पुनः प्रकाशन गर्ने 'इण्डिया टुडे' नामक पत्रिकामाथि कार्वाही गर्न भारतीय प्रेस परिषद्ले सरकारलाई अनुरोध गरेको छ भने त्यहाँका महिला संगठनहरुले त्यस कार्यको विरोध गर्दै पूजा भट्टको घर अगाडि विरोध प्रदर्शन गर्नुको साथै पत्रिकाको त्यस अंक समेत जलाई दिए । यस्तै, केही अगाडि 'दिलका डाक्टर' नामक टेलिश्रृंखलाले नर्सहरुले लगाउने सेतो मिनस्कर्टलाई उपहास गर्दै यौन उत्तेजक अर्थमा प्रस्तुत गरेको विरोधमा भारतीय नर्सहरु हडतालमा उत्रेका र भारतीय केन्द्रीय फिल्म सेन्सर बोर्डले अपमानजनक दृश्यहरु काट्ने सहमति जनाएपछि हड्ताल फिर्ता लिएका थिए । नेपालका महिला संगठनहरुले सरस्वती प्रकरण वा मीरा प्रकरणलाई लिएर के गरिरहेका छन् ? र त्यस प्रकरणलाई उनीहरुले कसरी लिएका छन् भन्ने कुरा थाहा पाउन सकिएको छैन । यसको अर्थ हुन्छ, त्यस प्रकरणलाई महिला चेतना एवं सशक्तिकरणको एक सशक्त अभियानको रुपमा लिएर हाम्रो आन्दोलन अगाडि बढेको छैन । कमजोरी यहींनेर छ । संगठन, संगठनको लागि मात्र होइन । घटना क्षणिक चर्चाको लागि मात्र होइन र नेतृत्व भाषण र नाराको लागि मात्र होइन । संगठनमा भएको नेतृत्वले घटनाको माध्यमबाट चेतना दिलाउने, सशक्तिकरण गराउने र घटनासँग सम्बन्धित पक्षहरुलाई दवाव दिने, विरोध गर्ने गर्दै आगामी दिनहरुमा त्यस प्रकारका घटनाहरु दोहरिन नदिन निरन्तर कार्यहरु गर्दै जानु पर्दछ । यस प्रक्रियाको यहाँ ज्यादै कमी खट्किएको छ । अर्कोतर्फ, केही पढेलेखेका र हुने खाने घरपरिवारका महिलाहरु महिलासँगै सम्बन्धित विषयमा पनि सडकमा उत्रने, दवाव दिने, विरोध जनाउने जस्ता कार्यहरुमा लाग्नबाट पछि नै हट्ने गरेको पाइन्छ । तर, होटलहरुमा हुने सभा गोष्ठीहरुमा, कतिपय अवस्थामा आवश्यकता भन्दा बढी नै श्रृंगार सहित जानेमा भने चाहिँ सचेत नै देखा परेका छन् । यस्तो विरोधाभाषपूर्ण व्यवहारले महिलाहरुलाई समानता र न्यायभन्दा बढी असमानता र अन्यायको नै शिकार बनाउँदछ । यसलाई सचेत महिलाहरुले समयमै सोच्नु पर्ने दखिन्छ । यहाँनेर वीरगञ्जका महिलाहरुले त्यहाँको जयदुर्गा पिक्चर प्यालेसमा वयस्कहरुका लागि मात्र लेखिएको चलचित्र 'व्याण्डेड लभर्स' लाई जिल्ला प्रशासन कार्यलयले

अनुमति दिएकोमा जागृति विकास संघ र नेपाल महिला संघ पर्साले विरोध जनाएको कुरा उल्लेख गर्न आवश्यक देख्दछु । सोही सन्दर्भमा टिप्पणी गर्दै नेपाल महिला संघ पर्साकी सभापति रमा भट्टले भन्नुभयो "अब हाम्रा चेलीबेटीले नाङ्गा तस्बिर हेरेर हिड्नु पर्ने दिन पनि आए ।" (कान्तिपुर २६ वैशाख २०५४) यो कार्य सही र आवश्यक दुवै थियो । तर, यस्ता कार्यको न त प्रचार प्रसार नै राम्ररी हुन सक्यो न त अरु पनि नारी मुक्ति र समानताको लागि भनेर चिच्याउने संस्थाहरु वा व्यक्तिहरुले नै साथ दिए ।

महिलाहरु माथि हुने हिंसा अविकसित देशहरुमा मात्र हुने नभएर विकसित देशहरुमा समेत हुने गर्दछ । यसैबाट हामीले सिक्नु पर्ने कुरा चाहिँ के हो भने विकसित देशका महिलाहरु पनि त्यहाँको विकसित सामाजिक स्थितिको वावजुद पनि हिंसाका शिकार भइरहेका छन् । यसर्थ, हामीले पनि पश्चिमी/अमेरिकी सभ्यताको अन्धाधुन्ध नक्कल गर्नुले हामीलाई समानता र स्वतन्त्रता प्राप्ति हुने वाला छैन । तर, झन् जटिलता थपिन सक्दछ । यसर्थ, हामीले आफ्नो आर्थिक, सामाजिक विकासको स्थिति र हाम्रो आफ्नै आधारभूत मूल्य र मान्यतामा आधारित भएर समानता र स्वतन्त्रताको लागि लाग्नु पर्ने देखिन्छ ।

महिलामाथि गरिने दुर्व्यवहारमा पिट्नु, सांघातिक हमला गर्नु, यौन शोषण गर्नु, बलात्कार गर्नु आदि जस्ता क्रियाकलापहरु पर्दछन् । दाइजोको कारण भारतमा अत्याधिक मात्रामा हुने गरेको महिलामाथिको अत्याचार हाल नेपालमा पनि हुन थालेको छ । महिलाको स्तर सम्बन्धी संयुक्त राष्ट्र संघीय आयोगले परिभाषित गरे अनुसार लिङ्गको कारणले गरिने कुनै पनि प्रकारको हिंसा जुन शारीरिक, यौनसँग सम्बन्धित (Sexual) वा मानसिक क्षति र दु:ख पुऱ्याउने खालले लिङ्गको आधारमा महिलामाथि हुने अत्याचार (Violance) लाई महिलामाथि हुने अत्याचार मानेको छ ।

सन् १९९२ को एक अध्ययन अनुसार क्वीटो (Quito) र इक्वेडर (Ecuador) का ६०% प्रतिशत महिलाहरु आफ्ना साथी (Partner) हरुद्वारा कम्तिमा एक पटक मात्र भए पनि पिटिएका पाइयो । बंगलादेशमा त यहाँ सम्म कि त्यहाँ हुने हत्याहरुको ५०% सम्म हत्या चाहिँ आफ्नो लोग्नेद्वारा गरिएको पाइयो । एकपटक एउटी केटीले

आफ्नो केटा साथीसँग वादविवाद गरी त्यतिखेर उनीहरु चढेको गाडी सडकको छेउमा पार्क गरी राखिएको थियो । उनको केटा साथीले ती केटीलाई गाडीबाट तल ओर्लन भन्यो तर केटी ढोकाको ह्याण्डलमा समातेर उभिरही । जब केटाले गाडी स्टार्ट गऱ्यो केटी भूईमा लडी । तर केटा साथीले उनको छाती माथिबाट गाडी गुडायो र अगाडि बढ्यो । पछाडि फर्केर पनि हेरेन । यो कथा अविकसित देशको होइन । विकसित र सभ्य राष्ट्र भनेर चिनिने अमेरिकामा घटेको घटना हो यो ।

नेपालका शहरी क्षेत्रहरु द्रुततर गतिमा पश्चिमी रहन सहनतिर ढल्कदै गइरहेको देखिन्छ । पश्चिमी जीवन शैलीका थुप्रै सकारात्मक र हामीले सिक्नै पर्ने कुराहरु र पश्चिमी जनजीवनमा समेत जटिलता र समस्या उत्पन्न भइरहेका जीवनशैलीका नकारात्मक पक्षहरु र त्यसबाट हामी सर्तक रहनु पर्ने कुराहरुको बारेमा हामी कहाँ कम चर्चा हुने गरेको र हामीलाई कम जानकारी प्राप्त हुने गरेको छ । तर, पश्चिमी जीवनशैलीको वाह्य स्वरुप जुन बाहिरबाट हेर्दा रंगीन र स्वप्नील छ त्यसप्रति हाम्रा युवापुस्ताहरु आकर्षित भइरहेका छन् र आँखा चिम्लेर त्यसको पछाडि दगुरिरहेका छन् भने अर्कोतिर संचारको सशक्त माध्यम रेडियो (खासगरी एफ.एम) र टेलिभिजन युवाहरुको मन मस्तिष्कलाई जिम्मेवार, सुसंस्कृत एवं उन्नत बनाउनुको सट्टा गैर जिम्मेवार (व्यक्तिवादी), असंस्कृति एवं विकृत बनाउने तर्फ लागिरहेको पाइन्छ । बजारमुखी अर्थव्यवस्थाको कारण मानवीय मूल्य र मान्यता अर्थात् मानिस नै समग्रमा एउटा उपभोग्य वस्तु भन्दा बढी केही हुन नसकिरहेको आजको सामाजिक परिवेश छ । पैसा र पैसाबाट आधिपत्य जमाउन सकिने एउटा रोमाञ्चक रंगीन स्वप्नमयी दुनियाँ मानिसको लागि सबथोक बन्न पुगेको छ । यस्तो सामाजिक वातावरणमा इमान्दार र निष्ठावान् महिला होस् वा पुरुष दुवै नै उस्तै खाले भड्खालोमा जाकिएका हुन्छन् । यति हुँदा हुँदै पनि महिलाहरुको स्थिति भने झन् बढी असुरक्षित र जटिल बन्न पुगेको हुन्छ । सामाजिक सुरक्षाको स्थिति राम्रा भएका विकसित देशहरुका महिला समेत घरेलु हिंसा, बलात्कार, यौन शोषण जस्ता सामाजिक विकृतिबाट मुक्त हुन सकिरहेका छैनन् भने झन् हाम्रो जस्ता गरिब एवं सामाजिक सुरक्षाको कुनै प्रबन्ध नै नभएको देशका महिलाहरुको स्थिति त यसै अनुमान गर्न सकिन्छ ।

नेपालमा पनि प्रत्येक तीन दिनमा एक जनाको बलात्कार हुन थालेको छ

भने यसैगरी प्रत्येक तीन दिनमा एक जना वेश्यावृत्तिमा संलग्न हुन थालेका छन् । यो निश्चय नै शुभ संकेत होइन । भनिन्छ नेपालमा प्रति वर्ष चार प्रतिशतका दरले अपराधमा बृद्धि हुन थालेको छ । बढ्दो शहरीकरण, जनसंख्याको बृद्धि, आर्थिक विपन्नता, मिश्रित जनजीवन र सर्वसुलभ यातायात तथा संचार सेवा उपलब्ध भएका स्थानहरुमा अपराध बढी हुने गरेको पाइएको जानकारीमा आएको छ । (कान्तिपुर, २२ वैशाख २०५४)

महिलाहरुमाथि हुने हिंसामा एकातिर उनीहरुको आर्थिक विपन्नताले सहयोग पुऱ्याएको छ भने अर्कोतिर बढाई चढाई प्रस्तुत गरिने, सस्तो चर्चा (र केही पैसा) प्राप्त हुने 'ग्लेमर' प्रतिको आर्कषणले पनि महत्वपूर्ण भूमिका खेलेको छ । 'ग्लेमर'ले सम्पूर्ण महिलाहरुलाई 'यौन वस्तु' (Sex-object) कै रुपमा प्रस्तुत गर्नमा सघाउ पुऱ्याएको छ । यहाँनेर सबै महिलाहरुले एक पटक आफैंसँग प्रश्न गर्नु पर्ने हुन्छ कि के साँच्चै सबै महिलाहरु यौन वस्तु नै हुन् त ? कुनै हालतमा पनि होइनन् । त्यसो हो भने सामाजिक अभियानको रुपमा वास्तविकतालाई बाहिर ल्याई महिलाहरुमा चेतना जगाउनु आवश्यक छ । यो काम सरल भने अवश्य नै छैन । काठमाण्डौबाट प्रकाशित हुने साप्ताहिक आफ्नो वैशाख २७, २०५४ को अंकमा 'बलिउडमा पनि युवतीहरुको शोषण' शीर्षकमा लेख्छ :

> "ग्लेमरको जादुले नेपालीहरुलाई त पछाडि मात्र तानेको हो । संसारकै दोस्रो ठूलो फिल्म संसार, बलिउड यो जादुबाट धेरै पहिलेदेखि सम्मोहित छ । र यहाँ युवतीहरुलाई नै ग्ल्यामरको प्रतीक मानिंदै आएको छ । प्रत्येक वर्ष हिरोइन बन्ने रहरमा सयौँ युवतीहरु घरबाट भागेर बम्बई पुग्ने चलन अद्यावधि छँदैछ । यही रहरमा कैयन नेपाली युवतीहरु पनि अन्य भारतीयहरु सरह वेश्यालय पुगेका छन् । नेपालमा मात्र होइन, भारतको यो ठूलो फिल्म संसारमा महिला शोषणको कुरा पहिलेदेखि नै उठाइँदै आएको छ । ग्ल्यामरको नाममा परम्पराहरु टुट्दै बोल्ड र हट सिनहरुको संख्या र प्रवृत्ति बढ्दै गएपछि बरु अहिले यस्तो शोषणको कुराले व्यावसायिक सम्झौता, आपसी तालमेल वा सहमतिको नाम पाउन थालेको छ ।

जसरी ग्ल्यामरको नशामा बलिउड पुग्नेहरुको होड छ, यो भीडमा आफूलाई

समर्पित गर्नेहरुको पनि कमी छैन । यो भीडबाट पर्दासम्म आइपुग्ने नवयुवती सुन्दरीहरुको कथा पनि त्यति सरल भने छैन।"

एकातिर सस्तो लोकप्रियता, पैसा (?) र रंगीन दुनियाको क्षेत्र ग्लेमरको स्थिति त्यस्तो छ भने नेपालमा आएर सौन्दर्य प्रतियोगिता मात्र नभएर 'श्रीमती सुन्दरी प्रतियोगिता' (Mrs. Beautiful) हुँदै 'लिटिल लेडी ब्यूटी पेजेन्ट' को प्रतिगोगिता आयोजना हुन थालेका छन् र अझ गजवको कुरा त के भने यस्ता प्रतियोगिताहरुको वास्तविकता जनता समक्ष ल्याएर जनतालाई चेतनशील बनाउनु पर्ने जेसीस जस्तो संस्था यस्ता सौन्दर्य प्रतियोगिताहरु गर्नमा लागिरहेको छ । 'लिटिल लेडी ब्यूटी पेजेन्ट' आयोजना गर्न लाग्नु भन्दा विद्यालय जान नसकेका बच्ची (लिटिल लेडी) हरुको निमित्ति उचित र समान शिक्षा दिलाउने कार्यक्रम लिएर जेसीज जस्तो संस्था अगाडि आएको भए ...। तर के गर्नु नेपालमा संस्कृति जोगाउने भन्दा विकृति भित्र्याउने होडबाजी - गरीब देशका नेताहरुको पजेरो झिकाउने होडबाजीसँगै - चलिरहेको समयमा जेसीजले सुन्दरी प्रतियोगिताहरुको आयोजना गर्नु त्यत्ति ठूलो कुरा भने नहुन सक्छ। यस्ता प्रतियोगिताहरुलाई महिला जेसीजहरुले कसरी हेरिरहनु भएको छ त्यो त उहाँहरुको प्रतिकृया नआई भन्न सकिने कुरा भएन । निश्चित रुपले भन्न सकिने चाहिँ के हो भने - राम्रो गर्न कठीन हुन्छ, नराम्रो गर्न सजिलो हुन्छ । नियन्त्रित हुन कठीन हुन्छ, अनियन्त्रित हुन सजिलो हुन्छ । निर्माण गर्न कठीन हुन्छ, विध्वंश गर्न सजिलो हुन्छ । यसैगरी रंगीन सपना देख्ने उमेरका युवा युवतीहरुलाई सम्हाल्न कठीन हुन्छ तर बहकाउन सजिलो हुन्छ । विचार तपाईहरु आफैं गर्नुस् - हाम्रो कर्त्तव्य उनीहरुलाई सम्हाल्नु हो कि बहकाउनु ? हाम्रो कर्त्तव्य देशका कर्णधार युवा युवतीहरुको पोषण गर्नु हो कि शोषण ? उल्लिखित प्रश्नहरु तर्कको लागि तर्क गर्नका निमित्त मात्र अगाडि सारिएका प्रश्नहरु होइनन् । ती प्रश्नहरु गंभीर रुपले सोच्न र सोचेर सोको हल गर्ने उपायहरु पत्ता लगाउन र सोही अनुसारको आचरण गर्न निमित्त उठाइएका प्रश्नहरु हुन् । किनकि विकसित मुलुकहरुमै पनि आफ्ना पुरुष साथीहरुबाट थुप्रै प्रकारका हिंसा एवं यौन शोषण हुने गर्दछ यो तथ्य हामी सबैले बुझ्न जरुरी छ । महिलाहरु स्वयंले पनि 'स्टार डस्ट' र 'पूजा भट्ट'लाई चाख लगाएर पढ्नुको सट्टा सरस्वती अधिकारीको मृत्युको प्रकरणको चर्चा गर्नु, मदर टेरेसाको वा म्याडम क्यूरीको जीवनी पढ्नु आवश्यक

छ । टेलिभिजनमा गिताञ्जलि र सरगम मात्र हेरेर दंग पर्नुको सट्टा टेलिभिजनमा किन 'राममाया' सम्बन्धी कार्यक्रम प्रशारण गरिदैन त्यो सोध्न पनि आवश्यक भएको छ । आज महिला प्रमुख जिल्ला अधिकारी, महिला न्यायाधीश, महिला इन्जिनियरहरु आदिको बारेमा किन रेडियो वा टेलिभिजनले कार्यक्रम दिने गर्दैन त्यो सोध्न पनि जरुरी भएको छ । रोमाञ्चक प्रस्तुतिको नाममा महिलाहरुका शरीरका कपडाहरु कम भन्दा कम लगाउँदै प्रस्तुत गरिने दृश्यहरुभन्दा सेता वा हरिया एप्रोन लगाएर अप्रेशन थिएटरमा काम गर्ने महिला डाक्टर वा नर्सहरुका जीवनका रोमाञ्चक एवम् संवेदनशील कथाहरु सुन्ने मात्र किन नगर्ने ? हामीले हाम्रो चाहनाहरुमा परिवर्तन गर्न सकेनौं भने, हामीले आफुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकेनौं भने र हामीले आफ्नो क्रियाकलापमा परिवर्तन ल्याउन सकेनौं भने बेखबर सरस्वती अधिकारीहरु मरिरहेछन् । निरीह मीरा डंगोलहरुले यातना भोगिरहनेछन् र हामीहरु चाहिँ ब्रुक महिलानी ली, पूजा भट्ट, मधु सप्रे, बन्दना गजमेर, प्रवीना थापा, पुनम घिमिरेहरुका खबर सुन्न तथा हेर्न मै व्यस्त रहने छौ ।

*(२०५४ जेठ १३)*

## मिस वर्ल्ड नेपाल १९९७ को लागि दरखास्त

'द हिडन ट्रेजर' भन्ने संस्थाले गर्वसाथ 'मिस वर्ल्ड नेपाल' को आयोजना गर्न लागेको र सो प्रतियोगितामा भाग लिन निमित्त आवेदन फारम पत्र पत्रिकाहरुमा प्रकाशित गरेको थियो । 'मिस वर्ल्ड नेपाल १९९७' को लागि प्रतियोगीको रुपमा छनौट हुन निमित्त निम्नानुसारको योग्यता पुगेको हुनु पर्ने उल्लेख थियो :

१. अविवाहित नेपाली केटी हुनु पर्ने,
२. १८ देखि २५ वर्ष उमेरको हुनुपर्ने,
३. प्रमाणपत्र तह वा सो भन्दा बढी शैक्षिक योग्यता भएको हुनुपर्ने,
४. उचाई कम्तीमा पनि ५ फीट ५ इन्च हुनुपर्ने,
५. दरखास्तवाला स्वस्थ, असल चरित्र भएको,
६. आकर्षक र राम्रो शारीरिक बनौट भएको हुनुपर्ने

उल्लिखित शर्तहरु पूरा भएका केटीहरु मध्ये प्रतियोगितामा सामेल भई प्रथम हुने (मिस वर्ल्ड नेपाल) लाई एक लाख रुपैयाँ, दोस्रो हुने (फर्स्ट रनर अप) लाई पचास हजार र तेस्रो (सेकेण्ड रनर अप) लाई पच्चीस हजार रुपैयाँ पुरस्कार राखिएको छ । साथै सो प्रतियोगितामा निम्न अनुसारका अन्य विशेषणहरु पनि प्रदान गरिने छ र त्यस्ता विशेषण प्राप्त गर्ने केटीहरुले निम्न अनुसार पुरस्कार प्राप्त गर्नेछन् -

१. मिस ब्यूटिफूल स्कीन - रु १०,०००
२. मिस ब्यूटिफूल हेयर - रु १०,०००
३. मिस फोटोजेनिक - रु १०,०००
४. मिस ट्यालेन्ट - रु १०,०००
५. मिस पर्सनालिटी - रु १०,०००
६. मिस बेष्ट ड्रेस - रु १०,०००

यस प्रतियोगितामा 'द हिडन ट्रेजर' को निर्णय अन्तिम र मान्य हुनेछ जसको निमित्त कुनै पनि प्रकारको स्पष्टिकरण र कारण दिइरहन 'द हिडन ट्रेजर' बाध्य हुने छैन, प्रतियोगितामा समावेश हुन छानिएका उमेदवारहरुलाई मात्र सुचित गरिनेछ र त्यस्ता उम्मेदवारले 'द हिडन ट्रेजर' सँग प्रतियोगितामा सामेल हुनु अगावै एक सम्झौता पत्रमा सही गर्नु पर्नेछ ।

माथिका नियमहरुलाई सरसर्ती हेर्दा के देखियो भने सुन्दरी घोषित हुन निमित्त अविवाहित हुनुपर्‍यो । अर्थात् विवाहित युवतीमा सुन्दरता बाँकी रहँदैन । जो केटी १८ देखि २५ वर्ष उमेर समूहभित्रकी छिन् तर विवाह गरेकी छिन भने उनी त्यस प्रतियोगितामा सामेल हुन पाउँदिनन् । आजको 'आधुनिक' भनिने समाजमा यी आयोजकहरुले 'विवाह' केलाई मानेका हुन् । त्यो कहीं स्पस्ट छैन । जति अविवाहित किशोरीहरुलाई बहकाउन र आफ्नो स्वार्थमा प्रयोग गर्न सजिलो हुन्छ त्यति विवाहित युवतीहरुलाई बहकाउन र आफ्नो स्वार्थमा प्रयोग गर्न कठीन हुने भएकोले त होइन यो शर्त राखिएको ।

यस्तै अर्को शर्त छ उचाई ५ फिट ५ इन्च हुनु पर्ने भन्ने । कोही केटी ५'४'' मात्रकी छ भने के ऊ स्वतः कुरुप हुन पुगी ? यही हो सुन्दरताको मापदण्ड ? फेरी स्वस्थ हुनु पर्ने भनिएको छ -स्वस्थताको प्रमाणपत्र कसले दिने र के-कस्ता रोगहरु लागेको भए रोगी वा कुरुप ठहरिने त्यो पनि स्पष्ट छैन । सबैभन्दा रमाइलो कुरा त के लाग्यो भने असल चरित्र भएको, आकर्षक र शारीरिक बनौट मिलेको हुनुपर्ने रे ! कसले दिने प्रमाण पत्र असल चरित्र भएको वा नभएको ? के भएको असल चरित्र भएको मानिने र के भए असल चरित्र नभएको मान्ने ? सामान्यतयाः कानुनले योग्य ठहराएको भन्ने त प्रचलनमा पाइन्छ वा नैतिक पतन हुने फौजदारी अभियोगमा दोषी प्रमाणित नभएको भन्ने पनि पाइन्छ । तर यो असल चरित्र के भन्न खोजेको र नाप्ने आधार के हो ? यसैगरी शारीरिक बनौटको बारेमा पनि दरखास्त फारम मौन नै छ । कस्तो शरीर भए बनौट मिलेको र आकर्षक ठहरिने ? यसपछिको अर्को आपत्तिजनक शर्त चाहीं के हो भने प्रतियोगितामा समावेश हुनु अगावै सम्झौतापत्रमा सही गर्नु पर्नेछ । त्यो के बारेको सम्झौतापत्र हो, जसमा प्रतियागीले सही गर्नुपर्नेछ ? कस्तो सम्मान दिइन खोजिदैछ किशोरीहरुको सुनदरतालाई ? सम्मान पाउन दरखास्त हाल्नु पर्ने त्यो पनि प्रतियोगितामा समावेश हुनु अगावै सम्झौतापत्रमा सही पनि

गर्नुपर्ने ? कतै शोषणको शुभारम्भ वा 'नाफा'को हतियार बनाउने खेलको शुभारम्भ त होइन त्यो सम्झौता पत्र ? सुन्दरी घोषित हुने होडबाजीमा लागेको बेला कसले सोच्ने होला र यो कुरा ?

समग्र नारी व्यक्तित्व र अस्मितालाई यसरी धुजा धुजा पारेर च्यात्ने कोशिश पनि यस्ता प्रतियोगिताले गर्दछन्। जसरी यस प्रतियोगिताले पनि गर्न खोजिरहेको छ, अर्थात् किशोरीहरु (नारी) लाई यस प्रतियोगिताले पनि ब्यूटिफूल स्कीन, ब्यूटिफूल हेयर, आदिमा धुजा धुजा पारेर च्यातेर फाल्नेछ। खोई समग्र नारी व्यक्तित्व, डाक्टर, इन्जिनियर, वकिल, पाइलट, प्रशासक ...? सबका सबलाई आकर्षक छाला भएकी आइमाई, आकर्षक कपाल भएकी आइमाई वा फोटामा आकर्षक देखिने आइमाई, आदि आदिमा रुपान्तरण गर्न खोज्दैछ । तर, सोच्ने कसले ? रोक्ने कसले ? लाम लागेर उभिएका होलान् किशोरीहरु मिस वर्ल्ड नेपाल १९९७ घोषित हुन्। यस पटक मलाई पनि दरखास्त दिन मन लागेको छ र मैले 'द हिडन ट्रेजर' को दरखास्त फारम सार्वजनिक रुपमा भरेको छु। हेरौं, मेरो नाम 'मिस वर्ल्ड नेपाल १९९७' को प्रतियोगितामा प्रथम हुनेमा पर्छ कि पर्दैन ।

मेरो विवरण यस प्रकार छ :

| | |
|---|---|
| थर | : नेपाली |
| नाम | : कौशल्यादेवी |
| अन्य नाम | : ठूली, कान्छी, गीता, सरस्वती आदि |
| प्रतिनिधित्व गर्ने जिल्ला | : नेपालको कुनै पनि जिल्ला |
| ठेगाना | : वैशाख ३१, २०५४ देखि सरुवा रोग अस्पताल, टेकु, काठमाडौं |
| टेलिफोन | : दूर संचार संस्थानका सबै लाइनहरु |
| जन्म मिति र स्थान | : २०५३ साल असोज महिनामा नेपालको सबैभन्दा ठूलो अत्याधुनिक साधनयुक्त वीर अस्पतालको बहिरंग विभाग |
| शिक्षा | : एड्स भएको भन्ने गलत रिपोर्टको कारण मानसिक आघात पुगी मानसिक सन्तुलन गुमाएकी |
| पेशा | : आघात, असुरक्षा र उत्पीडन सहँदै मृत्यु कुर्ने, |

यस्ता प्रतिगोगिताहरुमा पहिले कहिल्यै भाग लिएको थियो कि: बारम्बार, तर मिति र स्थानको लेखाजोखा राख्न संभव नभएको

अभिभावकको नाम : महिलाहरुलाई यौन वस्तुको रुपमा प्रस्तुत गर्न निमित्त ग्लेमर को रंगीन संसार खडा गर्ने सम्पूर्ण व्यक्ति तथा संघ संस्थाहरु

अभिभावकको पेशा : नारी देहमार्फत् नाफा कमाउनु

अभिभावकको पद : दलाल चेलीबेटी विक्रेता, निर्माता, निर्देशक, लोग्ने, काका, भिनाजु, दिदी, मेनेजिङ्ग डाइरेक्टर आदि ।

*(२०५४ जेठ २०)*

# विकसित देशबाट हामीले के सिक्ने ?

विकसित देशहरुको बारेमा सुन्दा र विकसित देशहरु देख्दा हामीलाई आश्चार्य लाग्छ र आफ्नो देश अविकसित र अव्यवस्थित भएको देख्दा दुःख लाग्छ। तैपनि गफ छाँट्न पाउँदा निकै भावुक भएर आर्दशका कुरा गर्न र उपदेशात्मक शैलीमा यो गर्नु पर्ने र यसो गर्न नहुने भनेर अरुलाई अर्ति दिन हामीलाई निक्कै मज्जा लाग्छ। हामीले विकसित देशबाट सिक्नुपर्ने कुरा के हो  भनेर सोच्नमा र म एकजनाले देश विकासको लागि गर्न सक्ने र गर्नुपर्ने कुरा चाहिँ के हुन सक्छ भनेर सोच्ने कुरामा भने हामी पछाडि नै परेका छौ। पशिचमी विकसित देशका कतिपय कुराहरुको हामीले अन्धाधुन्ध नक्कल गर्न थालेको धेरै भइसकेर पनि देशको विकास भने हुन सकिरहेको छैन। यसबाट हामीले बुझ्नु पर्ने कुरा चाँही के हो भने हामीले जे सिकिरहेका (नक्कल गरिरहेका) छौं त्यो ठीक भइरहेको छैन र हामीले जे गरिरहेका छौं त्यो पनि ठीक गरिरहेका छैनौं।

हामीले पशिचमी संस्कृतिको नक्कल खुब सजिलो संग गऱ्यौं। पशिचमी व्यक्ति (Individual) र यौन (Sex) केन्द्रित समाजतर्फ उन्मुख हुनलाइ सघाउ पुऱ्याउने थुप्रै कार्यहरु निर्धक्कसाथ गर्न पछाडि परिरहेका छैनौं। उदाहरणको लागि सुन्दरी प्रतियोगिताको नाममा युवा मनलाइ उत्तेजित पार्ने र मानिस - खासगरी महिलालाई वस्तु सरह बनाउने कार्यमा हाम्रा केहि बुद्धिजीवी र उद्यमीहरु लागी पर्नु भएको छ भने हामी पनी वहाँहरुको पछि पछि ज्यान फालेर दगुरिरहेका छौं। हामीले आफ्नो सामाजिक साँस्कृतिक विशिष्टता र आर्थिक विकासको स्थितिलाई गहन रुपमा केलाउने प्रयास नै गरेनौं। जहाँ जेबाट समाजको विखण्डन भएको छ र त्यहाँका मानिसहरु जेका बारेमा चिन्ता गर्न थालेका छन् - हामी तिनै समस्याहरु भित्र्याउन तछाड मछाड गरेर लागिरहेका छौं। कस्तो आश्चर्य ! सुन्दरी प्रतियोगिताले नपुगेर हामीकहाँ 'श्रीमती सुन्दरी प्रतियोगिता' र अझै 'लिटिल ब्यूटी पेजेन्ट'को समेत आयोजना हुन थालेको छ। देश दिन प्रतिदिन गरिबीतिर उन्मुख हुँदै जानु र अर्कोतिर यस्ता प्रतियोगिताहरुमा बृद्धि हुँदै जानु भनेको हाम्रोलागि गर्वको

विषय हो कि सरमको विषय हो ? यहाँ निर्णय लेख्नेभन्दा पनि सबैले ठण्डा दिमागले सोचेर आफैं निर्णयमा पुग्न उचित हुने देखिन्छ ।

सुन्दरी प्रतियोगिताजस्ता कार्यक्रमहरुले महिलाहरुको सम्मानमा टेवा पुऱ्याउँछ कि अपमानमा टेवा पुऱ्याउँछ, त्यो पनि यहाँ लेख्नुभन्दा प्रत्येक महिलाहरुले ठण्डा दिमागले सोच्नुपर्न कुरा हो । सौन्दर्य वा सुन्दरताको विकल्प छैन । सुन्दरता कसले चाहदैन ? सौन्दर्यको पारखगर्न को चाहदैन ? सुन्दरता वा सौन्दर्य कुनै विवादको विषय हो जस्तो मलाई लाग्दैन । तर सुन्दरतालाई वस्तुमा परिणत गरेर नाफा कमाउन पल्केकाहरुले बलियो मोर्चा कसेर यस विषयलाई विवादास्पद बनाइरहेका छन् । उनीहरु भन्छन् - यौन खाना जस्तै आवश्यक चिज हो । यसमा पनि विशेष चर्चा वा विवाद गरिरहनु पर्ने देखिदैंन । तर उनीहरु सम्पूर्ण क्रियाकलापहरुलाई यौन केन्द्रित गरेर प्रस्तुत गर्दछन् किनकि युवा मनलाई यौनले आर्कषण गर्दछ । यसको नाममा युवा मनलाई बहकाउन सजिलो हुन्छ र यही 'यौन' को वरिपरी उनीहरुको ठूलो व्यावसाय र बजार घुमिरहेको हुन्छ, जसमा उनीहरुको करौडौं नाफा लुकेको हन्छ । यहाँनेर के कुरा स्पष्ट गर्न जरुरी हुन्छ भने विज्ञान र प्रविधिले अत्यधिक सफलता पाएको आजको समयमा मानिसले आफूले चाहेजस्तो गरी जीवन विताउन आफ्नो शरीरलाई चाहेजस्तो बनाउन विज्ञान र प्रविधिको उपयोग गर्छ भने त्यसमा कसैलाई टाउको दुख्नु पर्ने केहि छैन । असल क्रिम लगाएर अनुहारको चाउरी हटछ् भने किन प्रयोग नगर्ने ? शरीरमा मिल्ने र लगाउँदा सजिलो पनि हुने लुगाहरु किन्न पनि सकिने छ भने त्यस्ता लुगाहरु लगाएर चिटिक्क परेर हिंड्दैमा के बिग्रियो र ? शरीर स्वस्थ र फुर्तिलो राख्न दैनिक कसरत गर्ने महिला वा पुरुषको त के चिन्ता भो र ? तर यहाँ त पश्चिमी अमेरिकी अमूर्त सुन्दरीजस्तै देखिन नखाएर जीउ घटाउन खोज्ने र फेशनको नाममा अंग प्रदर्शन गर्ने 'सुन्दरी'हरुको अवस्था पो दयनीय भएर आयो ।

भौतिक विकासको अधिकतम उपभोग गरिरहेको पश्चिमी अमेरिकी समाज आज सामाजिक विखण्डनको शिकार बनेको छ । बढ्दो पारपाचुके, एक व्यक्तिको परिवारको सृजना, कम उमेरमा बच्चा जन्माउने कुमारी आमाहरु, गर्भपतनको समस्या, चिन्ता, कुण्ठा (Depression), तनाव, टुहुरा बच्चाहरु आदि त्यहाँको समस्या बनेको छ । अब यो रोग हङकङमा समेत सरिसकेको देखिन्छ । त्यहाँ कुनै

समय आदरको दृष्टिले हेरिने बुढापाकाहरु अब आत्महत्या गर्न थालेका समाचारहरु प्रकाशित हुन थालेका छन् । बुढापाकाहरुको आत्महत्याको कारणहरुमध्ये एक चाहिँ पश्चिमेली जीवनशैलीको अनुकरणको कारण नयाँ पुस्ताहरुमा विकास भएको व्यक्ति केन्द्रित समाजको स्थापना हो भन्न थालिएको छ । यस्ता उदाहरणहरु देख्दा देख्दै त्यसको राम्रोसंग विश्लेषण नगरिकनै त्यस्तै समस्याहरु (विसंगति र विकृति) बढाउने कार्यतर्फ चाहीँ हामी किन अग्रसर भइरहेका छौ ?

हामीले पश्चिमी विकसित समाजको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाको सुक्ष्म विश्लेषण गरेर त्यहाँ देखापरेका र उत्पन्न भएका समस्याहरुको राम्ररी अध्ययन गरेर हाम्रो समाजलाई त्यस्ता समस्याहरुबाट कसरी बचाउन सकिन्छ भन्नेबारे सोच्नु पर्ने हो । हाम्रो काम पश्चिमी समाजका सस्ता र सजिला व्यवहारहरुको हुबहु नक्कल गर्न हुन नपर्ने हो । हाम्रो काम त विकसित देशहरुको सुक्ष्म विश्लेषण गरेर आफ्नो देशको विकासमा सघाउ पुऱ्याउने, साना साना कुराहरु खोतलेर तिनिहरुको उपयोग गर्ने हुनपर्ने हो । विकसित देशबाट हामीले कमसेकम कामलाई आदर गर्ने (र काम गर्ने), समयको पालना र सदुपयोग गर्ने, प्रविधिको सक्दो उपयोग गर्ने र व्यवस्थित रुपमा काम गर्ने बानी भने सिकिहाल्न जरुरी भएपनी यस तर्फ त्यति ध्यान जान सकेजस्तो लाग्दैन । तसर्थ, यसतर्फ पुरुषहरुलाई नै हाँक दिने गरी महिलाहरु नै अगाडि बढे पनि के बिग्रेला र ?

*(२०५४ जेठ २७)*

# पूजा भट्ट, एलिना शाक्य र संचार माध्यम

भारतीय अभिनेत्री पूजा भट्ट, आफूद्वारा निर्मित प्रथम चलचित्र "तमन्ना" को प्रिमियर प्रदर्शनको सिलसिलामा गत वैशाख महिना काठमाण्डौमा हुनुहुन्थो । त्यसबखत वहाँले नेपाली पत्रकारहरुसंग कुरा गर्दै पुरुष प्रधान समाजमा महिलामाथि हुने अन्याय र शोषणलाई लिएर चलचित्रहरु निर्माण गर्ने जानकारी दिनुभएको थियो । वहाँको यो जानकारी प्राप्त भए लगत्तै भारतबाट प्रकाशित हुन 'स्टार डस्ट' नामक फिल्मी पत्रिकाको मुख पृष्ठमा वहाँको नग्न शरीर प्रकाशित भयो । आश्चर्य के भयो भने महिलामाथिको अन्याय र शोषणलाई लिएर चलचित्रहरु निर्माण गर्ने इच्छा व्यक्त गर्ने अभिनेत्री स्वयंको नग्न तस्बिर पत्रिकाले मुख पृष्ठमै प्रकाशित गरिदियो । हुन त पुजा भट्टले उक्त तस्बिरमा अनुहारमात्र आफ्नो भएको र शरीरचाहिं आफ्नो नभएको बताउनुभएको छ भने त्यहाँको प्रहरीले पनि वहाँ सो मामिलामा निर्दोष रहनु भएको बताएको छ । यसै गरी 'स्टार डस्ट' का सम्पादक उमर कुदेशीले आफ्नो पत्रिकाको मुख पृष्ठमा प्रकाशित तस्बिर पूजा भट्टको नभएको बताउँदै उमर कुदेशीले त्यो इन्टरनेटमा रहेको कम्प्यूटरको सहायताबाट तयार पारिएको तस्बिर भएको र त्यसलाई इन्टरनेटबाट 'डाउनलोड' गरेर प्रकाशित गरिदिएको बताएका छन् । वहाँका अनुसार इन्टरनेटका नग्न चित्रलाई उदाङ्गो पार्नु मात्र उहाँको उद्देश्य थियो । जे होस, यस प्रकरणले पहिलो, इन्टरनेट पनि नग्न तस्बिर (अश्लिल सामग्री) बाट मुक्त छैन र यसले पनि महिलाहरुलाई आफ्नो शिकार बनाएको छ । दोश्रो, आफ्नो उद्देश्य राम्रो भएको बताउँदै नारी-देहको शोषण गरी पैसा कमाउने नाममा मानिसहरु लागिपरेको नै छन् र तेस्रो, पैसा र चर्चाको क्षेत्र भनिने मोडलिङ्ग, चलचित्र, सुन्दरी प्रतियोगिता आदि अर्थात् ग्लेमरको क्षेत्रसँग सम्बन्धित वा यस क्षेत्रतर्फ आकृष्ट महिलाहरु बढी यस प्रकारका शोषणको शिकार हुन पुग्दछन् । पुजा भट्ट प्रकरण यी तीनवटै कुराहरुको प्रमाण बन्न पुगेको छ ।

पूजा भट्टको उक्त तस्बिरलाई लिएर भारतीय महिला समुहले पूजा भट्टको बम्बईस्थित निवासबाहिर बिरोध प्रर्दशन गर्नुको साथै 'स्टार डस्ट' र सो को पुनः

प्रकाशन गर्ने 'इन्डिया टुडे' माथि कारवाही गर्न लिखित अनुरोध नै गरेको थियो । यस्तै केही पहिले महिलाका नग्न तस्बिरहरु प्रकाशित गर्ने मासिक पत्रिका 'फन्टेसी' का सम्पादक बिकी भार्गबलाई २०५१ साल असार २ गते अश्लील तस्बिर छापेको अभियोगमा अलाहावादमा पक्राउ गरिएको थियो, तर पक्राउ परेको लगत्तै वहाँ जमानतमा रिहा हुनु भएको थियो । यस प्रसंगलाई लिएर 'फन्टेसी' को प्रकाशन अनुमति रद्द गर्ने अभियान चलाईरहेको महिला समूहको प्रमुख रहनु भएकी माल्भिका पाण्डेले फन्टेसी पत्रिका आइमाईको लागि कलंकको टीका भएको बताउनु भएको थियो (गोरखापत्र असार २०, २०५१) ।

सन् १९८६ मा प्रकाशित 'वुमेन इन द वर्ल्ड एन इनटरनेशनल एटलस' को अनुसार अमेरीकामा मात्रै १६५ भन्दा बढी अश्लील पत्रिकाहरु प्रकाशित हुन्छन् । यिनीहरुका विषयवस्तुहरु आक्रमक, खुला र त्यसमा प्रकाशित महिलाहरुको शोषण गरिएको हुन्छ । उदाहरणको लागि 'पेन्टहाउस' नामक पत्रिकाले आफ्नो एक अंकमा त्यतिखेरको 'मिस अमेरिका' को पुराना तस्बिरहरु छापेको थियो । त्यो पत्रिकाको एक करोड प्रति विकी भयो, प्रकाशक तीन करोड सत्तरी लाख अमेरिकी डलर कमाउन सफल भयो, तर 'मिस अमेरिका'को हातमा भने केही परेन । अझै वहाँले पाउनु भएको 'मिस अमेरिका'को मुकुट पनि वहाँले अनुचित कार्य गरेको आरोपमा खोसियो । यस उदाहरणबाट के स्पष्ट हुन्छ भने - नारी देहको शोषण गर्ने कार्यमा विकसित मानिने देश अमेरिका पनि मुक्त छैन । अहिले आएर त ग्लेमरको रङ्गीन सपना बेच्ने 'आर्दश'हरुको उत्पादन नै त्यहाँबाट हुने गर्दछ र त्यहाँको हरेक कियाकलापलाई स्वतन्त्रता, समानता र विकसितपना अर्थात् आधुनिकताको नाममा अन्धाधुन्ध नक्कल गर्नमा हाम्रा युवा पिँढीहरु लागिपरिरहेको छन् । साथै युवा मन मष्तिकलाई बहकाउँदै विकृत पार्दै समाजिक मूल्य र मान्यतालाई विखण्डित पार्ने कार्यमा विभिन्न तर्क, कार्यक्रम, प्रतियोगिता आदिद्वारा सघाउ पुऱ्याउने कार्यमा समेत थुप्रै 'बुद्धिजीवी', व्यवसायी, उद्यमी, संघसंस्था लगायत स्वंय युवाहरुसमेत सहभागी भएका छन्, यो दुःखलाग्दो कुरा हो ।

बेलायतकी राजकुमारी डायनाको नग्न फोटो पनि इन्टरनेटमा पुगेको खबर प्रकाशित भएको छ (महानगर, जेठ ३१, २०५४) । सो फोटो इन्टरनेटमा आउनुअघि नै अमेरिकी अश्लील पत्रिकाहरुमा छापिइसकेको समेत थाहा हुन आएको छ भने, सो

फोटो इन्टरनेटमा पहुँचभएका कम्प्युटर प्रयोगकर्ताहरुले १० डलरमा हेर्नसक्ने समेत थाहा भएको छ। विज्ञान र प्रविधिमा भएको अत्याधुनिक विकास अर्थात् मानव ज्ञान-भण्डारको सदुपयोग मानव मनमस्तिष्कलाई सुसंस्कृत बनाउनको निमित्त उपयोग गरिनुपर्नेमा ठीक त्यसको विपरीत मानव मनमस्तिष्कलाइ विकृत पार्नमा कसरी दुरुपयोग भइरहेछ भन्ने कुराका उदाहरणहरु हुन- इन्टरनेटमा पुगेको पूजा भट्टको भनिएको र डायनाका नग्न फोटाहरु ।

नेपालमा पनि एलिना शाक्यले काठमाण्डौको स्थानीय बजारमा विक्रीवितरणको लागि प्रकाशित भएको 'आलिङ्गन' नामक पत्रिकामा आफ्नो अर्धनग्न तस्बिर छापिएकोमा आपत्ति जनाई जाहेरी दिनुभएको थियो (गोरखापत्र, भाद्र १६ २०५१, अस्मिता, आसोज २०५१) । एलिनाको जाहेरीको आधारमा प्रहरीले फोटो ग्राफर मदन प्रधानलाई पक्राउ गऱ्यो । मदन प्रधानको भनाई अनुसार - आलिङ्गन पत्रिकामा प्रकाशित एलिनाको आपत्तिजनक फोटो वहाँकै अर्थात् एलिनाकै इच्छाअनुसार खिचिएको थियो । मदन प्रधानको स्टुडियोमा छापामार्दा एलिनाकै बिभिन्न किसिमका ५२ वटा र अन्य ३ जनाको १० वटा नग्न र अर्धनग्न फोटाहरु प्राप्त भएको पनि जानकारीमा आएको थियो ।

ग्यालेक्सी इङ्गलिस बोर्डिंग स्कुलबाट एसएलसीसम्मको शिक्षा हासिल गरेकी १६ वर्षीया श्रृजना बानियाँले अभिनय क्षेत्रमा लाग्न आफू जेसुकै त्याग्न पनि तयार रहेको कुरा एक अन्तर्वार्तामा बताउनुभएको छ । 'रसरंग' र 'आलिङ्गन' नामक पत्रिकामा छापिएको फोटोको कारण ठूलो बदनामी र दुःख सहनुपरेको वहाँ बताउनुहुन्छ । यसैगरी अर्की १७ वर्षिया अन्नपूर्णा थापा जसले एलएलसीसम्मको शिक्षा हासिल गर्नुभएको छ, पनि नग्न तस्बिर प्रकाशित भएको कारणले र उस्तै शिक्षा र उमेर भएकी दिप्ती पाण्डे पनि नग्न तस्बिरकै कारण चर्चामा आउनुभएको थियो । एक अतर्वार्तामा वहाँ भन्नुहुन्छ, "मैले रसरंगको नियमित अंकको लागि खिचेको फोटो 'यौन शिक्षा' विशेषाङ्कमा छपिएको छ। हुन त त्यति धेरै नराम्रो (नाङ्गै) छैन् ।" यी त भए प्रकाशमा आएका केही उदाहरणहरु । कलिला केटीहरु, जसलाई रंगीन सपना देखाएर बहकाउन सजिलो हुन्छ - जो एकछिन बहकिएर क्षणिक आवेग र गल्तीले गर्दा दुःख, पीर र चिन्ताको शिकार बन्न पुगे तर, त्यस्तो फोटो खिच्ने फोटोग्राफर, पत्रिका प्रकाशित गर्ने प्रकाशक वा विक्रेता (संभवतः) सबै पुरुषहरुले

कुनै बदनामी कमाउनु परेन । दुःख, पीर र चिन्तामुक्त भएर (संभवतः) तीनै काम दोहोऱ्याई रहेका होलान् र उल्लेखित किशोरीहरुका फोटो खिचेर, प्रकाशित गरेर नाफा कमाउन भने सफल भए ।

यहाँनेर प्रश्न उठ्छ - किन यी केटीहरु यस्तो फोटो खिचाँउछन् ? यसको जवाफ एकपटक उनीहरुबाटै खोजौं । सृजना बाँनिया भन्नुहुन्छ - "पत्रिकाको लागि अनुहारमात्र खिच्ने भनेर सिनरियो स्टुडियोमा लगियो । तर त्यहाँ भित्र गएपछि जर्बजस्ती नङ्ग्याएर धैरै मुद्रामा तस्बिर खिचे । प्रतिवाद गर्न खोज्दा पनि एक्लै थिएँ ।" अन्नपूर्णा थापा भन्नुहुन्छ -"पत्रिकाको लागि मुखपृष्ठमा राम्रो फोटो चाहियो, अन्तर्वार्तामा छाप्छौं, फिल्ममा राम्रो काम पाईन्छ भनेर स्टुडियोमा अनुहारको मात्र तस्बिर खिच्न लगे । भित्र गएपछि अलिअलि गर्दै निकै नङ्ग्याउन खोजे ।" यस्तै भनाई दिप्ती पाण्डेको पनि रहेको छ । वहाँ भन्नुहुन्छ - "पत्रिकाको लागि राम्रो तस्बिर चाहियो, तिम्रो अनुहारको मात्र तस्बिर लिन्छौं भनेर स्टुडियोमा लगेका थिए । भित्र गएपछि हरेक कुरामा नाङ्गै गनुपर्छ पो भन्दा रहेछन् ।" यसरी आफूलाई सस्तो प्रचार-क्षेत्र अर्थात् 'ग्लेमर'को रङ्गीन दुनियाँमा प्रवेश गर्न लालयित कच्चा किशोरीहरु शोशित बन्न पुगेका छन् । कतै वहाँहरुले राम्रो रकम चाहिँ हात पार्न सफल भएकोले, अर्थात् आर्थिक उत्प्रेरणाको कारण त्यस्तो कार्य गरेको हो कि भन्ने जिज्ञासाको उत्तर अन्नपुर्णा थापाको अभिव्यक्तिले यसरी दिन्छ - "पैसा त कसले दिन्छ र ? फिल्ममा खेल्दा अलि अलि जेब खर्च पाईन्छ ।" यो उत्तरले उनीहरुमाथि आर्थिक शोषण पनि हुनेगरेको प्रष्ट हुन्छ । अब झनै प्रश्न जटिल बन्न पुग्छ कि -हाम्रा महिलाहरु किन यसरी शरीरका कपडाहरु खोल्नतिर आकर्षित भएका छन् ? आफ्नो स्थान (status) र छवि (image) लाई किन यसरी चर्चा पाउने अर्थात् हिरोईन (नायिका) बन्ने रहरमा बिना मूल्य बिक्री गरिरहेका छन् ? मलाई 'रमाइलो' (वास्तबमा नरमाइलो) चाहिं के कुरामा लाग्यो भने "अस्मिता महिला प्रकाशन गृह"द्वारा प्रकाशित महिलाद्वारा नै सम्पादित अस्मिता नामक पत्रिका जो आफ्नो लक्षित समूह वा पाठक नेपाली महिलाहरु हुन भन्ने पनि दावी गर्दै त्यही पत्रिकाले "तीन ठगिएका अभिनेत्रीहरु"को अन्तर्वार्ताको सारसंक्षेप प्रस्तुत गर्दै ती अभिनेत्रिका फोटाहरु समेत प्रकाशित गऱ्यो, जसले गर्दा ती ठगिएका अभिनेत्रीलाई अरुले पनि ठम्याउन सजिलो भयो, तर ती अभिनेत्रीहरुलाई ठग्ने फोटोग्राफर, प्रकाशक र विक्रेताहरुको भने न त अन्तर्वार्ता, न त फोटो नै छाप्नुपर्ने आवश्यकता अस्मिताले देख्यो । हुनसक्छ, उनीहरुको फोटो

छापेर अन्यत्र अरुले जस्तै अस्मिता पनि पुरुषहरुको बदनाम गर्ने वा पुरुषहरुलाई पनि बढि प्रचार प्रसारमा ल्याउने पक्षमा थिएन वा अस्मिता पनि सचेत थियो कि "मदन प्रधान" वा "कृष्णप्रसाद गौतम उर्फ माइला दाइ" भन्दा "सृजना बानियाँ" वा "अन्नपुर्णा थापा" वा "दिप्ती पाण्डे" नै पत्रिकामा बढी बिक्दछन् र अस्मिता पनि पत्रिकामध्ये नै एक हो र अस्मिता पनि बिक्री गरिनुपर्दछ ।

कान्तिपुर कोसेलीमा डी. पी. साह चक्रवर्ती लेख्छन् - भविष्यमा कलाकार बन्छु भन्ने अभिलाषा बोकेर थुप्रै नवप्रतिभाहरु सर्वप्रथम फोटो सेसन गराउँछन् । फोटो सेसन गराउने क्रममा फोटोग्राफरले आफ्नो पहुँचको भरमा पत्रपत्रिकामा फोटो प्रकाशित गराइदिने प्रलोभनमा महिला मोडेलको आर्थिक तथा शारीरिक शोषण गरेका उदाहरणसमेत देख्न सकिन्छ । (कान्तिपुर कोसेली, साउन २७, २०५०) यस भनाइलाई माथिका भनाइहरुले पुष्टि गरेका छन् । अर्कोतिर यस्तो क्षेत्रमा लाग्ने व्यक्तिहरुको बजार पनि दीर्घकालीन नभएर अल्पकालीन हुने गर्दछ । यस सन्दर्भमा प्रथम मिस नेपाल घोषित रुवी राणा भन्नुहुन्छ ("यो रुप र आकर्षण त कहिलेसम्म रहला र ? ग्लेमर भन्ने कुरा क्षणिक न हो ?" यसैगरी मिस नेपाल प्रतियोगितामा द्वितीय हुनपुग्नु भएकी लतीका मास्के भन्नुहुन्छ - "आफूमा रुप र सौन्दर्य रहिरहुन्जेलसम्म त हो नि मोडलिङ्ग गर्ने" (कान्तिपुर कोसेली, असोज १५, २०५१) ।

उल्लेखित भनाइहरुलाई गहिरिएर हेर्ने हो भने र माथि उल्लेख गरिएका उदाहरणलाई राम्ररी विश्लेषण गर्ने हो भने उद्देश्यमूलक ढंगबाट चलचित्र, मोडल आदिको नाममा खासगरी महिला र तिनका शरीरलाई 'बस्तु' को रुपमा उपयोग गरिएको छ र महिलामा भएको सोच्ने शक्ति अर्थात बुद्धि र विवेक (मानसिकता) लाई 'सुन्दरता' र 'कोमलता' को नाममा दिग्भ्रमित र विकृत पार्ने कोशिश हरबखत भइरहेको छ । जसको फलस्वरुवप आँखा चिम्लेर सुन्दर बन्ने र चर्चित हुने दौडमा लाग्ने वा स्वतन्त्र हुने र सुन्दर देखिने वस्तु किन्न पैसा कमाउने लोभमा पर्ने विशेष गरी भर्खरका कलिला किशोरीहरु आर्थिक र शारीरिक शोषणको मारमा पर्ने गरेको पाइन्छ । यी सब कार्यमा सघाउन पुऱ्याउने एक सशक्त माध्यम भने सञ्चारमाध्यम भएको छ ।

*(२०५४ असार २ र ९)*

## मिस वर्ल्ड नेपाल १९९७ र झरना बज्राचार्य

"द हिडन ट्रेजर" को आयोजनामा र सान मिगेल र गोल्डेन टाइगर नामक वियरहरुको प्रायोजनमा काठमाण्डौमा सम्पन्न "मिस वर्ल्ड नेपाल १९९७" नामक सुन्दरी प्रतियोगितामा अठार वर्षीया झरना बज्राचार्य यस वर्षकी "मिस वर्ल्ड नेपाल" छानिनु भएको छ र यस खबरले खुब चर्चा पनि पाएको छ। विगतमा नेपालमा यस्ता प्रतियोगिताहरु हुँदा विभिन्न महिला संघसंस्थाहरुले सक्रिय तथा निस्क्रिय विरोध गर्ने गदर्थे र यस्ता प्रतियोगिताहरुको आयोजनाले महिलाहरुको छवि उँचो राख्ने तथा वास्तविकरुपमा महिलाहरुको क्षमताको उच्च मूल्याङ्कन गरी उनिहरुलाई सम्मानित बनाउने कार्य नगरी उल्टै नारी अस्मितामाथि खेलवाड गरी सस्तो चर्चा र केही पैसाको लोभमा पारी महिलाहरुको छविलाई गिराउने कार्य नै गर्दछ भन्ने तथ्यप्रति महिलाहरुलाई सचेत गराउनमा समेत त्यस्ता विरोध प्रर्दशनहरुले ठूलो भूमिका खेल्ने गर्दथ्यो । तर यस पटक कुनै पनि संघसंस्थाहरुले सान मिगलले "गर्व"साथ प्रस्तुत गरेको "मिस वर्ल्ड नेपाल" प्रतियोगिताको कुनै प्रकारले विरोध गर्नु पर्ने आवश्यकता देखेनन् । नारी देहको शोषण, महिलाहरुको छविलाई यौन वस्तुको रुपमा उतार्न सघाउ पुऱ्याउने र महिलाको स्वतन्त्रताको समेत हनन गर्ने यस्ता कार्यक्रमहरुको नेपाल जस्तो अति गरीब र अति पिछडिएको देशमा भीड लाग्न थाल्दा नारी हक, हित र अधिकारको लागि भनेर खुलेका अनगिन्ति संघसंस्थाहरु चुपचाप लागेर बसेको देख्दा भने आश्चर्य मात्र लागेको नभइ लाज पनि लागेको छ ।

विश्वमै 'ठिक' र 'बेठिक' को दुई धारमा विभाजित भएर विचार युध्दकैरुपमा रहेको यस विषयमा नेपालका महिलासंग सम्बन्धित संघसंस्थाहरु चुप लागेर बस्नुले नारी देहमाफर्त पैसा र "प्रख्याति" कमाउने संस्कारको लागि मलिलो उर्बर भूमि प्रदान गरेको छ ।

स्व. पारिजातको अक्ष्यक्षतामा गठित अखिल नेपाल राष्ट्रिय महिला मञ्चले वि.सं. २०४७ साल जेठ महिनामा ड्रेस डिजाइनर सेन्टर इमेज बुटिकको आयोजनामा होटेल काठमाण्डौमा हुने भनिएको फेशन-शोको विरोधमा सक्रिय प्रदर्शन

गरेको थियो । जसको कारण उक्त फेशन-शोको कार्यक्रम नै स्थगित गर्नुपरेको थियो । पारिजात त बित्नु भयो तर आज पारिजातपछिका अरु महिलाहरु कहाँ हराए ? नारी चेतनाका बाहकहरु कता अल्मलिए ? नारी मुक्तिका योद्धाहरु लुकेर कता पसे ?

पारिजात सौन्दर्य प्रतियोगितालाई महिलामाथि हुने पुँजीवादी शोषणको प्रमुख रुप ठान्नुहुन्छ। उहाँ भन्नुहुन्छ - सौन्दर्य प्रतियोगिता महिलाहरुबाटै रुचाईएको प्रतियोगिता हो तर यसबाट फाइदा पुरुषहरुलाई हुन्छ । यसै गरी भारतीय सुन्दरी रीता फारिचाले सौन्दर्य प्रतियोगितामा विजयी भइसकेपछि भियतनाममा युद्धरत सिपाहीहरुलाई मनोरञ्जन दिन गएको प्रसंगलाई उल्लेख गर्दै स्व. पारिजात भन्नुहुन्छः- कुन्नि भारतको यो विजय हो कि पराजय हो ?

गएकै वर्षमात्र अर्थात् सन् १९९६ मा भारतको बैंगलोर शहरमा भारतकै इतिहासमा पहिलोपटक विश्व सुन्दरी प्रतियोगिताको आयोजना भएको थियो । सो प्रतियोगिता आयोजना हुँदा भारतमा देशव्यापी विरोध, प्रर्दशन, धर्ना, ऱ्याली, बन्द, आत्मदाह आदि जस्ता सशक्त विरोध कार्यक्रमहरु पनि भएका थिए। यस्तै सन् १९९४ को "मिस यूनिभर्स प्रतियोगिता"को आयोजनाहुँदा फिलिपिन्सको राजधानी मनिलामा आयोजनास्थलको वारिपट्टी महिलाहरुले विरोध कार्यक्रम गरेका थिए। सो अवसरमा विरोधमा उत्रिएका कतिपय महिलाहरुले "मिस बेरोजगार" (Miss Unemployment), "मिस गरीब" (Miss Poor) "मिस भूमिहिन" (Miss Landless) आदि लेखिएका पेटीहरु लगाएका थिए भने भारतको बैंगलोरमा सुन्दरी प्रतियोगिताको विरोधमा उत्रिएका महिलाहरुले पनि "मिस दाइजो", "मिस अशिक्षित", "मिस भोकमरी" आदि लेखिएका पेटीहरु लगाएका थिए । तर यस पटक नेपालका चेतनशील भनिने महिलाहरु पनि नेपाल टलिभिजनमा "मिस वर्ल्ड नेपाल १९९७" हेर्न मै अलमलिए ।

सुन्दरी प्रतियोगिता, विज्ञापन, मोडलिङ्ग, र चलचित्रहरुले (जसलाई ग्लेमरको क्षेत्र भन्ने गरिन्छ) नेपालमा पनि राम्ररी जरा गाडिसकेको छ र यस क्षेत्रलाई कलाको विकासको लागि वा आफ्ना उत्पादनहरुलाई स्वस्थ ढंगले उपभोक्ता समक्ष पुऱ्याउनभन्दा पनि नारी देहको दुरुपयोग गरी मुनाफा आर्जन गर्ने कार्यमा प्रयोग गर्न थालिएको छ। साप्ताहिक आफ्नो ०५४ असार १३ गतेको अङ्कमा लेख्छः "अहिले

चलचित्र निर्माताहरु सस्तो मूल्यमा चलचित्र बनाएर गुणात्मक नभई संख्यात्मक तवरले व्यवसाय गर्ने होडमा लागेका छन्" । यसैगरी फोटो सेसन गराउने नाममा र चलचित्रमा प्रवेश गर्ने चाहनामा थुप्रै किशोरीहरु विभिन्न प्रकारका शोषणमा परेका खबरहरु बारम्बार हामीकहाँ पनि प्रकाशित हुन थालेका छन् । यसर्तफ भने गहनतापुर्वक सोच्नै पर्ने देखिन्छ । यहाँनेर उल्लेखनीय कुरा के छ भने भारतीय अस्पतालका नर्सहरु "दिलका डाक्टर" नामक टेलिश्रृङखलामा उनीहरुले लगाउने सेतो मिनिस्कर्टलाई यौन उत्तेजक अर्थमा प्रस्तुत गरेको विरोधमा हडतालमा उत्रिएका थिए । जसको फलस्वरुप आपत्तिजनक दृश्यहरुमाथि सेन्सर गर्ने भएपछि मात्र भारतीय नर्सहरुले आफ्नो हडताल फिर्ता लिएका थिए । त्यतिमात्र नभएर उनीहरुले आफूले लगाउने यूनिफर्मलाई नै सेतो फ्रकबाट सारीमा परिवर्तन समेत गरेर पेशागत विशिष्ठतालाई उँचो राख्ने आन्दोलनमा सफलता प्राप्त गरेरै छाडे । यस्ता उदाहरणहरुबाट नारी हक, अधिकार र समानताको लागि भनेर खुलेका नेपालका संघसस्थाहरुले केही सिक्न सक्नु पर्ने हो ।

सुन्दर हुनु नराम्रो हुँदै होइन भने सुन्दर देखिनका निमित्त प्रयास गर्नु पनि नराम्रो हुनसक्दैन । तर अमूर्त सुन्दरताको पछाडि आँखा चिम्लेर हामफाल्नु चाहिँ कुनै हालतमा पनि राम्रो होइन । इण्डोनेसियाका करिब ४० प्रतिशत छात्राहरु सुन्दरी हुने रहरमा रक्त अल्पताको शिकार भएको खबर २०५१ साल कात्तिक ६ गतेको कान्तिपुरमा प्रकाशित भएको थियो । निश्चय नै यो राम्रो होइन ।

मैथिलि शिवरामन लेख्छन् - महिलाहरुको दिमागमा सदियौंदेखि रहेको सुन्दरताप्रतिको चिन्ताले उनीहरुलाई महान चिन्तक, दार्शनिक, वैज्ञानिक वा नेताको रुपमा विकसित हुनबाट रोकेको छ । हुन पनि यो तर्क युक्तिसंगत नै देखिन्छ । वर्षेनी सुन्दरी उत्पादन गर्ने देशले किन सचिव संवैधानिक अंगका प्रमुखहरु, राजनैतिक नेताहरुको रुपमा प्रशस्त महिलाहरु उत्पादन गर्न सकेको छैन त ? किन मुस्किलले आरक्षण गरिएका स्थानहरुमा मात्र जबर्जस्ती महिलाहरुलाई लैजान परिरहेको छ ? यसतर्फ आम महिलाहरु एवं अभिभावकहरुले सोच्नुपर्ने भएको छ ।

अन्तमा, एशिया प्रशान्त क्षेत्रको आर्थिक तथा सामाजिक सर्वेक्षण १९९७ अनुसार प्रतिव्यक्ति आयको दृष्टिले एशिया प्रशान्त क्षेत्रका ४२ देशमध्ये नेपाल ४१

औं स्थानमा रहेको तथ्यप्रति हामी सबै सचेत रहनु जरुरी भएको छ भने हामी सबै नेपालीले यस पटकको एसएलसी परीक्षामा छात्राहरुतर्फ प्रथम हुने अनुपम बरालको कार्यबाट गर्व गनुपर्ने हो कि पौडी खेलमा नभइ सुन्दरी प्रतियोगितामा भाग लिन जाने नेपाली छोरीले पारखी आँखाहरुका अगाडि “स्वीम सुट” लगाएर उभिंदा गर्वले शीर ठाडो पानुपर्ने हो - उत्तर खोज्ने जिम्मा तपाईहरुकै । यसैगरी झरना बज्राचार्यलाई “स्वीम सुट” लगाउन विदेश पु¥याई निःस्वार्थ सेवा गर्ने हिडन ट्रेजरले यदि आर्थिक अभावको कारण  अनुपमा बरालहरुले विदेशमा गई उच्च शिक्षा हसिल गर्न नसक्ने अवस्था आईलागे उदारतापूर्वक विदेश पठाई पढाउने वन्दोवस्त पनि गर्ला त ?

*(२०५४ साउन २७)*

## "वहाँहरूको इच्छा छ भने आए हुन्छ"

"मिस वर्ल्डमा म मेरो मुलुकको प्रतिनिधित्व गर्नेछु" भनेर नेपालमा प्रथम पटक "मिस वर्ल्ड नेपाल १९९७" घोषित हुनु भएकी झरना बज्राचार्यको भनाइ साप्ताहिकले आफ्नो २०५४ साल साउन २४ गतेको अंकमा प्रकाशित गरेको छ ।

२०५४ साल असार १८ गते बुधबारको साँझ क्लासिक एफ. एम. ले "मिस वर्ल्ड नेपाल १९९७" का प्रतियोगीहरु कल्पना कुँवर, सोना श्रेष्ठ र झरना बज्राचार्यसंगको कुराकानी प्रस्तुत गरेको थियो । सो कुराकानीमा पनि वहाँहरुले मुलुकको प्रतिनिधित्व गर्ने कुरामा नै जोड दिनु भएको थियो । "मुलुककै प्रतिनिधित्व गर्ने" सम्म त राम्रो कुरा हो । तर केको सन्दर्भमा मुलुकको प्रतिनिधित्व गर्ने भन्ने कुरा चाहिँ प्रमुख हो । गरिबीको क्षेत्रमा, अविकसित देशको समूहमा, अव्यवस्थित देशको सर्न्दभमा त नेपालको प्रतिनिधित्व भइरहेकै छ । केही वर्ष यता महिलाहरुको बेचविखन हुने देशको रुपमा पनि नेपालको प्रचार विदेशतिर हुन थालेको छ । अरुको देशमा गएर भाडाको टट्टुको रुपमा काम गर्ने मानिसहरुको देशको रुपमा पनि नेपालको पहिचान बनेकै छ । मलेसिया, जापान, अमेरिकाजस्ता देशहरुमा लुकेर बस्ने मानिसहरुको देशकोरुपमा पनि नेपाल चिनिन थालेको छ । जसको फलस्वरुप पहिला पहिला विना भिसा स-सम्मान नेपालीहरुले प्रवेश गर्न पाउने देशहरुमा पनि नेपालीलाई प्रवेश गर्न दिनमा कडाई गरिएको छ । यहाँ सम्म कि "ट्रान्जिट पेसेन्जर"को रुपमा अमेरिकाको कुनै विमानस्थलमा रोकिनु परेमा अमेरिकाभित्र भाग्छन भनेर अमेरिकी सुरक्षा गार्डको निगरानीमा बस्नु पर्ने देखि लिएर अनावश्यक आफ्नो रुट नै नपरेको स्थानहरुमा समेत हवाई जहाजमा हालेर, "ट्रान्जिट"मा राख्नुको सट्टा हवाइजहाज उडाइ राखेर, नेपालीहरुले मानसिक यातना भोग्नु परेको उदाहरण समेत पाइएको छ । यही हो समग्रमा हालको हाम्रो देश नेपाल । सुन्दरी प्रतियोगिता बारेमा मुकुन्द बोगटी लेख्छन्-"सन् १९५१ मा बेलायतबाट प्रारम्भ हुँदा यस्तो प्रतियोगिताको मूलसार "ब्युटी विथ ए परपस" (उद्देश्यसहितको सुन्दरता) अर्थात् सुन्दरता कसैको लागि हो भन्ने थियो । "मिस वर्ल्ड" शीर्षक दिएर सुरु

भएको यस प्रतियोगिता अहिले व्यावसायिक रुपमा विभक्त भएर मिस युनिभर्स, मिस एसिया पेसिफिक, मिस युरोप, मिस अमेरिका, लगायतका मिससंग राष्ट्रका नाम र अहिले मिससंग शरीरका अगंप्रत्यंगहरु समेत जोडिन गएको छ (कान्तिपुर, २ मंसिर २०५२) । यसबाट यो स्पष्ट हुन्छ कि सुन्दरी प्रतियोगिताहरु "बौद्धिकता सहितको सुन्दरी" छनौट गरी समाजमा उनीहरुबाट "फ्लोरेन्स नाइटिङ्गेल" वा "मदर टेरेसा" बनाउन उत्प्रेरित गर्नको निमित्त आयोजना गरिएको नभइ विशुद्ध व्यापारिक उद्देश्यले आयोजना गरिने प्रतियोगिताहरु हुन् । उदाहरणको लागी सन १९५२ मा व्यापार प्रबर्द्धन गर्ने मुख्य उद्देश्य राखेर मिस युनिभर्स प्रतियोगिता सुरु भएकोलाई लिन सकिन्छ । आफ्नो स्वीम सुटको उत्पादनको लागी विश्वव्यापी बजारको खोजी गर्न अमेरिकी केटलिना स्वीमीङ्ग सुट कम्पनीले "मिस युनिभर्स इन्करपोरेट"को स्थापना गरेको हो । यस कम्पनीको बजार प्रबर्द्धन गर्ने तरीका यो थियो कि 'सुन्दरी भनिएकाहरुलाई स्वीम सुटमा सजाएर व्यापक प्रचार प्रसार गर्ने ताकि आफ्नो उत्पादनप्रति अन्य मानिसहरु आकर्षित होउन । अब सोचौं, सुन्दरी प्रतियोगितामा भागलिने महिलाहरुले स्वीम सुट लगाउनै पर्ने किन रहेछ त ? सुन्दरता देखाउन वा स्वीम सुटको विज्ञापन गर्न ?

नेपाली महिलाहरुबाट नेपाललाई नै विश्वमा चिनाउने मार्गरेट थ्याच्चर वा इन्दिरा गान्धी वा आङ्ग सान सुकीको जन्महुनु जरुरी थियो । फलोरेन्स नाइटिङ्गेल वा मदर टेरेसाको उत्तराधिकारीको छनौट हुनु जरुरी थियो । तर, ठुला कम्पनीहरुको नाफाको निमित्त, बजार विस्तृतीकरण गर्ने कार्यको निमित्त नेपालबाट सुन्दरी प्रतियोगिताहरुमा भाग लिने 'सुन्दरी' हरुलाई समग्र देशको प्रतिनिधित्व गर्ने अधिकार छ कि छैन यो नै सोच्नु पर्ने विषय हो भन्ने मलाई लाग्छ ।

नायिका बन्ने सपनामा शोषणको शिकार भइरहेका छन् महिलाहरु । सुन्दरी घोषित हुने सपनामा व्यापारका माध्यमबाट मात्र नभएर बधुँवा मजदुर बनिरहेका छन् 'सुन्दरी'हरु । सन १९९४ मा मिस युनिभर्स घोषित सुष्मिता सेनलाई आफ्नो उत्पादनको मोडलिङ्ग गराउने, कुनै कार्यक्रममा सहभागी गराउने वा आफ्नो व्यावसायिक कार्यको लागी प्रवक्ता बनाउने भए आफ्नो प्रस्ताव मिस युनिवर्स ईन्करपोरेसनको आधिकारिक प्रतिनिधिसमक्ष पठाउनु होला भन्ने विज्ञापन टाइम्स अफ इण्डियाको जुलाई १२, १९९४ को अंकमा प्रकाशित भएको थियो । यस्तै

हिडन ट्रेजरले "मिस वर्ल्ड नेपाल १९९७" को लागी दरखास्त आव्हान गर्दा पनि प्रतियोगिताको लागि छनौट भएका उम्मेदवारहरुले हिडन ट्रेजरसंग सम्झौतामा सही गर्नु पर्ने शर्त राखेको थियो । यस्ता शर्तहरुले सुन्दरीहरुको स्थितिलाई बधुँवा मजदुरको रुपमा परिणत गर्दछ र उनीहरु यस्ता कम्पनीका कर्मचारीसरह पनि नभएर दाससरह हुन पुग्छन् । "सुन्दरी" घोषित भएपछि उनीहरु आफ्नो कार्यक्रम अनुसार नभएर उक्त कम्पनीको कार्यकम अनुसार चल्नु पर्ने हुन्छ ।

सुन्दरी प्रतियोगिता अर्थात समग्रमा ग्लेमरको क्षेत्रबाट महिलाहरु सकारात्मक दिशातिर उन्मुख नभई नकारात्मक दिशातिर मात्र उन्मुख भएका उदाहरणहरु पाईन्छन् । जस्तो पामेला बोर्डसले बेलायतको राजनीतिमा यौन काण्ड मच्चाइन । मधु सप्रेले एक विज्ञापनमा नग्न फोटो खिचाएर चर्चित बनेकी थिइन् । डायना र पूजा भट्टको नग्न, अर्धनग्न फोटोहरु इन्टरनेटमा प्रकाशित भयो । मोडलिङ्ग मार्फत ग्लेमरको क्षेत्रमा प्रवेश गरेकी हलिउडकी नायिका शेरोन स्टोन एक विवादास्पद नायिका हुन् । भनिन्छ, प्रेम प्रकरणसंगै क्यारियर सुरु गरेकी नायिका शेरोन स्टोनको जीवनमा अनेकौं पुरुषले प्रवेश गरे । यसैगरी अर्की नायिका डेमी मुरले "टपलेस" दृष्यकालागि प्रति सेकेण्ड १५ करोड रुपैंयाँ लिएकी प्रसंग पनि चर्चामा आएको थियो । यसरी यस क्षेत्रमा महिलाहरुलाई "यौन वस्तु" को रुपमा सक्दो प्रयोग गरिने कार्य हुने भएकोले ग्लेमरको क्षेत्रले प्रचार र पैसा दिए पनि महिलाहरुलाई उचित स्थान अर्थात् समाजमा सकरात्मक भूमिकामा प्रस्तुत नगर्ने स्पष्ट छ। यस सन्दर्भमा "म फिल्म हेर्छु तर त्यसभित्र आफू हुन मन पराउँदिन । ... शरीरबाट दर्शकलाई सन्तुष्टी दिर्नुपर्ने यो पेशामा लाग्ने मेरो सोचाई र इच्छा केही छैन" भन्ने झरना बज्रचार्यले अहिले मिस वर्ल्ड नेपाल १९९७ मा भाग लिएर र अव सेसेल्सको टापुमा हुने "मिस वर्ल्ड १९९७" मा भाग लिएर कुन क्षेत्रमा प्रवेश गर्दै हुनुहुन्छ ? वास्तवमा कम उमेरका किशोरीहरु बहकिनु वा थाहा नपाई बढी प्रचार प्रसारले भरिएको क्षेत्रतर्फ आकृष्ट हुनु अस्वभाविक होईन । तर, जिन्दगीको लामो गोरेटेमा समाजमा राम्रो छवि र सकारात्मक भूमिकामा आफूलाई लगाउन चाहने महिलाहरुलाई चाहिँ यस्ता क्षेत्रमा प्रवेश गर्नबाट सचेत तुल्याउने जिम्मा चाहिँ हामी सबैले बहन गर्नु पर्ने हुन्छ । त्यसमाथि पनि महिला हक, हित र अधिकारका लागि भनेर खुलेका संघसंस्थाहरुको भूमिका बढी महत्वपूर्ण हुन्छ ।

२०५४ साल असार १८ गतेको एफ. एम. प्रसारणमा माथि उल्लिखित ‘‘सुन्दरी’’हरुले ‘‘वहाँहरुको इच्छा छ भने आए हुन्छ नि हामीले छेकेका छैनौं” भनेर खुल्ला हाँक नेपालका ग्रामीण महिलाहरुलाई सुन्दरी प्रतियोगितामा भाग लिन आउनका लागि दिनु भएको थियो । यो कस्तो हाँक हो नेपालका महिलाहरुको निमित्त ? के सबै नेपाली महिलाहरु तपाँईहरुकै बाटो अनुशरण गरुन् ? उनीहरुको पनि आफ्नो स्वतन्त्रता छ कि तपाँईहरु गएको बाटोमा वहाँहरु नजान पनि सक्नुहुन्छ र यस्ता प्रतियोगिताहरुमा भाग नलिएर आम नेपाली महिलाहरु “हीन” भएका चाहिँ कदापी छैनन् । यस कुरामा तपाँईहरु जस्ता “आधुनिक” महिलाहरुले बोल्दाखेरी विचार पुरयाउनु पर्ने हुन्छ ।

उक्त एफ.एम. प्रसारणमा नेपालको प्रतिनिधत्व गर्ने महिलाहरुले प्रशस्त अंग्रेजी शब्दहरु प्रयोग गर्नु भएको थियो । जस्तै “Audience” लाई के भन्न चाहन्छौं भने, Parents, Photographer, Friend, हामी Modern छौं, Money को लागि त गर्छ तर त्यो Money पनि दिंदैन’’ आदि । यसरी नेपालकै कार्यक्रममा शुद्ध नेपाली बोल्न सक्ने वा बोल्न नचाहने हामीहरुले कसरी नेपालको प्रतिनिधित्व गर्ने ? नेपालभित्रै हिडन ट्रेजरको आयोजनामा भएको प्रतियोगिता नेपालीहरुबीच नै अंग्रेजीमा चलेको थियो । के यही हो नेपाली पन ? केही तयारी (Readymade) वाक्य वा शव्दहरुको प्रयोगले नेपालको प्रतिनिधित्व हुन्छ भन्ने सोच्नु गलत नै हो भन्ने मलाई लाग्दछ । आफुलाई “आधुनिक” भन्न रुचाउने महिलाहरुले गुन्यु, चोलो वा यस्तै “नेपाली” पहिरनको प्रयोग गरेर नेपाली पन वा नेपालको प्रतिनिधित्व गर्ने र उल्टै ती महिलाहरु जो यही पहिरनमा आफ्नो जिन्दगी बिताइरहेका छन् उनीहरुलाई पिछडिएको भन्ने ? यसरी आम नेपाली महिलाहरुको उपहास गर्ने छुट कसैलाई हुनु हुँदैन । त्यसैले आफुलाई “आधुनिक” भन्न रुचाउने महिलाहरुले ग्लेमरको क्षेत्रमा नेपाली महिलाहरुलाई हाँक नदिनु नै वेश होला । अन्तमा सोही १८ गतेको एफ.एम. प्रसारणको सोही कार्यक्रमको अन्त्यमा बजाइएको गीतको एक टुक्रा यहाँ प्रस्तुत गर्न चाहन्छु :

‘‘तारिफ करुँ क्या उसकी जिस्ने तुम्हे बनाया...’’ ।

*(२०५४ भाद्र २)*

## "काम गर्नु चाहिं राम्रो हो तर..."

काम सबै समान हुन् अर्थात् काम आफैंमा ठूलो वा सानो हुँदैन । यद्यपि हाम्रोजस्तो समाज जहाँ श्रमको कदर छैन त्यस्तो ठाउँमा कामलाई सानो वा ठूलोको दृष्टिले हेर्ने गरिन्छ र अझै कसैले कुनै पनि प्रकारबाट पैसा कमाएको छ भने त्यस्तो व्यक्तिको "इज्जत" गरिन्छ । यस्तो दृष्टिकोण राख्ने समाज नै वास्तवमा भ्रष्ट समाज हो । हामीकहाँ डाक्टर, इन्जिनियर वा पाइलट पेशालाई राम्रो पेशाको रुपमा हेर्ने गरिन्छ र यो वास्तवमा उनीहरुबाट प्राप्त हुने सेवाको आधारमा भन्दा पनि उनीहरुले सो पेशाबाट आर्जन गर्ने पैसाको आधारमा त्यस्तो पेशालाई समाजमा सम्मानित पेशाको रुपमा हेरिएको हो । यसरी कामलाई ठूलो वा सानोमा वर्गीकरण गर्नु उचित होइन ।

कान्तिपुरको साउन २२, २०५४ को अंकमा अनन्त वाग्लेले काठमाण्डौ उपत्यकामा केही समय यतादेखि रेष्टुराँमा केही परिचारिका (वेट्रेस) राख्ने चलन बढन थालेको तथ्य प्रकाशित गरेका छन् । सामान्यतया पुरुषहरुले मात्र गर्ने गरेको यस प्रकारको काममा महिलाहरु पनि आकर्षित हुनु र उनीहरुले पनि आफ्नो कामको क्षेत्रलाई फराकिलो बनाउँदै लैजानु निश्चय नै राम्रो कुरा हो । त्यसमाथि पनि घरको चार दिवारभित्र कैद भएर रहेका हाम्रा महिलाहरु रातको समयमा रेष्टुराँमा वेट्रेसको रुपमा काम गर्नुले महिलाहरुको आत्मवल बढदै गएको मान्नुपर्ने हन्छ र यसरी सकारात्मक रुपमा सही दिशातर्फ महिलाहरु उन्मुख हुँदै जानु आवश्यक पनि छ ।

कतिपय  विकसित देशहरुमा समेत महिलाहरुले बस चलाएको देख्न पाइन्छ, वेट्रेस भएर काम गरेको देख्न पाइन्छ । बैंककमा महिलाहरुले बसमा यात्रुहरुसंग पैसा उठाउने अर्थात् "कन्डक्टर"को काम गरेको देख्न पाइन्छ । हाम्रो देशमा पनि हाम्रा महिलाहरुले पुरुषले आधिपत्य जमाएका कामका हरेक क्षेत्रहरुमा प्रवेश गर्दैजानु आवश्यक छ । यो सकारात्मक कदम र सकारात्मक संकेत हुनसक्छ । तर, पुँजीवादले मानिसलाई मेसिन र मानव समाजलाई व्यक्तिमा विभाजन गरेको छ । पैसा नहुने मानिसको जीवनलाई बेकार बनाइदिएको छ र पाइला-पाइलामा पैसाको

आवश्यक्ता पर्दछ । यस प्रकारले पैसाको लागि मानिसलाई सकारात्मक मात्र नभएर नकारात्मक काम गर्न पनि बाध्य पारेको हुन्छ । धेरै संख्यामा मानिसहरु शोषणको शिकार बन्दछन् । महिलाहरु शारिरिक, मानसिक र आर्थिक शोषणको शिकार बन्न, थाहा पाएर सचेततापूर्वक वा थाहा नपाएर पनि, बाध्य हुन पुग्दछन् । पुँजीवादले महिलाहरुको "छवि"लाई वस्तु (Commodity) को रुपमा चित्रण गरिरहेको छ र "सुन्दर" (Beauty) को रुपमा एक अमूर्त आकृति (Image) खडा गरेर महिलाहरुलाई यौन (Sex) वस्तुको रुपमा चित्रण गरिरहेको छ र आम महिलाहरु शारीरिक शोषणको जालोमा परेका छन् । जति जति नेपाली महिलाहरु आफुलाई आधुनिक हुँदैगएको दावी गर्दैछन् त्यति-त्यति नै उनीहरु शेषणको शिकार पनि हुँदै गएका छन् । यसर्थ, आजका कामकाजी महिलाहरु दृढ, आत्मविश्वासी, स्वाभीमानी, लगनशील एवं विकृतिविरुद्ध जुझारुसमेत हुनु आवश्यक छ र त्यस्ता महिलाहरुलाई सचेत भन्न सकिन्छ ।

ग्लेमरको क्षेत्रमा प्रवेश गरेर सस्तो चर्चा र पैसा कमाउने लोभमा परेर नग्न तस्बिरहरु खिचाउन बाध्य हुने र शारीरिक शोषणमा पर्ने गरेका खबरहरु अब नेपालमा पनि सामान्य बन्न थालेका छन् । चलचित्र उद्योग "बाजारु" बन्दै गएको छ र छाडा दृश्यहरु सामान्य बन्दै गएका छन् । साप्ताहिकको साउन ३१, २०५४ को अंकमा प्रकाशित यी कुराहरुले यसको पुष्टि गर्दछ :

> "नेपाली चलचित्रमा नाङ्गिनेक्रम चलचित्र जीवनरेखादेखि नै सुरु भएको पाइन्छ । ... यसपछि नायिकाहरुको अंगप्रदर्शनको होड तीब्र भयो ।"

यस्तै साप्ताहिकको बैशाख २७, २०५१ को अंकमा के उल्लेख भएको छ भने, "ग्लेमरको जादूले नेपालीहरुलाई त पछाडि मात्र तानेको हो । संसारकै दोस्रो ठूलो फिल्म संसार बलिउड यो जादूबाट धेरै पहिलेदेखि सम्मोहित छ र यहाँ युवतीहरुलाई नै ग्ल्यामरको प्रतीक मानिँदै आएको छ । प्रत्येक वर्ष हिरोइन बन्ने रहरमा सयौं युवतीहरु घरबाट भागेर बम्बई पुग्ने चलन अध्यावधि छदैछ । यस रहरमा कैयन नेपाली युवतीहरु पनि अन्य भारतीयसरह वेश्यालय पुगेका छन् ।"

माथिका प्रसंगहरुबाट हामीले शिक्षा लिन सक्नु पर्दछ र आफुलाई दृढ बनाएर कामको क्षेत्रमा प्रवेश गर्न सक्नु पर्दछ ताकि काम गर्ने बाहनामा नकरात्मक कार्य तर्फ आफ्ना पाइलाहरु अगाडि नबढुन र काम गर्ने बाहनामा आफ्नो मूल्य र अस्मितामाथि आँच आउने कार्य नहोस् । महिला पुरुष सरह हुन् र छन् पनि । यसर्थ

यौन वस्तुको रुपमा प्रतिबिम्वित हुने र यौन शोषण हुने कार्यबाट जोगिनु र जोगाउनु आजका सचेत महिलाहरुको निमित्त चुनौति बनेको छ। कलाको नाममा नग्नतालाई अंगाल्नुबाट आम महिलाहरु जोगिन जरुरी छ । नग्नता कुनै पनि हालतमा कला बन्न सक्दैन ।

नेपाली महिलाहरु जो वेट्रेस बनेर काम गरिरहेका छन् र त्यो पनि रातको समयमा, उनीहरुले यो बुझ्न जरुरी छ कि रेष्टुराँ संचालकहरुले वेट्रेस काम गर्न महिलाहरु पनि सक्षम छन् त्यसकारण उनीहरुलाई पनि यो काम दिनु पर्छ भनेर दिएको नभई महिलाहरु (वेट्रेस) राखेमा आफ्नो व्यवसाय बढ्छ भन्ने उद्देश्यले राखेका छन् । मनोज विष्टले वानेश्वरस्थित आफ्नो रेष्टुराँमा चारजना वेट्रेस ल्याए र उनी भन्छन, "अहिले यो प्रतिष्पर्धाको युग हो, त्यसैले मैले पनि वरिपरिका रेष्टुराँका भन्दा राम्री राम्री केटीहरु खोजेर ल्याएको ।" (कान्तिपुर साउन ,२२ २०५४) यस भनाईले वेट्रेसको काम गर्न महिलाहरुलाई ल्याएको नभई पुरुष ग्राहकहरुलाई आकर्षित गर्न महिलालाई रेष्टुराँमा राखिएको स्पष्ट हुन्छ र यो नियत स्वस्थ र सकारात्मक छैन । कतिपय सभ्य भनिने विकसित भनिएका मुलुकहरुमा ग्राहकलाई आकर्षण गर्न निमित्त "टपलेस" वेट्रेसहरु रेष्टुराँमा राख्नेमात्र नभई होटल तथा बारहरुमा नग्नता प्रदर्शन गर्ने समेत गर्दछन् । होटल तथा बारहरुमा "नग्न नृत्य" गर्न केटीहरुको कथामा आधारित चलचित्र "स्ट्रपटिज" हलिउडमा निर्माण पनि भइसकेको छ । यसरी महिलाहरुलाई नकरात्मक भूमिकामा प्रस्तुत गर्ने र उनीहरुको छविलाई घुमाई फिराई "यौनवस्तु" को रुपमा प्रस्तुत गर्ने कार्य भइ नै रहेको छ र कतिपय महिलाहरु थाहा पाएर वा नपाएर "शोषण" हुनतिरै उन्मुख भइरहेका पनि छन् । यसर्थ, यहाँ उठाउन खोजेको कुरा चाहिँ के हो भने काम गर्नु राम्रो हो तर कामले चाहिँ आफूलाई कहाँसम्म पुऱ्याउने हो भन्नेतर्फ पनि सोच्नु पर्ने हुन्छ ।

आम महिलाहरुलाई विभिन्न कामको क्षेत्रतिर आकर्षित गराउँदै उनीहरुलाई आत्मनिर्भर, आत्मविश्वासी र दृढ बनाउँदै लैजाने र साथसाथै कामका ती क्षेत्रहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट महिलाहरुलाई गर्न सक्ने शोषणहरुको बारेमा र त्यसबाट बच्नको निम्ति उनीहरुलाई सचेत पार्द लैजाने कार्यमा महिलासंग सम्बन्धित संघसंस्थाहरुले आफ्नो कार्य प्रभावकारीरुपमा सुरु गर्न आवश्यक भईसकेको देखिन्छ।

*(२०५४ भाद्र ९)*

# अभिनेत्री स्वर्णाबाट केही सिकौं

स्वर्णा मालावाराची श्रीलंकाकी एक चर्चित अभिनेत्री हुनुहुन्छ । तीन दशकभित्र उहाँले ५२ वटा चलचित्रहरुमा अभिनय गर्नुभएको छ । उहाँले थुप्रै पदकहरु पनि प्राप्त गर्नु भएको छ। यहाँ अगस्ट २६, १९९६ को एक अंग्रेजी भाषाको पत्रिकामा प्रकाशित एम. सी. राजनारायनन र अभिनेत्री स्वर्णाबीचको कुराकानीको आधारमा चर्चा गरिएको छ।

चलचित्रमा भूमिका पाउनका लागि मात्र जे पनि गर्न तयार किशोरीहरु तथा बजारु व्यावसायिक चलचित्रहरुमा जस्तोसुकै पनि अभिनय गर्न तयार "अभिनेत्री"हरुको भिड बढ्दै गएको सन्दर्भमा स्वर्णाका विचारलाई सबैले मनन गर्नु पर्ने देखिन्छ । बजारु व्यावसायिक चलचित्रहरुमा बढ्दै गएको नारी देह प्रर्दशनको आडले यतिखेर अभिनयलाई (खासगरी महिलाहरुबाट गरिने अभिनय) क्रमशः नग्नतातिर उन्मुख हुँदै गएर अभिनय कला भनेकै नग्नता प्रर्दशन बन्न पुगेको छ। वास्तवमा, नग्नता कहिल्यै कला बन्न सक्दैन । यस कुरालाई कला क्षेत्रमा लाग्ने सबैले महसुस गर्न सक्नु पर्दछ।

स्वर्णा जस्तोसुकै चलचित्रमा जस्तोसुकै अभिनय गर्न रुचाउनु हुन्न । उहाँ छानेर मात्र चलचित्रमा अभिनय गर्नुहुन्छ। यस सन्र्दभमा, स्वर्णा भन्नुहुन्छ - "मेरो चलचित्र लोकप्रिय होस भन्ने चाहन्छु तर म जुनसुकै चलचित्रमा खेल्दिन । म अर्थहीन भूमिकाहरु गर्न मन पराउन्न जस्तो कि पानी परिरहेको बेलामा नाच्ने, रुखको वरिपरी घुमेर गाउने आदि।" वहाँ भन्नुहुन्छ, यो पनि एउटा कारण हो जसले गर्दा वहाँ व्यावसायिक चलचित्रबाट टाढा रहनुभयो । स्वर्णाले दुईवटा व्यावसायिक चलचित्रहरुमा अभिनय गर्नुभएको थियो। व्यावसायिक चलचित्रमा गरेको अभिनयको अनुभव बताउँदै वहाँ भन्नुहुन्छ - "ती चलचित्रमा मलाई आफ्नो भूमिका सहज (Comfortable) लागेन । ती चलचित्रमा म आफू भए जस्तोपनि लागेन । त्यसैले गर्दा मैले आफूलाई मन नपर्ने भूमिका नगर्ने निर्णय गरे।" राम्रा निर्देशकहरुबाट

निर्देशित चलचित्रहरुमा खेलेकोले वहाँका सबै चलचित्रहरु सफल मात्र रहेनन्, कतिपय चलचित्रहरु त श्री लंकाको चलचित्रको इतिहासमा कोसेढुंगा समेत साबित भएका छन् ।

बर्षमा एक वा दुईभन्दा बढी चलचित्रमा काम गर्नबाट आफूलाई रोक्नुको पछाडि केही कारण थियो कि भन्ने प्रश्नको उत्तर दिने क्रममा वहाँ भन्नुहुन्छ - राम्रा सिनेमाहरु पाउनै कठिन छ । यसैगरी उहाँ भन्नुहुन्छ राम्रा दशवटा चलचित्रमा अभिनय गर्ने अवसर एकै पटक पाएपनि वहाँ राम्रामध्ये राम्रा एक वा दुईवटा चलचित्रमात्रै रोज्नु हुनेछ ताकि राम्रोसँग अध्ययन गर्न पाइयोस र निर्देशकसँग राम्रोसंग छलफल गर्न पाइयोस ।

स्वर्णा भन्नुहुन्छ उहाँ कडा (Strong) र साहसिक (Courageous) भूमिका गर्न रुचाउनु हन्छ । अर्थात् आम चलचित्रहरुमा देखिने महिलाहरुको समर्पण (Submissive), निस्क्रिय (Passive) वा सहायक खालको भूमिकाहरु वहाँ रुचाउनुहुन्न । उहाँ भन्नुहुन्छ -विश्वका सबै भागमा कुनै न कुनै प्रकारबाट महिलाहरु शोषित छन् । महिलाहरुमाथि हुने गरेका शोषणहरु सहजरुपमा नदेखिने हुन सक्दछन तर गहिरिएर हेर्ने हो भने थाहा पाउन सकिन्छ । वहाँको भनाई अनुसार - महिलाहरु लोग्नेबाट शोषित हुन सक्दछन, काम गर्ने ठाउँमा शोषित हुन सक्दछन । महिलाहरु विरुद्ध काम गर्ने थुप्रै दृश्य वा अदृश्य शक्तिहरु छन् । त्यसैले आफू आफ्नै खुट्टामा उभिनु पर्छ । समर्पित हुन र सहायक वा निष्क्रिय हुनबाट पन्छिन सक्नु पर्दछ । उहाँ दृढतापूर्वक भन्नुहुन्छ कि अरुको जीवनलाई बर्बाद पार्ने अधिकार कसैलाई छैन । आत्मविश्वास बलियो भयो भने आफू बलियो हुन सकिन्छ ।

हिन्दी सिनेमाको बारेमा आफ्नो धारणा बताउँदै स्वर्णा भन्नुहुन्छ - “मलाई हिन्दी सिनेमा मन पर्छ, खासगरी दक्षिण भारतीय (South Indian) र बंगाली सिनेमाहरु । मलाई लाग्छ कि म पनि बम्बैया सिनेमाहरुमा जस्तै नाच्न सक्छु तर म त्यस्तो गर्दिन ।”

श्रीलंकाकी अभिनेत्री स्वर्णाबाट अभिनयतर्फ आकर्षित हाम्रा अभिनेत्रीहरुले केही सिक्नसके वास्तवमा नेपालको अभिनय क्षेत्रको छवि र गरिमाको साथसाथै आधुनिकताको नाममा क्रमशः समग्र महिलाहरुको छविलाई नै नग्नता र यौनतर्फ

लैजाने संस्कृति विरुद्धको प्रयासको थालनी हुने थियो र समग्र महिलाको व्यक्तित्वलाई कडा, उद्देश्यमूलक र निर्णायक बनाउनमा सहयोग पुग्ने थियो भन्ने लाग्दछ। यद्धपि आजको उपभोक्तावादी व्यावहारको परिणामस्वरुप समग्र विश्वले नारी देह मार्फत आफ्नो व्यवसायलाई उपभोक्तासम्म पुऱ्याएर नाफा कमाउने कार्य गरिरहेको सर्न्दभ र आम महिलाहरु स्वयं नै पश्चिमी छाडा एवं विकृत संस्कृतितर्फ आधुनिकताको नाममा उन्मुख हुन थालेको स्थितिमा कलाप्रति समर्पित आदर्श महिलाहरुसम्म पुग्ने र उनीहरुको कार्य र जीवनीलाई अरुहरुसमक्ष प्रस्तुत गर्ने कार्य भने त्यति सजिलो चाहिँ छैन । तर पनि महिलाहरुको सुन्दर भविष्य र गरिमामय जीवनको लागि जनजीवनका र हरेक क्षेत्रबाट निरन्तर सक्रिय रहेका महिलाहरुको खाँचो भने अवश्य नै पर्ने छैन ।

*(२०५४ भाद्र १६)*

# डायनाको मृत्यु : महिलाहरूले बुझ्नुपर्ने कुरा

हालै फ्रान्सको राजधानी पेरिसमा मोटरकार दुर्घटनामा परी दिवंगत हुनुभएकी 'वेल्सकी युवराज्ञी' डायनाको जन्म सन् १९६१ जुलाई १ तारिखका दिन भएको थियो । सन् १९८१ जुलाई २९ मा बेलायतका राजकुमार चार्ल्ससँग विवाह भएपछि डायना प्रचार प्रसारमा आउन थाल्नु भएको हो । सन् १९८२ र सन् १९८४ मा डायनाले दुई छोराहरु क्रमशः विलियम र ह्यारीलाई जन्म दिनु भएको थियो ।

बेलायतको राजपरिवारसंग सम्बन्ध गाँसिएको डायनाको वैवाहिक जीवन सुखमय रहेको थिएन । डायनाको जीवनी लेखक एण्ड्रयु मर्टनको "डायना- हर ट्रु स्टोरी" नामक किताबमा उल्लेख भएअनुसार डायनाले आफ्ना पति युवराज चार्ल्सको विवाहित महिला क्यामिला पार्करसँग सम्बन्ध रहेको थाहा पाएपछि सन् १९९२ को जुन महिनामा डायनाले आत्महत्याको प्रयास पनि गर्नु भएको थियो । त्यसो त १९८६ मा नै डायनाको वैवाहिक सम्बन्धमा फुट आएकोबारे समाचार प्रकाशित भइसकेको थियो । यसै बेलातिर डायनाले पनि जेम्स हेविटसंग सम्बन्ध बढाउन थालेको देखिन्छ । सन् १९९४ मा प्रकाशित अन्ना पास्टर नामको "प्रिन्सेस इन लभ" नामक पुस्तकका अनुसार डायना ५ वर्ष अगाडिदेखि नै आफ्ना घोडचढी शिक्षक जेम्स हेविटसंग प्रेम गर्न थाल्नु भएको थियो । खुल्ला र स्वतन्त्र भनिने विकसित पश्चिमी मुलुकको समाजमा रहेको सामाजिक जटिलताको यौटा राम्रो उदाहरण युवराज चार्ल्स र क्यामिला तथा डायना र जेम्सबीचको प्रेम प्रकरणले प्रस्तुत गरेको छ । पारिवारिक विखण्डन र तनाव सिर्जना गर्नमा अनियन्त्रित मानव व्यवहार र छाडा एवं व्यक्ति केन्द्रित संस्कृति कतिसम्म जिम्मेवार हुन्छ भन्ने कुराको समेत यो प्रसंग यौटा राम्रो उदाहरण हुन पुगेको छ ।

डायनाको जेम्स हेविटसंगको प्रेम प्रसंग चार वर्षसम्म मात्र कायम रह्यो । भनिन्छ, चार वर्ष पछि जेम्सले डायनालाई छोडिदिए । यसपछि सन् १९९५ मा डायनाको प्रख्यात रग्वी खेलाडी बिल कालिङसँग सम्बन्ध रहेको समाचार प्रकाशित

भयो । यस प्रकार सम्मानित र संभ्रान्त मानिने राजपरिवारका विवाहित जोडी आफ्नो वैवाहिक बन्धनप्रति इमान्दार नभई अन्य महिला र पुरुषप्रति आकर्षित भइरहनुले र खासगरी डायनाको विभिन्न पुरुषहरुसंगको प्रेम प्रसंग बारम्बार चर्चामा आइरहनुले गर्दा राजपरिवारको “सम्मान” प्रति चोट पुग्न गएको थियो । फलस्वरुप सन् १९९५ को डिसेम्बर महिनामा बेलायती महारानी एलिजावेथ द्वितीयाले युवराज चार्ल्सलाई डायनासंग सम्बन्ध विच्छेद गर्न आग्रह गर्नुभयो । सन् १९९६ को अगस्त २८ तारिखका दिन चार्ल्स र डायनाबीचको १५ वर्ष लामो तनावग्रस्त र असफल वैवाहिक सम्बन्ध विच्छेद भएको घोषणा भयो । यस प्रकरणबाट पश्चिमी छाडा एवं विकृत संकृतिको अन्धाधुन्ध नक्कल तथा वकालत गर्न चाहनेहरुले “खुल्लापन” र “स्वतन्त्रता” को अर्थ यौन स्वतन्त्रता होइन भन्ने बुझ्न जरुरी छ । यसैगरी यौन सम्बन्ध पश्चिमी मुलुकहरुमा पनि “सामान्य” विषय नभएर एक संवेदनशील विषय नै बनेको रहेछ भन्ने बुझ्न पनि जरुरी छ । डायनाको कार्यले बेलायतको राजपरिवारको “इज्जत” घटाएको भनेर डायनाको आलोचनासमेत गरिएको पाइन्छ । डायनाको कार दुर्घटनामा मृत्युहुँदा सो कारमा वहाँका साथ वहाँको नँया प्रेमी दोदी अल फ्रायदको पनि वहाँसंगै मृत्यु भएको छ ।

डायनाको मृत्युमा प्रेस (पत्रकारहरु) को हात रहेको चर्चाले पनि यतिखेर व्यापकता पाएको छ । डायनाका भाइ अर्ल स्पेन्सरले “प्रेसको हातमा रगत भएको” भनि प्रतिकृया व्यक्त गर्नुभएको छ भने जर्मनीका चान्सलर हेल्मुट कोलले संचारमाध्यमबीचको प्रतिस्पर्धाका कारण डायनाको मृत्यु भएको बताउनु भएको छ । डायनाको कार दुर्घटना हुँदा केही पेशेवर फोटोग्राफरहरुले मोटरसाइकलद्वारा डायना चढेको कारलाई पच्छ्याएका थिए ।

डायना आफ्ना प्रेम प्रसंगहरुकै कारण बढी चर्चामा आउनु भयो । सम्मानित र संभ्रात मानिने राजपरिवारको सदस्य भएर तथा एक विवाहित महिला भएर पनि अन्य पुरुषहरुसंगको सम्बन्धको कारण चर्चामा रहनु भयो । नारी देहको अथवा यौन प्रसंगको मामला बनाई पैसा कमाउन चाहनेहरुको निमित्त उत्तम हतियार हुन पुग्नुभएको थियो । एकातिर राजपरिवारको सदस्य जसको चर्चालाई अखबार एवं राजनीतिमा एक महत्वपूर्ण समाचार बनाउन सकिन्थ्यो भने अर्कोतिर राजपरिवारको सदस्यसँग जोडिएको यौन प्रसंग, जसको सनसनी पूर्ण समाचार बनाएर पत्रिकाको

वितरण वा समाचारको प्रसारणलाई व्यापक पार्न सकिन्थ्यो फलतः डायना आफ्नो कार्यहरुको कारण अत्याधिक चर्चित बन्न पुग्नुभयो ।

विवाहित एवं दुई छोराहरुकी आमा डायनाको आफ्नो घोडचडी प्रशिक्षकसंगको प्रेम प्रसंगका समाचार र उनीहरुबीचको प्रेम प्रसंगका फोटोहरुबाट फोटोग्राफरहरुले प्रशस्त पैसा कमाउन सफल भए भने त्यस्ता फोटाहरु छापेर र उहाँहरुको प्रेम प्रसंगको समाचार प्रकाशित गरेर पत्रिकाले पनि आफ्नो व्यवसाय बढाउन सफल भएको थियो । डायना र उहाँका नयाँ प्रेमी अल फायदको एउटा फोटो जसले उनीहरु बीच सम्बन्ध रहेको हल्ला फैलाउन मद्धत गरेको थियो र लण्डनबाट प्रकाशित हुने "सण्डे मिरर" नामक पत्रिकाको पहिलो पेजमा छापिएको थियो । त्यो फोटो चार लाख डलरमा बिक्री भएको थियो । यसबाट अनुमान गर्न सकिन्छ कि किन फोटो पत्रकारहरु डायनाको पछि पछि लाग्ने गर्दछन् ।

डायनाको मृत्युपछि डायनाको छविलाई राम्रो बनाएर प्रस्तुत गर्ने होडबाजी यतिखेर चलिरहेको छ । हुनत डायनाले थुप्रै सामाजिक कार्यहरुको पनि थालनी गर्नु भएको थियो । वहाँ संलग्न रहेका संस्थाहरुमा "द लेपरोसी मिसन", "चाइल्ड २००० नेशनल काउन्सिल फर चाइल्ड हेल्थ", "द नेसनल हस्पिटल फर नभर्स डिजिज" आदि छन् । तर डायनाका सामाजिक तथा सार्वजनिक कार्यहरुले त्यति चर्चा पाएका थिएनन् जति डायनाका प्रेम प्रसंगहरुले पाएका थिए । पत्रकारहरु डायनाको व्यक्तिगत जीवनलाई जतिसक्यो बढी चर्चामा ल्याएर आफ्नो पत्रिकाको बिक्री बढाउन चाहन्थे । यसैगरी फोटोग्राफरहरु डायनाका प्रेम प्रसंगका फोटोहरु खिच्न अति व्यग्र थिए । फलतः डायनालाई पत्रकारहरुले चर्चाको तथा कथित र रंगीन दुनियामा यथार्थभन्दा धेरै टाढा पुऱ्याएका थिए । पत्रकारहरु मदर टेरेसाको फोटो खिच्न त्यति व्यग्रता देखाउँदैनन् किनकी त्यसमा सस्तो रोमान्स पाइँदैन । यसैगरी डायनाको वास्तविक जीवनको नैराश्य, कुण्ठा र असफल वैवाहिक सम्बन्धले उत्पन्न गराएका जीवनका जटिलताका बारेमा समाचारहरु पाइँदैनन । यस्तै डायनाका सकारात्मक कार्यका बारेमा पनि त्यति चर्चा भएको पाइँदैन । त्यसैले विश्वका सचेत महिलाहरुले सोच्नुपर्ने र बुझ्नुपर्ने कुरा के हो भने सस्तो प्रचारले कुनै पनि मानिसलाई आफ्नो वास्तविक धरातलभन्दा धेरै पर पुऱ्याईदिएको हुन्छ जहाँबाट वास्तविक संसारको बारेमा थाहा पाउन कठिन हुन्छ । महिलाहरुको शरीरलाई माध्यम बनाई वा जीवनको महत्वपूर्ण

एवं सार्थक कार्यमा कुनै महत्व नराख्ने यौन प्रसंगलाई बढी प्रचार प्रसार गरी आफ्नो आम्दानी बढाउन चाहनेहरुको स्वार्थबाट कुनै पनि महिला सजग र सचेत रहनुपर्ने पाठ डायनाको असामयिक मृत्युले दिएको छ ।

मृत्यु पछि पनि डायनाको नाममा व्यापार हुनसक्ने संभावना देखापरेको छ । हाल प्रकाशित एक समाचार अनुसार, एक प्यालेस्टिनी व्यापारीले डायनाको दुर्घटनाग्रस्त कार आफूले खरिद गर्न चाहेको बताएका छन् । मर्बान महमद अल हिन्दी नाम गरेका ती व्यापारीले सो कारको लागि एक लाख भन्दा बढी तिर्न आफू मन्जूर भएको बताएका छन् । उनी भन्छन्, त्यो कार खरीद गर्नु राम्रो लगानी पनि हुन सक्छ । किनकि पाँच वा दश वर्षपछि त्यस कारलाई पचास वा एक करोड डलरमा बेच्न सकिने संभावना हुन्छ । यसर्थ विश्वकै सजग र सचेत महिलाहरु महिलाको छवि उँचो राख्न एवं महिलाहरुलाई यौन वस्तु (Sex-object) को रुपमा चित्रणगरी सो मार्फत नाफा कमाउन पल्केका वर्तमान विश्वका व्यवसायीहरुसँग आफूमात्र सावधान रहने नभई तमाम महिलाहरुलाई समेत शोषित हुनबाट जोगाउन सक्रिय रहनु आवश्यक देखिन्छ ।

*(२०५४ भाद्र २३)*

# एक सार्थक जीवनको अन्त

सेप्टेम्बर ५, १९९७ मा सन् १९७९ को नोबेल शान्ति पुरस्कारद्वारा सम्मानित तथा "गरिबहरुका देवी" मदर टेरेसाको हृदयघातको कारण ८७ वर्षको उमेरमा कलकत्तामा देहावसान भयो । अगष्ट ६, १९१० मा वहाँको जन्म अल्बानियामा भएको थियो भने वहाँको वाल्यकालको नाम आग्नेस गोन्भ्का बोजाभ्किउ थियो ।

भनिन्छ मदर टेरेसा आफू सानो छँदादेखि नै गरिब तथा असहायहरुको निमित्त काम गर्न रुचाउनु हुन्थ्यो । आफ्नो पिताको असामयिक मृत्युको कारण उहाँको वाल्यकाल आर्थिक अभावकै अवस्थामा गुज्रिएको थियो ।

भारत रत्न उपाधिद्वारा विभुषित हुनुभएकी मदर टेरेसा आफ्नो अठार वर्षको उमेरमा पहिलो पटक भारत प्रवेश गर्नु भएको थियो । भारत आउनको लागि वहाँले आयरलैंडमा गएर अंग्रेजी भाषा सिक्नुभयो र पछि सन् १९२९ मा शिक्षिकाको रुपमा कलकत्ता स्थित सेन्ट मेरी लोरेंटो स्वेट हाई स्कुलमा काम गर्न थाल्नु भएको थियो । वहाँले सन् १९४८ सम्म शिक्षिका र त्यसपछी प्राचार्यको रुपमा काम गर्नुभयो । सन १९५० मा "मिसनिरी अफ च्यारिटी" नामक संस्था खोली गरिब र दुःखीहरुको सेवामा आफूलाई पूर्ण रुपमा समर्पण गर्नु भएको थियो । कलकत्तामा गरिब एवं दुःखीहरुको सेवाको निमित्त आफूलाई समर्पित पार्न, उनीहरुबीच आत्मीयता बढाउन मदर टेरेसाले बोल्ने अंग्रेजी भाषा पर्याप्त थिएन । अतः वहाँले बस्तीमा गरिब र दुःखीहरुबीच आफूलाई प्रवेश गराउन हिन्दी र बंगला भाषा सिक्नु भयो । यसबाट पनी वहाँको सामाजिक कार्यप्रतिको निस्वार्थ एवं प्रतिबद्ध समर्पणको चाहानालाई बुझ्न सकिन्छ ।

आजभन्दा चालिस वर्ष पहिला कलकत्ताभन्दा केही परको टिटामढ भन्ने ठाउँमा उहाँले कुष्ठरोगीहरुको लागी एक अस्पताल स्थापना गर्नु भएको थियो । यो अस्पताल कुष्ठरोगीहरुको सेवामा जुटिरहेको त छदैंछ यसको संचालनमा समेत कुष्ठरोगबाट निको भएका व्यक्तिहरु सामेल रहेका छन् । यसप्रकार

कुष्ठरोग जस्तो भयानक रोगबाट रोगीहरु मुक्त मात्र नभएर कतिपय त्यस्ता व्यक्तिहरु आँफै सक्षम भएर त्यस अस्पतालको संचालनमा समेत सहभागी हुन पाए । यसले रोगीहरुलाई सामाजिक पुनर्स्थापना गर्न समेत सफल भएको छ । सन् १९८० मा वहाँले लागू पदार्थ दुर्व्यसनी, वेश्यावृत्ति तथा गर्भपतनको विरुद्ध विश्वव्यापी अभियान सुरु गर्नभयो र अमेरिकामा एउटा संस्था समेत खोल्नुभयो । उक्त संस्थाले अनाथ बच्चाहरुको समेत हेरचाह गरिरहेको छ । सन् १९८५ मा उहाँले एड्स रोगीहरुको निम्ति सहयोग पुऱ्याउन न्युयोर्कमा अर्को संस्था खोल्नु भयो । यसप्रकार समाजसेवाको कार्यमा निरन्तर जुटिरहनु भएकी मदर टेरेसाले सन् १९९१ सम्ममा भारतमा मात्र १६८ वटा "च्यारिटी होम्स" हरुको स्थापना गरिसक्नु भएको थियो । मदर टेरेसाले स्थापना गर्नु भएको संस्था "मिसनरीज अफ च्यारिटी" का शाखाहरु आज ८७ देशहरुमा फैलिएका छन् र त्यस अन्तर्गत तीन हजार स्वयंसेवीहरु काम गरिरहेका छन् भने वहाँद्वारा स्थापित अन्य संस्थाहरु १२३ देशहरुमा विभिन्न प्रकारका सामाजिक कार्यहरुमा संलग्न रहेका छन् ।

आफ्नो कार्यक्षेत्र भारतलाई बनाउनु भएकी मदर टेरेसाले सन् १९४८ मा भारतको नागरिकता लिनु भएको थियो भने वहाँले त्यही देशको संस्कृति अनुरुप निलो किनारा भएको सेतो धोती लगाउन थाल्नु भएको थियो ।

मदर टेरेसाले आफ्नो सम्पूर्ण जीवनलाई नै सामाजिक कार्यमा लगाउनु भएको थियो । आफ्ना रहर र आकांक्षाहरुलाई गरिब र असहायहरुको सेवामा समर्पण गर्नु भएको थियो । वहाँ जीवनका जटिलताहरुले जता डोरायो त्यता नडोरिएर आफ्नो जीवनलाई नियन्त्रित ढंगले वहाँले समाज सेवामा लगाउनु भयो । आफ्नो सम्पत्तिको आडमा आफ्ना अन्य क्रियाकलापलाई ढाकछोप गर्न सस्तो प्रचार र प्रसिद्धिको निम्ति मात्र पनि वहाँले सामाजिक कार्य गर्न थाल्नु भएको थिएन र आफ्नो बेकार र निरश जीवनलाई मानिसहरुको अगाडि सार्थक देखाउन पनि वहाँले समाजसेवा गर्न थाल्नु भएको थिएन । अन्य कतिपय समाजसेवी भनिनेहरुले आफ्ना सुकोमल हातले फोटोग्राफरहरुका अघिल्तिर कुनै बिरामी वा अपाङ्ग बालकलाई छोएभन्दा धेरै फरक मदर टेरेसाले आत्मीयताले भित्री हृदयदेखि नै गरिब र असायहरुलाई सुमसुम्याउनु भयो । उनीहरुलाई आफ्नो काख र अंगालोमा लिनु भयो । जसको फलस्वरुप वहाँ गरिब र असहायहरुको आमा बन्न सफल हुनुभयो र सारा संसार वहाँलाई "मदर

टेरेसा'' भन्न बाध्य भयो । "हृदयकी राजकुमारी" हुनु र "मदर" (आमा) हनु बीचको भिन्नता यही हो । आम महिलाहरुलाई "हृदयकी राजकुमारी" बन्न सजिलो छ र आम महिलाहरुलाई हृदयकी राजकुमारी भन्ने विशेषण गुथाउन पनि तमाम पुरुषहरु सजिलै तयार हुन्छन् । किनकि, हृदयकी राजकुमारी आफ्नो मायालुलाई ओढाइने विशेषण हो र पुरुषहरु (पुरुष प्रधान संस्कार) आम महिलाहरुलाई यस्तो विशेषण गुथाउन पाउँदा खुशी नै हुन्छन् । कारण यसमा आफ्नो "पौरुषत्व" बढी टल्कन पाउँछ । दिवंगत वेल्सकी युवराज्ञी डायनाको सन्दर्भमा पनि वहाँका सामाजिक कार्यहरुको बारेमा विशेष समीक्षा गरी वहाँलाई समाजसेवी भन्न सकिने आधारहरुको खोजी गर्नु पर्नेमा तत्कालै वहाँलाई "जनताकी राजकुमारी" भन्ने विशेषण दिई उहाँको पुरुष समानको व्यक्तित्व हुनसक्ने आधारलाई सीमित पारी मात्र "राजकुमारी" बनाइएको छ । तर, मदर टेरेसा समर्पित समाजसेवी हुनुहुन्थ्यो र वहाँको व्यक्तित्व विश्वका समस्त मानिसहरुबीच नै अतुलनीय थियो र वहाँ सारा विश्वकै निमित्त मातृत्वकी प्रतिमूर्ति बन्न सफल हुनुभयो । वहाँलाई सारा विश्व "आमा" को रुपमा स्वीकार्न बाध्य भएको छ । यतिखेर टेरेसाको हृदयघातको कारण मृत्यु भएको छ । अब मदर टेरेसाको सार्थक कार्यलाई गति दिने अभिभारा निर्मला दिदीको काँधमा आएको छ । निर्मला दिदी नेपाली हुनुहुन्छ । वहाँको कार्यले नेपाली महिलाले मात्र नभएर विश्वका समस्त महिलाले गर्व गर्न पाउन् ।

*(२०५४ भाद्र ३०)*

# बलात्कार बिरुद्ध उठ्न जरूरी छ

नोभेम्बर २७, १९७३ का दिन भारतको बम्बईस्थित कि एडवर्ड मेमोरियल हस्पिटलमा कार्यरत २६ वर्षीया नर्स अरुणा शानबाग सोही अस्पतालमा कार्यरत एक कुचिकार, शोहनलाल मार्थाद्वारा आफ्नै अस्पतालको जमिनमुनिको तल्ला (Basement) मा बलात्कार हुन पुगिन् । शोहनलालले अरुणाको घाँटीमा कुकुर बाँध्ने सिक्रीले बेसरी कसेको थियो जसले गर्दा अरुणाको दिमागमा अक्सिजन प्रवाह हुन सकेन र दिमागका कतिपय कोषिकाहरु काम नलाग्ने भए । फलस्वरुप अरुणा त्यस बखतदेखि आज पर्यन्त कि एडवर्ड मेमोरियल हस्पिटल कै यौटा शैयामा जिउँदो लाश बनेर लडिरहेकी छिन् (पिंकी बिरानी, द सण्डे टाइम्स अफ इण्डिया, सेप्टेम्बर ७, १९९७) । भारत आफ्नो ५० औं स्वतन्त्रता दिवस भव्यताका साथ मनाइरहेको बेला कुनै बेला बिरामीको सेवामा लागिरहेकी एक नर्स २४ वर्षदेखि जिउँदो लास भएर सोही अस्पतालको शैयामा परिरहेकी छिन् र उनी पनि आफ्नो जीवनको पचासौ वर्षमा प्रवेश गरेकी छिन् । सात वर्षका लागि जेल पठाइएको शोहनलाल भने जेलबाट सजाय पूरा गरी बाहिर निस्किसकेको छ । कोही भन्छन्, शोहनलाल आफ्नो नाम फेरेर अर्को अस्पतालमा काम गर्न थालेको छ ।

सेप्टेम्बर ६, १९९७ को हिन्दुस्तानमा प्रकाशित समाचार अनुसार मूलतः नेपाल निवासी एक २५ वर्षीय महिलामाथि चारजना युवकहरुले एक प्राइभेट बसमा सामूहिक बलात्कार गरेका छन् । सो घटना भारतको गाजीपुरमा घटेको थियो । उक्त महिला मुनिरमा भन्ने ठाउँको यौटा घरमा काम गर्दथिन् भने उनको पति नेपालमा नोकरी गर्दछन् । यस घटनाको सम्बन्धमा प्रहरीले एक जना दर्जी - चेतन, क्यासेट विक्रेता - राजकुमार र “ब्लु लाइन” बस चालक र कन्डक्टरको खोज तलास गर्दैछ । कोही पनि पकाउमा परेका छैनन् ।

जेठ ३२, २०५४ को समाचारपत्रमा प्रकाशित समाचार अनुसार बर्दिया जिल्लाको धधबार गा.वि.स. की एक थरुनीलाई उपचार गर्ने बहानामा बर्दिया

जिल्ला अस्पतालका डाक्टर ब्रह्मनारायण भारीले बलात्कार गरेका छन् । उक्त थरुनीले डाक्टर भारी विरुद्ध प्रहरी कार्यलयमा उजुरी दिएकी छिन् तर डाक्टर चाहिँ ३० गतेदेखि नै अस्पताल छाडेर बाहिर गएका छन् । यसपछिको विवरण प्रकाशमा आएको पाइएको छैन ।

जेठ २२, २०५४ को कान्तिपुरमा प्रकाशित समाचार अनुसार मोरङ सुनसरी सिंचाइ आयोजनास्थित सम्पर्क तथा भू-आर्जन कार्यलयका सम्पर्क अधिकृत लैनबहादुर खड्काले कार्यालयको क्वार्टरमा महिला पियनलाई लछार पछार गरी बलात्कार गर्ने प्रयत्न गरेका थिए । समाचार अनुसार निज खड्कालाई स्थानीय जनताले कालो मोसो र जुत्ताको माला लगाई बजार घुमाउने कोसिस गर्दा गर्दै प्रहरीले भ्यानमा राखी लगेकोले कुनै अप्रिय घटना हुन पाएन । सो घटनामा महिलाले कुनै निवेदन नदिएको अवसर छोपी राप्रपाका एक समूह निज खड्कालाई छुटाउन प्रधानमन्त्रीसमेतको शक्ति प्रयोग गर्ने पक्षमा देखिन्थे र जि.प्र.का मोरङले पनि सो समयसम्म कुनै कारबाही अगाडि बढाएको थिएन ।

भारतमा प्रत्येक सात मिनेटमा महिलामाथि कुनै न कुनै प्रकारको अपराध घट्ने गर्छ । प्रत्येक ५६ मिनेटमा महिलामाथि बलात्कारको घटना घट्ने गर्छ भने प्रत्येक ४२ मिनेटमा दाइजोको कारण महिलाको हत्या हुने गर्छ (अक्टोबर १०, १९९४, टाइम्स अफ इण्डिया) ।

नेपालमा भरपर्दो तथ्यांकहरुको अभाव छ । एक सर्वेक्षण अनुसार सन् १९९२ देखि १९९६ सम्मको अवधिमा ६५९ महिलाहरु बलात्कृत भएका थिए (जेठ ३०, २०५४, कान्पिुर) । सोही समाचारमा उल्लेख भएअनुसार, प्रहरी रेकर्डबाट लिइएको सो तथ्यांक वास्तविक तथ्यांकभन्दा ज्यादै नै थोरै भएको स्पस्ट छ । किनकी बलात्कारका थोरै घटना मात्र आफूकहाँ आइपुग्ने कुरा प्रहरीहरु निसंकोच स्वीकार्दछन् ।

माइकल किड्रनद्वारा सम्पादित "वुमन इन द वर्ल्ड" (Women in the World) नामक पुस्तकका अनुसार बलात्कार पुरुषद्वारा आफ्नो शक्ति स्थापना गर्ने उदेश्यले महिलामाथि हुने, कहिलेकाँही बालकहरुमाथि हुने एक हिंस्रक कार्य हो । तथ्यहरुबाट यो प्रमाणित हुन्छ कि बलात्कारको प्रमुख उदेश्य महिलालाई आफ्नो अधिनमा

पार्नु र आफूभन्दा हिन देखाउनु हो ताकि बलात्कारीको शक्ति, उच्चता र पौरुषत्व प्रमाणित होस् । बलात्कारसँग जोडिएको यौन प्रसंग त सहायक कुरा मात्र हो (आयन रोर्बटसन, सोसीयोलोजी, १९८८) । यसै पुस्तकको अनुसार, अन्य समाजहरुमा जस्तै अमेरिकामा पनि महिला र पुरुषबीचको सामाजिक सम्बन्ध दुई प्रकारका संस्कारगत विशेषताहरुद्वारा निर्धारित भएका छन् र तिनीहरु बलात्कारसंग पनि सम्बन्धित छन् - प्रथम, महिला र पुरुषबीचको असमानता र दोस्रो महिलाहरुलाई यौन-सम्पति (Sexual property) अर्थात् यौन वस्तु (Sex-object) को रुपमा हेर्ने दृष्टिकोण ।

माथिका प्रसंगहरुबाट के प्रमाणित हुन्छ भने महिलामाथि हुने विभिन्न प्रकारका अत्याचारहरुमध्ये बलात्कार पनि एक हो र यो विकसित वा अविकसित दुवै खाले राष्ट्रहरुमा व्याप्त छ । अमेरिकामा प्रत्येक पाँच वा छ मिनेटमा प्रहरीमा बलात्कारको घटना दर्ता हुन्छ। अनुसन्धानकर्ताहरुका अनुसार अपरिचित व्यक्तिहरुद्वारा भएका बलात्कारको एक तिहाइ मात्र र परिचितहरु मध्येबाटै भएका बलात्कारको १३ प्रतिशत घटनाहरु मात्र प्रहरीमा दर्ता हुन्छन् (फेमिना, अगस्त १९९४) । यो आंकडाले अति विकासित र अतिसभ्य मानिने राष्ट्र अमेरिकाका महिलाहरुको स्थिति झन् कहालिलाग्दो देखिन्छ । विश्वका गरिव राष्ट्रहरुमा सपना बाँड्ने देशको हालत झन् भयावह छ ।

कानुनमा बलात्कार जघन्य अपराधको रुपमा रहेको भएतापनि हाम्रो सन्दर्भमा मूलतः महिलाहरुको आर्थिक विपन्नता एवं पछौटेपनको फाइदा उठाएर र आधुनिकताको नाममा हुने गरेको उच्छृंखलताको परिणामस्वरुप यस्ता अपराध घट्ने गरेको पाइन्छ । केही बलात्कारहरुमा त कलिला बालिकाहरु (१६ वर्षदेखि मुनि ३ वर्षसम्म) पर्ने गर्दछन् । पुरुषहरुको आपराधिक मनोवृत्तिका कारण नै यस्ता जघन्य अपराधहरु घट्ने गर्दछन् (संचारिका समूह, कान्तिपुर, ३० जेठ, २०५४) ।

मे ३१, १९९७ का दिन दक्षिण अफ्रिकामा बलात्कारका विरुद्ध पुरुषहरुले एक र्‍याली निकालेका थिए । महिला आन्दोलनमा पुरुषहरुको सहभागिता पनि विवादास्पद रहँदै आएको छ र विवादस्पद हुनु पनि स्वाभाविकै हो । एकथरी महिलाहरुका अनुसार पुरुषहरु यस क्षेत्रमा आफ्नै स्वार्थपूर्तिका लागि लागेका हुन्छन् । उनीहरुका अनुसार दातृ संस्थाहरुले महिलाको लागि भनेमा आर्थिक सहयोग गर्ने

सम्भावना बढी भएकोले नै पुरुषहरु संस्था खोलेर महिला हक अधिकारको निमित्त काम गरेका हुन् । तर अर्काथरी महिलाहरु चाहिँ यस क्षेत्रमा पुरुषहरुको सहभागिता र सहयोगको अपेक्षा राख्दछन् । नेपालको सन्दर्भमा, मलाई लाग्छ, महिलाहरुको हक, हित र अधिकारको निम्ति काम गर्ने भनेर खुलेका संघ संस्थाहरुले आफ्नो सक्रियता र क्रियाकलापहरुमा विस्तार गरी यस आन्देलनमा पुरुषहरुलाई समेत सचेत पार्ने र पुरुषहरुको पनि सहभागिता बढाउनेतर्फ लाग्नु पर्दछ । नेपालमा संघ संस्थाहरुको थुप्रो लागे तापनि ठोस कार्यक्रम लिएर सक्रियतापूर्वक महिला सशक्तिकरणको लागि आन्दोलनकै रुपमा अगाडि बढ्ने कार्य भने अझै पछाडि नै रहेको महसुस हुन्छ ।

*(२०५४ असोज ६)*

# पुरुष "ह्याण्डसम" र महिला "ब्यूटिफुल"

गएको भाद्र महिनामा काठमाण्डौ जेसिजको आयोजनामा भएको "मिस्टर काठमाडौं ९७" को लागि भएको छनोट प्रतियोगितामा श्याम श्रेष्ठ "मिस्टर काठमाडौ" घोसित भएका छन् । सुन्दरी प्रतियोगिताहरुको ओइरो लागेको बेलामा पुरुषहरु पनि "मिस्टर" विषेशण (टाइटल) को लागि एक प्रतियोगिताको आयोजना भएको छ । महिलाहरुको लागि हुने सुन्दरी प्रतियोगिता र पुरुषहरुका लागि भएको (वा हुने पनि) "मिस्टर..." प्रतियोगिताले महिला र पुरुषको परम्परागत छविलाई हटाई नयाँ "समान" खालको छवि (Image) बनाउनमा योगदान पुऱ्याएको छ कि परम्परागत छविलाई नै झन मलजल गर्नमा योगदान पुऱ्याएको छ ।

"मिस्टर काठमाण्डौ" शारीरिक सुसंगठन निमित्त पुरुषहरुलाई प्रदान गरिने विशेषण हो भने "मिस..." तथाकथित सुन्दरताको निमित्त महिलाहरुलाई प्रदान गरिने विषेशण हो । काठमाण्डौ जेसिजको आयोजनामा भएको "मिस्टर काठमाण्डौ" को लागि भएको प्रतियोगितामा "मिस्टर काठमाण्डौ" का अतिरिक्त अन्य विषेशणहरु पनि राखिएको थियो र त्यस्ता विषेशण (टाइटल) हरुमा बेष्ट आर्म (उत्कृष्ट पाखुरा), बेष्ट चेष्ट (उत्कृष्ट छाति), बेष्ट व्याक (उत्कृष्ट पिठ), मोस्ट मस्कुलर (उत्कृष्ट मांसपेशी) आदि थिए भने सुन्दरी प्रतियोगिताहरुको आयोजनामा महिलाहरुले प्राप्त गर्ने विषेशण (टाइटल)हरुमा ब्यूटिफुल स्कीन (सुन्दर छाला), ब्यूटिफुल हेयर (सुन्दर कपाल), मिस फोटो जेनिक (फोटो सुन्दरी), बेष्ट ड्रेस (सुन्दर लवाइ) आदि पर्दछन् । माथि उल्लेख गरिएका मूल विषेशणहरु "मिस्टर..." तथा "मिस..." बाहेकका अन्य विषेशणहरुलाई हेर्दा पनि के देखिन्छ भने पुरुषहरुको लागि सबल सुदिृढ देखिने प्रतियोगिताहरु आयोजना भएका छन् भने महिलाहरुको लागि कोमल र बाहिरी अंगहरुसंग सम्बन्धित प्रतियोगिताहरु आयोजना भएको देखिन्छ । यसरी महिला र पुरुष भाग लिने प्रतियोगिताहरुले समेत अप्रत्यक्ष तवरले तर सशक्त रुपमा पुरुषहरुको छविलाई सबल, सुदृढ र सशक्तरुपमा प्रस्तुत गर्न सघाउ पुऱ्याउँदछ भने महिलाहरुको छविलाई कोमल, सुन्दर र समर्पित (Submissive) रुपमा उभ्याउन

सघाउ पुऱ्याउँछ। जबकि वास्तविकता भने अर्कै छ। महिलाहरु पनि सबल, सुदृढ र सशक्त छन् भने पुरुषहरु पनि कोमल, सुन्दर र समर्पित पाइन्छन्। उदाहरणको लगि फेशन शोको ऱ्याम्पमा क्याटवाक गर्ने मात्र महिला होइनन् सुर्खेतकी लक्ष्मी रणपाल, जो नेपालको पहिलो पेशेवर बक्सर बन्ने कोशिश गर्दै छिन् पनि महिला हुन्। लक्ष्मी रणपाल महिलाहरु सशक्त छन् र हुन सक्छन् भन्ने प्रमाण मात्र नभएर महिलाहरुलाई यौन वस्तुको रुपमा प्रस्तुत गर्ने समग्र व्यावहारहरु विरुद्धको एक सशक्त प्रतिनिधि पनि हुन्। आज नेपाली महिलाहरु पनि पाइलट बनेका छन् र आकाशमा हवाई जहाज उडाउँछन्, इन्जिनियर बनेका छन् र प्रविधिसंग खेल्दछन्, न्यायाधिश बनेका छन् र जटिल मुद्दाहरुमा निर्णय सुनाउन थालेका छन्, मार्सल आर्टमा दक्षता प्राप्त गरेका छन् र अन्य थुप्रै क्षेत्रमा सफलतापूर्वक कार्य गर्न थालेका छन्। तर संचारमाध्यमले "ग्लेमर" को क्षेत्रमा प्रवेश गरेका महिलाहरुको समाचारलाई बढाईचढाई प्रस्तुत गर्ने गर्दछन् र आम महिलाकोहरुको छवि नै यौन वस्तुको रुपमा चित्रण भइराखेको छ। "वुमन इन द वर्ल्ड" नामक पुस्तक लेख्छ कि - "दुई प्रमुख अन्तराष्ट्रिय प्रतियोगिताहरुको अतिरिक्त वर्षेनी संसारभरी सयौं सुन्दरी प्रतियोगिताहरुको आयोजना हुने गर्दछ। प्रतियोगिताहरुले महिला र "सौन्दर्य"लाई वस्तु (Commodities) को रुपमा प्रस्तुत गर्दछ र यसप्रकार अश्लील (Pornography) र आम संचारमाध्यम (Mass media) हरुमा प्रस्तुत गरिने महिलाहरुको छविसंग सिधै सम्बन्धित हुन पुग्दछ।" यसै कारण होला महिलावादीहरु सुन्दरी प्रतियोगिताको विरुद्ध उभिएको पाइन्छ।

उना स्टाननार्ड व्यंग गर्दै भन्नुहुन्छ - चराहरुमा भालेको पखेटाहरु राम्रो हुन्छ तर मानिसहरुमा महिलाहरुले मयूरका प्वाँख लगाएका छन्। उना स्टाननार्ड तर्क गर्नुहुन्छ - अहिले पातलो बन्नु फेशन भएको छ। तर यदि मोटो हुनु फेसन बन्यो भने महिलाहरु कोचीकोची खान वाध्य हुन्छन्। यस्तै यदि १८ इञ्ची कम्मर फेसन बन्यो भने महिलाहरु कस्सिएको फित्ता बाँधेर सुन्दरताको लागि किड्नीलाई असर गरोस् वा कलेजोलाई वा अनुहार नै पहेँलो होस् यातना (Torture) सहन बाध्य हुनेछन्।

वास्तवमा स्थिति उना स्टाननार्डले भन्नुभए झैं भएको छ। उदाहरणको लागि इन्डोनेसियाका करिब ४० प्रतिशत छात्राहरु सुन्दरी हुने रहरमा रक्तअल्पताको

शिकार भएको खबर २०५१ कत्तिक ६ गतेको कान्तिपुरमा प्रकाशित भएको थियो ।

माथिको कुराबाट के भन्न सकिन्छ भने सुन्दर वा आर्कषक व्यक्तित्व महिलाहरुका लागि मात्र आवश्यक नभएर  महिला तथा पुरुष दुवैको निमित्त उत्तिकै आवश्यक हुन् ।  त्यस्तै फेशन वा आकर्षक पहिरन भन्ने बित्तिकै महिलासंग मात्र सम्बन्धित हुने गरी बुझिन्छ तर त्यो पनि महिला तथा पुरुष दुवैको निमित्त उत्तिकै आवश्यक छ । आजको विज्ञान र प्रविधिको अधिकतम उपयोग भइरहेको समयमा महिला तथा पुरुष दुवैले त्यसको अधिकतम उपभोग गर्नु पर्दछ र गरिनै रहेका पनि छन् । उदाहरणको लागि कपाल रंगाउने महिलामात्र नभएर पुरुष पनि उत्तिकै  छन् । तसर्थ फेसन  सुन्दरता तथा अन्य अनेकौ नामहरुमा महिलाहरुको छविलाई नकारात्मक ढंगबाट प्रस्तुत गर्ने कियाकलापहरुको भने सचेत महिलाहरुले विरोध गर्नु नै पर्दछ । यसैले प्रसिद्ध मानवशास्त्री स्वर्गीय एवलिनरिड् भन्नुहुन्छ कि सामाजिक परिर्वतनका प्रयासहरुको नेतृत्व गर्ने अग्रणी महिलाहरुले कहिल्यै झुक्किएर पनि फेसनको यस मुसा दगुऱ्याइमा बल पुऱ्याउनु हुँदैन । उनिहरुको काम त नारी जातिलाई शिकार बनाउँदै नाफा कमाउने फटाहालाई नंग्याउनु हो । उहाँ अझ स्पष्ट रुपमा भन्नुहुन्छ “फेसन व्यापारमाथिको वर्तमान आक्रमण, मेरो तर्क आकर्षक पोशाकहरु विरुद्ध छैन् र हामीले लगाउने लुगाफाटोमा आवश्यक हुने परिवर्तनलाई प्रतिरोध गर्नुपर्छ भन्ने पनि मेरो भनाई हैन ।”

अन्तमा  उना स्टाननार्डकै यौटा भनाइ - “पुरुषहरुले हाम्रो समाजको ढाँचा यस्तो बनाएका छन् कि सुन्दर महिलाहरु (Beautiful women) अन्य मूल्यवान सम्पति (Property) जस्तै बढी पैसा तिर्नसक्ने (Highest bidder) को हातमा जानसक्छ ।”

*(२०५४ असोज १३)*

# सक्रिय आवाजका खाँचो

भारतबाट प्रकाशित हुने टाइम्स अफ इण्डियाको सेप्टेम्वर २६, १९९७ को अंकमा प्रकाशित समाचार अनुसार नयाँ दिल्लीको जवाहरलाल नेहरु विश्वविद्यालयकी एक छात्रा क्याम्पस हाताभित्रै विहानै ७:३० बजे अपमानजनक व्यवहारको शिकार हुनुपऱ्यो । मोटरसाइकल चढेर आएको यौटा मानिसले उक्त छात्राको नजिकै आएर मोटरसाइकलको गति घटायो र उनको दुपट्टा तान्यो अनि उनको पिठ्यूमा हिर्कायो । उनी सहायताको लागि कराइन् । तर एकाबिहानै भएकोले बाटो सुनसान थियो । उक्त विश्वविद्यालयको हाताभित्र यस प्रकारको घटना बितेको सत्ताइस दिनभित्रको यो तेश्रो घटना हो ।

नेपालबाट प्रकाशित हुने 'द काठमाडौ पोष्ट' सेप्टेम्बर २७, १९९७ को अंकमा बी.सोटाङ्गको एक पत्र प्रकाशित भएको छ । वहाँ लेख्नुहुन्छ- २३ सेप्टेम्बर बिहान ९:३० बजे झम्सिखेलको ब्रिटिस स्कूलनेर आइपुग्दा मलाई महसुस भयो कि कुनै मोटरसाइकल मेरो पिछा गरिरहेको छ। म अडिए र उसलाई अगाडी जान दिएँ। तर ऊ अगाडि बढेन । त्यसपछि म बिस्तारै अगाडि बढ्न थाले । मोटरसाइकलमा आएको व्यक्तिले मलाई हिर्कायो र भाग्यो ।

माथिका घटनाहरु दुई बेग्ला बेग्लै देशहरुमा घटेको भएतापनि तिनीहरुको प्रकृति एकै प्रकारको छ र उल्लेखित दुवै घटनाका सिकार पनि महिला नै भएका छन् । यी घटनाहरु त ताजा उदाहरण मात्र हुन् । यस्ता घटनाहरु दैनिक जीवनमा धेरै घटिरहेका हुन्छन् र तिनीहरुको कतै कुनै प्रकारको उल्लेख भएको हुँदैन । अर्थात, महिलाहरुको सार्वजनिक अपमान गर्नु पुरुषहरुको सामाजिक अधिकार हो र आफ्नो अधिकारको उपभोग कुन हदसम्म गर्ने भन्ने कुरा पुरुषहरुकै स्वविवेकमाथि निर्भर हुने कुर हो । महिलामाथि सामान्य छेडछाड, कुटपिट, बलात्कार तथा हिंसासम्मका घटनाहरु अब नेपालकै लागि पनि सामान्य बन्न थालेका छन् । मानौं विकास र आधुनिकताको परिसूचक नै यही हो । यस प्रकारको सामाजिक विकृतितर्फ सरकार संवेदनशील भएको पाइएको छैन र महिलाहरुको लागि भनेर गठन भएका

संघ संस्थाहरुले पनि चिन्तित भएर सोचेको र यस्ता घटनाहरुको विरुद्ध सक्रिय भएर लागेको देखिएको छैन । अर्कोतिर, केही महिला तथा पुरुषहरु आधुनिकताको अन्धाधुन्ध वकालत गर्दै महिलाको छविलाई यौन-वस्तुको रुपमा प्रतिविम्वित गर्न सघाउ पुऱ्याउने कार्यहरुको आँखा चिम्लेर समर्थन गरिरहेको पाइन्छ । वास्तवमा महिला मुक्ति, अधिकार र समानताको कुरा यिनै अधुनिक भनिने मानिसहरु -महिला र पुरुष दुवै) को चेतना र समभ्रूदारीभित्र रुमल्लिरहेको छ । भारतीय चलचित्रकी नायिका उर्मिला र नेपाली चलचित्रकी नायिका सारंगा आधुनिक समाजका अति विशिष्ट र अपरीहार्य चरित्र हुन् कि अति निकृष्ट र अनावश्यक चरित्र हुन् । यसको उत्तर दिन त्यति सजिलो नहोला । तर पनि अंग प्रर्दशनलाई आधुनिकता मान्नेहरु भने उर्मिला वा सारंगालाई विशिष्ट र अपरिहार्य चरित्र मान्ने तर्क पेश गर्न निकै ठूलो कसरत गर्न पछि पर्दैनन् । वास्तवमा आम महिलाहरु यस प्रवृत्तिदेखि सचेत हुन सक्नुपर्छ ।

"चोली के पिछे क्या है" वा "तु चिज बढी है मस्त मस्त" भन्ने जस्ता गीतहरु आधुनिकताका परिचायक हुन् कि महिलाहरुको अपमानका परिचायक हुन्, राम्रोसँग विचार गर्नु आवश्यक छ । फागुमा महिलाहरुमाथि प्रयोग गरिने बेलुन महिलाहरुको सम्मान हो कि अपमान ? हाम्रा संस्कृतिभित्र मिसिएका विकृतिहरुको पनि राम्रो लेखाजोखा गर्नु आवश्यक छ । यसरी एक एक कदम गर्दै महिला छविलाई क्रमशः यौन वस्तुको अर्मूत प्रतिनिधि बनाउनमा हाम्रो समाज, संस्कृति र वर्तमान व्यवहारले ठूलो भूमिका खेलिरहेको छ । यसतर्फ समाजका सम्पूर्ण चेतनशील वर्गको ध्यान जान जरुरी छ । यसको अतिरिक्त सचेत महिलाहरुको संगठित र व्यवस्थित प्रयासको थालनी हुन पनि उत्तिकै आवस्यक छ । छाडापन र विकृति अविकसित देशको भन्दा विकसित देशहरुको निमित्त ठूलो चुनौति बनेको छ भने हाम्रो समाजमा विकास र आधुनिकताको नाममा छाडापन र विकृति नै भित्रयाउने होडबाजीमा हामी लाग्नु बुद्धिमानी हो कि होइन सबैले ठण्डा दिमागले सोच्न जरुरी छ । अन्यथा, पीडित महिलाहरुको रुवाइ आजको हाम्रो राजनैतिक-सामाजिक संरचनाभित्र कसाईको अघिल्तिर बोकाको रुवाइभन्दा बढी महत्वको सावित हुन सक्ने छैन ।

*(२०५४ कात्तिक ११)*

# यथार्थ बुझ्ने कोसिस गरौं

आफ्नो वास्तविकताको बोध हुनु र यथार्थ संसारमा विचरण गर्नु मानिसको लागि सबैभन्दा महत्वपूर्ण कुराहरु हुन् । यिनै व्यवहारिक तथ्यबाट आम महिलाहरु शिक्षित वा अशिक्षित, ग्रामिण वा शहरिया, विकसित वा अविकसित - धेरै टाढा बस्न पुगेका छन् र अझै शिक्षित, शहरिया र विकसित भनिने महिलाहरु आफ्नो सामाजिक-आर्थिक (Socio-economic) र सामाजिक-मनोवैज्ञानिक (Socio-psychological) कारणले गर्दा वास्तविक र यथार्थ धरातलभन्दा धेरै टाढा रहन पुगेको छन् । समाजका यिनै शिक्षित, शहरिया र विकसित भनिने महिलाहरु नै कृत्रिम र तथाकथित रंगीन संसारको सपना बाँडेर उनीहरुलाई पनि यथार्थ र वास्तविक धरातलबाट धेरै टाढा आफूतिरै तान्ने माध्यम पनि बनिरहेका छन् । यसको अर्थ अशिक्षित, ग्रामिण वा अविकसित महिलाहरु शोषणको शिकार भएका छैनन् भन्नु होइन ।

पुँजीवादी बजारमूखी अर्थव्यवस्थाको कारण आधुनिक भनिने महिलाहरु आधुनिकताको नाममा, रंगीन स्वप्नील दुनियाँको खोजीमा समग्र नारी अस्मितामाथिकै शोषण खप्न बाध्य मात्र भएका नभएर अन्य अशिक्षित, ग्रामीण वा अविकसित भनिने महिलाहरुलाई समेत आधुनिक शोषणको मार खानतिर डोऱ्याउने माध्यम बन्न पुगेका छन् । ग्रामीण महिलाहरु शहरतिर आकर्षित छन् र शहर पस्ने रहरमा शोषणमा परेका छन् । काम पाउने रहरमा वा 'हिरोइन' बन्ने रहरमा थुप्रै महिलाहरु शहरमा देह ब्यापारमा संलग्न हुन बाध्य भएका छन् भने कतिपय देश बाहिरका शहरहरुमा बेचिन समेत विवश छन् । यो क्रम रोकिएको छैन । हिरोइन वा मोडेल बन्ने रहरमा नेपालका थुप्रै कलिला युवतीहरु शरीरिक शोषण खप्न विवश छन् । अर्कोतिर, बाध्यता र विवशताको फाइदा उठाई नारी देहको शोषण गर्ने कार्य आधुनिकताको नाममा दिन प्रतिदिन सामान्य बन्दै गइरहेको छ । यो क्रममा महिलाहरु नै महिलाहरुको शोषणको माध्यम समेत बन्न पुगेका छन् । यसले गर्दा नारी मुक्ति, नारी समानता जस्ता विषयहरु केवल नारा र सस्तो लोकप्रियताको

विषयभन्दा माथि उठ्न सकेको छैन ।

आम शिक्षित भनिने महिलाहरुलाई राजनीतिप्रति चासो हुँदैन । फलतः उनीहरु निर्णय लिने प्रक्रिया (Decision making process) मा सहभागी हुनबाट बञ्चित भएका छन् । अर्कोतिर फेसन, चलचित्र वा ग्लेमरका क्षेत्रहरुसँग जोडेर भने महिलाहरुको खुबै बढाई चढाई चर्चा गरिएको पाइन्छ । सुन्दरी प्रतियोगिताको खबर छापेर त्यस्ता प्रतियोगिताहरुमा भाग लिने प्रतियोगीहरुको खबर र तस्बिर छापेर नथाक्नेहरु कठोर र जटिल काम गरेर आफ्नो क्षेत्रमा संघर्षत महिलाहरुको खबर समेत लेख्न चाहँदैंनन् । उदाहरणका लागि देशका माओवादी प्रभावित क्षेत्रमा हातमा खुँडा र खुकुरी बोकेर संर्घषमा उत्रिएका वीरङ्गगनाहरुको संर्घषको कथा छापेर महिलाहरुको संघर्षशील छविलाई प्रस्तुत गर्नमा आम संचारकर्मीहरुले जाँगर चलाएको पाइदैन । यसले गर्दा आधुनिक समाजले पश्चिमी विकृत एवं छाडा सँस्कृतिको अन्धाधुन्ध नक्कल गरी अन्ततः महिलाहरुको छविलाई यौन वस्तुकै रुपमा चित्रण गर्नेछ । यसतर्फ, सचेत महिलाहरुले ढिलै भएपनि सोच्न जरुरी छ भने महिलासंग सम्बन्धित संघ/संस्थाहरुले अल्पकालीन र दीर्घकालीन कार्यक्रमहरु बनाई निरन्तर रुपमा लाग्नुपर्ने देखिन्छ ।

एकातिर बजारमुखी अर्थतन्त्र, अर्कोतिर भौतिक सुविधाका साधनहरुमा भएको निरन्तरको प्रगतिले गर्दा मानिसहरु पैसाको पछाडि दगुर्न विवश भएका छन् । यही "पैसा कमाउने र मोज गर्ने" रहरमा "जे पनि गर्न" तयार हुनु परेको छ । यहींनेर आएर वर्तमान सामाजिक-आर्थिक अवस्थाले महिलाहरुलाई शारीरिक शोषण हुने वातारण तयार गरेको छ भने अर्कोतिर, बजारमा आफ्नो उत्पादनहरुको लागि बजार खोज्न निमित्त महिलाहरुको छविलाई यौन वस्तुको रुपमा चित्रण गरेर महिलाहरुलाई फेसन र ग्लेमरको क्षेत्रतिर आकर्षित पारेर महिलाहरुलाई नै माध्यम बनाउन व्यापारीहरु सफल भइरहेका छन् ।

आधुनिकताको आडमा महिलाहरु अंग प्रर्दशन हुने खालका फेसनतिर तुलनात्मक रुपले बढी आर्कषित भएका पाइन्छन् । शरीरमा मिलेको र आर्कषक पोशाक लगाउनु उचित नै हो । तर आधुनिकताको नाममा आफूले लगाउने पोशाक कस्तो हुनुपर्छ ? कस्तो पहिरन 'आधुनिक', 'आकर्षक' वा 'फेसन' बन्न सक्छ र कस्तो

पहिरनले नग्नतातर्फ डोऱ्याउँछ भन्ने कुरा माथि महिलाहरु आफैँले सोच्नु जरुरी हुन्छ । महिलाहरु आफैँले आफूखुशी प्रयोग गर्ने पोशाकले उनीहरुको छवि (Image) को निर्धारण गर्दछ । यसर्थ, दृढ (Bold) महिलाहरुले 'दृढ तथा सुन्दर' (Bold and beautiful) भनिन रुचाउनुको सट्टा 'दृढ तथा सचेत' (Bold and conscious) भनिन रुचाउन पर्ने हुन्छ । यसको लागि, आम महिलाहरुले आफ्नो पहिरन लगायत अन्य सामाजिक-सांस्कृतिक व्यवहारमा समेत सचेत रुपबाट परिवर्तन ल्याउन जरुरी छ । यहाँनेर हामीले  बुझ्नुपर्ने कुरा के छ भने महिलाहरुको लवाइ तथा व्यवहारलाई आजको हाम्रो समाजले बढी वास्तविक र यथार्थवादी बनाउनुको सट्टा बढी कृत्रिम र अवास्तविक बनाइरहेको छ । जसले गर्दा सामाजिक-सांस्कृतिक रुपमै महिलाहरु शोषणको निमित्त बढी खुल्ला हुन पुगेका छन् । उनीहरु आफैँ आफ्ना कृत्रिम र अवास्तविक व्यवहारको समर्थन गरेर आँफै रमाइरहेका हुन्छन् । यसरी सामाजिक-सांस्कृतिक रुपमै सृजना भएको कृत्रिम र अवास्तविक संसारबाट वास्तविक र यथार्थ धरातलमा टेक्नको लागि एकजनाको प्रयासले मात्र संभव नहोला नै । यसको निमित्त महिलाहरुको संगठित समूहले सामाजिक कार्यकमहरुको थालनी गरेर यौटा आन्दोलनकै सुरुवात गर्न जरुरी भएको छ ।

(२०५४ कात्तिक २५)

# राजधानी, राजनीति र घटना

“मंसिर १ गतेको कान्तिपुरमा मेरो चरित्रहत्या गर्ने मनसायले नियोजित रुपमा खबर प्रकाशित गरिएकोमा म खेद व्यक्त गर्दछु । कसैको चरित्रहत्या गरी कुनै पक्षलाई रिझाउने नियतले असत्य र भ्रमपूर्ण समाचार प्रसारित गर्नु कतिसम्म पत्रकारिताको धर्मभित्र पर्छ, विचार गर्न पनि आग्रह गर्दछु ।” *-चिरञ्जीवी वाग्ले (सांसद)*

“सांसद वाग्लेले मंसिर १ गतेको कान्तिपुरमा ‘वेश्यालयका सञ्चालक प्रहरी थुनाबाट रिहा’ शीर्षकमा प्रकाशित समाचार बारे लगाउनु भएको आरोप असत्य छ । उक्त समाचार “कसैको चरित्रहत्या गरी कुनै पक्षलाई रिझाउने नियतले” प्रकाशित भएको होइन । वेश्यालय सञ्चालन गर्ने गोपाल थापालाई सांसद वाग्लेका भाई एवं स्वकीय सचिव रमेश वाग्लेले प्रहरी थुनाबाट छुटाएर लगेको उक्त समाचार भ्रम होइन वास्तविकतामा आधारित छ, जसप्रति हामी अडिग छौं । *-सम्पादक” (कान्तिपुर, २ मंसिर २०५४)*

काठमाडौंको त्रि. वि. शिक्षण अस्पताल पछाडिको सुकुम्बासी टोलमा ‘नेपाल रुरल हेल्पस रिफरेसन सेन्टर’ नामक गैरसरकारी संस्थाको बोर्ड टांगी सोही घरमा युवतीहरुलाई वेश्यावृत्तिमा संलग्न गराएको अभियोगमा सोका संचालक गोपाल थापा तथा निजकै श्रीमती रीना थापालाई प्रहरीले पक्राउ गरेको तर राजनैतिक दवावका कारण तिनीहरुलाई जमानीमा छोडेकोले राजधानीका महिलाहरु यतिखेर आक्रोशित भएका छन् ।

मंसिर ३ गते चेलीबेटी बेचबिखनविरुद्ध राष्ट्रिय समूह नेटवर्कले प्रधानमन्त्री तथा गृहमन्त्री समक्ष नेपाली युवतीहरुलाई जबरजस्ती वेश्यावृत्तिमा संलग्न गराउने अभियुक्तहरुउपर कडाभन्दा कडा कारवाही गरिनुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाएका छन् भने करिब ५० वटा गैरसरकारी संस्थाका प्रतिनिधिहरुको संलग्नतामा काठमाडौंको भद्रकालीबाट जुलुश समेत निकालिएको थियो । सो जुलुशमा महिला सांसदहरुको समेत सहभागीता रहेको थियो ।

रजवी नामकी अठार वर्षीया युवतीका अनुसार उनलाई गोपाल थापाले घरमा काम गर्न भनी ल्याएका थिए र काठमाडौं ल्याएको बाह्र दिनपछि आफूलाई बलात्कार गरी वेश्यावृत्तिमा संलग्न गराएको बताएकी छिन् । यस्तो कार्य गर्न नमानेको खण्डमा डोरीले हिर्काउने, खान नदिने आदि जस्ता यातना दिने गरेको पनि उनले बताएकी छिन् । (आजको समाचारपत्र, मंसिर २, २०५४)

उल्लेखित घटनाले यतिखेर नेपालको वास्तविक स्थितिलाई सबैको सामू स्पष्ट देखाइदिएको छ । एकातिर देश अशिक्षा र गरिबीको चपेटाबाट माथि उठ्न सकेको छैन भने अर्कोतिर देशभित्र अनियन्त्रित र अव्यवस्थित शहरीकरणको कारण विकृतिहरु मौलाउँदै गएको छ । योभन्दा पनि डरलाग्दो र सरमलाग्दो कुरा चाहिँ के भएको छ भने यस काण्डलाई सामान्य पारी अभियुक्तलाई जोगाउन राजनैतिक हस्तक्षेप भएको छ ।

समाचारअनुसार गोपाल थापा गत मध्यावधि निर्वाचनमा गोरखा क्षेत्र नं. ३ मा चीनकाजी श्रेष्ठ विरुद्ध चिरञ्जीवी वाग्लेद्वारा बागी उम्मेदवारका रुपमा खडा गराइका थिए । उनलाई नेपाली कांग्रेस पार्टीले कारवाही गरेको थियो । यस कारवाहीपछि उनले आफूलाई नेपाल कम्युनिस्ट पार्टी (एमाले) को कार्यकर्ताको रुपमा परिचय दिन थालेका थिए (घटना र विचार, मंसिर ४, २०५४) । यस समाचारले निज थापाको पहुँच देशका दुवै शक्तिशाली पार्टीमा हुनसक्ने देखिन्छ भने निज आफैँ पनि सांसद पदको उम्मेदवार भएको समेत देखिन्छ । अर्थात् नेपालमा राजनीतिप्रति आकर्षित व्यक्तित्व र नेपालका राजनैतिक पार्टीहरुको हैसियत दुवै यस घटनाले देखाएको छ । भनिन्छ, निज अभियुक्तले संचालन गरेको कोठीमा १५ जना सांसदहरु पनि बेलाबखत जाने गरेको थिए ।

यस घटनामा चेलिबेटी बेचबिखन, यौनउत्पीडन, यौन शोषण र गैरकानुनी क्रियाकलापहरु परेका छन् । तर अभियुक्तहरुलाई लामो जेल सजाय भएमा राजनीतिक व्यक्तिहरुको संलग्ताको बारेमा समेत भेद खुल्न सक्ने संभावनाले गर्दा राजनीतिक दबाब र प्रहरी प्रधान कार्यलयको समेत निर्देशनमा मुद्दाको प्रकृतिमा नै फेरबदल गराएको आरोप पनि आन्दोलनकारी महिलाहरुले लगाएका छन् । मंसिर ३, २०५४ को आजको समाचारपत्रको अनुसार घटनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा सम्पर्क राख्दा प्रहरी नायब उपरीक्षक नवराज ढकालले माथिबाट नै सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाउनु भन्ने आदेश भएको हुँदा जिप्रकाबाट

सोही अनुरुप कार्य भइरहेको छ । यस तथ्यले के इङ्गित गर्दछ भने सत्ता र शक्तिको दुरुपयोग गरी हरेक घटना र स्थितिलाई आफ्नो स्वार्थ अनुकूल बनाउन नेपालका राजनैतिक व्यक्ति, प्रहरी र प्रशासन लागिरहेका छन् । यस्तो स्थितिमा देशमा शान्ति सुरक्षा कायम हुन सक्दैन । यस्तो स्थितिमा जनताले न्याय पाउन सक्दैनन् । यस्तो अवस्थामा महिलाहरुको स्थिति झनै कमजोर हुन पुग्दछ । नेता वा कार्यकर्ताबाट बलात्कृत महिला उजुरी गर्न पुलिस चौकी पुग्दा उल्टै प्रहरीबाटै बलात्कृत हुन पुग्दछे भने राजनैतिक दबाबका कारण घटनाका विवरणहरु परिवर्तन हुन थाल्दछ र अन्ततः अदालतसम्म मुद्दा पुगिहाले पनि प्रमाणको अभावमा अभियुक्त 'वाइज्जत' रिहा हुन सफल हुन्छ । यसर्थ, यस्तो अवस्थामा संगठित आवाज र सकिय कार्यकमको आवश्यकता पर्दछ । यस प्रसंगमा यतिखेर चेलिबेटी बेचविखन विरुद्ध राष्ट्रिय समूह नेटवर्कले जसरी संगठित आवाज र सकिय कार्यकमहरु ल्याइरहेको छ त्यो प्रसंशनीय छ । महिलाहरुमाथि हुने कुनै पनि प्रकारको भेदभाव र उत्पीडनको विरुद्ध महिलाहरुको यस्तै प्रकारको अथक प्रयास यतिखेरको नेपालको लागि आवश्यक छ ।

यस्ता आन्दोलनमा उत्रने महिलाहरु महिलाहरुबाटै सावधान रहन भने बिर्सनु हुँदैन । किनकी, वेश्यावृत्ति आधुनिक समाजको उपज हो भन्ने एकथरी महिला तथा पुरुषहरु भेटिन्छन् भने केही महिलाहरु आफूखुसी देहव्यापारमा लागेको पनि बताउने गर्दछन् । यस्ता अभिव्यक्तिहरुले महिलाहरुको आन्दोलनलाई शिथिल पार्न खोज्दछन् । उदाहरणको लागि कथाले मागे जति अंग प्रर्दशन गर्ने भनेर अंग प्रदर्शनकै भरमा चलचित्रमा स्थान पाउन प्रयासरत युवतीहरु र चलचित्रमा अंग प्रदर्शन र बलात्कारका दृश्यहरुलाई प्राथमिकता दिने निर्देशकहरु बढदै गएको अवस्थामा यस्तो कार्यले महिलाहरुको छविलाई अन्ततः यौन वस्तुकै रुपमा चित्रित गर्दछ र यो पनि महिलाहरुमाथिको शोषण हो भनेर अभियान चाल्न महिला संघ संस्थाहरुलाई अप्ठ्यारो परिरहेको हुन्छ । जेहोस्, यतिखेर देशका सचेत महिलाहरुले, माथि उल्लेखित घटनाको विरुद्धमा सुरु गरेको अभियानले सफलता पाओस् र आउँदा दिनहरुमा समेत उनीहरुमा देखापरेको ऐक्यबद्धताले निरन्तरता पाओस् भन्ने कामना गर्दछु, साथै आउँदा दिनहरुमा संगठित रुपमा योजनाबद्ध कार्यहरुको थालनी होस् भन्ने पनि कामना गर्दछु ।

*(२०५४ मंसिर ९)*

# सुमित्राको यात्रा सफल रहोस्

झापा घर भई हाल काठमाडौंको “जमल-चक्रपथ-गोल्फुटार” रुटमा टेम्पु चलाउने नेपाली प्रथम टेम्पु चालिका सुमित्रा दंगाल, यतिखेर नयाँ चुनौतिको सामना गरेर सडकमा उत्रनु भएको छ । चालक (ड्राइभर) पेशालाई हाम्रोजस्तो समाजले राम्रो पेशाको रुपमा लिने गर्दैन चाहे त्यो पेशा अंगाल्ने पुरुष होस् या महिला । जहाँसम्म महिलाको प्रश्न छ - धेरै जसो पेशाहरुमा उनिहरुको सहभागिता छँदैछैन र भएकोमा पनि अझै कमै छ । यस्तो परिस्थितिमा, सुमित्रा दंगालले दुई प्रकारको बेग्लाबेग्लै चुनौतिको समना गरिरहनु भएको छ । पहिलो पुरुषहरुले एकाधिकार जमाएको चालक पेशामा थोरै महिला चालकहरुमध्ये एक र टेम्पो चालकको रुपमा प्रथम महिलाको रुपमा उहाँ उत्रनु भएको छ र दोस्रो पढेलेखेका भनिनेहरुले वैकल्पिक पेशाको रुपमा समेत (एक दुई अपवाद छाडेर) अंगाल्न नसकेको वा अंगाल्न नचाहने चालक पेशामा एक शिक्षित व्यक्तिको रुपमा दृढ अठोट सहित वहाँले प्रवेश गर्नुभएको छ । उल्लेखित दुवै घटनाहरु हाम्रोजस्तो समाजको लागि ज्यादै महत्वपूर्ण घटनाहरु हुन् ।

कतिपय विकसित तथा विकासशील देशहरुमा चालक बन्नुलाई एक पेशाको रुपमा नै लिने गरिन्छ । जसरी एउटा चिकित्सक बन्नु वा इन्जिनियर बन्नु मानिसको विद्यार्थी जीवनको लक्ष्य हुन्छ त्यस्तै पाइलट बन्नु वा ड्राइभर बन्नु कतिपय विद्यार्थीहरुको जीवनको लक्ष्य हुने गर्दछ । तर हाम्रो समाजमा पाइलट बन्नुचाहिँ ‘राम्रो’ पेशाको रुपमा लिइन्छ भने ड्राइभर बन्नुलाई चाहिँ नराम्रो पेशाको रुपमा लिईन्छ । वास्तवमा पाइलट तुलनात्मक रुपले धन भएकाहरुले मात्र पढ्न सक्ने भएकोले र यस पेशाबाट बढि पैसा आर्जिन हुने भएकोले यो पेशा हाम्रो समाजमा सम्मानित बन्न पुगेको छ भने ड्राइभर चाहिँ तुलनात्मक रुपले धन नभएकाहरुले अपनाउने र त्यसबाट पैसा पनि कम आर्जन हुने भएकोले ड्राइभर चाहिँ हाम्रो समाजमा सम्मानित हुन सकेको छैन । साथै सामाजिक-आर्थिक स्थितिले निरुपण गर्ने व्यक्तिको व्यवहारको कारण पाइलट र ड्राइभर बन्नुमा धैरे अन्तर देखा पर्दछ ।

जसको विश्लेशण गर्न यस सानो लेखमा सम्भब छैन । कतिपय विकसित देशमा महिला चालकहरु सावर्जनिक बसहरु वा स्कुलका बसहरु चलाउँछन् । यसैगरी पढेलेखेका भनिनेहरु पनि पूर्णकालीन वा आंशिकरुपमा बसहरु चलाउने गर्दछन् । यसरी सावर्जनिक बस चलाउनेहरु मध्ये इन्जिनियरहरु समेत पाइन्छन् । तर यहाँ सामान्य प्रमाणपत्र तह पास गरेको छ भने उसलाई यस्तो पेशा अपनाउन साधारणतया संकोच लाग्न थाल्छ । यस्तो अवस्थामा सुमित्रा दंगालले जुन कार्य गर्नुभएको छ त्यो सह्रानीय हुन पुगेको छ । वहाँले मानिसमा हुने संकोचको पर्दालाई च्यात्ने कार्यमा अग्रसरता देखाउनु भएको छ र यस काममा वहाँ महिलाहरुबीच मात्र होइन समस्त नेपालीहरुकै लागि एक प्रेरणाको श्रोत बन्न पुग्नु भएको छ ।

सुमित्रा हाल स्नातकोत्तर तह (एम. ए.) र बि. एल. तेश्रो वर्षमा अध्ययनरत हुनुहुन्छ । वहाँले कम्प्युटरको तालिम पनि लिनुभएको छ । वहाँजस्ता पुरुष एवं महिलाहरुको प्रवेश चालक पेशामा हुन थाल्ने हो भने आज हाम्रो समाजमा बनेको 'ड्राइभर' को छविमा पनि सकारात्मक परिर्वतन आउने प्रष्टै देखिन्छ। बेरोजगार भएर भौंतारिनुभन्दा र धेरै पैसा कमाउने लोभमा जस्तोसुकै पनि काम गर्न विदेशिनुभन्दा आफ्नै देशमा यसरी कुनै पनि पेशा अँगाल्नु वास्तवमा निकै राम्रो कार्य हो । यौटा उदाहरण यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ - पंजाब कृषि विश्वविद्यालयका एक जना प्रध्यापकले हाँसो गर्दै भन्नुभयो कि हामीकहाँ यहाँ यौटा PAUTA (पंजाब कृषि विश्वविद्यालय प्रध्यापक संघ) छ र अर्को PAUTA चाहिँ अष्ट्रेलियाको सिडनीमा छ र दोस्रोको अर्थ चाहिँ पंजाब कृषि विश्वविद्यालय टेक्सि चालक संघ हो । सर्न्दभ के हो भने सन् १९९३/९४ मा पंजाब कृषि विश्वविद्यालयका लगभग २०० जना स्नातकोत्तर तह उत्तीर्णवालाहरु जसमध्ये कम्तिमा पनि आधा चाहिँ विद्यावारिधी (पि. एच. डि) गर्नेहरु अष्ट्रेलिया बसाइ सरेका थिए । बसाइ सरेकाहरु प्राय: सबैले नै आफ्नै देशमा काम पाइसकेका थिए भने त्यसमध्ये पनि आधा जसो चाहिँ विश्वविद्यालयमा उप-प्रध्यापक वा सह-प्रध्यापक भएकाहरु थिए । तर अष्ट्रेलिया गएपछि तिनीहरुमध्ये धेरैलाई काम पाउन मुस्किल पऱ्यो र अन्तत: टेक्सि चालक, रेलवे गार्ड वा सेल्समेनको कामगर्न बाध्य हुनपरेको रहेछ (टाइम्स अफ इन्डिया नोभेम्बर १३, १९९७) । हामीसंग विदेशमा गएका नेपालीहरुको बारेमा राम्रो खोज र तथ्याङ्क दुवै छैन । तर पनि, मलेसिया, जापान पसेका नेपालीहरुको बारेमा त हामीले

सुन्दै आइरहेका नै छौं ।

अगं प्रदर्शनलाई विकल्प मानेर लहसिनुभन्दा र महिला (खासगरी युवति) हरुलाई मात्र सुहाउँदो मानिने रिसेप्सनिस्ट बनेर छोटो स्कर्ट लगाएर आकर्षक बन्न खोज्नुभन्दा यस प्रकारको वैकल्पिक पेशा अंगाल्ने साहस गर्नुले चाहीँ महिलाहरुको छविलाई मर्यादित बनाउने र महिलाहरुलाई समान बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।

सेसेल्सको टापुमा गएर सुन्दरी घोषित हुन विकिनी लगाएर उभिनु वास्तवमा गर्वको विषय हुनु हुँदैन भने सुमित्रा दंगालको जस्तो चुनौतिपूर्ण कार्य गर्नु चाहिँ साँच्चै नै गर्वको विषय हुनुपर्दछ । तर वर्तमान हाम्रो समाज विकाश होइन विनाश मन पराउँछ । फलतः झरना बज्राचार्य (नेपालकी प्रथम मिस वर्ल्ड नेपाल) वा सारंगा (चलचित्र नायिका जो अंग प्रर्दशनको लागि चर्चित हुनुहुन्छ) लाई हेरेर हाम्रा महिलाहरु नै दङ्ग पर्नुहुन्छ भने संभवतः सुमित्रा दंगाललाई हेरेर प्रशन्नताको अनुभव नगर्न सक्नुहुन्छ । किनकि सुमित्रामा यतिखेर नग्नता छैन, ग्लेमर छैन, महिला हुनुको तथाकथित कोमलता देखिएको छैन् । यो हाम्रो समाज र आम महिलाहरुमा रहेको त्यही खाडल हो जसको डिलमा पश्चिमी विकृतिहरु आधुनिकताको नाममा छमछम नाचिरहेका छन् भने समाज एंव महिला विकासका वास्तविक कार्यहरु खाडलमा पुरिएर छटपटाइरहेका छन् । यस सन्दर्भमा, आम सचेत महिला एवं महिला संगठनहरुले सुमित्रा दंगाललाई विभिन्न प्रकारले उत्साहित पार्नु पर्दछ र वहाँको अभियानमा वहाँ एक्लो हुनुहुन्न भन्ने आभास दिलाउन सक्नु पर्दछ ताकि अरु महिलाहरुले पनि वहाँको कार्यबाट प्रेरणा पाउन् । साथै यसप्रकारको विभिन्न चुनौतिर्पूण पेशामा लाग्ने महिलाहरुको सुरक्षाको लागि समेत समय मै सम्बन्धित निकायको ध्यान जावोस भन्नको लागि सचेत महिलाहरुले कार्यक्रमको थालनी गर्नु पर्दछ ।

लगभग पाँच महिना अघि साझा यातायातले महिला परिचारिका (कन्डक्टर) राख्न दरखास्त आह्वान गरेर एक सकरात्मक कार्यको संकेत देखाएको थियो । दशजनाको दरखास्त मागिएकोमा असी महिलाहरुले दरखास्त दिएका थिए । तर, अहिलेसम्म सो को छनोट हुन सकेको छैन अर्थात् साझा यातायातको प्रयास सफल

भईसकेको छैन् । साभ्का यातायातले पनि सुमित्राको कार्यबाट प्रेरणा लेओस् र महिलाहरुलाई रोजगारी दिनेर्तफ पाइला चालोस् भन्ने कामना गर्नु पनि सान्दर्भिक नै देखिन्छ। बैङ्कमा सार्वजानिक यातायातहरुमा महिला कन्डक्टरहरुले काम गरिनै रहेका छन् भने अवसर पाएको खण्डमा यहाँका महिलाहरुले पनि गर्न नसक्ने भन्ने प्रश्नै उठदैन ।

अन्तमा, सुमित्रा दंगालले हाल सुरु गर्नुभएको यस कार्यमा वहाँलाई सफलता मिलोस् र वहाँ एक प्रेरणा स्रोतको रुपमा आम महिलाहरुबीच रहिरहन सफल हुनुहोस् भन्ने कामना गर्नुका साथै वहाँलाई संरक्षकत्व प्रदान गर्ने काममा महिला संघ संस्थाहरु संकुचित नवनुन भन्ने अनुरोध गर्नु मैले आफ्नो कर्तव्य ठानेको छु ।

*(२०५४ मंसिर १६)*

# वेश्यावृत्तिले उठाएका केही कुराहरू

हालै भारतको कलकत्तामा 'वेश्या'हरुको तीन दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ जसमा ३००० वेश्याहरु सहभागी भएका थिए र यसलाई "यौन कार्यकर्ताहरुको पहिलो सम्मेलन" भनेर भनिएको छ । यस सम्मेलनले वेश्यावृत्ति (Prostitution) लाई 'वास्तविक काम' को रुपमा लिई वेश्यावृत्ति (जसलाई उनीहरुले पेशा भनेका छन्) लाई कानुनी मान्यता दिइनु पर्ने माग गरेका छन् । उनीहरुको यस मागले त्यहाँ विवाद सृजना गरेको छ । उनीहरुको यस प्रकारको मागलाई "पूर्णतया प्रतिकूल र निन्दनीय" भएको ठहर गर्दै भारतको राजधानी दिल्लीस्थित १४ वटा महिलासँग सम्बन्धित संस्थाहरुले उनीहरुको त्यस सम्मेलन चेलीबेटी बेचबिखन विरुद्धको ऐनको प्रतिकूल भएको र सो सम्मेलनले महिलाहरुको स्थितिमा सुधार ल्याउनुको साटो महिलाहरुलाई झन् उपभोग्य वस्तुको रुपमा प्रस्तुत गर्नमा सहयोग पुऱ्याउने कुरा बताएका छन् । ती संस्थाहरुका अनुसार वेश्यावृत्तिले चाहे स्वेच्छिक होस् वा चाहे बाध्यताबस अपनाइएको होस्, मानव अधिकारको उल्लंघन गर्दछ र अन्ततः मानव शरीरको अपमान नै गर्दछ । यसरी बिरोधमा उत्रने महिला संस्थाहरुमा - अखिल नेपाल महिला दक्षिता समिति, संयुक्त महिला कार्यक्रम (Joint Women's Program), सामाजिक अनुसन्धान केन्द्र (Centre for Social Research), परिवर्तन, भारतीय महिलाहरुको राष्ट्रिय महासंघ, भारतीय सामाजिक संस्था (Indian Social Institute), स्ट्रीबल (Streeball) आदि छन् ।

वेश्यावृत्तिलाई कामको रुपमा स्वीकारेर यसलाई कानुनी मान्यता दिइनुले यस कार्यमा लागेका महिलाहरुमाथि हुने गरेको शोषणको अन्त हुन्छ र यसबाट स्वास्थ्य सेवाको स्थिति पनि राम्रो हुनेछ भन्ने तर्क यौन कार्यकर्ताहरुको रहेको थियो । तर, महिलासँग सम्बन्धित संस्थाहरुले उनीहरुको उक्त तर्कलाई भारतभित्र गलत कार्यलाई संगठित रुपमा जीवन वृत्तिको माध्यम बनाउने एक पतनमुखी कार्य भनेर आलोचना गरेको छन् ।

महिला दक्षिता सिमितिका अध्यक्ष सुमन कृषन कान्तले यौन कार्यकर्ताहरुको

मागप्रति कडा शब्दमा आफ्नो आक्रोश व्यक्त गर्नु भएको छ । वहाँ भन्नुहुन्छ - समाजको एक हिस्सालाई अरुको अनैतिक आनन्दको लागि स्वास्थ्य परीक्षण, पेन्सिलिन र कण्डोमद्वारा सफाइ गरेर जिउँदो शौचालय बनाउन हामी सक्दैनौं र बनाउन पनि हुँदैन । वहाँ अझै भन्नुहुन्छ - वेश्यावृत्ति हाम्रो समाजमा कहिल्यै आदरयोग्य हुन सक्दैन (द सण्डे टाइम्स अफ इण्डिया नोभेम्बर २३, १९९७) ।

नेपालमा पनि वेश्यावृत्ति हाल आएर फष्टाउन थालेको छ र यसले संस्थागत रुप लिन थालेको संकेत देखिन थालेको छ । हालै राजधानीमा एक गैर सरकारी संस्था (एन.जि.ओ.) को नाममा वेश्यावृत्ति संचालन गरिरहेका गोपाल थापा पक्राउ पर्नु र निजसँग मुछिएर मन्त्री, सांसद एवं प्रहरी अधिकृतहरु समेतको संलग्नता भएको समाचारहरु प्रकाशनमा आउनु वेश्यावृत्तिले संस्थागत रुप लिन लागेको संकेत हो । साथै वेश्यावृत्तिमा संलग्न हुनेहरुको संख्या पनि बढ्न थालेको देखिन्छ । कतिपय ठाउँमा पक्राउ परेका यौन कार्यकर्ताहरुले बताए अनुसार कतिपय अवस्थामा उनीहरुलाई प्रहरीबाट समेत सहयोग प्राप्त हुने गरेको छ ।

वेश्यावृत्तिलाई काम भन्ने कि नभन्ने विवादको विषय नै रहेको छ भने कतिपयले त यसलाई पनि पेशा (Profession) सम्म भनेका छन् । कुनै हिसाबले वेश्यावृत्तिलाई काम (Work) को रुपमा लिए पनि पेशा (Profession) को रुपमा भने लिन मिल्ने देखिदैंन । पेशा हुनको लागि विज्ञान वा कलाको क्षेत्रको निश्चित समयसम्मको अध्ययन (ज्ञान) र सोबाट प्राप्त हुन दक्षताको जरुरत पर्दछ । यसै कारणले चिकित्सा र औषधी विज्ञान (Medical science), इञ्जिनियरिङ्ग, वकालत आदिलाई पेशाको रुपमा लिने गरिन्छ । वेश्यावृत्ति ज्ञान र दक्षताको आधारमा प्रदान गरिने सेवाको ठिक विपरीत आफ्नो शरीरको कुनै भाग यौन कार्यकर्ताले अरुको आनन्दको लागि समर्पण गर्दछन् । जसको लागि कुनै ठोस ज्ञान र दक्षताको जरुरत पर्दैन । यसर्थ, वेश्यावृत्ति पेशा नभएर जीवन वृत्तिको एक माध्यम भएको देखिन्छ ।

वेश्यावृत्तिको पछाडि आर्थिक कारण मूलरुपमा रहेको हुन्छ भन्ने कुरा महिलासँग सम्बन्धित एक अन्तराष्ट्रिय एटलस उल्लेख गर्दछ । उक्त एटलसका अनुसार जहाँ महिलाहरुलाई पुरुषभन्दा कम पारिश्रमिक दिइन्छ र उनीहरुको शरीर अर्थात् उनीहरुसँग भएको वस्तु जसलाई पुरुषहरु पैसा तिर्न रुचाउँछन् यस्तो अवस्थामा वेश्यावृत्ति फस्टाउँछ । सिद्धान्ततः चार किसिमका वेश्यावृत्तिहरु संभव

देखिन्छ भन्दै इयान रोवर्टसन आफ्नो पुस्तक 'सोसियोलोजी' मा लेख्छन् - पुरुषको लागि महिला, महिलाको लागि पुरुष, महिलाको लागि महिला र पुरुषको लागि पुरुष । व्यवहारिक रुपमा हेर्दा पछिल्लो दुई प्रकार ज्यादै कम देखिन्छ भने सबभन्दा ठूलो संख्यामा पुरुषको सेवामा समर्पित महिलाहरु वेश्यावृत्तिमा संलग्न पाइन्छन भन्ने पनि उक्त पुस्तकमा उल्लेख गरिएको छ ।

माथि उल्लेखित कुराहरुलाई हेर्दा यो स्पष्ट हुन आउँछ कि वेश्यावृत्ति भन्नाले, केही अपवादलाई छोडेर पुरुषहरुको लागि महिलाद्वारा पैसाको लागि आफ्नो शरीरलाई वस्तु सरह बिक्री गर्नु हो । यस सन्दर्भमा, वेश्यावृत्तिको समस्या भनेको महिलासंग सम्बन्धित समस्या हो र यसलाई समग्र नारी आन्दोलनकै एक हिस्साकौ रुपमा लिइनु पर्दछ । साथै वेश्यावृत्ति महिलासंग सम्बन्धित संस्थाहरुकै चासोको विषय हुनु पर्दछ। यसरी हेर्दा, कलकत्तामा जम्मा भएका यौनकार्यकर्ताहरुको मागलाई लिएर भारतका महिलासंग सम्बन्धित संस्थाहरु वहसमा उत्रनु वास्तवमा सान्दर्भिक भएको छ । यौन कार्यकर्ताको रुपमा रहेका महिलाहरुसंग विवादमा महिलाहरु नै उत्रनुले त्यसभित्रका वास्तविकतालाई सही ढंगबाट  बुझ्नमा सघाउ पुऱ्याउने संभावना बढी हुन्छ ।

वेश्यावृत्तिलाई 'काम'को रुपमा स्वीकार गरेर यसलाई कानुनी मान्यता दिएतापनि वेश्यावृत्तिलाई समाजमा आदरयोग्य स्थान भने प्राप्त हुनसक्ने देखिदैन । वेश्यावृत्तिको पछाडि मूलतः आर्थिक कारण रहेको हन्छ र सुगम अर्थोपार्जनको लागी वेश्यावृत्ति अंगाल्ने वा अर्थोपार्जनको अन्तिम विकल्पको रुपमा वेश्यावृत्ति अपनाउने महिलाहरु भेटिन्छन् । अतः वेश्यावृत्ति अन्जान लहैलहैमा वा बाध्यतावस स्वीकारीएको 'व्यवसाय' हो जुन लागू पदार्थको दूर्व्यसनीलाई जस्तो एकपटक अपनाएपछि उक्त व्यवसाय छोडेर पुनर्स्थापना (Rehabilitate) हुन प्रायः असम्भव हुन्छ । दूर्व्यसनीहरुको विरुद्धमा अभियान चलाउन विवाद हुने गर्दैन, सबैको एकमत हुन्छ । तर, वेश्यावृत्तिको विरुद्ध अभियान चलाउँदा भने विवाद बढी हुने गर्दछ । प्रथमतः यौन कार्यकर्ताहरुबाटै यसको प्रतिरोध सुरु हन्छ । दोस्रो, समाजका केही बुद्धिजीवी भनिनेहरु वेश्यावृत्तिलाई समाजको एक अभिन्न अंगको रुपमा व्याख्या गर्दै वेश्यावृत्तिको आवश्यक्ताको वकालत गर्दछन् र तेस्रो चाहिँ वेश्यावृत्तिलाई समाजको एक अभिन्न खराबी भनेर आफ्नो टाउको जोगाउँछन् ।

यौन कार्यकर्ताहरुबाटै वेश्यावृत्तिको समर्थनमा कुराहरु आउनु भनेको उनीहरुको बाध्यताको अभिव्यति हो र जुन सामाजिक-आर्थिक परिस्थितिले गर्दा उनीहरुले वेश्यावृत्ति अंगाल्न पुग्ने समाजप्रतिको वितृष्णा पनी हो । साथै वेश्यावृत्तिमा संलग्न हुने समाजका ती तथाकथित इज्जतदारहरुप्रतिको व्यंग्य समेत हो । दोस्रोखाले तर्क गर्नेहरु पश्चिमी समाजलाई आफ्नो आदर्श मान्दछन र त्यस समाजका दुबै संगति एवं विसंगतिलाई समेत राम्रो र अनुकरण योग्य मानेर त्यसैको परिकल्पनामा डुब्नेहरु हुन, उनीहरु तर्क गर्न पछाडी पर्दैनन् कि अमेरिकामा, युरोपमा वेश्यावृत्ति हुने गर्दछ भने हामीकहाँ किन नहुने । विकसित देशमा समेत हुने गरेको वेश्यावृत्ति हाम्रो देशमा पनि हुनु गौरवको कुरा हो भन्न समेत उनीहरु पछी पर्देनन् । तेस्रोखाले विचार राख्नेहरु विकसित भनिने समाजलाई हेर्दछन् र त्यहाँ पनि वेश्यावृत्ति हुने गरेको थाहा पाएपछि सजिलै निष्कर्श निकाल्छन् कि यो समाजको विकाससंगै आउने एक अपरिहार्य खराबी रहेछ । उनीहरु वेश्यावृत्तिलाई राम्रो चाहीँ मान्दैनन् तर त्यसको विकल्प पनि नभएको ठहर गर्दछन् । वास्तवमा, वेश्यावृत्ति चेतनाको अभाव वा सामाजिक-आर्थिक परिस्थितिका कारण अपनाइएको हुन्छ । लागु पदार्थजस्तै यो पनि एक दूर्व्यसन हो र लागु पदार्थजस्तै यो पनि समाजको एक खराबी हो । कसैले लागू पदार्थ सेवन गर्दा अर्को कसैलाई आन्नद आउने हुनु हुँदैन र लागू पदार्थ सेवन गर्नेले आर्थिक उपार्जन गर्न सक्दैन भने वेश्यावृत्तिमा चाहिँ अर्को कसैले (खास गरी पुरुष) आनन्द प्राप्त गर्दछ भने त्यसमा संलग्न हुने यौन कार्यकर्ताले (खास गरी महिला) पैसा प्राप्त गर्दछन् । यस आधारमा हेर्दा वेश्यावृत्तिमा संलग्न हुने दुबै पक्ष 'फाइदा'मा हुन्छन् । यही कारण हो आम रुपमा पुरुषहरु वेश्यावृत्तिको अपरिहार्यताको बारेमा तर्क पेश गर्दछन भने यौन कार्यकर्ताहरु चाहिँ यस व्यवसायको पक्षमा वकालत गर्ने गर्दछन् । यहाँनेर पुरुषहरुले पेश गर्ने तर्कमा उनीहरुको स्वार्थ गाँसिएको छ भने यौन कार्यकर्ताहरुले गर्ने वकालतमा उनीहरुको बाध्यता बोलेको हुन्छ ।

महिलासंग सम्बन्धित एक अन्तराष्ट्रिय एटलस उल्लेख गर्दछ कि महिलाहरुको बेचबिखन अन्तराष्ट्रियरुपमा नै फष्टाउँदै गइरहेको छ । बेचबिखन भन्नाले महिलाहरुको स्थानान्तरण, साटासाट र बिक्री भन्ने बुझ्नुपर्दछ र यस्तो बेचबिखनको सारा जंजाल पुरुषहरुले नै सृजना गरेका हुन्छन र त्यसको परिचालन र नियन्त्रण समेत पुरुषहरुले नै गर्दछन । महिलाहरुको बेचबिखन तीन किसिमबाट हुने कुरा पनि सोही एटलसमा उल्लेख गरिएको छ । जसअनुसार पहिलो, यौटा

देशमा यौन कार्यकर्ताको रुपमा रहेका महिलाहरुलाई अर्को देशमा सरुवा गरिन्छ । यस्ता धेरै महिलाहरु दलालहरुको नियन्त्रणमा हुने भएकोले यस प्रकारको सरुवामा उनीहरुको कुनै प्रतिक्रिया हुन सक्दैन र उनीहरु पुरुषहरुबीच साटिने एक वस्तु मात्र बन्न पुग्छन् । दोस्रो, गरिब परिवारहरुले आफ्ना छोरीहरुलाई वेश्यावृत्तिको निमित्त बेच्दछन् । कतिपय परिवारहरुलाई महसुस भएको हुन्छ कि तिनीहरु आफ्नो छोराछोरीहरुलाई वेश्यावृत्तिको लागि बचिरहेका छन् । तर, तिनीहरुलाई भनिएको हुन्छ कि तिनीहरुको बच्चा घरेलु कामदारको रुपमा काममा लगाइएको छ । तेस्रो, गरिबीमा रहेका महिलाहरुलाई झुक्याएर अर्थात् होटल वा रेष्टुराँमा वा घरमा काम लगाइदिने जस्तो बहाना बनाएर ल्याउने र जबर्जस्ती वेश्यावृत्तिमा फसाउने । यसप्रकार, महिलाहरुको अन्तराष्ट्रिय बेचबिखनले यौन दासत्वको रुप लिएको कुरा पनि सोही एटलसमा उल्लेख गरिएको छ ।

साँच्चै नै सभ्य समाजको लागि यस्तो कार्य लज्जाको विषय हो भने आम महिलाहरुको लागी यो स्थिति भयावह छ । यसको अतिरिक्त, वेश्यावृत्तिमा संलग्न हुने महिलाहरु यसबाट उत्पन्न हुने सम्पूर्ण दुःखहरु भोग्न बाध्य हुन्छन् भने यौन कार्यकर्ताहरुको शोषण गर्ने पुरुषहरु भने झण्डै झण्डै हरेक अवस्थामा स्वतन्त्र हुन्छन् । वेश्यावृत्ति अबैध मानिने देशहरुमा समेत महिलाहरु पक्राउ पर्दछन र उल्टै पक्राउ पर्ने प्रहरीबाटै शोषित हुन पुग्छन् र उनीहरु कारबाही बाट बच्दछन् । यस्तो सामाजिक वातावरणमा 'नेम' (नाम), 'फेम' (प्रतिष्ठा) र 'फर्चुन' (भाग्य अर्थात् पैसा) भन्ने प्रचार गरेर 'नेम, फेम र फर्चुन' को आकर्षणमा महिलाहरुलाई 'ग्लेमर'को क्षेत्रतिर आकर्षित गर्दै उनीहरुको शरीर (नग्नता) प्रदर्शन गर्दै नाफा कमाउने 'व्यापारी'हरुबाट आम महिलाहरुलाई स्वतन्त्र बनाउन एक बृहत कार्यक्रम तर्जुमा गर्न आवश्यक भएको छ । आजका आधुनिक भनिने महिलाहरुलाई हलिउडका अभिनेत्रीहरुको तथाकथित 'नेम फ्रेम र फर्चुन' को आकर्षणले धेर वा थोर मात्रमा दास बनाएको छ र यस प्रकारको मानसिक दासत्वबाट मुक्त हुनु आम महिलाहरुको निमित्त अपरिहार्य भएको छ। यसको निमित्त फेरि पनि महिलाका संस्थाहरुले एकीकृत रुपमा दीर्घकालीन एवं अथक कार्यक्रमहरु अभियानको रुपमा अगाडि बढाउनु पर्ने हुन्छ। व्यक्तिगत स्वतन्त्रताको नाममा जसरी मानिसलाई आत्महत्या गर्ने वा अरुको हत्या गर्ने छुट छैन त्यसरी नै स्वतन्त्रताको नाममा समग्र महिलाहरुको मानवीय छविको हत्या गरी वस्तु सरह बनाउने अधिकार पेशा अंगाल्ने महिला एवं पेशा

संचालन गर्ने पुरुषहरु दुबैलाई हुनु हुँदैन ।

आकर्षण महिला तथा पुरुष दुबैमा हुनु उत्तिकै आवश्यक छ र दुबै महिला तथा पुरुष आकर्षक बन्नु पनि आवश्यक हुनसक्छ। आकर्षक बन्न पुरुषहरुले सुट र टाई लगाए हुन्छ तर महिलाहरुलाई आकर्षक बन्न शरीर प्रदर्शन हुने खालका पोशाक र अग्ला अग्ला जुत्ताहरु लगाउनु पर्ने माहौल खडा गरिएको छ । यिनै सामाजिक माहौलभित्र पुरुषले आफूलाई दृढनीश्चयी र स्वामी (Owner) को रुपमा विकसित पारेको हुन्छ भने महिलाहरुले आफुलाई काँतर, दोधारे र समर्पित (Submissive) को रुपमा विकसित पारेको हुन्छ। यसलाई हाम्रो समाज व्यवस्थामा रहेको सदियौंदेखीको व्यवहारले निर्धारण गरेको छ । यसर्थ यसमाथी विजय पाउन हामीले पनि लामो समयसम्म प्रयास गर्नुपर्ने हुन्छ । वेश्यावृत्ति पनि यीनै सेरोफेरोभित्रको उपज हो । अतः यसको निराकरणको लागि समाज वा राष्ट्रले जिम्मेवारी लिनुपर्ने हुन्छ ।

महिलाहरुको स्वास्थ, शिक्षा, रोजगारी र सुरक्षाको जिम्मेवारी राष्ट्रले लिनु पर्ने हुन्छ। राष्ट्रिय ढुकुटी खर्च गरेर भत्ता र सुविधा लिएर राष्ट्रको झण्डा फहराएर गाडीमा गुड्ने अर्थात् सरकार चलाउनेहरुले आम महिलाको हित र सुरक्षालाई राष्ट्रको जिम्मेवारीभित्र नपारेर उल्टै देशभित्र वेश्यावृत्तिलाई व्यक्तिगत स्वतन्त्रता वा वैकल्पिक रोजगारीको रुपमा स्वीकार्न खोज्नुले भने मानव सभ्यताको विकास भएको मान्न सकिदैंन चाहे त्यो सरकार जुनसुकै राष्ट्रको किन नहोस् ।

वेश्यावृतिलाई कानुनी मान्यता दिलाउने सन्दर्भमा भारतको महाराष्ट्र राज्यमा सरकारद्वारा गठित एक आयोगले यस सम्बन्धि कानुनको प्रारुप तयार पारेको छ । यसद्वारा वेश्यावृति व्यवस्थित तवरबाट संचालन हुने र यौनजन्य रोगहरु नियन्यत्रण हुने कुरा अगाडि सारिएको छ । तर उक्त प्रस्तावमा भएको कतिपय व्यवस्थाहरुले 'रेड लाइट' क्षेत्रमा काम गर्ने महिलाहरुको मानव अधिकारको हनन गरेको छ भन्ने त्यहाँको सामाजिक कार्यकर्ताहरुले आरोप लगाइएका छन् । उक्त कानुनअनुसार यौनजन्य संक्रामक रोग (STD) लागेका महिलाहरुको वर्गीकरण गरिनेछ। यसको लागि एक जिल्ला स्तरीय यौन कार्यकर्ता कल्याण समितिको गठन गरिनेछ र यसका विभिन्न कार्यहरुमध्ये यसले संक्रामक रोग लागेका यौन कार्यकर्ताहरु प्रष्ट रुपमा चिनिउन भनेर त्यस्तो महिलाहरुको शरीरमा नमेटिने मसीले छाप (Stamp) लगाउने छ। यस व्यवस्थाले आजको 'आधुनिक' एंव 'सभ्य' मानिने समाजमा महिलाहरुलाई

पशुभन्दा पनि तल - एक निर्जीव वस्तु (Commodity) को रुपमा प्रस्तुत गर्न खोजेको छ । उपभोग गर्न हुने मिति (Expiry date) राखेको खाद्य पदार्थ र संक्रामक रोगको छाप लागेका यौन कार्यकर्ताहरु अर्थात् महिलाहरुबीच भिन्नता नै के रह्यो र ?

यौन कार्यकर्ताहरुले शरीरमा छाप (Stamp) लगाउने व्यवस्थाको बारेमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै 'रेड लाइट' क्षेत्रमा गैर सरकारी संस्था (NGO) संचालन गर्ने शिल्पा मर्चेन्ट भन्नुहुन्छ कि यो मानवाधिकारको उल्लंघन हो र यस प्रक्रियाबाट कसैलाई पनि 'छाप' लगाइनु हुँदैन । उहाँ भन्नुहुन्छ, किन यी महिलाहरु नै पुलिस र कोठीका संचालककहरुबाट शोषित भएका छन् र संक्रामक रोग फैलाउनेको रुपमा हेरिन्छ ? तिनिहरुको ग्राहकको बारेमा चाहिँ के नि ? उहाँ प्रश्न उठाउनु हुन्छ । वास्तवमा यौनजन्य संक्रामक रोग फैलाउनमा यौन कार्यकताहरुभन्दा तिनीहरुको ग्राहकले बढी भूमिका खेल्दछन् । किनकि यौन कार्यकताहरुभन्दा तिनीहरुका ग्राहकहरु धरै ठाउँमा पुग्दछन् । वेश्यालयदेखि घरसम्म यौनजन्य संक्रामक रोग फैलाउने काम यौन कार्यकताहरुबाट नभएर तिनिहरुका ग्राहकहरु (मूलतः पुरुषबाट) नै हुने गर्दछ । यसै कुरालाई लिएर त्यहाँका सामाजिक कार्यकर्ताहरु आक्रोशित भएका छन् । उनिहरु भन्छन् - सबभन्दा चित्त नबुझ्दो कुरा त यसप्रकार वर्गीकरण गर्ने कार्य यौन कार्यकताहरुको लागि मात्र भयो । तर त्यस्ता ग्राहकहरु जो संक्रामक रोग फैलाउने कुरामा त्यत्तिकै जिम्मेवार छन् तिनीहरुको वर्गीकरण गर्ने बारेमा भने उक्त कानुनमा कुनै व्यवस्था नै छैन् । यद्यपि, संक्रामक रोग लागेका ग्राहकलाई भारतीय रुपैयाँ ५००० सम्म जरिवाना हुनसक्ने व्यवस्था छ । तर, समाजिक कार्यकर्ता भन्छन् कि सम्बन्धित निकायलाई त्यस्ता ग्राहकहरु नियमित रुपमा पत्ता लगाउने कार्य भने संभव देखिदैन ।

वेश्यावृत्तिलाई कानुनी मान्यता दिने कार्यले वेश्यावृत्ति निरुत्साहित हुने होइन कि बरु उल्टै महिलाहरुको बेचबिखनमा वृद्धि हुने धारणा पनि विज्ञहरुको रहेको पाइन्छ । वास्तवमा, वेश्यावृत्तिमा - यौन कार्यकर्ताको रुपमा महिलाहरुको अतिरिक्त ग्राहकको रुपमा पुरुष लगायत कोठीका संचालक, दलाल, लगानीकर्ता एंव घरधनीको समेत संलग्नता हुने हुँदा - वेश्यावृत्तिलाई कानुनी मान्यता दिएर ' व्यवस्थित' (Regulate) गर्ने नाममा महिलाहरुमाथि मात्र कानुनी रुपमा शोषण गर्न खोज्नु आश्चर्य मात्र नभएर चिन्ताको विषय बन्नुपर्दछ र सचेत समाजिक

कार्यकर्ताहरु यसप्रति चिन्तित भएको पनि पाइएको छ । विश्वको कुनै एक कुनामा सुन्दरी प्रतियोगिता भएको खबर उत्साहकासाथ प्रकाशित हुने र उत्साहकासाथ पढिने हाम्रो समाजमा महिलाहरुमाथि संस्थागत रुपमा हुन लागेको वा हुने गरेका कतिपय कुराहरुले पत्रपत्रिकामा स्थान नपाउनु तथा सचेत सामाजिक कार्यकर्ताहरुबीच बहस एंव छलफलको विषय हुन नसक्नु पनि आश्चार्य एंव चिन्ताको विषय हुन पुगेको छ । यो कुरा स्पष्टै छ कि वेश्यावृत्तिमा संलग्न हुनुको पछाडि आर्थिक कारण प्रमुख रहेको हुन्छ चाहे अर्थको अभाव बाध्यताको कारणले होस् वा शोख पूरा गर्नको गर्नको लागि होस् । फेरि, आजको पुँजीवादी अर्थव्यवस्थाले मानिसलाई पैसाको लागि अन्धो नै बनाईदिएको हुन्छ जसले गर्दा जतिसुकै शिक्षित भए पनि मानिसहरु पैसाको लागि बाध्यात्मक परिस्थिति नभएको अवस्थामा समेत सामाजिक विकृतितर्फ आकर्षित हुने गर्दछन् । यसर्थ, चेतनास्तरको विकासको सथसाथै महिलाहरुको समाजिक सुरक्षा एंव वैकल्पिक रोजगारीको व्यवस्थाले त्रमशः वेश्यावृत्ति अंगाल्ने यौन कार्यकताहरुमा सकरात्मक परिवर्तन ल्याउन सक्ने देखिन्छ । यसको लागि राजनैतिक प्रतिबद्धता र उच्च समाजिक सचेतनताको जरुरत पर्दछ ।

उदाहरणको लागि यहाँ नेपालको नेपालगन्जस्थित गगनगंजको केही चर्चा गरौं । गगनगंज एक समय वेश्यावृत्तिको लागि चर्चित स्थान थियो । अर्थात् गगनगंज वेश्यावृत्तिको लागि आधिकारिक एवं व्यवस्थित स्थान थियो । मानौ अनौपचारिक रुपमा मान्यता प्राप्त स्थान थियो । त्यसबखत यौन कार्यकर्ताको खोजिमा जाने ग्राहकहरु गगनगंजका कुनै पनि घरका ढोकाहरु निस्फिक्री ढकढकाउने गदर्थे । अझ, गगनगंजको सडक मा हिंड्ने जोसुकै महिलालाई पनि ग्राहकहरु सडकमै दरभाउ गर्न पछि पर्दैन थिए । फलस्वरुप, गगनगंजमा बाहिरका (तर वेश्यावृत्तिमा संलग्न हुन नचाहने) महिला वा पुरुष दुबै जान मन गर्दैन थिए ताकि 'वेश्या' वा 'वेश्यावृत्ति'मा संलग्न भएको वा हुन गएको भनी नठानियोस् । यस्तो स्थितिमा गगनगंजमा जीवन कति तनावपूर्ण थियो होला सजिलै अनुमान गर्न सकिन्छ । भनिन्छ, आजभन्दा दश वर्ष अघिसम्म त्यहाँ पचास जनाभन्दा बढी यौन कार्यकताहरु थिएनन् तर २०५२ सालसम्ममा त्यहाँ यिनीहरुको संख्या ४५० पुगिसकेको थियो र त्यहाँ वेश्यावृत्तिमा संलग्न हुन सल्यान, दाङ्ग, बर्दिया, कञ्चनपुर, सुर्खेत आदि ठाँउहरुबाट समेत महिलाहरु आउँथे वा ल्याइन्थे (दिलभुषण पाठक, कान्तिपुर, २०५४ मंसिर २९) भने वेश्यावृत्ति लागि देशका विभिन्न ठाउँ लगायत भारतका लखनउ मात्र नभई

दिल्लीबाट समेत ग्राहकहरु आउने गर्दथे । यसबाट के देखिन्छ भने वेश्यावृत्तिको व्यवस्थित गर्ने कार्यले वेश्यावृत्तिमा कमि आउने, महिलाहरुको बेच बिखन घट्ने र महिलाहरु शोषित हुनबाट बच्ने नभई झन् वृद्धि नै हुने देखिन्छ ।

वेश्यावृत्तिको सुरक्षित थलोको रुपमा विकास भई गगनगंजले त्यहाँको समाजिक मर्यादामाथि नै एक प्रश्न चिन्ह उठाएपछि २०५२ साल चैत महिनामा राजनैतिक पार्टीका प्रतिनिधिहरु समेत रहेको एक लागू पदार्थ दुर्व्यसन तथा वेश्यावृत्ति रोकथाम सिमिति त्यहाँका स्थानिय व्यक्तिहरुद्वारा गठन भयो । रमाइलो कुरा के भयो भने समाजिक जनजीवनको सुरक्षाको जिम्मा लिनुपर्ने प्रमुख जिल्ला अधिकारीले उक्त समितिलाई दर्ता नभएको भनेर निरुत्साहित पारेछन् । तर, उनिहरुले नगरपालिकाको बैठकबाट सो समितिलाइ पारित गराई आफ्नो कार्यलाई अगाडि बढाए । यसपछि, उक्त समितिले प्रहरीको समेत सहयोगमा वेश्यावृत्तिमा संलग्न नहुन आग्रह गरे । यस कार्यमा संलग्न केही महिलाहरुलाई वैकल्पिक रोजगारीको रुपमा स्थानीय क्षेत्रीय अस्पतालमा जागिर दिलाइयो । केहीको विवाह समेत गराउने काम भयो । यसैगरी केही महिलाहरु भने टोल छाडेर गए र केही भने अब उप्रान्त त्यस्तो कार्य नगर्ने गरी त्यसै स्थानमा बस्न थाले । यसपछि उक्त टोलको नाम परिवर्तन गरी दशरथ टोल गरिएको छ । यस कार्यले समाजिक पुनः स्थापनाको एक सकारात्मक प्रयासको उदाहरण पेश गरेको छ । हाल आएर उक्त क्षेत्रमा यौन रोग समेत कम भएको कुरा चिकित्सकले बताएका छन् (दिलभुषण पाठकको रिपोर्टमा आधारित) ।

उल्लिखित चर्चाहरुबाट हामीले बुझ्नुपर्ने कुरा के हो भने वेश्यावृत्ति आधुनिक एवं सभ्य भनिने समाजको एक अभिन्न उपज नभएर एक बाध्यात्मक उपज हो । यसलाई व्यवस्थित गरेर नभई पुनःस्थापनाको कार्यबाट समाजलाई उन्नत एंव सभ्य बनाउन सकिने र पुनःस्थापनाको कार्यबाट नै महिलाहरुको सम्मान हुने स्पष्ट देखिन्छ । अर्थात् वेश्यावृत्ति जुनसुकै अवस्थामा पनि महिलाको अस्मितामाथिको प्रहार हो र महिलाहरुमाथि हुने शोषणको नै एक रुप हो ।

*(२०५४ मंसिर २३, पुस ७ र पुस १४)*

# कल्पना, कल्पना भन्दा पर

सन् १९९७ को नोभेम्बर महिनामा १६ दिन १७ घण्टा र ३४ मिनेटको लागि कोलम्बिया नामक अन्तरीक्षयान सूर्यसम्बन्धी अध्ययनको लागि अन्तरीक्ष (Space) मा प्रक्षेपण गरिएको थियो । त्यस यानमा भारतस्थित हरियाणाको कर्नालमा जन्मिएकी (अमेरिकी नागरिक) कल्पना चावला अन्य पाँचजना सहयात्रीहरुको साथमा उक्त अन्तरीक्ष यात्रामा सहभागी हुनु भएको थियो । पुरुषहरुले आधिपत्य जमाएको यस प्रकारको कार्यमा सहभागी हुन पाउने कल्पना अन्तरीक्षमा पुग्ने पहिलो एसियाली महिला हुनुहुन्छ । हुनतः वहाँलाई 'भारतीय' नभएर 'अमेरिकी' नागरिक भन्नेहरु पनि नभएका होइनन् । नेहरु प्लानेटोरियम (Nehru Planetarium) का निर्देशक जे. जे. रावल भन्नुहुन्छ कि कल्पना चावला भारतीय नभएकोले, उहाँले ल्याउने सूचना भारतीयहरुको पहुँचभन्दा बाहिर हुनेछ। तर, अन्तरीक्षमा जाने प्रथम भारतीय नागरिक राकेश शर्मा भन्छन् - कल्पना चावला भारतीय हुनु वा अमेरिकी हुनु कुनै खास महत्वपूर्ण कुरा होइन । जहाँसम्म वैज्ञानिक प्रयोगका कुराहरु छन् उहाँले गर्ने कार्य उपयोगी छन् । वास्तवमा, वैज्ञानिक प्रयोग र उपयोगिताको सावालमा राकेश शर्माको भनाइ बढी सान्दर्भिक हुन सक्छ। यहाँ मैले यौटी महिलाले प्राप्त गरेको यो अवसर र प्राप्त चुनौतीपूर्ण अवसरलाई स्वीकार गर्न सक्ने उहाँको क्षमताको सामान्य चर्चा गर्न लागेको हुँ । सामान्यतः महिलाको छविलाई यौन-वस्तु (Sex-object) को रुपमा प्रस्तुत गर्ने आजको उपभोक्तावादी समाजमा आम महिलाहरु पनि आफू थाहा पाएर वा नपाएर, बुझ्रेर वा नबुझ्रेर यसै संस्कृतिको शिकार आफैँ बनिरहेको सन्दर्भमा र नेपालका पनि आम महिलाहरु 'स्वतन्त्रता'को नाममा पश्चिमी/अमेरिकी विकृतितर्फ बढी आकर्षित हुँदै गइरहेको सन्दर्भमा कल्पना चावलाको त्यस चर्चाले महिलालाई स्वतन्त्रताको अर्थ बुझ्न र आफ्नो क्षमताको पहिचान गर्नमा सकारात्मक भूमिका खेल्ने मैले महसुस गरेको छु ।

'नेम, फेम र फर्चुन' (नाम, प्रतिष्ठा र भाग्य अर्थात् पैसा) भनेर बढाइ चढाइ गर्दै 'ग्लेमर'को क्षेत्रतिर महिलालाई आकर्षित गरी 'नाफा'को व्यवसाय

चलाउनेहरुका लागि कल्पना चावलाको यो अन्तरीक्ष यात्रा र उहाँको क्षमता ठूलो चुनौति हो । फेसनको नाममा वा कलाको नाममा शरीर प्रदर्शन गर्दै 'नेम, फेम र फर्चुन' को पछि दगुर्नेहरुको लागि बलियो जवाफ हो - कल्पना चावला । सुन्दरी प्रतियोगितामा विलक्षणता (Talent) खोज्नेहरुले कल्पना चावलाको विलक्षणता र क्षमतामा के पाउने हुन् उत्तर उनीहरुबाटै आशा गर्नु मनासिव होला ।

कल्पना चावलाले पंजाव इन्जिनियरिङ्ग कलेजको आफ्नो शिक्षकले उहाँलाई मेकानिकल वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमध्ये एक छान्न दिएको सुझावलाई स्वीकार गर्नु भएन र एरोनोटिकल इन्जिनियरिङ्ग विषय नै रोज्नुभयो र वहाँ उक्त कलेजको पहिलो महिला एरोनोटिकल इन्जिनियर हुनु भयो । त्यसपछि वायुयानसम्बन्धी (Aviation) अझ बढी दक्षता एवं ज्ञान हासिल गर्न निमित्त वहाँ अमेरिका पुग्नुभयो । अमेरिकामा वहाँले यसै विषयमा स्नातकोत्तर एवं विद्यावारिधी (Ph.D) पनि हासिल गर्नुभयो । वहाँले व्यावसायिक वायुयान चालक (Pilot) को अनुमति पनि प्राप्त गर्नुभयो भने वहाँ यससम्बन्धी प्रशिक्षकको लागि समेत योग्य हुनुभयो । यसरी आफ्नो योग्यता र दक्षतामा वृद्धि हुँदै गएपछि वहाँ अन्तरीक्ष कार्यक्रमको लागि दरखास्त हाल्न उत्प्रेरित हुनुभयो । त्यसबखत वहाँ क्यालिफोर्निया स्थित Ames Research Center मा कार्यरत हुनुहुन्थ्यो । अन्ततः २९६२ जना दरखास्तवालाहरु मध्येबाट १९ जना छानिएकोमा वहाँ पनि पर्नु भयो ।

सन् १९९५ मा Johnson Space Center मा काम सुरु गरेको एक वर्षभित्रै वहाँलाई खगोलशास्त्रीहरुको कार्यलयमा त्यससम्बन्धी थुप्रै प्राविधिक पक्षहरु (Technical issues) हेर्ने कामको जिम्मा दिइयो । वहाँको लगाव, क्षमता र दक्षताले वहाँलाई नयाँ नयाँ चुनौतिहरुको सामना गर्दै अगाडि बढ्नमा मद्दत पुर्‍यायो र अन्ततः वहाँ १९९७ को नोभेम्बर १९ तारिखका दिन पृथ्वीबाट उड्ने अन्तरीक्ष यान-Mission STS -87 को एक विशेषज्ञ समेत बन्नुभयो । यसप्रकार, अवला, निर्णायक भूमिका खेल्नमा कमजोर तथा मनोरञ्जनका साधनका रुपमा जबर्जस्त प्रतिस्थापित गरिराखिएका महिला मध्येकी एक कल्पना चावला अत्यन्त सक्षम, दृढ र निर्णयशील व्यक्तित्व भएर चम्किन सफल हुनु भयो । महिला र पुरुषबीच मात्र नभएर समग्र मानिसहरुबीचको अत्यन्तै चुनौतिपूर्ण कठिन कार्य गरी कल्पना चावलाले आफूलाई प्रतिभाशाली महिलाको रुपमा समेत प्रस्तुत गर्नुभएको छ । ग्लेमरको जादू आम

महिलाहरुको आँखामा पस्कने समाजमा कति महिलाहरुले कल्पनाको बारेमा अझै सुनेका छैनन् होलान् । डायना हेडेन (मिस वर्ल्ड १९९७) भारतकी गौरव भनेर पत्रपत्रिका विकाउनेहरुको भीडमा कल्पना चावलाको खबरले महत्व पाउन सकेको छैन होला । तर, कल्पना साँच्चै कल्पनाभन्दा पर पुगेर यस धर्तीमा फर्कनु भएको छ । वहाँको यस कार्य र लगनशीलताबाट आम महिलाहरुले केही सिक्न सके र आफ्नो क्षमता र परिवेशभित्रै पनि केही सार्थक काम गर्न खोजे नारी सम्मान र सामनताको गहिरो खाल्डो केही पुरिने विश्वास गर्न सकिन्थ्यो ।

*(२०५४ पुस २१)*

# फेशन : समयको मागमाथि टेकेको विकृति

नेपाल टेलिभिजनले जागृति कार्यक्रममा, २०५४ माघ ३ गते, फेशन सम्बधी विषयलाई छलफलमा ल्याएको थियो । मानिसको तत्कालीनको आहार एवं व्यवहारलाई फेशनको रुपमा लिन सकिन्छ । उदाहरणको लागी हिजो आज 'मम' खानु युवा युवतीहरुको फेशन बनेको छ जसरी 'जिन्स' लगाउनु पनि फेशन भएको छ । संकुचित घेराभित्र रहेका महिलाहरुका लागि यतिखेर हाम्रो समाजमा स्कुटर चढ्नु फेशन बनेको छ । यस्तै रंगीला नामक हिन्दी सिनेमा चलेको बखत नेपालका कतिपय शहरी क्षेत्रमा रातो टोपी लगाएर हिंडनु युवतीहरुका लागि फेशन बनेको थियो । यसरी व्यवहारिक रुपमा हेर्दा फेशनले मानिसको चाख र तत्कालीन समयको गतिविधिको बारेमा जानकारी गराउँछ । आधुनिक समाजले फेशनप्रति बढी जोड दिनुको कारण आधुनिक समाजहरु भविष्यतर्फ उन्मुख भएकोले हो र नयाँपनलाई "त्रासको रुपमा नभएर" "इच्छाइएको" रुपमा लिइनुले हो भन्ने उल्लेख भएको पाइन्छ । यसैगरी यसको दोस्रो कारणको रुपमा व्यापारिक उद्देश्यलाई पनि लिइएको छ । फेशनमा हुने परिवर्तन र फेशनप्रतिको आकर्षणले नाफामा वृद्धि गराउँछ । तेस्रो कारणको रुपमा प्रतिस्पर्धी एवं मानिसको स्तर-सचेत (Status Conscious) समाजमा फेशनले मानिसको अरुभन्दा भिन्नै खालको पहिचान बनाउनमा भूमिका खेल्नु हो भन्ने उल्लेख गरिएको पाइन्छ (इयान, रोबर्टसन, सोसीयोलोजी १९८७, पे. ५४८) । उल्लिखित कारणहरुलाई हेर्दा समय र समाज गतिशील एवं आधुनिकतातर्फ उन्मुख भएको कारण मानिस फेशनको हिसाबले पनि यथास्थिति (Status Quo) मा रहन चाहँदैन । उ सँधै नयाँपनको खोजिमा हुन्छ । मानिसको यस चाहनालाई माध्यम बनाएर व्यपारीहरुले फेशन तर्फ उन्मुख मानिसहरुमा नयाँपन दिएर नाफा कमाउँछन । यही व्यापारीहरुको "उत्पादनमा" हुने विविधताले मानिस मानिस बीचमा आहार र व्यवहारमा विविधता आउँने हुँदा मानिसहरुमा आ-आफ्नैपनहरु देखा पर्दछन् । समय अनुसार चलेको सालाखाला आहार र व्यवहारमा बस्ने मानिस भीडबीचमा छुट्टिदैन भने सालखालभन्दा अलि पृथक रहेका मानिसहरु चाहिँ छुट्टिन

पुग्दछन । उदाहरणको लागि, काठमाण्डौको बजारमा भोटो र कछाड लगाएर हिंडने व्यक्ति र मिनिस्कट लगाएर हिंडने युवती भीडमा सजिलै छुट्टिन्छन् । उल्लेखित दुवै उदाहरणहरु आफ्नो समय र परिवेश भित्रका फेशनका रुपहरु हुन् । यही फेशन, अर्थात् आहार र व्यवहारबाट मानिसको पछौटेपन र आधुनिकताको बारेमा जान्न सकिन्छ भने यही फेशनबाटै समाज वा व्यक्ति संस्कृति वा विकृति तर्फ उन्मुख भईरहेको छ भन्ने बुझ्न पनि सघाउ पुऱ्याउँछ । फेशनको यिनै विशेषता माथि टेकेर आफुलाई "आधुनिक" भनाउन चाहने महिला वा पुरुष भद्दा पोशााकमा विकृतितर्फ उन्मुख पनि भइरहेका हुन्छन् भने कतिपय अवस्थामा पुरातनपन्थीहरु फेशनलाई नकरात्मक रुपमा हेरेर "राम्रो"को लागी हुने परिवर्तनलाई पनि स्वीकार्न चाहँदैनन् । उदाहरणको रुपमा मुस्लिम देशहरुमा रहेको बुर्का प्रथा र पश्चिमी समाजमा चलेको "नग्नता" तर्फ उन्मुख पहिरनहरुलाई लिन सकिन्छ ।

उक्त दिनको जागृति कार्यक्रममा फेशन अर्न्तगत पहिरन सम्बन्धि छलफलले नै प्रमुखता पाएको थियो । विभिन्न "फेशन सो" ले गर्दा र आकर्षकदेखि बहुरुपीसम्मका पहिरनहरुको कारणले गर्दा फेशन भन्नासाथ हामी सामान्यता पहिरनसंबन्धी अर्थात् लवाईसंग सम्बन्धित बिषय भन्ने बुझ्दछौं । उक्त दिनको कार्यक्रमको अन्त्यमा कार्यक्रम संचालकले "फेशन विकृतिको बाटो हो या समयको माग" भन्ने प्रश्न उठाएर कार्यक्रमको समापन गर्नुभएको थियो । सो दिनको छलफलमा फेशनलाई लिएर छलफलका सहभागीहरुले व्यक्त गरेका केही भनाइहरु यसप्रकार थिए:

"मन हो मनलाई रोक्न सकिंदैन"

"विदेशीको तुलनामा त हामीले कमै गरेका छौ"

"कसैले भन्छन् यो आधुनिकता हो, कसैले भन्छन् यो विकृति हो"

"सफा र कम्फरटेबल (आरामदायी) लुगा लगाउनु पऱ्यो र आफूलाई सुहाउँदो हुनु पऱ्यो"

"एकदम छोटो ट्रान्सपरेन्ट (पारदर्शी) लुगामा छ काठमाण्डौको फेशन"

"आइमाईहरु यसको माध्यम भईरहेका छन् । यसमा लोग्ने मानिसहरु छोटो वा नाङ्गो पहिरनमा किन प्रस्तुत गरिंदैन ?"

"फेशन समयको माग हो समय अनुसार बदलिंदै जान्छ"

"छोटो स्कट लायो भन्दैमा नराम्रो भल्गर भनिनु हुँदैन । यो हेराइमा भरपर्छ"

"लुगामा कसैले सहजता महसुस गर्छ भने मलाई सँस्कृतिको मतलब छैन"

"खद्दरको लुगाले सँस्कृति जोगाउला भन्ने सोच्नु ठीक छैन"

"फेशन आफैंमा नराम्रो कुरा होइन तर यो लगाउनेमा भर पर्छ"

"हामीले पचाउन सक्नुपर्छ । नाङ्गो केटीको फोटोलाई आर्ट भन्न पनि सकिन्छ र नग्नता भन्न पनि सकिन्छ"

"मोडललाई आफू कति एक्सपोज हुने भन्ने स्वतन्त्रता छ"

"यहाँ छोरा छोरी भएर हिंडेको छ र छोरी छोरा भएर हिंडेकी छे"

उल्लिखित भनाइहरुमा परम्परागत र आधुनिक सोचाइ तथा नियन्त्रण र स्वच्छन्दताबीचको द्वन्द्व पाइन्छ । साथै उल्लेखित अभिव्यक्तिहरुमा विषयलाइ बुझ्ने र ग्रहण गर्ने कुरामा अन्योल रहेको देखिन्छ । एउटा सही र स्पष्ट कुरा त्यहाँ अभिव्यक्त भएको चाहिँ के हो भने सफा, सजिलो र आफूलाई सुहाउँदो खालको पहिरन हुनु पर्दछ । वास्तवमा फेशनले अंगिकार गर्नुपर्ने कुरा पनि यहि हो र कुनै पनि व्यक्तिले अपनाउनु पर्ने फेशन त्यहि अनुरुप हो । यसै गरी सँस्कृतिको रक्षा गर्ने नाममा नयाँ, आर्कषक एवं सहज खालका पहिरनबाट विमुख हुनु पर्ने बाध्यता पनि छैन । तर, बुझ्नु पर्ने कुरा के हो भने सबै खालका पहिरन सबैलाई सुहाउनै पर्छ भन्ने पनि छैन । यसर्थ, फेशनको पछाडि दगुर्दै आफूलाई नसुहाउने पहिरनमा हिंड्नु अगाडि सोच्नु चाहीँ राम्रो हो । कतिपय पहिरनहरु खास वा विशेष अवसरमा आकर्षक एवं ग्राह्त्य हुन्छ र त्यस्ता पहिरनहरुलाई सोही अवसरमा उपयोग गर्दा राम्रो एवं रमाइलो अनुभूति पनि हुन्छ । हाँसो वा रमाइलो गर्दा "जोकर" खालका पहिरन लगाउनु रमाइलै हुन्छ । तर जोकर खालका पहिरन लगाएर सँधै हिंड्नु चाहिँ राम्रो ठहर्न सक्दैन । हाँस्य चलचित्र वा नाटक वा अन्य कार्यक्रममा जोकर खालका पहिरन लगाउनु  आवस्यक नै हुन सक्छ तर हाँसो वा विषयवस्तुको अभावमा सामाजिक विकृति र विसंगतीलाई स्वस्थ ढंगले प्रस्तुत गर्न नसकेर यौनसंग सम्बन्धित भद्दा र

अस्वस्थ क्रियाकलाप एवं पहिरनलाई हाँस्य वा मनोरञ्जनको लागी भनेर प्रस्तुत गर्नु चाहिँ उचित होइन । यहाँनेर आएपछि फेशन समयको माग तथा विकृतिको वाहक दुबैको रुपमा प्रस्तुत हुनसक्छ ।

समयको माग अनुसार नयाँ एवं आकर्षक ढंगको फेशन गर्नु (आर्थिक अवस्थाले भ्याएसम्म) ठिकै हो तर समयको माग भनेर वा आधुनिकताको नामममा "विदेशीको तुलानामा त हामीले कमै गरेका छौं" भनेर वा "छोटो स्कट लायौ भन्दैमा नराम्रो भल्गर भनिनु हुँदैन" भनेर विकृतितर्फ धकेलिनु चाहिँ बेठीक नै हो । विदेशीको तुलनामा हाम्रो राष्ट्र अविकसित एवं गरिब भएको कारणले हामी विदेशीभन्दा कम छौं भनेर राष्ट्र एवं समाजको विकासको लागी केही सकारात्मक योगदान दिन निमित्त चेतना जागेको भए अवश्य नै राम्रो हुन्थ्यो तर व्यक्ति केन्द्रित समाजको चापमा परेर निक्लिएको विकृति अर्थात् नग्नता प्रदर्शनको हिसाबमा आफूलाई विदेशीको तुलानामा कम देख्ने र त्यसलाई नै आर्दश मानेर अंगिकार गर्न खोज्ने चेतनालाई कसरी राम्रो मान्ने ? यस्तै राम्रो एवं आकर्षक पहिरनको कुरा छाडेर "छोटो स्कट" नै लगाउनु पर्ने चाहिँ किन ? कतिसम्म छोटो स्कट लगाउने ? "छोटो स्कट" मै राम्रो देखिने भए स्कट नै किन नलगाउने ? झनै राम्रो देखिने थियो कि ? यसरी कतिपय व्यक्तिहरु (महिला तथा पुरुष) वास्तविकता नबुझिकनै देखासिकीको भरमा "फेशन"को रुपमा विकृत पहिरनतर्फ आकर्षित भइरहेका हुन्छन् र आफूले स्वीकार गरेको कारण त्यसको पक्षमा वकालत गर्दछन् । वास्तवमा यो स्थिति आम संचार माध्यम, चलचित्र तथा विज्ञापनहरु मार्फत मानव मस्तिष्कमा प्रवेश गर्ने गलत सन्देशद्वारा श्रृजित भएका हुन्छन् । यस प्रसंगमा हेर्दा, माथि अभिव्यक्त गरिए झैं "छोटो स्कट" लगाउँदैमा नराम्रो "भल्गर" भनिनु हुँदैन । तर, मानिसको आहार व्यवहारले नै मानिसको व्यक्तित्व एवं स्थान निर्धारण गर्दछ । यस अर्थमा, जतिसुकै खुल्ला एवं स्वतन्त्र समाजमा पनि साधारण पहिरन र उत्तेजक एवं शरीर प्रदर्शन हुने खालका "फेशन" गर्ने मानिस छुट्टिन्छ र उनीहरुलाई हेर्ने दृष्टिकोण पनि फरक नै रहन्छ । उदाहरणार्थ, कुनै पनि समाजमा महिला न्यायाधिश तथा यौन कार्यकर्तालाई हेर्न दृष्टिकोण समान छैन भने उनीहरुको सामाजिक मर्यादा पनि एकै किसिमको भएको पाइदैन । यसैगरी एकजना महिला न्यायाधिशको पहिरन र यौन कार्यकर्ताको "फेशन"मा पनि अन्तर महशुस गर्न सकिन्छ । फेशनबाट आजका मानिस, महिला

तथा पुरुष दुबै मुक्त हुन सक्दैनन् । यस अर्थमा, फेशन समयको माग हो । तर सभ्य एवं सुसंस्कृत समाजको स्थापना तर्फ नलागि स्वतन्त्रता र आधुनिकतालाई ढाल बनाएर नग्नता अर्थात् अनावश्यक देह प्रदर्शन गर्नतिर उन्मुख हुनुले भने विकृतिलाई निम्त्याउँछ । यस अर्थमा, फेशन विकृतिको बाहक नभए पनि विकृति बाहक हुन पुगेको छ । व्यक्ति स्वतन्त्र छ र उसले आफूले चाहे जस्तो लुगा लगाउन पाउनु पर्छ । तर, मानिस  सर्वश्रेष्ठ प्राणी भएकोले आफ्नो बुद्धि र विवेकको प्रयोग गर्नबाट पछाडि हटनु हुँदैन र उसले आफ्नो सीमारेखा आफैंले कोर्नु पर्दछ । फेशनले आधुनिक एवं आकर्षक व्यक्तित्व निर्माण गर्न सघाउ पुऱ्याउँछ भने यसलाई सही एवं मर्यादित ढंगबाट उपयोग गर्न नसके विकृत पनि पार्न सक्दछ ।

*(२०५४ माघ २०)*

# विकृतिको यो रुप

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) मा कार्यरत इञ्जिनियर सर्वजित यादवको अनितासँग गएको असार महिनामा विवाह भएको रहेछ । सर्वजितले आफूलाई दाइजो कम भएको बताउँदै केटीका बाबु अर्थात् ससुरालाई फोनबाट पटक पटक धम्क्याउने गरेको रहेछन् र अरुसँग विवाह गरेको भए २०/२५ लाखसम्म दाइजो पाउने कुरा पनि गरेको रहेछन्। केटी पक्षका अनुसार विवाहमा पर्याप्त दाइजो दिनुका साथै केटा पक्षको विवाह खर्च पनि केटी पक्षबाटै बेहोरिएको थियो । तर दाइजोको कारणले नै घरमा खटपट भएकोले अनिता केही समय यतादेखि आफ्नो माइतिमा नै बसिरहेको थाहा भएको छ । यसै अवस्थामा यही फागुन ३ गते आईतबार इन्जिनियर सर्वजित यादवले बानेश्वरस्थित अनिता बसिरहेको घरमा आई घरको छतमा बसिरहेका अनिताका भाइ र बहिनी माथि जथाभावी खुकुरी प्रहार गरेछन्। यस्तो अप्रत्याशित र जघन्य स्थितिबाट बच्नको लागि छतमा रहेका दुवैजना तल बारीमा हामफाल्न बाध्य भए । दाइजो नपाएको/नपुगेको रिसले अन्धो भएका सर्वजितले तल आएर पनि उनीहरुलाई लखेट्न छाडेनन् तर स्थानीय जनताहरुले हल्लाखल्ला गर्न थालेपछि सर्वजित यादव भागेछन् । खुकुरी प्रहारबाट घाइते भएका मनिता र मनिशमध्ये मनिताको अवस्था चिन्ताजनक रहेको छ । यसरी दिन दहाडै राजधानीमा आतंक मच्चाउन सफल सर्वजित यादवले उक्त घटनाको लगत्तैपछि पनि फोनबाट धम्क्याउन छाडेका थिएनन् । यस जघन्य घटनाको कारण मनिता एवं मनिशका मामाको हृदयघातबाट मृत्यु भएको खबर समेत प्रकाशित भएको छ ।

पढे लेखेर इन्जिनियर जस्तो पेशा अपनाएका सर्वजितको यस कार्यले सम्पूर्ण नेपाली समाजलाई नै आश्चर्य चकित पारेको छ भने इन्जिनियरिङ्ग पेशामा संलग्न सम्पूर्ण व्यक्तिहरुलाई लज्जित पारेको हुनुपर्दछ । अनावश्यक तडकभडक, फजुल खर्च र दाइजोप्रथा हाम्रो समाजको पनि कलंकको रुपमा विकास भएको छ । हाम्रो सामाजिक मूल्य र मान्यता उन्नत र सुसंस्कृत हुँदै जानु पर्नेमा उल्टै विकृत

बन्दै गएको छ। शिक्षाले मानिसको चेतनाको स्तर अभिबृद्धि गर्दै लैजानु पर्नेमा गलत एवं अव्यवहारिक शिक्षा प्रणालीको कारण मानिसहरु झन् असामाजिक, आडम्बरी एवं अविवेकी बन्दै गइरहेका छन् । यसको फलस्वरुप समाजमा विभिन्न किसिमका घटनाहरु घटछन् । घटनाहरु अपवादका रुपमा मात्र नरहेर बारम्बार दोहोरिन थाल्नुले समाजका सचेत वर्गलाई चिन्तित तुल्याउनु स्वभाविक हुनजान्छ। दाइजोको कारण थुप्रै महिलाहरुले ज्यान गुमाउनु परेको छ, अङ्गभङ्ग भएर जीवन बिताउनु परेको छ र मानिसक पीडा सहेर बाँच्न बाध्य हुनु परेका छ। तर पनि यो प्रथा हाम्रो समाजभित्र हामीसँग मौलाउँदै गइरहेको छ। कस्तो आश्चर्य। कस्तो बिडम्बना ॥

केही संस्था/समूहको प्रयासमा सामूहिक ब्रतबन्ध वा विवाह गराउने कार्यहरु भइरहेका छन् र यस्ता कार्यहरु प्रसंशनीय छन् । तर यस्ता कार्यहरुले सामाजिक अभियानको रुपमा विकास हुन पाइरहेको छैन । अर्कोतिर सामाजिक सुधार ऐन केवल कागजमा सीमित रहेर निष्क्रिय भएको छ। यसैगरी दर्ता विवाह पनि परिवारबाट विवाहको लागि सहमति पाउन नसक्ने जोडीहरुको लागि मात्र उपयोगी हुन पुगेको छ।

नियम कानुनलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गराउन निमित्त त्यससँग सम्बन्धित पक्षबाट नियम कानुन अनुरुपको व्यवहार हुनु आवश्यक हुन्छ। तर हाम्रो देशमा भाँडभैलो गर्ने कार्य अगुवाबाटै सुरु हुने गरेको छ भने नियम र आर्दशका कुरा केवल सामान्य जनताको लागि अर्ति उपदेशको लागि भएको छ। उदाहरणको लागि, दर्ता विवाह गराउने सरकारी निकाय भनेको जिल्ला प्रशासन कार्यालय हो । यो कार्यालय गृह मन्त्रालय अन्तर्गत पर्दछ। कमसेकम गृह मन्त्रालयमा जागिर खाने अधिकृत स्तरका कुनै पनि कर्मचारीले आफ्नो वा आफ्ना साथमा रहेका छोरा वा छोरीको विवाह अनिवार्य रुपमा दर्ता विवाह गर्नु वा गराउनु पर्ने खालको नियम हुने हो भने यस प्रथाले क्रमश: सामाजिक मान्यता पाउने थियो भने अर्कोतिर सरकारी सेवाको धाकमा बसेर 'लूटको धन फूपूको श्राद्ध' गर्ने परम्परामा केही कमी आउने थियो । यसै साल हाम्रा गृहमन्त्रीले छोरीको विवाहको लागि आफ्नो गृहमन्त्रीको कार्यभार छोरीको विवाहसम्मलाई थमौति गर्न दिएको दबाब र मन्त्रिमण्डलको पुनर्गठनमा भएको ढिलाईसम्बन्धी समाचारहरु प्रकाशमा आउनुले हाम्रो समाज एवं उच्च पदस्थ व्यक्तिहरुमा रहेको तल्लो स्तरको मानसिकताको प्रदर्शन गर्दछ भने

यसैबाट हाम्रो नैतिक एवं मर्यादाको स्तर समेत थाहा हुनआउँछ । एउटा उच्च पदस्थ सरकारी अधिकारीको निमित्त तडकभडक युक्त विवाह “इज्जत”को नभएर “बेइज्जत”को विषय हुनु पर्नेमा हाम्रो समाजमा ठीक उल्टो भएको छ । माथि उठाइएका प्रसंगहरु उदाहरणको लागि लिइएका हुन् र यस्ता विसंगतिहरु हामीबीच प्रशस्तै मात्रामा पाइन्छन् । संक्षेपमा भन्नु पर्दा श्री ५ को सरकारको सेवामा रहन निमित्त कुनै पनि व्यक्तिको उँचो नैतिक स्तर एवं सुसंस्कृत आचरण हुन आवश्यक हुनुपर्दछ र यसको लागि निश्चित आचारसंहिता बन्नु पर्दछ ।

सर्वजित यादवको क्रियाकलाप हाम्रै समाजिक मूल्य, मान्यता एवं संरचनामा हुर्किएको विकृतिको पराकाष्टाको यौटा उदाहरण मात्र हो । यसबाट हामी सबैले केही सिक्नसके भविष्यको लागि राम्रो हुने थियो । पेशागत संघ संस्थाहरुले पनि व्यवहारको लागि केही आचारसंहिता बनाउन जरुरी देखिएको छ । असामाजिक क्रियाकलाप गर्ने सर्वजित यादव जस्ता इञ्जिनियरलाई इञ्जिनियरको सम्मान दिइनु ठीक छ छैन इञ्जिनियर्स एसोसिएसनले सोच्ने कुरा हो । यतिखेर फेरी पनि बिभिन्न सामाजिक संघ संस्थाहरु, खासगरी महिलासँग सम्बन्धित संघ संस्थाहरुले सक्रियतापूर्वक सर्वजितमाथि उचित कार्वाहीको लागि दवाव सृजना गर्नु आवश्यक भएको छ । वास्तवमा हाम्रो जस्तो वर्तमान समाज व्यवस्थामा महिलालाई अधिकार सम्पन्न बनाउँदै लैजान निमित्त पनि महिलाहरु एक्लै छैनन् र प्रत्येक महिलाहरुको समूह छ भन्ने आभाष दिएर आत्मबल बढाउनको लागि प्रत्येक महिलाबीच बलियो खाले सामाजिक बन्धन बाँधिनु जरुरी देखिन्छ । जसबाट प्रत्येक महिलाले आफूलाई संरक्षण प्राप्त भएको महसुस गरुन् र दैनिक जनजीवनका विसंगति एवं विकृतिविरुद्ध जुध्ने साहस प्राप्त गरुन् । हेरौं, कुनचाहिं संघ संस्थाले यस कार्यमा अग्रणी भूमिका निभाउँदो रहेछ ।

*(२०५४ फागुन ११)*

# देश बाहिरको तथ्याङ्कमा बलात्कार

भारतबाट प्रकाशित हुने टाइम्स अफ इण्डियाको मानव अधिकार इकाईका शैलेन्द्रद्वारा फेब्रुअरी २३, १९९८ को टाइम्स अफ इण्डियामा "बढ्दो बलात्कार मानव गौरवमाथि लागेको धब्बा" शीर्षक अन्तरगत प्रस्तुत बलात्कारसंग सम्बन्धित तथ्याङ्कहरुको आधारमा यहाँ चर्चा गरिएको छ ।

दक्षिण अफ्रिकामा गरिएको एक अनुसन्धान अनुसार हरेक ८३ सेकेण्डमा एक महिला बलात्कृत हुन्छिन भने विकसित राष्ट्र अमेरिकामा प्रत्येक तीन मिनेटमा एक महिला बलात्कृत हुन्छिन् । यस्तै सरकारी तथ्याङ्क अनुसार भारतमा प्रत्येक घण्टा एक महिला बलात्कृत हुन्छिन् तर भारतको यस तथ्याङ्कसंग त्यहाँका मानव अधिकारवादी कार्यकर्ताहरु सहमत छैनन् र भन्छन कि भारतको स्थिति पनि त्यति राम्रो भने छैन । भनिन्छ, बलात्कारसंग सम्बन्धित थुप्रै घटनाहरु प्रकाशमा आउँदैनन् र धेरैजसो देशमा जम्मा ५-२५ प्रतिशतसम्म मात्रै यस्ता घटनाहरु प्रकाशमा आउँछन् ।

समाजशास्त्र विषयको एक पुस्तकमा उल्लेख भएअनुसार बलात्कारको अपराधसम्बन्धी त्रासले प्रत्येक महिलालाई छोएको हुन्छ । उनीहरु अपरिचित पुरुषसंग सावधान रहन्छन् र रातमा एक्लै हिंड्न वा निर्जन स्थानमा रहन सशंकित हुन्छन् । तर, प्रचलित धारणाको विपरित धेरै बलात्कारका प्रयासहरु पीडित व्यक्तिको परिचितहरुबाटै भएको हुन्छ जस्तो कि- परिवारसंग सम्बन्धित इष्टमित्र, छिमेकी, शिक्षक, रोजगारदाता, पूर्व प्रेमी वा नयाँ प्रेमी (A new dating partner) (इयान रोबर्टसन, सोसियोलजी, १९८८, पे. २३८) ।

बलात्कारको बढ्दो स्थितिलाई अझ गम्भीर बनाएको देखिन्छ। बच्चाहरुमाथि गरिने बलात्कार (Paedophilia) को घटनामा हुँदै गएको बृद्धिले भारतमा सालाखाला प्रत्येक दिन दुइवटा यस्ता घटनाहरु प्रकाशमा आउने गरेको बताइन्छ । यसैगरी भारतमा सन् १९९५ मा भएका बलात्कारका घटनाहरुमा ५.४ प्रतिशत बाल-बलात्कारका घटनाहरु थिए । जबकि सन् १९९२ मा यस्तो घटना जम्मा ४.५

प्रतिशत मात्र थियो ।

भारतमा १९९१ - १९९५ को अवधिमा बलात्कार पिडीतको संख्या १०,४२५ बाट बृद्धि भएर १३,७७४ पुगेको थियो र सन् १९९५ का पीडितहरुको ५६.३ प्रतिशत पीडितहरु १६ देखि ३० वर्ष उमेर समूहका थिए । मुम्बईमा ५५ प्रतिशत पीडितहरु १६ वर्ष मुनिका थिए । एकातिर बलात्कारको स्थिति यस्तो छ भने अर्कोतिर बाल वेश्यावृत्ति पनि बढ्दै गइरहेको पाइन्छ । भनिन्छ, दश वर्ष पनि नपुगेका बालिकाहरु पाइने वेश्यालयहरु समेत आफ्नो धन्दामा सक्रिय छन् (कान्तिपुर, २०५४ माघ २५) । नेपालबाट भारतका शहरहरुमा पुऱ्याइएकाहरु मध्ये १५ प्रतिशत बालिका र किशोरीहरु भएको, नेपालबाट प्रत्येक वर्ष सातहजार युवतीहरु भारतका विभिन्न वेश्यालयहरुमा पुऱ्याइने र भारतमा भएका तीनलाखभन्दा बढी यौन कार्यकर्ताहरुमध्ये एकलाखभन्दा बढी नेपालीहरु भएको पनि कान्तिपुरको २५ माघ २०५४ को अंकमा उल्लेख गरिएको छ । एक सर्वेक्षणअनुसार नेपालमा सन् १९९२ देखि १९९६ सम्मको अवधिमा ६५९ महिलाहरु बलात्कृत भएको खबर प्रकाशमा आएको थियो र यो तथ्यांङ्क प्रहरीको रेकर्डबाट लिइएको थियो (कान्तिपुर, २०५४ जेठ ३०) । नेपालमा पनि अन्यत्र जस्तै बलात्कारसंग सम्बन्धित घटनाहरु कमै मात्रामा प्रकाशमा आउने गर्दछन् ।

कतिपयले त बलात्कारलाई अनियन्त्रित यौनाकांक्षाको प्रष्फुटन हो पनि भन्दछन् तर यसलाई वास्तविक रुपमा हिंसायुक्त अपराधको रुपमा हेर्ने गरिन्छ । बलात्कारका घटनाको पछाडि खासगरी अपमान गर्नु, आफ्नो अधिनमा राख्नु, शक्ति प्रदर्शन गर्नु, उच्चता प्रदर्शन गर्नु वा आफ्नो पुरुषत्व (Masculinity) प्रदर्शन गर्नु आदि चाहिँ कारक तत्वको रुपमा रहेको हुन्छ । भनिन्छ, बलात्कार कुनै आकस्मिक उद्वेगबाट घटने घटना होइन किनकि बहुसंख्यक यस्ता अपराधहरु पहिले नै बनाइएका योजनाभित्र पर्दछन् । यसैगरी यसलाई परिपूर्ति गर्ने बैकल्पिक उपायको रुपमा पनि लिइदैन । किनकि कतिपय अपराधीहरु विवाहित हुन्छन् भने कतिपयका लागि यौन-कार्यकर्ताहरु लगायतका अन्य विकल्पहरु समेत उपलब्ध हुनसक्ने संभावना रहेको हुन्छ ।

बलात्कारका घटनाहरुमा भइरहेको वृद्धिले मानव सभ्यतामाथि गतिलो

तवरले औंला ठड्याइरहेको छ तर महिलामाथि भइरहेको यस प्रकारको दूर्व्यवहारमाथि मानव समाज आफ्नो विकास हेर्दै गर्व गरिरहेको छ । वास्तवमा, बलात्कारले विभिन्न किसिमबाट महिलाहरुमाथिको पुरुषको “पुरुषत्व” को प्रदर्शन गरिरहेको छ। अर्कोतिर पुरुषको पुरुषत्वको रक्षार्थ बहुसंख्यक महिलाहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफू वस्तु (Commodity) बनेर लागिरहेका देखिन्छन् । महिलाहरुलाई अधिनमा राख्न खोज्ने, महिलाहरुलाई कमजोर सावित गर्न खोज्ने, महिलाहरुमा निर्णय लिन सक्ने क्षमता हुँदैन भन्ने, महिलाहरु समर्पित (Submissive) प्रकृतिका हुन्छन् भन्ने र महिलाहरु कोमल हुन्छन् भन्ने खालका सन्देश दिने वा बोक्ने कार्यहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट हुने महिलाहरुको संलग्नताले महिलाको छविलाई घुमाई फिराई वस्तु (Commodity) को रुपमा चित्रित गरिरहेको हुन्छ। यसर्थ, त्यस्ता कार्यहरुबाट जोगिंदै र आम महिलाहरुलाई जोगाउन निमित्त समेत कार्य गर्दै बलात्कार जस्ता अपराधहरुबाट महिलालाई जोगाउन सशक्त सामाजिक अभियानको खाँचो महसुस भएको छ ।

*(२०५४ फागुन १८)*

# 'आधी आकाश' भित्रकी पारिजात

## १. बिषय प्रवेश

बि. सं. १९९४ मा दार्जिलिंगको लिंगिया चिया कमानमा जन्मनु भएकी पारिजात नेपाली साहित्यकी विशिष्ट एंव सशक्त प्रतिभाको रुपमा मात्र नभएर महिला जागरण एवं महिला मुक्तिको क्षेत्रमा पनि सशक्त रुपमा चिनिनु हुन्छ। अथार्त पारिजात बहुआयामिक व्यक्तित्वको धनी हुनुहुन्थ्यो । उहाँको समग्र व्यक्तित्वको पहिचान उहाँको विभिन्न क्षेत्रमा रहेका संलग्नता र योगदानको एकीकृत अध्ययन र मूल्याङ्कनबाट मात्र गर्न सकिन्छ । यस्ती बहुआयामिक प्रतिभाकी धनी पारिजातको मृत्यु २०५० साल वैशाख ५ गते भएको थियो । यस लेखमा स्व. पारिजातको महिला मुक्ति विकासको क्षेत्रमा रहेको योगदान को बारेमा चर्चा गरिने छ ।

## २. महिला आन्दोन र पारिजात

बि सं २०११ सालमा दार्जिलिंगबाट काठमाडौं भित्रिनु भएकी पारिजातको नेपाली महिला आन्दोनमा बि सं २०३४ सालबाट सक्रिय संलग्नता रहेको देखिन्छ । पंचायती शासन व्यवस्थाले सम्पूर्ण नेपालीको आकांक्षा र स्वतंत्रतालाई कुण्ठित पारेको बेला बि सं २०३४ मा भारतको गोरखपुरमा भएको नेपाली महिलाहरुको भेलाले 'अखिल नेपाल महिला संघ' को तयारी समिति गठन गरेको थियो र त्यसको संयोजक पारिजात हुनुहुन्थ्यो । आफ्नो शारीरिक अशक्तता एंव देशभित्रको विषम राजनैतिक परिस्थितिको बाबजुद पनि नेपाली महिलाहरुलाई संगठित र चेतनशील बनाउनको निमित्त पारिजात सक्रिय रहनुभएको स्मरण उहाँसगँ महोत्तरी, सर्लाही, सिरहा, पर्सा, मोरङ आदिका गाँउहरुमा उहाँ सँगसँगै हिड्ने महिला कार्यकर्ताहरुबाट सुन्न पाइन्छ । पारिजातको नामैले मात्र पनि मानिसहरु उत्साहित हुने, उहाँलाई हेर्न र भेट्न मात्रै पनि गाँउलेहरु भेला हुने कारणले गाँउमा महिलाहरु भेला गर्न र संगठित पार्न त्यसताका महिला कार्यकर्ताहरुलाई निकै सघाउ पुगेको कुरा पनि महिला कार्यकर्ताहरु बताउँछन् । यसै प्रसंगले पनि त्यतिबेलै रहेको उहाँको

लोकप्रियता र उहाँप्रति रहेको जनताको सम्मानको स्थितिलाई प्रष्ट पार्दछ । हुनत परिजातको भाषामा सामान्य गाँउलेहरु बुझ्ने गरी सरल भाषाको प्रयोग त्यति हुँदैन थियो । उहाँ आफ्नै पाराले अझ भनौं 'साहित्यिक' पाराले बोल्नुहुन्थ्यो । तर पनि, त्यसबेलाको विषम राजनैतिक परिवेशमा महिलाहरुलाई संगठित पार्न गाँउगाँउमा घुम्ने कार्य भने निकै कठिन र जोखिमपूर्ण थियो  र यस कार्यमा उहाँले आफूलाई सक्रियतापूर्वक लगाउनु भएको थियो । परिजातको संयोजकत्वमा गठन भएको अखिल नेपाल महिला संघले बि सं २०३८ सालमा आफ्नो प्रथम राष्ट्रिय सम्मेलन भारतको अयोध्या नगरमा सम्पन्न गरी उर्मिला अर्यालको अध्यक्षातामा नौ सदस्यीय कार्यकारिणी समितिको गठन गरेको थियो ।

वि. सं. २०३८ सालमा सम्पन्न अ. ने. म. संघको प्रथम राष्ट्रिय सम्मेलन लगत्तै कम्युनिष्ट पार्टीभित्र आएको फुटको असर महिला संघमाथि पनि पर्न गयो भने दृढ आकांक्षा र उच्च मनोबलकी धनी भनिने पारिजात पनि यस नियतीबाट प्रभावित हुनुभयो । फलस्वरुप, उहाँमा असन्तुष्टी र नैराश्यताले प्रश्रय पाएको पाइन्छ । तत्कालिन स्थितिमा उहाँको प्रत्यक्ष र सक्रिय सहभागितामा कमी आएको देखिन्छ ।

बि सं २०३६ सालपछि देशभित्रको राजनैतिक त्रियाकलापहरुमा शिथिलता आएको बेला सो शिथिलतालाई तोड्न २०३७ साल असार महिनामा महिलाहरुलाई पहिलोपटक काठमाडौंको सुन्धाराबाट जुलुस निकाल्नका निमित्त सुझाब र उत्साह दिने काम पारिजातबाट नै भएको थियो । बि. सं. २०४६ सालको जनआन्दोलनमा पनि पारिजातको उल्लेखनीय भूमिका रहेको थियो । त्यस आन्दोलनको सफलतापछि "सामन्तवादी एवं पुँजिवादी शोषणको शिकार भइरहेको बेला शोषण विरुद्धको कार्यक्रमलाई तीब्रता र देशव्यापी बनाएर लैजान परेको महसुस" गरी "यो युगको आवश्यकता नै हो, सबै वर्गका महिलाहरुलाई समेटन् र उनीहरुमा चेतनाको आवाज पुऱ्याउनको निमित्त सगंठनको आवश्यकता पर्छ, संगठन सर्वोपरी हो, हामी सगंठित हुनुपर्छ र सारा शोषित-पीडित महिलाहरुको आवाजलाई एकै स्वर पारी आफ्नो हक हितको निम्ति संघर्षको मैदानमा उत्रनु पर्छ" भन्ने पारिजातको अध्यक्ष्यतामा बि सं २०४७ साल जेठ महिनामा अखिल नेपाल राट्रिय महिला मंचको गठन भयो ।

"... अभिजात वृद्धाले जस्तो केवल आफ्नो अभिजात भईरहनुको परिचय

दिनको निम्ति यति असामयिक, असुहाँउदो सौन्दर्यप्रसाधन प्रयोग गरेर आफूले सन्तुष्टि लिनु आफ्नो दासत्वलाई स्वीकार गरिरहनु मात्र हो । यस वर्गका त्यस्ता अबोध वृद्धाहरुले बुझ्ने क्षमता राख्छन्, उनिहरुले पनि अबोध भइरहने अभिनय गरिरहे निःसन्देह मुक्तिको इतिहासमाथि विश्वासघात हुनेछ" भन्ने पारिजात महिलाहरुलाई यसरी श्रृङ्गार र प्रसाधनमा नै अलमलमा परिरहे पुरुष हैकमवाला समाज र शोषक पुरुष समूहलाई प्रशस्त फाइदा पुग्छ भन्ने धारणा राख्नुहुन्थ्यो । पारिजातको अध्यक्षतामा गठित अखिल नेपाल राष्ट्रिय महिला मंचले बि सं २०४७ साल जेठमा ड्रेस डिजाइनर सेन्टर इमेज बुटिकको आयोजनामा होटेल काठमाडौंमा हुने भनिएको 'फेशन सो'को बिरुद्ध सक्रिय प्रर्दशन गरेको थियो र सो 'फेशन सो' कार्यक्रम रोक्नु परेको थियो । यसै मंचले २०४७ साल असार महिनामा २०४६ को जनआन्दोलनमा शहीद भएकाहरुको परिवारलाई अभिनन्दन समारोहको पनि आयोजना गरेको थियो ।

उल्लेखित कार्यक्रमहरुको अतिरिक्त पारिजातले बि. सं. २०४२ सालको मार्च ८ को अवसरमा नेपाली लेखिकाहरुको मात्रै पुस्तक प्रदर्शन गर्ने प्रस्ताव राख्नु भएको थियो र सो पुस्तक प्रदर्शनी वहाँ समेतको सक्रियतामा सात दिनसम्म नेपाल भारत साँस्कृतिक केन्द्रको भवनमा सफलताका साथ सम्पन्न भएको थियो । उहाँले बि. सं. २०४० सालमा एवलिन रिडद्वारा लिखित 'जीव विज्ञान नारी जातिको नियति होइन' भन्ने पुस्तिकाको नेपालीमा अनुवाद गराई प्रकाशन गर्नु भएको थियो । र त्यसैगरी २०४२ सालमा आएर एवलिन रिड कै दुईवटा लेखहरु सैन्र्दय प्रशाधन फेशन र नारी जातिको शोषण र नारी जाति वर्ग जात या उत्पीडित लिङ्गलाई पनि नेपालीमा अनुवाद गराई पुस्तिकाको रुपमा आफैंले प्रकाशन गराउनु भएको थियो ।

पारिजात आफ्नो जीवनको अन्तिम समयसम्म पनि 'बन्दि सहायता नियोग' (PAM) को अध्यक्ष हुनुहुन्थ्यो । उहाँले महिला बन्दीहरुको अवस्थाबारे विषेश चासो लिनु भएको थियो । उहाँले महिला बन्दीहरुको निरीक्षण गर्ने क्रममा पुरुष वार्डमा ६/७ वर्षकी बच्ची पनि रहेको देखेपछि 'बचेरा बास' खोल्ने योजना बनाउनु भएको थियो तर त्यसको लागि आर्थिक सहयोग पुर्‍याउने संस्था पाउन सक्नुभएन । त्यस्तै पागल महिला बन्दीहरुको अवस्थाप्रति चिन्तित हुँदै उहाँले 'चेतनाभास' (Half Way Home) नाम दिएर एक प्रस्ताव तयार पार्नु भएको थियो र यसको लागि

नेदरल्याडबाट प्राप्त आर्थिक सहयोग पर्याप्त नभएको कारण उहाँको यो प्रयास पनि सफल हुन सकेन ।

## ३. "आधी आकाश" भित्र पारिजात

महिला मुक्तिका कुराहरु जतिसुकै उठाए पनि, व्यवहार र संस्कारमा परिवर्तन नआएसम्म त्यसले मूर्त रुप लिन नसक्ने कुरा स्पष्ट छ । हाम्रो समाजमा प्रचलित विसंगतिपूर्ण व्यवहारहरु नै महिला मुक्तिका लागि बाधक भएका छन् र यसैगरी महिलाहरु स्वयं नै कुसंस्कारबाट मुक्त हुन नसक्नु र उनीहरुकै व्यवहार नारी समानता र स्वतन्त्रताको निमित्त बाधक बन्न पुग्नु पनि आफैँमा विडम्वनापूर्ण भएको छ ।

नारी कोमलता, सुन्दरता र लज्जाको प्रतीक हो भन्ने धारणाबाट पुरुषहरु मात्र नभई स्वयं महिलाहरु, त्यसमा पनि शिक्षित महिलाहरु मुक्त हुन जरुरी छ । एकातिर नारी समानताको वकालत गर्ने र आर्कोतिर सौन्दर्य प्रतियोगितामाथि गर्व गर्ने 'शिक्षित' महिलाहरुले नारी मुक्तिको सही बाटो देखाउन सक्लान् ? यो संभव छैन। पारिजात भन्नुहुन्छ : "सुन्दरताको विज्ञापन होइनन् स्वास्नी मान्छेहरु, जसरी पुँजीवादी र सामन्तवादी समाजले बनाइरहेको छ ।" उहाँ भन्नुहुन्छ : "सुन्दरता र यौन प्रतीकबाट झिकेर स्वास्नीमान्छेहरुको अस्मितालाई संघर्षको क्यानभासमा टाँगिन दिनुपर्छ ।"

पारिजात सौन्दर्य प्रतियोगितालाई महिलामाथि हुने पुँजीवादी शोषणको प्रमुख रुप ठान्नुहुन्छ। उहाँ भन्नुहुन्छ : "सौन्दर्य प्रतियोगिता महिलाहरुबाटै रुचाइएको प्रतियोगिता हो तर यसबाट फाइदा पुरुषहरुलाई हुन्छ ।" भारतीय सुन्दरी रिता फारिचाले सौन्दर्य प्रतियोगितामा विजयी भइसकेपछि भियतनाममा युद्धरत अमेरिकी सिपाहीहरुलाई मनोरञ्जन दिन गएको प्रसंग उल्लेख गर्दै पारिजात भन्नुहुन्छ : "कुन्नी भारतको यो विजय हो कि पराजय हो ।"

गीतहरुमा गरिएका महिलाहरुको छविको चित्रणप्रति पनि पारिजात सचेत रहनु भएको छ र महिलाको छविलाई धमिल्याउने खालका गीतहरुप्रति उहाँले आपत्ति जनाउनु भएको छ । 'गाउँका केटी सबैलाई', 'पातलीले दुई चुल्ठो बाटिछ', 'भूईंमा राख्दा दाग लाग्ला' भन्ने जस्ता गीतहरुले महिलालाई यौन वा मनोरञ्जनको वस्तुको

रुपमा चित्रण गर्ने भएकोले यस्ता गीत गाउने गायकहरुलाई स्पष्ट शव्दमा भन्नुहुन्छ : "यस्ता झूठ र नकच्चरा गानाहरु गाएर नेपाली स्वास्नीमान्छेहरुको मुक्तिगाथालाई चेपारे नपारुन् ।"

समाजभित्र व्याप्त कुसंस्कृति र विसंगतिपूर्ण व्यवहारका निम्ति सिंगो समाज नै दोषी त छँदै छ तर शिक्षित भनिएकाहरु, अझ सचेत र प्रगतिशील भनिएका महिलाहरुसमेत यस्ता व्यवहारबाट अलिकति मात्र पनि मुक्त हुन नसक्नु आफैंमा विडम्बना भएको छ। त्यसैले पारिजात भन्नुहुन्छ : "जतिसुकै शिक्षित, फेशनेवल भए पनि अन्धविश्वासी, रुढिग्रस्त, कुटिलतामा विश्वास राख्ने, निन्दाखोइरोमा रुचि लिने र कुरा यताउति पार्ने महिलाहरुलाई म आधुनिक ठहऱ्याउँदिन । आधुनिकता मन र मस्तिष्कको विकासमा भर गर्छ ।"

शताव्दियौंदेखिको दमनले महिलाहरुलाई साह्रै पिछडिएको र संकुचित अवस्थामा राखेको छ भनेर लेनिनले भनेजस्तै पारिजात पनि भन्नुहुन्छ : "लाखौं वर्षको शोषणले यस शक्तिशाली र क्षमताशील स्त्रीलिङ्गलाई मनोवैज्ञानिक रुपले परास्त हुन बाध्य तुल्यायो कि हामी साँच्चै शक्तिहीन लिंग हौं भनि सोच्न बाध्य तुल्यायो तर सत्य ठीक यसको उल्टो छ ।" सत्यको प्राप्ति त्यति सजिलो छैन अर्थात् सत्यप्राप्तिको लागि सचेत मानिसहरुको उद्देश्यमूलक कार्य एवं व्यवहारको आवश्यक्ता पर्दछ । पारिजात भन्नुहुन्छ : "महिला मुक्तिको निम्ति सचेत अथवा प्रगतिशील धारणामा विश्वास राख्ने महिलाहरुले अरुलाई सिकाउने नाराबाट मात्र होइन आफ्नो व्यक्तिगत जीवनबाट पनि आन्दोलन सुरु गर्नुपर्छ ।" किनभने, कतिपय शिक्षित भनिएका अझै भनौं सचेत र प्रगतिशील भनिएका महिलाहरु नै परम्परागत धारणा एवं सामाजिक विसंगतीपूर्ण व्यवहारको भासबाट थोरै मात्र पनि माथि उठ्न सकेको पाइदैन। यस्तो अवस्थामा हाम्रा अशिक्षित महिलाहरुको हक, हित, अधिकार र सजगताको कुरा व्यवहारिक रुपमा केवल नारा मात्र बन्न जानेछ। सचेत महिलाहरुलाई कर्तव्यबोध गराउँदै पारिजात लेख्नु हुन्छ : "आफ्नै शारीरिक र मानसिक क्षमताहरुसंग हामी अनभिज्ञ छौं। दोष हाम्रो होइन तथापि यस अनभिज्ञताको पर्दा च्यात्ने संकेत र आग्रह भने सचेत महिलाहरुबाट हुनै पर्छ ।"

महिलाहरुलाई यस प्रकार सचेत पार्दै सामाजिक विसंगतीको विरुद्धमा उभिन सिकाउने पारिजात पनि 'लाखौं वर्षको शोषणको यस शक्तिशाली र क्षमताशील

स्त्रीलिङ्गलाई मनोवैज्ञानिक रुपले परास्त हुन बाध्य तुल्याए' झैं कतै-कतै कहिलेकाहीं परास्त हुन पुग्नु भएको भान पर्दछ। उदाहरणको लागि उहाँले एउटा अन्तर्वार्तामा भन्नुभएको छ, उहाँको मनभित्र अभेद्य पर्खालपछि कुनै स्वास्नीमान्छे छे र त्यो स्वास्नीमान्छे उहाँसंग रनवन घुम्न नपाएको, डुल्न नपाएको, पकाउन नपाएको, सिउन बुन्न नपाएको कुरालाई लिएर उहाँसंग ठुस्किरहेकी छे । उहाँभित्र पलाएको यो भावना भनेको उहाँभित्र रहेको स्वास्नीमान्छे हुनुको सुषप्त भावना हुनसक्छ। आम स्वास्नीमान्छेले जस्तो उहाँ लोग्नेको सुरक्षा कवचभित्र बस्नु भएन, आम स्वास्नीमान्छेले जस्तो घुम्ने, खाने, पकाउने, सिउने बुन्ने जस्ता कुराहरुमा उहाँ अलमलिन पाउनु भएन । फलस्वरुप, पुरुषप्रधान समाजमा पुरुषलाई हाँक दिएर आम पुरुषहरुको तुलनामा जुन प्रकारको उच्च स्तरको जीवन उहाँले जिउनु भयो र जुन प्रकारको व्यस्तता र प्रसिद्धि उहाँले पाउनु भयो त्यसबाट पनि कहिलेकाहीँ कताकता भित्री मनको अन्तरकुन्तरमा लुकेर बसेको उहाँको स्वास्नीमान्छेलाई आम स्वास्नीमान्छेको जस्तो जीवन जीउन नपाएको असन्तुष्टि भने बाँकी नै रहेको बुझिन्छ ।

पारिजात समाजलाई बुझ्ने र विश्लेषण मात्र गर्ने दर्शनलाई मन पराउनु हुन्न । उहाँ समाजलाई बुझ्ने, विश्लेषण गर्ने र बदल्नुपर्छ भन्ने चाहनुहुन्थ्यो। यसले गर्दा उहाँ समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन आदिलाई चुपचाप सहने होइन कि त्यसको विरुद्धमा डटेर लड्नुपर्ने आवश्यक्ता देख्नुहुन्थ्यो । उहाँका महिलासंग सम्बन्धित लेखहरुले पनि निरपेक्ष रुपमा महिलाका समस्याहरुका मात्रै वकालत गर्दैनन् र यसलाई हल नहुने समस्याको रुपमा पनि प्रस्तुत गर्दैनन्। उहाँका लेखहरुले महिलाका समस्याहरुलाई पनि समस्त शोषित पीडित जनताको समस्यासंगै गाभेको पाइन्छ र वास्तविक महिलामुक्ति भनेको सम्पूर्ण शोषित पीडित जनताको मुक्ति संघर्षसंग गाँसिएको प्रश्नको रुपमा लिएको छ । त्यसैले पारिजात "सम्पूर्ण महिलाहरुको सर्वाङ्गीण स्वतन्त्रता नभएसम्म विश्वको कुनै पनि देशको स्वतन्त्रता सम्भव छैन" भन्नु हुन्छ। विना संघर्ष, हक, हित र अधिकारको प्राप्ति हुन नसक्ने तथ्यलाई दृष्टिगत गर्दै उहाँ भन्नु हुन्छ : “हामीहरु संगठीत हुनुपर्छ र सारा शोषित पीडित महिलाहरुको आवाजलाई एकै स्वर पारी आफ्नो हक हितको निम्ति संघर्षको मैदानमा उत्रनुपर्छ ।" पारिजात स्पष्ट रुपमा के भन्नहुन्छ भने महिलाहरुले आफ्नो हक र अधिकारको निम्ति अर्थात् आफ्नो मुक्तिका लागि आफैंले लड्नुपर्छ तर

महिलाहरुको यो युद्ध पुरुषविरुद्धको युद्ध होइन । महिलाहरुको युद्ध भनेको पुरुषलाई मात्र छुट दिने सामाजिक व्यवस्थाको विरुद्धको युद्ध हो । तसर्थ उहाँको विचारमा यस युद्धमा महिलाहरु एक्लै लड्ने नभएर उनीहरुले आफ्नो मुक्ति युद्धलाई देशका अरु समस्त शोषितपीडित पुरुषहरुको साथ लागेर सम्पूर्ण जनताको मुक्तिसंग गाभिएको वर्गसंघर्षमा आधारित परिवर्तनकारी राजनैतिक समूहसंग आफ्नो कार्यक्रमलाई गाभेर लड्नुपर्छ ।

## ४. उपसंहार

पारिजात पुरुषप्रधान समाजमा जन्मिएर, हुर्किएर एक 'महिला' लेखिका मात्र नभएर उहाँ उत्कृष्ट नेपाली लेखकहरुमध्ये पर्नु हुन्छ भने उहाँ महिलाहरुमध्ये एक विशिष्ट महिलामा पर्नु हुन्छ । उहाँको मूल्यांकन गर्दा हामीले उहाँलाई महिला भएको हिसाबले होइन कि उहाँको देन र योगदानलाई हेरेरे गर्नु पर्दछ । उहाँ बहुआयामिक प्रतिभाकी धनी हुनुहुन्थ्यो । उहाँको जीवन र जगत्लाई हेर्ने र बुझ्ने दृष्टिकोण मार्क्सवादी थियो । उहाँ मूलत प्रगतिवादी लेखक हुनुहुन्थ्यो । उहाँ लेख्नुहुन्छ : "मार्क्सवादअनुरुप मानव सभ्यताको सम्पूर्ण इतिहास नै वर्गसंघर्षको इतिहास हो भने साहित्यले पनि यसभन्दा बेगल परिभाषा बोक्दैन त्यसैले साहित्य देश, काल, परिस्थिति र वर्गसापेक्ष हुन्छ ।"

महिलाका समस्या र मुक्तिको प्रश्नलाई पनि पारिजातले वर्गीय रुपमा हेर्नु भएको छ । वास्तविक महिलामुक्ति भनेको सामन्तवादी एवं पुँजीवादी सामाजिक संरचनाको विरुद्ध सम्पूर्ण शोषित पीडित जनताले संगठित रुपमा गर्ने वर्गसंघर्षद्वारा स्थापित हुने नयाँ राज्य व्यवस्थाको स्थापनापछि मात्र संभव हुन्छ भन्ने दृष्टिकोण उहाँमा रहेको पाइन्छ ।

(साभार : पारिजात स्मृति ग्रन्थ, २०५१)

*(२०५५ बैशाख १४ र २१)*

# अन्तर्राष्ट्रिय महिला दिवसः ८ मार्च

सन् १९१० मा कोपेनहेगनमा सम्पन्न भएको महिलाहरुको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा क्लारा जेटकिनले ८ मार्चको दिनलाई अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाउनुपर्ने प्रस्ताव राख्नु भएको थियो र उक्त प्रस्तावलाई सो सम्मेलनले पारित पनि गऱ्यो । फलतः सन् १९११ को मार्च ८ देखि यस दिनलाई विश्वभरीकै श्रमिक महिलाहरुले अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाउँदै आएका छन् । सन् १८८९ मा पेरिसमा भएको श्रमिकहरुको अन्तर्राष्ट्रिय सम्मेलनमा प्रसिद्ध साम्यवादी महिला नेता क्लारा जेटकिनले महिलाहरुले पनि पुरुषहरु सरह समान अधिकार पाउनु पर्ने कुरा उठाउनु भएको थियो । अन्तर्राष्ट्रिय स्तरको मञ्चबाट महिलाले पुरुष सरहको समान अधिकार प्राप्तिका लागि यस प्रकारको आवाज पहिलो पटक उठाइएको घटना थियो त्यो । क्लारा जेटकिनले उठाउनु भएको त्यस आवाजले महिलाहरुबीच हलचल पैदा गरिदियो । फलस्वरुप, अमेरिका तथा युरोपका महिलाहरु पनि आफ्नो अधिकारको लागि आन्दोलित हुँदै आए । भनिन्छ मार्च ८ कै दिन सन् १८५७, १८५९ र १९०८ मा अमेरिकाको न्यूयोर्कमा श्रमिक महिलाहरुले उचित ज्याला, कामको समय कम गर्न र मतदान गर्ने अधिकारका लागि ऐतिहासिक प्रदर्शन गरेका थिए । यसैगरी सन् १९०७ मा जर्मनीको स्टुटगार्डमा समाजवादी महिलाहरुको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । यस सम्मेलनले गठन गरेको श्रमिक महिला सघंको महासचिवमा समाजवादी महिला नेतृ क्लारा जेटकिनलाई निर्वाचित गऱ्यो । यसको लगत्तै सन् १९०८ को मार्च ८ मा अमेरिकाको न्युयोर्कमा श्रमिक महिलाहरुले पनि भोट दिन पाउनु पर्ने माग राखेर गरेको प्रर्दशनलाई पनि एक महत्वपूर्ण क्रान्तिकारी कार्यको रुपमा लिइन्छ ।

महिला अधिकार र समानताको लागि महिलाहरु आन्दोलनमा उत्रने कार्य झन् बढ्दै गयो । सन् १९०९ को मार्च ८ पनि महिलाहरुको निमित्त स्मरण गर्न लायककै दिन बन्यो । त्यस दिन अमेरिकाको शिकागोमा श्रमिक महिलाहरुले सडकमा जुलुस प्रदर्शन गरेर महिला अधिकारको आवाजलाई जोडदार तवरले उठाए ।

महिलाद्वारा भएको यस संघर्षले सबैतिरबाट समर्थन प्राप्त गऱ्यो र महिलाहरुको यस अभियानलाई सहयोग पनि प्राप्त हुन थाल्यो । यसरी, मार्च ८ तारिखको दिनले महिलाहरुको हक अधिकारको निमित्त महिलाहरुकै सक्रियतामा सुरु भएको महिला आन्दोलनको लामो इतिहासलाई बोकेको छ । महिला आन्दोलनका अविस्मरणीय घटनाहरु बोकेको दिन अर्थात् मार्च ८ लाई क्लारा जेटकिनले अन्तर्राष्ट्रिय महिला दिवसको रुपमा मनाउनु पर्ने प्रस्ताव राख्नुभयो भने त्यो प्रस्ताव पारित भएकै कारण यस दिनलाई महिलाहरु एक विशेष अवसरको रुपमा मनाउने गर्दछन् ।

मार्च ८ अर्थात, अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा महिलाहरुले समान अधिकारको लागि चलाउँदै आएको आन्दोलनको पृष्ठभूमिको बारेमा पनि चर्चामा गर्नु सान्दर्भिक देखिन्छ । यसै प्रसंगमा, यहाँ महिलाहरुले आफ्नो मत (भोट) दिन पाउने अधिकार कसरी र कहिलेबाट पाए भन्ने बारेमा केही चर्चा गरिनेछ । किनकि, राजनीतिले नै मानिसको “स्वतन्त्रता” र “बन्धन” को निर्णय गर्दछ भने देश र समाज “विकास” र “विनाश” को भागिदार पनि बन्दछ । यस्ता महत्वपूर्ण निर्णय गर्ने वा निर्णय लिने प्रकियामा सहभागी हुनेहरुलाई जनप्रतिनिधि भन्ने गरिन्छ र जनप्रतिनिधिको छनौटको लागि पुरुषहरुसरह भोट हाल्न पाउने अधिकार महिलाहरुले कसरी र कहिलेबाट पाउन थाले भन्ने बारेमा यहाँ चर्चा गर्न खोजिएको हो ।

उपलब्ध श्रोतहरुको आधारमा हेर्दा सन् १६४७ मा अमेरिकाको मेरिल्याण्डको सदनमा महिलाहरुको प्रतिनिधित्वको लागि मार्गरेट ब्रेन्टले माग गर्नुभएको थियो तर त्यो मागलाई स्वीकार गरिएन । सन् १६९१ देखि १७८० सम्म अमेरिकाकै म्यासाचुसेट्समा सम्पत्तिमाथि आफ्नो स्वामित्व भएको (Property Owner) महिलाहरुले भोट हाल्ने अधिकार पाएको देखिन्छ । यसैगरी अमेरिकाकै न्यूजर्सीमा सन् १७९० देखि १८०७ सम्म महिलाहरुले मताधिकार पाएको देखिन्छ । सीमित अवधिसम्म यस प्रकारको अधिकार पाउनुको पछाडि के कारण थियो भने त्यहाँ कान्तिपछि निवार्चन सम्बन्धी ऐनमा भएको संशोधनमा ‘उ वा उनी’ (He or She) भन्ने शब्द प्रयोग भएको थियो र सोही आधारमा न्यूजर्सीका महिलाहरुले भोट हाल्ने अवसर पाएका थिए । तर, सन् १८०७ पछि यो अधिकारबाट महिलाहरु वञ्चित भए किनकि संसदले भोट हाल्न पाउने अधिकार गोरा पुरुष नागरिक (White male citizen) हरुको लागि मात्र भनेर सीमित पारिदिएको थियो । सकिय एवं सशक्त प्रतिरोधको

अभावको कारण महिलाहरुले पाएको अधिकार गुमाउनु परेको थियो । सन् १७८७ मा अमेरिकाको संविधान सभाको बैठकले महिलाहरुको नागरिक अधिकारसम्बन्धी प्रस्तावलाई अस्वीकार गरेको थियो ।

सन् १८३८ मा चार्टिष्टहरुद्वारा आफ्नो घोषणापत्रमा महिलाहरुले पनि मतदानमा भाग लिन पाउनु पर्ने कुरालाई स्वीकार गरेको देखिन्छ तर यस कुरालाई पछि हटाएका थिए । चार्टिष्ट आन्दोलन (Chartist movement) सन् १८३० देखि १९५० को मध्यसम्म राजनैतिक कृयाकलापमा लागेका बेलायती कामदारहरुको आन्दोलन हो । यस आन्दोलनलाई लेनिनले विश्वको पहिलो राजनैतिक एवं संगठित सर्वहारा क्रान्तिकारी आन्दोलनको रुपमा लिएका छन् । यी क्रान्तिकारीहरुले ४,५०,००० मानिसको सही भएको लामो माग पत्र समेत पेश गरेका थिए ।

सन् १८३० र १८४० तिर महिलाहरुले अधिकार पाउनुपर्ने कुरालाई अगाडि बढाउनका निमित्त र महिलाहरुलाई जागरुक बनाउन प्रयासहरु हुन थाल्यो भने पाउलिना राइट डेभिस, लुक्रेटिया मोट, लुसी स्टोन, अर्नस्टाइन रोज, अविगाइल केली फोष्टर, एम्जेलिना जिम्के तथा शराह जिम्के जस्ता महिलाहरुले महिलाको अधिकारको बारेमा आवाजहरु उठाए ।

महिलाको अधिकारकोलागि आवाजहरु उठ्न थालेका थिए तर महिलाहरुको आवाजलाई समाजवादी विचारधाराका पक्षपातीहरुबाट समेत पन्छाइएको थियो । सन् १८७५ मा जर्मनीमा समाजवादी-प्रजातान्त्रिक पार्टीको सम्मेलनमा पनि महिलाहरुको समान अधिकारको लागि पेश गरिएको प्रस्ताव अस्वीकृत भएको थियो भने सन् १८८९ मा पेरिसमा सम्पन्न श्रमिकहरुको प्रथम अन्तर्राष्ट्रिय सम्मेलनले पनि महिलाहरुको मतदानको अधिकारसम्बन्धी मागलाई अस्वीकार गरेका थियो । यसरी हेर्दा विगतमा धेरै लामो समयदेखि नै महिलाहरु पुरुष सरहको समान अधिकार प्राप्तिको निमित्त विभिन्न प्रकारले संघर्ष समेत गर्दै आएको देखिन्छ र संघर्षको यो क्रम अझै पनि सकिएको छैन र निरन्तर जारी नै रहेको छ । महिला हक र अधिकार प्राप्तिको लागि भइरहेको यस संघर्षमा महिलाहरु मात्र नभएर कतिपय पुरुषहरु पनि सहभागी हुँदै आएका छन् । साँच्चै नै, समाजमा महिला र पुरुषबीचको समानाधिकारको लागि हुने संघर्षमा पुरुषहरुको सहभागीताको पनि आवश्यकता

पर्दछ । किनकि महिला हक र अधिकारको लागि गरिने संघर्ष पुरुषहरुको विरुद्ध लडिने लडाइँ नभएर विद्यमान सामाजिक एवं राजनैतिक मूल्य र मान्यताको विरुद्ध लडिने लडाइँ हो । यसर्थ, समाजको समग्र विकासको लागि हुने कुनै पनि प्रकारको अभियान र संघर्षहरुमा महिला र पुरुष दुवैको सहभागिता रहन जरुरी हुन्छ ।

महिला हक र अधिकारको लागि सन् १७८९ मा फ्रान्सकी ओलिम्प द गाइसेजले “महिलाहरुको अधिकार र नागरिकताको घोषणापत्र” मार्फत् आवाज उठाउनु भएको थियो र उक्त घोषण पत्रलाई फ्रान्सको राष्ट्रिय सभामा सन् १७९१ मा पेश गर्नुभएको थियो । फ्रान्सेली क्रान्तिको बखत संगठित रुपमा महिला आन्दोलनको सुरुवात हुन पुगेको थियो र “वुमनस रिभ्युलिसनरी क्लब” (Women's Revolutionary Club) को रुपमा महिलाहरुको संगठित स्वरुप देखा परेको थियो तर त्यस क्लबलाई पनि १७९३ सम्ममा बन्द गराइयो ।

फ्रान्सेली क्रान्तिमा धेरैजसो नेताहरु महिला हक र अधिकारको पक्षमा नरहेको भएता पनि फ्रान्सेली क्रान्तिको असर तत्कालीन सामन्ती पाराका सम्बन्धहरुमाथि पर्न गयो । फलस्वरुप, त्यहाँको कानुनी संरचनामा महत्वपूर्ण परिवर्तनहरु देखा पर्न गयो । सन् १७९१ मा महिलाको लागि पनि शिक्षाको बन्दोबस्त गर्न कानुन बन्यो भने सन् १७९२ को एक विज्ञप्तीद्वारा महिलाहरुलाई कतिपय नागरिक अधिकारहरु प्रदान गरियो । यसैगरी सन् १७९४ मा आएर महिलाहरुलाई सम्बन्ध विच्छेद गर्न सजिलो बनाइयो । तर यस समयमा महिलाहरुले प्राप्त गरेका कतिपय अधिकारलाई फेरी एकपटक सीमित पारियो । नेपोलियन कोड १८०४ लगायतका अन्य युरोपीय देशहरुका नागरिक संहिताहरुद्वारा फेरी एकपटक महिलालाई परिवार, सम्पत्ति, विवाह, सम्बन्ध विच्छेद जस्ता महत्वपूर्ण विषयहरुमा आफूले स्वतन्त्र निर्णय गर्न नसक्ने पार्‍यो अर्थात् पुरुषहरुको अधिनमा नै लगेर राखिदियो ।

महिलाहरुको हक अधिकारको पक्षका आवाजहरुलाई त्यसबेलाका केही समाजवादीहरुले उठाउन छोडेनन् । बेलायतमा रोबर्ट ओवेन र विलियम थम्सन तथा फ्रान्समा सेन्ट साइमनहरुले महिलाहरुको हक र अधिकारको पक्षमा आवाज उठाएका थिए । बेलायतकी मेरी वुलस्टन क्राफ्टको "A Vindication of the Rights of Women" नामक (सन् १७९२ मा प्रकाशित) पुस्तकमा पनि महिलाहरुको

मताधिकारको पक्षमा तर्कहरु गरिएको थियो । यसैगरी सन् १८२५ मा “मानव जातिको आधा भाग नारीहरुद्वारा अर्को आधा भागका दृष्टिकोणका विरुद्ध अपिल” नामक रचनामा महिला हकका सवालहरुलाई अगाडि राखेका थिए भने जर्मनीका लुइस अटो पोर्टसले पनि महिलाहरुको अवस्थामा सुधारको लागि उल्लेख गरेका थिए । अगष्ट वेवेलको सन् १८८७ मा प्रकाशित पुस्तक “नारी र समाजवाद” तथा एंगेल्सको सन् १८८४ मा प्रकाशित “परिवार, व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति” नामक पुस्तकहरुले पनि महिलाहरुको हक र अधिकारको लागिको संघर्षलाई सैद्धान्तिक धरातल प्रदान गर्ने कार्यमा महत्वपूर्ण योगदान दिएको छ ।

महिला अधिकारको लागि भएका महत्वपूर्ण प्रयासहरुमा सेनेका फल्स अभिसन्धि (Seneca Falls Convention) पनि पर्दछ । सन् १८४८ को जुन महिनामा एलिजावेथ केडी स्टानटन, लुक्रेसिया मोट, मार्था सि. राइट, तथा मेरी आन म्याकल्किनटोकले महिला अधिकारको बारेमा छलफल गर्न एक सभाको आव्हान गरेको थिए । अमेरिकाको सेनेका फल्स स्थित वेसलियन गिर्जाघर (Wesleyan Chapel) मा जुलाई १९ र २० मा बैठक सम्पन्न भयो । यस बैठकले अमेरिकी स्वतन्त्रताको घोषणापत्र (American Declaration of Independence) को नमूनामा केही सिद्धान्तहरु पारित गऱ्यो । ६८ महिला तथा ३२ पुरुषहरुले सही गरेको यस सेनेका फल्स घोषणापत्रले महिला तथा पुरुष बराबर भएको स्वीकारेको थियो । यस अभिसन्धिले महिलाहरुको लागि शिक्षाको समान अवसर, धर्मसम्बन्धी उपदेश दिने, अध्यापन गर्ने तथा जीवनवृत्तिको लागि कमाउन पाउने अधिकारको माग गरेको थियो । यसैगरी, यस अभिसन्धिले आफ्नो निर्वाचनसम्बन्धी अधिकारको सुरक्षा गर्नु अमेरिकी महिलाहरुको कत्तव्र्य भएको कुरा उल्लेख गरेको थियो । यसैले यस सेनेका फल्स अभिसन्धिको पनि महिलाको मताधिकारसम्बन्धी आन्दोलनको क्रममा महत्वपूर्ण स्थान रहेको छ । यस अभिसन्धिको अनुकरण अमेरिकाका अन्य राज्यहरुले पनि गरे । फलतः सन् १८५० मा म्यासाचुसेट्सको उसेस्टर (Worcester) मा नौ राज्यका प्रतिनिधिहरु भेला भएर पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न भयो र अर्को सम्मेलन चाहिँ सन् १८५२ मा न्यूयोर्कको सिराकसमा सम्पन्न भयो । यस दोस्रो सम्मेलन यस कारणले महत्वपूर्ण हुन पुग्यो कि यस सम्मेलनबाट सुसान वि. एन्थोनी र एलिजावेथ केडी स्टानटनको संयुक्त अभियान सुरु भयो र उनीहरुले महिलाको हक

र अधिकारको लागि अमेरिकामा अर्को पचास वर्षसम्म अग्रपंक्तिमा रहेर लडिरहे ।

महिलाहरुको हक र अधिकारको लागि आन्दोलनमा लागेका अमेरिकी महिलाहरुबीच विवाद भएको कारण विभाजन आयो। मई १५, १८६९ मा महिलाहरुको आन्दोलनको सफलताको लागि अमेरिकाको संविधानमा संशोधन हुनुपर्दछ भनी सोच्नेहरुले सुसान वि. एन्थोनी र एलिजावेथ केडी स्टानटनको नेतृत्वमा राष्ट्रिय महिला अधिकार संगठन (National Women Suffrage Association) गठन गरे भने नोभेम्बर १८६९ मा राज्यको विधानहरुमा संशोधन गरी महिलाहरुलाई अधिकार दिलाउन निमित्त अमेरिकन महिला अधिकार संगठन (American Women Suffrage Association) को गठन भयो । यसका मुख्य नेतृत्वकर्ताहरु लुसी स्टोन र जुलीया वार्ड हो हुनुहुन्थ्यो। पछि आएर सन् १८९० मा उपरोक्त दुवै संगठनहरु मिलेर एउटै राष्ट्रिय अमेरिकन महिला अधिकार संगठनको निर्माण भयो र त्यसको पहिलो अध्यक्ष एलिजावेथ केडी स्टानटन बन्नुभयो । यस नयाँ संगठनले, पुराना दुवैथरि संगठनले लिएका बेग्लाबेग्लै अडानहरुलाई समेटेर काम गर्ने नीति लियो ।

अमेरिकाकै केन्टकी भन्ने ठाउँमा विधवा महिलाहरुले चाहिँ सन् १८३८ मा विद्यालयसम्बन्धी विषयमा आफ्नो मत दिन पाउने अधिकार पाएका थिए । पूर्ण मताधिकारको मामलामा अमेरिकी महिलाले सन् १८६९ मा पहिलो विजय हासिल गरेका थिए । तर यो अधिकार अमेरिकाका सम्पूर्ण महिलाहरुले भने पाइसकेका थिएनन् । केवल वोमिङ (Wyoming) का महिलाहरुले पात्र पाएका थिए र यो संयुक्त राज्यमा सन् १८९० मा मात्र समावेश भएको थियो । यसपछि कोलराडोका महिलाहरुले सन् १८९३ मा मताधिकार प्राप्त गरे भने यसको धेरै वर्षपछि सन् १९१० मा वाशिङ्गटनका महिलाहरुले आफ्नो मत दिन पाउने अधिकार प्राप्त गरेका थिए। यसरी क्रमशः अन्य अमेरिकी महिलाहरुले पनि मताधिकार प्राप्त गर्दै गए। सन् १९२० को अगस्ट १८ तारिखका दिन टेनेसी अमेरिकाको ३६ सौं राज्य भयो जसले आफ्नो विधानमा संशोधन गरेर महिलालाई मताधिकार प्रदान गऱ्यो र यसको आठ दिनपछि अमेरिकाको संविधानमा १९ औं संशोधन भयो र महिलाको मताधिकारलाई संविधानको एक भाग बनाइयो ।

बेलायतमा पनि महिला मताधिकारलाई लिएर आन्दोलनको सुरुवात

अमेरिकामा भएको गतिविधिसँगै भएको थियो । पन्ध्रौं शताब्दीमा महिलाहरुले भोट हाल्न पाउने अधिकारको लागि माग गरेका थिए । बेलायतमा भएको महिला मताधिकारको आन्दोलनमा मेरी वुलसटन क्राफ्टको पुस्तक A Vindication of Rights of Women (1792), चार्टिष्ट आन्दोलन (१८४०) र यसै समय अमेरिकामा भएको महिला मताधिकारसम्बन्धी आन्दोलनहरु तथा सन् १८५१ म वेष्टमिनिस्टर रिभ्यू (Westminster Review) मा प्रकाशित श्रीमती जोन स्टुआर्ट मिलको लेखहरुले विशेष भूमिका खेलेका थिए ।

सन् १८६५ मा मेनचेष्टरमा पहिलो महिला मताधिकार समिति गठन भएको थियो भने यसको दुई वर्षपछि जोन स्टुआर्ट मिलले संसद समक्ष लगभग १,५०० जनाको सही भएको माग पत्र पेश गर्नुभएको थियो । सो माग पत्रमा हस्ताक्षर गर्नुहुनेहरुमा फ्लोरेन्स नाइटिङ्गेल, फ्रान्सेस पावर कोवे, जोसेफिन वटल, आदि हुनुहुन्थ्यो । तर सन् १८६७ मा पेश भएको मताधिकारसम्बन्धी विधेयक पारित हुन सकेन । उक्त विधेयकको समर्थनमा ७३ मत परेको थियो भने विपक्षमा १९६ मत परेको थियो । यसप्रकार महिलाले मत दिन पाउनेसम्बन्धी विधेयक पारित हुन नसकेपछि बेलायत र स्कटल्याण्डमा थुप्रै स्थानीय महिलाहरुले मताधिकार सम्बन्धी संगठनहरु बनाए र महिलाहरुको मताधिकारको लागि गठित विभिन्न संगठनहरुको एउटा राष्ट्रिय संगठन (National Union of Women's Suffrage Societies) पनि गठन भयो र यसको नेतृत्व मिलिसेन्ट जि. फसेटले गर्नुभएको थियो । यस प्रकार महिलाहरुमा आएको चेतनाको लहरले विश्राम लिएन बरु महिलाहरुको सक्रियतामा वृद्धि हुँदै नै गयो । फलतः सन् १८६९ मा संसदले कर तिर्ने महिलाहरुको लागि मात्र स्थानीय तवरमा मत दिने अधिकार प्रदान गऱ्यो । यद्यपि, यो पूर्ण थिएन, तर महिलाहरुलाई अधिकार दिने तर्फको सुरुवात भने मान्नु पर्दछ नै । सन् १८७० मा महिलाहरुलाई मतको अधिकार दिनेसम्बन्धी छुट्टै बिधेयक पहिलो पटक प्रस्तुत गरियो । बेलायती संसदका धेरैजसो सदस्यहरु महिलालाई मताधिकार दिने पक्षमा नै रहेको देखिएतापनि त्यसबेलाको सरकार चाहे लिवरल होस वा कन्जर्भेटिभ, दुवै यसको पक्षमा रहेको पाइएन । तर पनि महिलाहरुमा आएको चेतना र यसप्रति हुँदैं आएको जनसमर्थनले गर्दा महिलाहरुलाई अधिकार दिने कुरा पूर्ण रुपले पन्छाउन सक्ने अवस्था रहेन । फलतः महिलाहरु नगरपालिकाका प्रमुख (मेयर) बन्न पाउने

भए र अन्य स्थानीय निकायहरुमा समेत सहभागी हुन पाउने भए ।

सामान्य सहमति देखिएका विषयहरुमाथि पनि निर्णय लिन सत्तामा पुगेकाहरु कसरी हिचकिचाउँछन् र यथास्थितिलाई जोगाउने उनीहरुको प्रवृत्ति हुन पुग्दछ भन्ने कुराको दृष्टान्तको रुपमा महिला अधिकारको लागि भएका आन्दोलनका घटनाहरुले पुष्टि गर्दछन् । सत्ता प्रायः बहिरो हुन्छ र जनताहरुको चर्को आवाज र अथक एवं सक्रिय आन्दोलनबाट मात्र सत्ता निर्णय लिन बाध्य हुन्छ । यही कारण हो कि बेलायातमा पनि महिलाहरुको भोट दिन पाउने अधिकारको लागि गरिएका मागहरु स्वीकृत हुन धेरै समय लाग्यो । समयको यस अन्तरालमा धेरै महिलाहरु यस आन्दोलनमा सहभागी हुन थाले । एमलिन प्याकर्ष्ट र उहाँकी छोरी क्रिष्टावेलको नेतृत्वमा महिलाहरु एकजुट भएर कडा कदम उठाउनसमेत राजी भए । उहाँहरुको नेतृत्वमा रहेको महिलाको सामाजिक तथा राजनैतिक संगठनले जुझारु कदम चाल्ने अठोट गऱ्यो । यत्तिकैमा पहिलो विश्व युद्ध सुरु भयो । यस युद्धमा तालिम प्राप्त महिलाहरु सरकारको तर्फबाट संगठित रुपमा सामेलसमेत भएर महिलाहरुको शक्ति प्रदर्शन गरेर देखाए । महिलाहरुको यस कार्यले अधिकारको प्राप्तिको लागि ठूलो अवसर प्रदान गऱ्यो । फलस्वरुप, मताधिकारसम्बन्धी कानुनमा संशोधन हुनुपर्ने कुरालाई सबै क्षेत्रबाट महसुस गर्न थालियो । यसरी महिलाहरुले हिजो आजको जस्तो आफ्नो 'शरीर' प्रदर्शन गरेर वा 'सुन्दरी' प्रतियोगितामा भाग लिएर नभई संघर्षको मैदानमा उत्रिएर आफ्नो अधिकारको लागि निरन्तर संघर्ष गरेको थिए । जसको फलस्वरुप जुन १९१७ मा बेलायतको तल्लो सदनले र फ्रेबुअरी ६, १९१८ मा माथिल्लो सदनले महिलाहरुलाई पूर्ण मताधिकार दिने कानुनलाई समर्थन गर् यो । तर यस संशोधनले ३० वर्षभन्दा माथिका महिलाहरुलाई मात्र अधिकार प्रदान गरेको थियो । यसको झण्डै १० वर्ष पछि आएर मात्र सन् १९२८ मा २१ वर्ष उमेर पुगेका महिलाहरुले पुरुषहरु समान मतदानमा भाग लिन पाउने अधिकार पाउन सफल भए ।

महिलाहरुको मताधिकारको लागि आन्दोलनको सुरुवात गर्ने देशहरु अमेरिका र बेलायत भएतापनि महिला मताधिकार प्रदान गर्ने विषयमा न्यूजिल्याण्ड पहिलो हुन पुग्यो। सन् १८९३ मै न्यूजिल्याण्डका महिलाहरुले मताधिकार प्राप्त गरेका थिए भने सन् १९०२ मा आएर अष्ट्रेलियाका महिलाहरुले मताधिकार प्राप्त गरे । यस विषयमा

चाखलाग्दा घटनाहरु पनि घटेका छन् । महिलाहरुले आफ्नो देशमा पूर्ण मताधिकार पाएको समयलाई मात्र हामीले महिलाहरुले मताधिकार प्राप्त गरेको समयको रुपमा लिएका छौं । माथि पनि उल्लेख गरिसकिएकै छ र त्यस्तै घटना स्विडेनमा पनि घटेको थियो । स्विडेनले महिलाहरुलाई मताधिकार प्रदान गरेको त सन् १८६२ मा नै हो तर त्यो अधिकारलाई स्थानीय चुनावमा (Municipal election) मा त्यो पनि अविवाहित तथा केही कर तिरेका महिलाहरुमा सीमित गरिएको थियो भने देश भित्रका सबैखाले निर्वाचनहरुमा आफ्नो मत दिन पाउने अधिकार भने सन् १९१९ मा मात्र पाएका थिए । भनिन्छ फिनल्याण्डमा त सन् १८६५ भन्दा पनि अगाडि नै त्यहाँका विधवा तथा अविवाहित महिलाहरुले स्थानीय निर्वाचनमा मत दिन पाउने अधिकार पाएका थिए । तर यस देशमा सम्पूर्ण महिलाहरुले पूर्ण मताधिकार सन् १९०६ मा मात्र प्राप्त गर्न सकेका थिए । यसै प्रकार महिलाहरुमा आएको चेतना तथा उनीहरुको सक्रिय, निरन्तर एवं संस्थागत आन्दोलनका कारण विश्वका विभिन्न देशका महिलाहरुले क्रमशः मताधिकार पाउन थाले । एशियाली राष्ट्रहरुको सन्दर्भमा महिलाहरुलाई मताधिकार प्रदान गर्ने राष्ट्रमा थाइल्याण्ड पहिलो पंक्तिमा पर्दछ । सन् १९३० मा थाइल्याण्डका महिलाहरुले मताधिकार प्राप्त गरेका थिए। सन् १९३४ मा टर्कीका महिलाहरु, सन् १९३५ मा बर्माका महिलाहरु र सन् १९३७ मा फिलिपिन्सका महिलाहरुले मताधिकार पाएका थिए । श्रीलंका र बर्माको नयाँ संविधानमा सन् १९४७ मा, सन् १९४९ मा भारत र इण्डोनेसियाको संविधानमा महिलाहरुको समान मताधिकार लिखित रुपमा उल्लेख हुन पुग्यो ।

अधिकार प्राप्तिका निम्ति महिलाहरुले गरेका संघर्षको इतिहासलाई केलाएर हेर्दा, अधिकार प्राप्तिको बाटो भनेको सक्रिय, निरन्तर एवं संस्थागत अर्थात् सामूहिक प्रयास मात्र रहेको स्पष्ट हुन्छ । एकातिर अधिकारको चाहना राख्ने र अर्कोतिर निस्क्रिय रहने हो भने महिला समानता वा अधिकारको दिशामा कुनै प्रगति हुन सक्दैन भन्ने पाठ हामीले माथि चर्चा गरेका प्रसंगहरुबाट सिक्नु पर्दछ ।

नेपालको सन्दर्भमा चर्चा गर्दा बि. सं. १९७५ मा महिलाहरुको नाममा पहिलो पटक महिला समितिको स्थापना भएको थियो । निरंकुश राणा शासनकालको बखत सिराहामा कृष्णप्रसाद कोइरालाको सक्रियतामा उनकै घरपरिवारका महिलाहरुलाई सदस्य बनाई उक्त समिति स्थापना भएको थियो । राणा प्रधानमन्त्री चन्द्र शमशेरको

पालामा स्थापना भएको उक्त समितिका सदस्यहरुमा योगमाया देवी, दिव्या कोइराला, मोहनकुमारी कोइराला, पूर्णकुमारी अधिकारी र देवकुमारी अधिकारी हुनुहुन्थ्यो । तर उक्त समिति स्थापना भएको लगभग डेढ वर्षभित्रै प्रतिबन्धित हुन पुग्यो भने यसका माथि उल्लेख गरिएका सदस्यहरु सबैलाई देश निकाला गरिएको थियो । यसरी नेपालका महिलाहरुले पनि देशको राजनीतिमाथि आफ्नो चासो मात्र नदेखाएर सक्रियता समेत देखाएका थिए । बि. सं. १९३३ मा चन्द्रकान्ता मल्लले छोरीहरुका लागि स्कूलको माग गर्नुभएको थियो । यसैगरी नेपालमा पहिलो पटक बि. सं. १९३३ मा स्थापना भएको राजनैतिक पार्टी प्रजा परिषद्मा रेवन्तदेवी आचार्य र कामाक्षा देवीले सक्रिय रुपमा भाग लिनु भएको पाइन्छ ।

बि. सं. २००३ सालमा रेवन्तदेवी आचार्यको अध्यक्षतामा आदर्श महिला संघको स्थापना भएको भएतापनि यसका अन्य क्रियाकलापहरु प्रकाशमा आएको पाइदैन। बि. सं. २००४ सालमा मंगलादेवीको अध्यक्षतामा नेपाल महिला संघको स्थापना भएको पाइन्छ । त्यसको सचिव र कोषाध्यक्षमा क्रमशः स्नेहलता र मायादेवी हुनुहुन्थ्यो। यसरी नेपालका महिलाहरुले पनि आफ्नो मात्र नभएर मुलुककै निम्ति समेत आफूलाई सक्रिय राखेका थिए। पुरुससरह उनीहरु पनि मुलुकमा भएका संघर्षहरुमा सहभागी हुँदै आएको पाइन्छ ।

बि. सं. २००४ सालमा नगरपालिका खडा गरियो तर त्यसमा महिलाहरुलाई उठ्न र भोट दिन पनि नपाउने कानुनी व्यवधान थियो । मंगलादेवी सहितका महिलाहरुले पद्म शमशेरको दरवारमा गएर महिलाहरुले पनि मत दिन पाउने अधिकारको माग गरेका थिए र महिलाहरुको सक्रिय एवं दरिलो मागको कारण उक्त माग पूरा भएको थियो । यद्यपि १०४ वर्षे राणाशासनको अन्तपछि मात्र नेपाली महिलाहरुले लिखित रुपमा पुरुषसरहको समानता प्राप्त गरेका थिए र यसैलाई नै नेपाली महिलाहरुले पूर्णरुपमा मताधिकार पाएको मान्नु पर्दछ ।

बि. सं. २००७ सालमा देशमा प्रजातन्त्रको स्थापना भएपछि पनि आफ्नो राजनैतिक अधिकारको प्राप्तिको लागि नेपाली महिलाहरुले संघर्ष गरेका थिए । उनीहरुले राजनैतिक अधिकार प्राप्तिको लागि सत्याग्रह गरेका थिए । फलस्वरुप, बि. सं. २००८ सालको सल्लाहकार सभामा पुण्यप्रभा देवी, मायादेवी, मंगलादेवी र

प्रतिभादेवी चारजनाको प्रतिनिधित्व गराइएको थियो । नेपाली महिलाहरुको प्रतिनिधि संगठनको रुपमा स्थापना भएको नेपाल महिला संगठन बि. सं. २००७ सालमा आएर तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको नेपाल भ्रमणको बखत विभाजित हुन पुग्यो र साहना प्रधानको नेतृत्वमा अर्को महिला संगठन गठन हुन पुग्यो । यस विभाजनको कारण के थियो भने "दिल्ली सम्झौता" को विरोधमा नेपाली महिलाहरुले एयरपोर्टमा कालो झण्डा देखाएर विरोध प्रदर्शन गरेका थिए र महिला संगठनकी अध्यक्ष मंगलादेवी चाहिँ दरवारमा आयोजना गरिएको भोजमा सहभागी हुनुभएको थियो । उल्लेखित कारणले गर्दा साहना प्रधानको नेतृत्वमा अर्को महिला संगठनको स्थापना भयो । साहना प्रधान यतिखेर नेपाल कम्युनिष्ट पार्टी (माले) को अध्यक्ष हुनुभएको छ र वहाँ नेपालको राजनैतिक पार्टीको पहिलो महिला अध्यक्ष बन्न पुग्नु भएको छ । महिलाहरुले यसलाई त्याग, लगनशीलता एवं सक्रियता भएमा महिलाहरु पनि पुरुषभन्दा कम छैनन् र हुँदैनन् भन्ने कुराको प्रमाणको रुपमा लिनु पर्दछ । साहना प्रधान बि. सं. २०४६ को जनआन्दोलनको समयमा पनि संयुक्त बाममोर्चाको संयोजक बन्नुभएको थियो ।

नेपाली महिलाहरुको सक्रियता एवं समानताको लागि भएका क्रियाकलापहरुको कारण बि. सं. २००२ सालमा नेपालमा "सह-शिक्षालय" खुलेको थियो र त्यसमा कामाक्षदेवी शिक्षिका बन्नु भएको थियो । पछि बि. सं. २००३ सालमा काठमाण्डौको त्यौडमा पनि कन्या स्कूलको स्थापना भएको थियो तर राणाहरुले उक्त दुबै स्कूलहरुमाथि प्रतिबन्ध लगाएका थिए । प्रजातन्त्रको स्थापनापछि ३ अक्टोबर १९५१ मा काठमाण्डौको डिल्लीबजारमा प्रथम महिला कलेजको स्थापना भएको थियो । यस प्रकार महिला जागरणको पक्षमा समेत कार्यहरु हुन थाले जसका लागि महिलाहरुकै सक्रियताले बढी भूमिका खेलेको थियो । इतिहासलाई राम्ररी हेर्ने हो भने हिजोका महिलाहरु चुपचाप निस्क्रिय भएर बसिरहेका भएदेखि आजका महिलाहरु आजको यस स्थितिमा आइपुग्ने देखिदैन । यसैगरी संघर्ष र आन्दोलनको क्रममा महिलाहरुले सक्रिय भएर साथ नदिएको भए समग्र समाज नै आजको यस सभ्यतामा पनि आइपुग्ने देखिदैन ।

नेपाली महिलाहरुकै इतिहासलाई सरसरती केलाएर हेर्दै जाँदा वि. सं. २००७ सालको राणा विरोधि आन्दोलनमा महिलाहरुको सक्रियता रहेको कुरा त

अगाडि नै चर्चा गरिसकिएको छ । त्यसवेलाको राजनैतिक दमनको परिवेश र सामाजिक जागरणको स्थितिमा नेपाली महिलाहरुले, संख्यामा थोरै नै भएपनि, निभाएको भूमिकालाई ज्यादै महत्वपूर्ण र उल्लेखनीय रुपमा लिनु पर्दछ । हुनतः संर्घषको मैदानमा डट्ने पुरुषहरुका पछाडि महिलाहरुले "अचेत" रुपमा भएपनि महत्वपूर्ण भूमिका निभाएका हुन्छन् -पुरुषका घरहरुको, पुरुषका वालबच्चाहरुको स्याहार सम्भारको जिम्मेवारी वहन गरेर, संर्घषको मैदानमा उत्रनेहरुको, छायाँमा रहेर संघर्ष गर्ने योद्धाहरुको जीवन पनि कम कष्टकर भने अवश्य नै हुने गर्दैन । यसर्थ, संघर्षशील योद्धाहरुको जीवन संगिनीहरुको बारेमा पनि यथास्थानमा चर्चा गरिनु पर्दछ भन्ने मलाई लाग्दछ ।

सामाजिक-परिवारिक वातावरण पनि महिलाहरुको निमित्त एक "युद्ध भूमि" को रुपमा नै रहेको छ । जहाँ महिलाहरुले निरन्तर रुपमा संर्घष गर्दै आएका छन् र जति विजय राजनैतिक क्षेत्रमा प्राप्त गर्न सकेका छन् त्यसको तुलनामा कमै मात्रमा यस क्षेत्रमा उनिहरु विजय प्राप्त गर्न सफल भएका छन् । उदाहरणको लागि, संविधानमा महिलाहरु माथि भेदभाव नगरिने कुरा स्पष्ट रुपमा लेखिएको छ तर दैनिक व्यवहारका हरेक क्रियाकलापमा महिलाहरु माथि भेदभाव हने गर्दछ । वोक्सिको आरोप लगाएर महिलामाथि दूर्व्यवहार भएका खबरहरु हामी सुन्छौं । दाइजोका कारण महिलाको हत्या समेत गरिएका खबरहरु प्रकाशित हुने गर्दछन् । यस्ता थुप्रै घटनाहरु जसको शिकार महिलाहरु भएका हुन्छन् । यसर्थ, महिला दिवस अर्थात् ८ मार्चको संझना गरेर मात्र पुग्ने स्थिति छैन । महिला हक अधिकार एवं सामाजिक जागरणको निमित्त साँस्कृतिक अभियान चलाउनु आवश्यक भएको छ । महिला हक अधिकार र समानताको लागि एवं दैनिक सामाजिक परिवारिक जीवनमा महिलाहरुको स्थितिलाई सुदृढीकरण गर्नको लागि महिलासंग सम्बन्धित संघ/संस्थाहरुले सामूहिक रुपमा साझा कार्यक्रमहरु आन्दोलनकै रुपमा अगाडि ल्याउन सक्नुपर्ने हो । एक भएर लड्नु पर्ने पाठ सिक्न जरुरी छ । किनकि, एकता भन्दा ठूलो बल अरु केही छैन ।

एक सय चार वर्षे राणा शासनको अन्त पछिको केही समय अर्थात् २००७ सालपछिका वर्षहरुमा महिलाहरुका सार्वजनिक गतिविधिहरु त्यती उल्लेखनीय रहेको देखिंदैन । बि. सं. २०१५ सालको, नेपालको इतिहासमा पहिलो पटक भएको

आम निर्वाचनमा द्वारिका देवी ठाकुरानी नेपाली काँग्रेसको तर्फबाट र पुण्यप्रभादेवि ढुङ्गाना र सुशिला थापा चाहिं स्वतन्त्र उम्मेदवारको रुपमा खडा हुनु भएको थियो। पहिलो आम निर्वाचन सफल भएपछि २०१३ साल जेष्ठ १३ गते विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा बनेको १९ सदस्यीय मन्त्रिमण्डलमा द्वारिका देवी ठकुरानी उपमन्त्री हुनु भएको थियो। उहाँ नेपालकै पहिलो महिला मन्त्री हुनु भयो। यसरी सार्वजनिक क्षेत्रमा नेपाली महिलाहरुको सक्रियता बढ्दै गयो र हाल सार्वजनिक क्षेत्रका विभिन्न पद तथा स्थानहरुमा महिलाहरुको सहभागिता रहेको पाइन्छ। यद्यपि महिलाहरुको हाल रहेको सक्रियता पर्याप्त भने छैन। तर, अर्कोतिर पश्चिमी विकृत सँस्कृतिको अन्धाधुन्ध प्रवेशले सर्म्पूण युवा जगतलाई नै प्रभावित पार्दै गएको छ भने यसबाट महिलाहरु अझ बढि प्रभावित हुन पुगेका छन्।

सन् १९७९ को डिसेम्बर १८ तारिखका दिन संयुक्त राष्ट्र संघले महिलामाथि हुने अर्थात् लिङ्गका आधारमा हुने सबै प्रकारका भेदभाव अन्त गर्ने महिला अधिकार सम्बन्धि प्रस्ताव पारित गरेतापनि पुँजीवादले महिलालाई मात्र उपभोग्य वस्तु (Commodity) को रुपमा उभ्याउन सफल भएको छ तर यसको विरुद्ध भने सैद्धान्तिक तवरमा त्यस्तो कुनै प्रस्ताव पारित हुन सकेको छैन जसले महिलालाई "वस्तु" को रुपमा चित्रण गर्ने कुनै पनि प्रकारको अवस्था, व्यवहार एवं आचरणको विरोध गरोस् र सम्पूर्ण मानव समुदायलाई यस स्थितिको बारेमा बोध गराओस। फलतः महिलाहरु आफैं नै पुँजीवादको उपज वस्तुकरण (Commodification) को शिकार हुन पुगेका छन्। आहार व्यवहारदेखि लिएर चलचित्र, फेशन शो लगायतका जनजीवनका हरेक क्षेत्रमा महिलाहरुको छविलाइ पुँजीवादले निरुपण गरेको आजको समाजिक साँस्कृतिक गतिविधिले, मात्र एक वस्तुको रुपमा चित्रण गरेको छ। यस तथ्यलाई महिला मुक्तिको लागि इमान्दारीपूर्वक सक्रिय रहेका पुरुष एवं महिला दुवैले राम्ररी मनन गर्नु पर्ने देखिन्छ।

आठ मार्च अर्थात् अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा सम्पूर्ण महिलाहरुले, खास महिला मुक्ति भनेको व्यक्तिगत (निजि) सम्पित्तिको उन्मुलन विना र राज्य शक्तिले सम्पूर्ण जनतामाथिको आफ्नो जिम्मेवारीलाई महशुस नगरेसम्म साँचो अर्थमा प्राप्त हुन सक्तैन भन्ने तथ्यलाई बुझ्न आवश्यक छ। साँचो अर्थमा महिला मुक्तिको लागि आम महिलाहरुको सहभागिता रहेको सक्रिय एंव निरंतर पहल

हुन जरुरी छ। यसैगरी आजको वर्तमान स्थितिबाट महिलाहरुको स्थिति, चेतनास्तर एवं छविलाई क्रमिक रुपमा उँचो पार्दै लैजान निमित्त दैनिक जनजीवनका विविध क्षेत्रमा हुने वा भइरहेका, महिलामाथिको भेदभाव एवं उत्पीडनको विरुद्ध समेत निरन्तर एवं सक्रिय रुपमा महिलाहरु पुरुषहरुको समेत सहभागितामा क्रियाशील रहनु पर्दछ। किनकि राम्रोको लागि क्रियाशील रहनु नै मानव जातिको विशेषता हो।

*(२०५४ फागुन २५, चैत्र ३, चैत्र १०, चैत्र १७ र चैत्र २४)*

# कलाको नाममा विकृतिको यो रुप

अमेरिकाको लस एन्जेलसकी एन्जेला मार्सल नाम गरेकी एक महिलाले बेलायतको लण्डनमा चरम विकृतिको प्रदर्शनी गर्ने कुरा प्रकाशित भएको छ (कान्तिपुर ५ बैशाख, २०५५)। समाचार अनुसार चित्रकलाको प्रदर्शनी गर्ने नाममा उक्त महिलाले आफ्नो शरीर सार्वजनिक रुपमा बेच्ने हुनु भएको छ भने शरीर बिक्रीको त्यो क्षणलाई तमासाको रुपमा दर्शकहरुबीच प्रदर्शन गरेर "अनौठो" प्रदर्शनी गर्ने हुनुभएको छ। वहाँको चित्रकला प्रदर्शनी भनिएको विकृत एवं अश्लिल प्रदर्शनी बारेको कान्तिपुरमा प्रकाशित समाचारको अंश तल प्रस्तुत गरिएको छ :

> "अमेरिकाको लस एन्जलसकी एन्जेला मार्सल नामकी महिलाले चित्रशालामा एकचोटीमा एकजना व्यक्तिलाई प्रवेश अनुमति दिने र उनकै उपस्थितिमा तिनले चित्र कोर्ने योजना बनाएकी छिन्। तिनीहरुले त्यो चित्रकला खरिद गर्न चाहेको खण्डमा र मुख्य कुरा ती महिलाले बनाएको चित्रकला बिक्री गर्न चाहेको अवस्थामा खरिदकर्ताले उनीसित यौनक्रिडा गर्न पाउनेछ।
>
> सानो चित्रकलाको खरिदकर्ताले २५ पाउण्ड (४२ डलर) भुक्तानी दिनुपर्नेछ र उसले मुखमैथुन गर्न पाउनेछ। मध्यम आकारको चित्रकलाको निम्ति ५० पाउन्ड तिर्नुपर्ने छ र उसले पूर्ण यौन क्रीडा गर्न पाउने छ र बृहत् आकारको चित्रकलाको ७५ पाउण्ड लाग्नेछ र उसलाई आफूखुशी मनलाग्दो गर्न छुट दिइनेछ।
>
> चित्रकला बनाएको र त्यसपछि हुनसक्ने "यौनक्रीडा" अवलोकन गराउन भिडमध्येबाट केही व्यक्तिलाई आमन्त्रित गरिनेछ।"

समाचार बनेको यस घटनालाई राम्ररी विश्लेषण गर्ने हो भने त्यसमा कला (Art) र व्यावसायिकता (Professionalism) भेटिदैन। त्यसमा यौन विकृती छ र यौनलाई माध्यम बनाएर आफूमा उत्पन्न भएको विसंगत सोचाईलाई कलाको

नाममा समाजमा प्रस्तुत गर्न खोजिएकोछ । विज्ञान र प्रविधिमा भएको विकास, पूँजीवादले उत्पन्न गराएको जीवन पद्धति र अमूर्त स्वतन्त्रताको नाममा विकास भएको 'व्यक्तिगत' स्वतन्त्रताले विकसित राष्ट्रका यस समयका मानिसहरु वास्तवमै पीडित बनेका छन । भौतिक अवस्थाको अतृप्त चाहना, पैसा विनाको असम्भव जिन्दगी र एक्लो जीवन पद्धतिले गर्दा मानिसलाई मानिस भएर बाँच्न गाह्रो परिरहेको छ । पैसा प्राप्तिको लागि अन्धो भएर जे जस्तो काम पनि गर्नु परिरहेको छ र आफ्नो समाज (समूह) नभएकोले मानिसलाई आफूले के गरिरहेको छु भन्ने पनि बुझ्न वा नाप्न (Measure गर्न) अप्ठ्यारो परिरहेको छ । फलतः मानिस र पशुबीचमा झिना मसिना फरकमात्र देखा पर्ने स्थितिको सृजना भएको छ । मानिसमा रहेको सोच्न सक्ने क्षमता, अन्य प्राणीहरुको तुलनामा मानिससंग भएको बुद्धि र विवेकले गर्दा मानिस वास्तवमा स्वनियन्त्रित, उच्च कर्त्तव्य र आचारणयुक्त एक विशिष्ट प्राणीको रुपमा रहनुपर्ने हो । मानिसको यही पनलाई "सभ्य" मानिनु पर्ने हो । मानिसको सभ्यताले सचेतनतामा वृद्धि गर्नुपर्ने र सचेतनाले सभ्यतामा वृद्धि गराउनु पर्ने हो । तर ठीक यसको उल्टो भौतिक विकासको चरमचुलीमा पुगेका "सभ्य" भनिने देशका मानिसहरु "यौन"लाई, यो विषय मानिसको लागी खानाजस्तै आवश्यक एक जैविक आवश्यक्ता (Biological needs) को विषय हो भन्दै तर अति विशिष्ट महत्व दिएर विकृत रुपमा प्रयोग गर्दै आउन थालिरहेका छन् र यो क्रम बढदै गइरहे झैं देखिन्छ । यो प्रवृत्ति (Trend) समाज र सभ्यता दुबैको निमित्त उपयोगी भने कुनै पनि हालतमा ठहर्न सक्दैन ।

विज्ञान र प्रविधिमा भएको विकासले र मानिसको ज्ञानमा हुँदै गएको बृद्धिले पशुहरुलाई समेत सीमित रुपमा भए पनी "बुद्धिमानी" बनाउन र विज्ञान र प्रविधिको उपयोगबाट निर्जीव वस्तुहरुलाई समेत "बुद्धिमान" बनाउन आजको मानिस सफल भएको छ । तर, विशेषगरी विकसित भनिने देशकै मानिसहरु समेत सस्तो नाम, दाम र प्रसिद्धिको लागि विवेकहीन बन्न पुगेका छन् । यसरी विवेकहीन भएर आफ्नै इच्छाको कारण पनि र बाध्यताले पनि यौन शोषणकै वरिपरी घुम्नेमा महिलाहरु नै परेका छन् । यसको एक चरम एवं ज्वलन्त उदाहरण एन्जेला मार्सलको माथि उल्लेखित कार्यलाई लिन सकिन्छ ।

एन्जेला मार्सलको, चित्रकला बेच्ने नाममा खरिदकर्तालाई आफ्नो शरीर

सुम्पने कार्यलाई वेश्यावृत्तिभन्दा भिन्न रुपमा हेर्ने आधार के भन्ने प्रश्न यतिबेला उठेको छ भने उक्त यौन क्रियाकलापको प्रत्यक्ष प्रदर्शनीलाई “कला” मान्ने हो भने यौन क्रियाकलापको अप्रत्यक्ष प्रदर्शनी अश्लील चलचित्रका नायक-नायिकाहरुलाई खेल मैदानमा उतारेर त्यस्ता अश्लील कार्यहरुको सार्वजनिक प्रदर्शन गरेर पैसा असुल गर्ने कार्यलाई पनि “उद्यमशीलता” को नाममा छुट दिन मिल्ने कि नमिल्ने भन्ने प्रश्न पनि उत्तिकै सान्दर्भिक भएर आएको छ ।

एन्जेला मार्सल एक महिला हुनुहुन्छ र एक “कलाकार” पनि हुनु भएको देखिन्छ । यस अवस्थामा उहाँले आफ्नो सशक्त कलाकारिताको प्रदर्शन गरेर समग्र महिलाकै सम्मानलाई उँचो पार्न सक्नुहुन्थ्यो । तर, यसको लागी वहाँमा कलाकारिताको उच्चता भने आवश्यक हुन्छ । सायद त्यही तत्वको कमीको कारण सामान्य कलाकारिताको ज्ञान वा सीपलाई उपयोग गरी शरीर बेच्ने कार्य गर्न खोज्नु भएको हो कि ? यदि उहाँमा उच्च कलाकारिता रहेछ भने पनि वहाँको यस प्रकारको कार्यले चाहिँ वहाँभित्रै विद्यमान नैराश्य, कुण्ठा, हीनता वा असाहाय:पनाको प्रदर्शन (Exhibition) भएको हुनुपर्दछ । यदि यो पनि होइन भने त्यो सामान्य (Normal) व्यवहार नभएर वहाँमा रहेको मानसिक विकार वा सन्काहापनको प्रष्फुटन भएको हुनसक्छ । जसलाई सामान्य ढंगले नाप्न वा पत्ता लगाउन गाह्रो पर्न सक्तछ । एकपटक सोचौं वहाँले आफ्नो कला प्रदर्शनसँगै वहाँको कला पारखीको साथमा बसेर चिया वा खाना खाने कार्यक्रमको आयोजना गरेको भए त्यसले यत्तिकै चर्चा पाउने थियो त ? वा कुनै एक पुरुष कलाकारले एन्जेला मार्सलले राखेको प्रस्ताव राखेको भए उसको प्रदर्शनीको स्थिति वा त्यसप्रतिको टिप्पणी के हुन्थ्यो होला ? अत: एन्जेला मार्सलको यस क्रियाकलापको पुन: एकचोटी महिलाहरु भोग विलासका साधन हुन र यिनीहरुमा रहेका कुनै पनी प्रकारका गुणहरु (Qualities) अन्तत: गएर यौन क्रियाकलापमा नै पुगेर पूर्णता प्राप्त गर्दछ भन्ने खालको गलत सोचाइलाई नै प्रतिष्थापित गर्नमा जोडदाररुपले सघाउ पुऱ्याएको छ । यसकारण, वहाँको यस क्रियाकलापले पुरुष प्रधान समाजमा बढी चर्चा पाउने निश्चित छ । तर समाजका सचेत महिला एवं पुरुष दुबैथरी यस प्रकारका कार्यहरुबाट समाजमा पर्ने असर र खासगरी महिलाको आम छवि (Mass image) माथि पर्ने नकारात्मक प्रभावको बारेमा सचेत हुन आवश्यक भएको छ । नारी हक र अधिकारका कुरा गर्ने नारीहरुले

यस्ता कार्यको विरोधमा आफ्ना प्रतिक्रियाहरु अगाडि ल्याउनु आवस्यक भएको छ। अन्यथा, पुरुषसरह हरेक कामको क्षेत्रमा अगाडि बढेका आजका महिलाहरु यस्तै विकृत र विसंगत घटनाहरु घटदै गएमा, हरेक कामको क्षेत्रमा वा हरेक कला, साहित्य, ज्ञान वा विज्ञानको क्षेत्रमा यौनको सहारा अर्थात् शरीर बिक्रि गरेर मात्र अगाडि बढनसक्ने स्थितिको सृजना "मन्द विष" को तवरबाट हुँदै जाने देखिन्छ।

एन्जेला मार्सलको कार्य उहाँसँग मात्रै सीमित वा बेलायतमा मात्रै सीमित हुने कार्य नभएकाले यस्ता क्रियाकलापहरुप्रति समाजका सचेत मानिसहरुको ध्यान जानु आवश्यक हुन्छ। घटनालाई घटनाका रुपमा छोडदै जाँदा त्यस्ता घटनाहरु सामान्य देखिन जाने खतरा उत्पन्न हुन्छ। यसैगरी, नकरात्मक प्रतिस्पर्धातर्फ अन्य मानिसहरु पनि आकृष्ट हुन जाने संभावना हुन्छ। यसर्थ, यस्ता नकारात्मक प्रभाव पार्ने खालका घटनाहरुमाथि यथा समयमा नै प्रतिक्रिया व्यक्त गर्नु आवश्यक हुन्छ।

*(२०५५ बैशाख २८)*

# पारिजात स्मृति सभा : केही जिज्ञासाहरू

गएको वैशाख २६ गते शनिवारका दिन पारिजात स्मृति केन्द्रले गएका वर्षहरुमा झैं सुप्रसिद्ध लेखिका स्वर्गीय पारिजातको पाँचौ वार्षिकीको अवसरमा स्मृति सभाको आयोजना गरेको थियो । यस सानो टिप्पणीमा मैले व्यक्तिगत रुपमा आफूलाई लागेका केही कुराहरु, खासगरी छलफलका लागि, उठाउने जमर्को गरेको छु । अत: यहाँ अभिव्यक्त भएका कुराहरु मेरा व्यक्तिगत विचार हुन र यसमा अभिव्यक्त भएका विचारहरुले म आफू सम्बन्धित रहेका कुनै पनि संस्थाको प्रतिनिधित्व गर्ने छैन ।

यसपटक पारिजात स्मृति केन्द्रले पारिजातको प्रतिमामा माल्यार्पण गर्ने निमित्त सदाझैंको बिहान गरिने कार्यक्रम यसपटक निमन्त्रणा-पत्रमा उल्लेख गरेन र सो कार्यलाई औपचारिक कार्यक्रमको रुपमा पनि राखेन । यसपटक स्वेच्छाले उक्त दिन बिहान पारिजातको म्हैपीस्थित प्रतिमा स्थलमा उपस्थित हुनु भएका महानुभावहरुसहित अनौपचारिक रुपमा पारिजातको प्रतिमामा माल्यार्पण, पुष्पार्पण गरिएको थियो । स्मृति केन्द्रले, मैले थाहा पाएसम्म आफ्नो बिहानको कार्यक्रममा यसप्रकारको परिवर्तन पारिजातका शुभचिन्तकहरुकै राय सुझावलाई ध्यानमा राखेर गरेको थियो । किनकी, एकैदिन त्यो पनी शनिवार बिहान र दिउँसो एउटै संस्थाको कार्यक्रममा सहभागी हुन गाह्रो भयो र नहुन पनि गाह्रो भयो । यसर्थ, पारिजातको स्मृतिमा यौटै मात्र कार्यक्रम भए सहभागी हुन चाहने शुभचिन्तकहरुलाई सजिलो हुने थियो भन्ने सुझावहरु आएका थिए । यहाँनेर कसैले पनि राम्रो उपाय सुझाई दिए पारिजात स्मृति केन्द्रले त्यसलाई सहर्ष स्वीकार गर्नेछ भन्ने मलाई लाग्दछ । पारिजातको प्रतिमामा माल्यापर्ण गर्ने, यौटा तुलनात्मक रुपले सुविधा सम्पन्न कक्षमा पारिजातसम्बन्धी कार्यक्रम गर्ने र पुरस्कारहरु वितरण गर्ने कार्यलाई कसरी सुगम तरिकाले सम्पन्न गर्ने ?

अर्को कुरा, यसपटक पारिजातको कार्यक्रमप्रति सुलोचना मानन्धरज्यूले

बैशाख ३० गतेको बुधबार साप्ताहिकमा आफ्नो टिप्पणी प्रस्तुत गर्नु भएको छ र त्यसले संवेदनशील र जटील विषयवस्तुलाई उठाएको छ । यसरी, कार्यक्रमलाई "कार्यक्रमकै लागि" को रुपमा रहन नदिई कार्यक्रमको समापनपछि पनि क्रिया-प्रतिक्रियाको लागि टिप्पणी राखीदिनु भई आगामी कार्यक्रमहरुलाई परिमार्जित गर्नसक्ने सम्भावनालाई उजागर गरिदिनु भएकोमा म वहाँलाई धन्यवाद दिन चाहन्छु ।

सुलोचनाज्यूले पहिलो प्रसंग प्रज्ञा प्रतिष्ठानको प्रवचन कक्षमा गरिएको कार्यक्रमलाई लिएर उठाउनु भएको छ । वास्तवमा यो ज्यादै महत्वपूर्ण छलफलको विषय हो भन्ने मलाई लागेको छ । वहाँले त्यहाँ प्रस्तुत गरिएको गीतको बोलको (जसको रचना कवि दुर्गालाल श्रेष्ठले नेपाल भाषामा गर्नु भएको हो) अंशसमेत राखेर भन्नु भएको छ कि "यसपालीको यो ठाँउको चयन शायद त्यति ठिक भएन" । गीतको सानो अंश पनि यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुने भएकोले तल प्रस्तुत गरिएको छ :

बिन्ती छ सुन मेरो लाश लगेर
प्रज्ञा भवनमा नराखी देऊ
खरानी बनोस बरु त्यो जलेर
लगी स्वयम्भुको त्यो खोला छेउ

पारिजातको प्रज्ञा भवन प्रतिको त्यो प्रतिक्रिया प्रज्ञाको स्थुल भवनसंग नभएर प्रज्ञाको प्रवृत्तिको विरोध थियो । प्रज्ञाको गलत प्रवृत्ति अर्थात् प्रज्ञा प्रतिष्ठान प्राज्ञहरुको थलोको रुपमा रहनको निमित्त प्रज्ञामा पनि प्रजातान्त्रिकरण हुनुपर्दछ भन्ने सोचाई पारिजातको थियो र वहाँ त्यसको विरुद्ध लडिरहनु भएको थियो । उहाँ प्रज्ञा प्रतिष्ठानका क्रियाकलापहरुको विरुद्धमा रहनुभएको थियो । एक अन्तर्वार्तामा पारिजातले भन्नु भएको छ :

"... हामी चाहिँ चयन भएका प्राज्ञहरुको विरोध गरिरहेका छैनौं । हामी विरोध त अप्रजातान्त्रिक परिपाटीको मात्र गरिरहेका छौं" (पारिजातको संकलित रचना, ग्रन्थ ६, पे. २४१) । त्यसै अन्तर्वार्तामा पारिजातले भन्नु भएको छ :

"हामीले चलाइरहेको प्राज्ञिक आन्दोलन त्यहाँ चयन भएका व्यक्ति (प्राज्ञ) हरुको विरोधमा होइन । हाम्रो प्रज्ञा आन्दोलनको लक्ष्य नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा पूर्ण प्रजातान्त्रिक प्रक्रियाबाट प्राज्ञहरुको चयन गराउनुसम्म हो । प्रज्ञा प्रतिष्ठानमा जबसम्म प्रजातान्त्रिक प्रक्रिया अनुरुप प्राज्ञ चयन गर्ने प्रक्रिया बहाली नभएसम्म हाम्रो आन्दोलन जारी रहने छ।" मलाई लाग्छ पारिजातको प्रज्ञा प्रतिष्ठान विरुद्धको यो अभियान अझै टुङ्गिएको छैन। तर जिउँदा र त्यो पनि प्रगतिशील भनिने हामी साहित्यकारहरुले प्रज्ञा विरुद्ध पारिजातले सुरु गर्नु भएको त्यो अभियानलाई के कति गति दिइरहेका छौं र हामीले कसरी प्रज्ञा विरुद्धको आन्दोलनलाई अगाडि बढाइरहेका छौं त्यो हाम्रो सामु छर्लङ्गै छ । अर्कोतिर, प्रज्ञाबाट प्रकाशित हुने पत्रिकामा आफ्ना रचना छपाउन र त्यस बाट प्राप्त हुने "लेखकीय" लिन पनि हाम्रा प्रगतिशील भनिने कतिपय लेखकहरु पछि परेका नहोलान। त्यस कार्यमा पारिजातको प्रज्ञा विरुद्धको भावनामा कुनै चोट पुगेको महसुस कसैलाई भए जस्तो लाग्दैन । देशको भौतिक सुविधा सम्पन्न हलको रुपमा बानेश्वर स्थित अत्याधुनिक "कन्फरेन्स हल" को भाडा तिर्न नसक्नेहरुले प्रज्ञा भवनको हलमा पारिजातकै नाममा कुनै साँस्कृतिक कार्यक्रम गर्न हुने कि नहुने ? अझ अगाडी बढेर भन्ने हो भने पारिजात स्मृति केन्द्रको संस्थापक सदस्यहरुमा साहित्यकार रमेश विकल पनि पर्नुहुन्छ र जो हाल प्रज्ञा प्रतिष्ठानको "प्राज्ञ" हुनुहुन्छ । मलाई लाग्छ, कुनै पनि विषयहरु निरपेक्ष रुपमा हेरिने गरिनु हुँदैन। हरेक क्रियाकलापलाई त्यसको समग्रतमा समय र परिस्थितिको सन्दर्भमा जोडेर विश्लेषण गरिनु पर्दछ। भावनात्मक रुपमा असजिलो हुनु वेग्लै कुरा हो र यस्तो असजिलो सामान्य मानिसहरुलाई हुनु स्वभाविकै पनि हो र सकेसम्म कसैको भावनामा ठेस नपुग्ने हिसाबले कार्यक्रमहरु गर्न सके राम्रै पनि हुन्थ्यो। तर, भावनालाई मात्र जीवित राख्न कार्यक्रमलाई नै असर पार्न भने उचित हुँदैन कि भन्ने लाग्छ।

काठमाण्डौका धेरै सभाकक्षहरु धाउने क्रममा मैले बैशाख २६ गतेको कार्यक्रमको लागि बार एसोसिएसनको हल, एप्रोस्कको हल, राष्ट्र बैंकको हल लगायत थुप्रै हलहरु चाहारेको थिए। कतै अघिल्ला कार्यक्रम गर्ने आयोजकहरुले हल तोडफोड गरेको कारण, कतै शनिवार हल नदिने नियम भएको कारण र धेरैजसो हलहरुमा उक्त दिनको लागि अग्रीम बुकिङ्ग भइसकेको कारण हामीलाई हल प्राप्त

गर्न गाह्रो परेको थियो । समय धेरै कम बाँकी थियो - हल निश्चित गर्न बाँकी, हल निश्चित नभई निमन्त्रणा/सूचना पठाउन नसकिने जस्ता समस्याहरु त छँदै थिए । त्यसमाथि पनि व्यावसायिक प्रयोजनको लागी राखेको प्रवचन कक्षलाई दुई हजार भाडा तिरेर स्मृति केन्द्रले व्यावसायिक रुपमा उपयोग गर्नु र पारिजातले आफ्नो शवलाई प्रज्ञा भवनमा नराख्नु भनेको प्रसगं एकै भए जस्तो मलाई लाग्दैन । कतिपय अवस्थामा हामी "बिरालो बाध्ने" कुराको त बिरोध गर्छौं अनि आफ्नो घरको बिरालो चाहिँ बाँधेर श्राद्ध गर्ने र त्यसको पछाडी तर्क दिन्छौं कि यो छिरबिरे रङ्गको अति चकचके बिरालो छ त्यसैले यसलाई बाँधेको । अनि कुनै दिन अर्काले चाहिँ उसको घरको बिरालो बाँधेर श्राद्ध गरेको देख्यौं भने हामी आफै भन्छौ फेरि त्यो त अति कट्टरपन्थी हो, हेर बिरालो बाँधेर श्राद्ध गरेको । त्यस्तो जावो लुसे कालो बिरालोलाई पनि बाँधेर राख्नुपर्छ र ? आदि आदि ... ।

यति लामो प्रसंग कोट्याएर स्मृति केन्द्रले प्रज्ञा भवनका हलहरुमा नै कार्यक्रम गर्नु पर्छ र यसपाली त्यहाँ कार्यक्रम गरेर अति राम्रो गऱ्यो भन्ने पक्षमा पनि म छैन । मेरो जिज्ञासा यतिसम्म मात्र हो कि पारिजातको प्रज्ञा विरुद्धको आन्दोलनलाई अझै पनि कुनै साँस्कृतिक/साहित्यिक कर्मीहरुले वा संघ संस्थाहरुले ठोस कार्यक्रमको रुपमा अगाडि बढाउन चाहन्छ भने म पनि त्यसको एक सदस्य/सहभागी बन्न तयार छु । अन्यथा, निस्क्रिय "भावना"मा वहेर कुनै पनि कुरालाई हेर्दा वा विश्लेषण गर्दा सही कुरा ओझेलमा पर्ला कि भन्ने डर मात्र व्यक्त गर्न खोजेको हुँ । यस विषयमा विज्ञ महानुभावहरुबाट उचित प्रतिक्रिया प्राप्त भए राम्रो हुने थियो ।

*(२०५५ जेठ ११)*

# जन आन्दोलन २०४६ मा महिलाहरूको भूमिका

कुनै पनि ठूला संघर्ष, क्रान्ति वा परिवर्तनहरु महिलाहरुको सहभागिता विना पूरा हुन सक्दैन । सुखको बेलामा समाजले महिलाहरुलाई जतिसुकै अबला, अशक्त, हीन आदि भनेर घरको चार दिवारीभित्रै कैद गर्न खोजे पनि विपतको बेलामा वा समाज परिवर्तनका कठीन क्षणहरुमा महिलाहरुको सक्रिय सहभागीतालाई कुनै पनि समाजले नकार्न सक्दैन । नेपालको इतिहास पनि नेपाली महिलाहरुले प्रदर्शन गरेका वीरतापूर्ण कार्यहरुको विवरण विना पूरा हुन सक्दैन । नालापानी र किल्ला कांगडाको युद्धमा ब्रिटीस साम्राज्यवादी सरकारको तोप र गोलीको कुनै परवाह नगरी आफ्ना बच्चालाई पिठ्यूँमा बोकेर हातमा नाँगो खुकुरी लिएर आफ्नो देशको स्वाधिनताको निमित्त नेपाली वीराङ्गनाहरु लडेका थिए भने राजेन्द्र लक्ष्मीले नायवी चलाएर समेत आफ्नो क्षमताको प्रदर्शन गरेकी थिइन् । यसरी देश र समयको आवस्यक्ता अनुसार महिलाहरुले आफ्नो क्षमताको प्रदर्शन गर्दै आएका छन् । स्वाधिनता र स्वतन्त्रताभन्दा प्रिय वस्तु अरु केहि हुन सक्दैन भन्ने तथ्यलाई व्यवहारिक रुपमा प्रमाणित गर्न नेपाली महिलाहरु पनि पछि परेका छैनन् ।

नेपाली आकाशमा मडारिएको पञ्चायतरुपी निरंकुशताका काला बादलहरुलाई ०४६ साल फागुन ७ गतेदेखि सुरु भएको राष्ट्रिय जन आन्दोलनले चोटिलो प्रहार गर्न सफल भएको छ । फलस्वरुप चैत्र २६ गतेको मध्य रातमा देशमा गतिहिनताको अव्यवस्था फैलाएर बसेको पञ्चायती व्यवस्थाको अन्त भएको छ ।

२०४६ साल फागुन ७ गतेदेखि सुरु हुने भनिएको आन्दोलनमा घिउ थप्ने काम फागुन १ गते पोखरा स्थित पृथ्वीनारायण क्याम्पसको छात्रावासमा भएको प्रहरी ज्यादतीले गरेको थियो । सो छात्रावासमा घटेको घटनाबारे बताउँदै आनन्ददेव भट्ट भन्छन्- “भैरहवा, बुटवल तिरबाट ल्याइएका उग्र प्रवृत्तिका मुस्तेज व्यक्तिहरु (कमाण्डो) र प्रहरीहरुको एक जत्थाले फागुन १ गते पि.एन. क्याम्पसको महिला छात्रावासमा पसेर छात्राहरुलाई चुल्ठोमा समातेर घिसार्दै बाहिर ल्याई सर्वाङ्ग नाङ्गो

पारेर ठाँउ-कुठाउँमा पिटेको हो । यस भनाइमा एक अंश पनि बढी छैन । मैले बताएको यो कुरा अलिकति पनि झूठो सावित कसैले गर्न सक्छ भने मेरो टाउको दामोदर पाण्डेको झैं काटियोस्, म तयार छु ।"[1] यस पटकको जन-आन्दोलनलाई तोकिएको समयभन्दा अगाडि नै गति दिने काम महिलाहरुबाटै हुन पुगेको छ। यस घटनामा लक्ष्मी कार्की सर्वाधिक चर्चामा आएकी थिइन् ।

आन्दोनको निर्धारित तिथी अर्थात् फागुन ७ गते आउनु अगावै सुरु भएको धरपकडमा महिलाहरु पनि परेका थिए । तीमध्ये संयुक्त बाममोर्चाकी अध्यक्ष सहाना प्रधान र उमा अधिकारीलाई आन्दोलनभर जेलमा राखिएको थियो । फागुन ७ गतेको दिन पञ्चायत विरोधी जुलुसहरु देशका थुप्रै भागहरुमा भए । प्रायः सबै ठाउँमा महिलाहरुको सक्रिय सहभागिता रहेको थियो । यसै दिन नारायणघाटको महेन्द्र मार्केटबाट निस्किएको करिब सातसय महिलाहरुको बिरोध प्रदर्शनबाट थुप्रै महिलाहरुलाई गिरफ्तार गरिएको थियो भने हेटौडाको जुलुसमा अग्रपंक्तिमा रहेकी सीता विजार प्रहरीको गोलीबाट घाइते भएकी थिइन् । सीता भुजेललाई चाहीँ आन्दोलनपूर्व नै प्रशासनले जोडतोडले खोजेको र सोही कार्यमा असफल भएपछि उनीमाथी राष्ट्र विप्लवको अभियोग लगाइएको थियो । जन-आन्दोलनको प्रथम दिनदेखि नै देशका आन्दोलन उठेका ठाँउहरुमा नेपाली महिलाहरु पनि आफ्ना मौलिक हक र अधिकारको वहालीको निमित्त देशमा प्रजातन्त्रको स्थापनाको निमित्त र देशमा विद्यमान निरंकुश तानाशाही व्यवस्थाको अन्तको निमित्त घरको चारदिवारीलाई तोडेर संघर्षको मैदानमा उत्रिएका थिए ।

जनकपुरको जदुकुहामा फागुन ९ गते पञ्चायतको विरोधमा आयोजना गरिन लागेको आमसभामा भाग लिन विशाल जनसमुदायहरु भेला भएको ठाउँमा प्रहरीले गोली चलाउँदा पाँच जनाले वीरगति प्राप्त गरेकोमा भूवनेश्वरी यादव, सोनावती यादव र जानकी देवी यादव, तीन जना महिलाहरु नै भएबाट जदुकुहामा महिलाहरुको सक्रिय एवं साहसीपूर्ण सहभागिता रहेको थियो भन्ने स्पष्ट छ । फागुन १० गतेको दिन चितवन जिल्ला पञ्चायत भवनको अगाडि ३०० भन्दा बढी महिलाहरुले आ-आफ्ना बच्चाहरुलाई समेत पिठ्यूँमा बोकेर हातमा हंसिया, कुटो, कोदालोजस्ता हतियार बोकेर प्रदर्शन गर्दै नारायणघाटतर्फ जान खोज्दा ती वीरङ्गनाहरुदेखि तर्सिएका निरंकुशताका रक्षकहरुले ती महिलाहरुलाई तितर वितर

पार्न गोलीको सहरा लिएका थिए । प्रहरीले चलाएको गोलीबाट दुई महिलाहरु घाइते (मृत्यु ?) भएका थिए । महिलाहरुले आफ्नै मात्र सहभागितामा आफ्नो जुधारु एवं संघर्षशील चेतनाको उदाहरण यसरी पनि प्रदर्शित गरे । यस्तै अर्को उदाहरण फागुन ११ गते विराटनगरका महिलाहरुले पनि प्रदर्शन गरेर देखाए । विराटनगर स्थित देवकोटा चोक वरिपरीका घरहरुमा पसेर प्रहरीले आइमाई, केटाकेटीहरु समेतलाई पनि पिटेकोले सो कार्यको विरोधमा त्यहाँ जुलुस निकालिएको थियो । सो घटनाको बारेमा नेपाली आवाज लेख्छ- "विराटनगरको यौटा विशेषता के रह्यो भने आन्दोलनको समर्थन र प्रशासनिक दमनको विरोधमा अधिवक्ता सुशिला कार्कीको नेतृत्वमा ११ गते महिलाहरुको एक जमातद्वारा मुखमा कालो पट्टी बाँधेर मौन विरोध प्रदर्शन भयो । प्रहरीले प्रदर्शनलाई तितरवितर पार्न सकेन तर प्रदर्शनकारीहरु मध्ये २० जनालाई गिरफ्तार गरिएको थियो" ।[२]

आन्दोलनको क्रममा निरंकुशताका पूजारीहरुले महिलाहरुमाथि पनि त्यत्तिकै निर्ममतापूर्वक दमन चक्र चलाएर आफ्नो वर्वरताको परिचय दिएका थिए । पद्म कन्या क्याम्पसकी छात्रा, २१ वर्षीय निरा शर्मालाई फागुन १३ गते साँझ ५ बजे तिर ठहिँटी (काठमाडौं) बाट पक्राउ गरी निर्घात रुपमा पिटदै लगेको थियो । तर दमन र यातनाले चेतनाको आगोलाई निभाउन कहाँ सक्थ्यो र ? कुरा आईमाई हुनु वा लोग्ने मानिस हुनुको होइन, चेतनशील हुनु र नहुनुको थियो । पुरुष प्रधान समाजका कतिपय 'मर्द'हरु घरको मूल ढोका काटेर बाहिर निस्कन डराइरहेको समयमा ' अवला' भनेर हेला गरिने आइमाई सत्य र न्यायको निमित्त, देश र जनताको निमित्त, स्वतन्त्रता र स्वाधिनताको निमित्त निरंकुशताका रक्षकहरुसंग जुधिरहेका थिए । निरंकुशताका दमन यन्त्रले आफ्नो मनोबललाई झन् दरो बनाएको कुरा पञ्चायतको अन्त नहुँदैको अवस्थामा अस्पतालको ओछ्यानबाट निरा शर्माले यसरी व्यक्त गरेकी थिइन्- "छिट्टै स्वस्थ हुन सके जन-आन्दोलनमा जुटने इच्छा बढेको छ, अत्याचार र अन्याय सुनेकी थिएँ, त्यसको एउटा सानो भाग आफैं भोग्न पाएँ । अन्यायका पक्ष पोषकहरुलाई छिटै जितौं जस्तो लागेको छ । पक्राउ परेदेखि थुनामा रहँदा मैले महशुस गरें नैतिक रुपमा हामी माथि छौं । ढिलो चाँढो जहिले भएपनि विजय हाम्रो हुनेछ ।"[३] छात्र नेतृ पिउष दाहाल पनि फागुन १४ गतेको कार्यक्रममा सहभागी हुदाँ रत्नपार्कबाट गिरफ्तार भएकी थिइन् ।

फागुन २५ गते (८ मार्च) को अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा देशका विभिन्न ठाँउहरुमा महिलाहरुले विभिन्न प्रकारका कार्यक्रमहरुको आयोजना गरेर निरंकुश तानाशाहहरुको मध्ययुगीन व्यवहारलाई चुनौती दिएका थिए । त्यस दिन काठमाण्डौको पद्म कन्या क्याम्पसमा ५०० भन्दा बढी महिलाहरुले कालो पट्टी बाँधेर जुलुस निकालेका थिए । यस्तै बुटवल, विराटनगर, झापा, पाल्पा, लगायत देशका थुप्रै ठाउँहरुमा मौलिक हक, अधिकार एवं स्वतन्त्रताको माग गर्दै सशक्त विरोध तथा जुलुशहरुको आयोजना गरेका थिए । महिला दिवश मनाएर निरंकुशताको विरोध गरेकोमा विभिन्न ठाँउहरुबाट हिसिला यमि , मिनु कोइराला, जीवन घिमीरे, विश्वेश्वरा दाहाल , ज्योति प्याकुरेल, नैनकला ओझा, शान्ता माया मगर, सीता वराल, देवी वराल, विन्दु राई, कविता पौडेल, मैया भट्टराई, राधा साहनी, यमुना घिमिरे लगायत अन्य थुप्रै महिलाहरुलाई पक्राउ गरिएको थियो । महिला दिवसलाई पनि देशका महिलाहरुले निरंकुश पञ्चायती व्यवस्थाको विरोधमा प्रयोग गरेर देश र जनता प्रतिको आफ्नो चिन्तालाई उच्च रुपमा प्रदर्शन गरेका थिए । सिराहा जिल्लाको तेतरिया गाँउ, वार्ड नं २ का वडा अध्यक्ष अर्जुन थापालाई प्रहरीले गिरफ्तार गर्न लाग्दा पनि त्यहाँका महिलाहरुले हँसिया, खुकुरी जस्ता हतियार लिई प्रहरीसंग डटेर निज वडा अध्यक्षलाई गिरफ्तार हुनबाट समेत जोगाएका थिए ।

फागुन ३० गते चितवनका करिब दुई हजार महिलाहरुले हातमा रातो झण्डा बोकेर नारा लगाउँदै नारायणघाट बजार परिक्रमा गर्दै थिए । महिलाहरुको त्यस जुलुश र बुलन्द आवाजलाई रोक्न प्रहरीले हवाई फायर गरेको थियो । तर संघर्षशील चेतनाले देश र जनताको निमित्त सडकमा उतारेका ती महिलाहरु निडरताका साथ अगाडि बढदै गए । त्यस जुलुसमा २०० भन्दा बढी महिलाहरु गिरफ्तार भए। जसलाई चितवनको जङ्गलमा राखिएको थियो र तिनीहरुलाई भोकभोकै राखेका मात्र नभई खुल्ला आकाश मुनि नै निर्लज्ज तरिकाले अमानवीय यातनाहरु पनि खप्न बाध्य पारिएको थियो । बहुदलीय प्रजातान्त्रिक जन-आन्दोलनको संघर्षको दौरान नारायणी अंचलका महिलाहरुले जस्तो अदम्य साहस एवं जुझारुपनाको परिचय दिए, त्यसबाट उनीहरु "चितवनका टाईगर्नी" भनेर चर्चित बन्न पुगेका छन् ।[४]

यस पटकको जनआन्दोलनमा महिलाहरुले देश र जनताको निमित्त, अर्थात्

आधुनिक सामाजका मध्ययूगीन तानाशाहहरुको पतनको निमित्त कुनै पनि क्षेत्र, पेशा वा वर्गबाट हुने विरोध प्रदर्शनहरुमा आफ्नो सक्रिय सहभागीतालाई खटकाएनन् । चैत्र ३ गते काठमाडौंमा भएको लेखक, कलाकारहरुको विरोध प्रदर्शनमा पनि महिलाहरुको सहभागीता रहेको थियो । मानव अधिकार र प्रजातन्त्रको निमित्त त्रि-चन्द्र क्याम्पस (काठमाडौं) मा मुखमा कालो पट्टी बाँधेर धर्ना बसेका सम्पूर्ण लेखक कलाकारहरुलाई प्रहरीले घेरा हाली बन्दुक तेर्स्याएर पक्राउ गरेको थियो । यस दिन पक्राउ पर्ने महिलाहरुमा अन्जु दीक्षित, डा. अरुणा उप्रेती, बेञ्जु शर्मा, शारदा शर्मा, उषा हमाल, इन्दिरा शाह, अम्बिका शर्मा, जगजीत कौर, सुमन सुब्बा, रुपा ढकाल, सुम्निमा तुलाधर, आदि थिए भने लेखिका पारिजातलाई चाहीँ धर्ना बसेकै ठाउँमा अलपत्र पारेर छाडेका थिए ।

चैत ७ गते किर्तिपुर अडिटोरयिममा भैरहेको गोष्ठीबाट गिरफ्तारीमा परेका बुद्धिजीवीहरु मध्ये हिसिला यमि, कल्याणी शाह, मीना पौडेल, ज्योति गौतम, कान्ता सिंह, सावित्री मैनाली, शोभा श्रेष्ठ, इन्दिरा पन्त लगायत ३० जना जति महिला बुद्धिजीवी थिए । तीमध्ये हिसिला यमि, कल्याणी शाह र मीना पौडेललाई महिला जेल चलान गरेर आन्दोलनको समाप्ति पछि मात्र छोडिएको थियो ।

देशमा भइरहेको दमन, धरपकड र हत्याले महिलाहरुलाई पनि आक्रोशित पारि नै रहको थियो भने देशमा दिनप्रतिदिन चुलिंदै गइरहेको महँगीले पनि उनीहरुलाई आन्दोलित गर्न छाडेन । फलस्वरुप चैत १७ गते गृहिणीहरुले काठमाडौंस्थित पद्म कन्या क्याम्पसको प्रांगणमा भेला भएर पञ्चायती व्यवस्थाले विगतका ३० वर्षभित्र सृजना गरेको महँगी र अभावको विरोधमा थाल, कचौरा, डाडु, पन्यूँ आदि ठटाएर विरोध प्रदर्शन गरेका थिए । त्यसै समयमा छात्राहरुले पञ्चायतको पुत्ला पनि जलाएका थिए । त्यस कार्यक्रमबाट नानी मैयाँ अधिकारी, तारा सुब्बा, कमला अमात्य लगायत १५ जना जतिलाई गिरफ्तार गरिएको थियो । त्यसै दिन किर्तिपुरको मंगल मा. वि. मा पुत्ला जलाएर दिउँसो ३ बजे सुरु भएको हजारौंको जुलुशमा महिलाहरु अग्रपंक्तिमा रहेका थिए ।

फागुन ७ गतेदेखि उठेको पञ्चायत विरोधी आन्दोलनले आफ्नो उच्चतम रुप लिदैं थियो भने पञ्चायती तानाशाहहरु चाहीँ आफ्नो पतनको समयलाई

लम्बाउन क्रुर दमन र हत्याको सहारा लिदै थिए । आन्दोलनको विकसित रुप पाटनमा देख्न सकिन्थ्यो । पाटन ऐतिहासिक रुपमा 'पेरिस कम्युन' जस्तो भएको थियो । पाटनवासीहरुले आफ्नो शहरलाई चारैतिरबाट घेरेर मुक्त-क्षेत्र नै बनाएका थिए । भूमिगत बसेका नेताहरु पाटनमा निर्धक्क जनताहरुलाई सम्बोधन गरिरहेका देख्न सकिन्थ्यो । पाटनमा रहेको महिलाहरुको सहभागीताको बारेमा साप्ताहिक जनज्योति लेख्दछ - "प्रत्यक्षदर्शीका अनुसार नेपालको इतिहासमा आजसम्म कहिल्यै नदेखिएको दृष्य १८ गते (चैत) शनिवारका दिन पाटनमा देख्न पाइयो । करिव २० हजार मानिसहरुले जुलुशमा साना-साना नानीलाई एउटा हातले चेपेर अर्को हातमा चुलेसी बोकेका सयकडौं महिलाहरु जुलुशमा नारा लगाइरहेका थिए ।"[५] चैत १९ गते राति ११ बजे किर्तिपुरका गृहिणीहरुले पनि रित्तो गाग्री र थाल बोकेर जुलुश निकालेका थिए । चैत १८ गते नर्स विद्या जोशीलाई कुममा गोली लागेको थियो भने चैत २६ गतेको विहान ३:४५ बजे (कर्फ्यू लागेको बखत) सैनिकको गोलिबाट ज्ञानी शोभाले वीरगति प्राप्त गरिन् । ती दुबै महिलाहरु पाटनवासी हुन् ।

चैत २२ गते देशव्यापी रुपमा प्रार्थना सभाको आयोजना गरिएको थियो । त्यस दिन भैरहवामा महिलाहरुले, त्यहाँ उपस्थित प्रहरीहरुलाई जनताको हत्या नगर्नु भनेर अर्ति दिदै टिका लगाइदिएका थिए । निहत्था जनता माथि माथिको हुकुमलाई मानेर गोली चलाइरहेका प्रहरी दाजुभाईहरुलाई चेतनाको संचार गराउने काम समेत महिलाहरुबाट भएको थियो । चैत २२ गतेकै दिन विहान ७:३० बजे तीन थाना गाउँ पञ्चायतको विष्णु देवी मन्दिर (काठमाडौं) मा आमसभा भएको थियो । सो आमसभा पछि गएर जुलुशमा परिणत भएको थियो । त्यस जुलुशको अग्रपंक्तिमा पनि महिलाहरु नै थिए । त्यस जुलुशमा करिव २०० जना महिलाहरुको सहभागिता रहेको थियो ।

जब देशमा संकट आइपर्छ वा जव देशमा बाह्य हस्तक्षेप हुन थाल्छ त्यतिबेला महिलाहरु पनि हतियार उठाउन पछि पर्ने छैनन् । यस तत्थ्यलाई हालैको हाम्रो राष्ट्रिय जनआन्दोलनमा महिलाहरुले देखाएका अदम्य साहस र उत्साहले प्रमाणित गरेको छ । महिलाहरु आमा पनि हुन् यस अर्थमा उनीहरु ममताका प्रतिमूर्ति हुन । तर महिलाहरुले आफ्नो ममताको प्रर्दशन कायरता र आँसुले हैन वीरता र सचेतनाका साथ गरेका छन् । यस पटकको आन्दोलनको क्रममा महिलाहरुले आफ्नो

कोखको अपूरणीय क्षतिलाई समेत देश, जनता र प्रजातन्त्रको तुलनामा गौण ठान्दै उच्च चेतनाका उद्‌गारहरु व्यक्त गरेका छन् । “मेरो छोरा मरेकोमा कुनै पीर छैन” भन्दै पार्टी माथिको प्रतिबन्ध हटे पश्चात् सेनाको गोलीबाट वीरगति प्राप्त गरेका नुवाकोट निवासी राजन रायमाझीकी आमा अम्बिका रायमाझीले पूर्ण प्रजातन्त्रको निम्ति आफू पनि वलिदान दिन तयार रहेको कुरा व्यक्त गर्नु भएको थियो ।[६] त्यस्तै, मेची बहुमुखी क्याम्पसको हत्याकाण्डमा मारिएका छात्र राम थापाको भाउजुले आफ्नो देवर प्रति गर्व गर्दै भन्नु भयो -“मेरो देवर प्रति गर्व छ । देश र समाजको लागि वलिदान हुन तयार छौं ।”[७]

माथिका घटनाहरुले यस पटकको जन-आन्दोलनमा नेपाली महिलाहरुले देखाएको साहस, वलिदान एवं त्यागका अनुपम उदाहरण पेश गर्दछन् । यस पटकको जन-आन्दोलनमा देशका थुप्रै भागहरुमा थुप्रै महिलाहरुले बिभिन्न किसिमबाट सघाएका छन् । तिनीहरुको पूर्ण विवरण प्राप्त गर्न असम्भव नभएपनि सजिलै हुन चाहिँ सक्दैन । तर पनि महिला मुक्ति, न्याय र समानताको निमित्त क्रियाशील हुने व्यक्ति तथा संस्थाहरुले, महिलाहरुले सार्वजानिक क्षेत्रमा देखाएका ऐतिहासिक, साहसिक कार्यहरुको भने खोजविन गरी जनसमक्ष ल्याउने प्रयास गर्न जरुरी देखिन्छ । यस पटकको जनआन्दोलनमा महिलाहरु  अग्रपंक्तिमा रहेर लडेका थिए । यसै पटकको जनआन्दोलनमा नार्मदको प्रतिक मानेर चूरा, पोते, सिंदूर आदि पठाएर भक्तपुरले पाटनलाई र पाटनले काठमाडौंलाई जसरी चुनौति दियो सो कार्यले भने आन्दोलकारीहरुको साँस्कृतिक दरिद्रता को प्रर्दशन गरेको छ । किनभने महिलाहरु नामर्दको हुन् र तिनीहरुले लगाउने चुरा, पोते, सिंदूर आदि नार्मदको प्रतिक हुन् भन्ने हाम्रो अवधारणालाई व्यवहारमा उतार्ने काम सो कार्यले गरेको छ । आफूसंग काँधमा काँध मिलाएर संघर्षमा उत्रिएका, अझ पिठ्यूँमा बच्चा बोकेर हातमा खुकुरी, भालाजस्ता हतियार समातेर जुलुशको अग्रपंक्तिमा डटेका महिलाहरुकै चुरा, पोते, सिंदूर आदिलाई नामर्द (आइमाई) को प्रतिक मानेर आन्दोलन नउठेका क्षेत्रका जनतालाई पठाउनुले समाजको विकासमा जन-संर्घषको विजयको निमित्त हुने महिलाहरुको योगदानलाई महत्व नदिने र उनीहरुबाट भएको योगदान पनि पुरुष प्रधान समाजका पुरुषहरु माथि मात्रै एकलौटी रुपमा थपिन गई समाजमा पुरुषहरुकै मात्र श्रेष्ठता कायम हुने परिपाटीलाई टेवा पुग्दछ । यसर्थ, संर्घषशील एवं

उन्नत चेतनास्तर भएका कसैले पनि यस प्रकारको साँस्कृतिक दरिद्रता प्रर्दशन गर्नु आफैँमा विरोधाभाषपूर्ण कार्य हुनेछ । अन्तमा, ऐतिहासिक घटनाक्रमले महिलाहरु देश र जनता, स्वतंत्रता र स्वाधिनताको निमित्त पछाडि परेको सावित गर्दैन । तसर्थ, यस तत्थ्यलाई हृदयंगम गरी महिलाहरुले पनि निरन्तर रुपमा आफूलाई सार्वजनिक क्षेत्रमा एक महत्वपूर्ण व्यक्तिको रुपमा स्थापित गराउने तर्फ लाग्नुपर्ने देखिन्छ । यसै गरी पुरुषहरुले पनि आफ्नो 'श्रेष्ठता'को अहंलाई त्यागेर महिलाहरुसंग संघर्ष र संङ्कटको घडीमा जस्तै सधैं काँधमा काँध मिलाएर अघि बढ्दै एक सभ्य सुसंस्कृत एवं न्यापूर्ण समाजको स्थापना गर्नको निमित्त भविष्यमा अझ एकताबद्ध भएर दृढतापूर्वक अगाडि बढ्ने मनस्थिति एवं आफ्नो उन्नत चेतना स्तरको प्रदर्शन गर्न सक्नु पर्दछ । आजको समयको माग पनि यहि हो ।

**टिप्पणीहरु :**

१. साप्ताहिक नेपाली आवाज, २०४६ फागुन १९
२. ऐ. ऐ.
३. दृष्टि साप्ताहिक, २०४६ चैत १५
४. अस्मिता, २०४७ आषाढ-श्रावण (वर्ष ३, अङ्क ८)
५. साप्ताहिक जनज्योति २०४६ चैत्र २०
६. जनमुक्ति साप्ताहिक, २०४६ चैत्र ३०
७. साप्ताहिक जनज्योति, २०४६ चैत्र २०

*(झिल्को, बैसाख-आश्विन २०४७, जनआन्दोलन २०४७ विशेषांक)*

## महिलाहरूले के गरे ?

बि. सं. २०४६ सालको जनआन्दोलनमा नेपाली महिलाहरुको पनि महत्वपूर्ण भूमिका रहेको थियो । पंचायती व्यवस्थाको विरोधमा २०४६ फागुन ७ गतेदेखि सुरु हुने भनिएको आन्दोलनलाई निर्धारित तिथिभन्दा अगाडि नै बढी चर्काउने काम फगुन १ गते पोखरास्थित पृथ्वीनारायण क्याम्पसको महिला छात्रावासमा भएको प्रहरी ज्यादतिले गरेको थियो । यस घटनामा लक्ष्मी कार्की सर्वाधिक चर्चामा आएकी थिइन् । यस्तै आन्दोलनको निर्धारित तिथि आउनु अगावै सुरु भएको धरपकडमा समेत महिलाहरु परेका थिए, जसमध्ये साहना प्रधान तथा उमा अधिकारीलाई आन्दोलन अवधिभर नै जेलमा राखिएको थियो । आन्दोलन सुरु हुनु अगावै घटेको यस घटनाबाट महिलाहरु पनि राजनैतिक परिर्वतनको निमित्त सक्रिय भएर लागेका थिए र तिनीहरुको सक्रियताले तत्कालीन पञ्चायत सरकारलाई तर्साएको थियो भन्ने चाहिँ प्रष्ट हुन्छ ।

आन्दोलनको निर्धारित तिथि २०४६ फागुन ७ गते देशका विभिन्न ठाउँमा भएका प्रर्दशनहरुमा महिलाहरुको पनि सहभागिता रहेको थियो । यसै दिन नारायणघाटको महेन्द्र मार्केटबाट निस्किएको करीब ७०० महिलाहरुको जुलूसबाट थुप्रै महिलाहरुलाई गिरफ्तार गरिएको थियो । यस्तै हेटौडामा जुलुशको अग्रपंक्तिमा रहेकी सीता बिजार प्रहरीको गोलिबाट घाइते भएकी थिइन् भने सीता भुजेललाई चाहिं आन्दोलनपूर्व नै प्रशासनले जोडतोडले खोजेको र फेला पार्न नसकेपछि उनिमाथि राष्ट्र विप्लवको अभियोग लगाइएको थियो । यसबाट के देखिन्छ भने जनआन्दोलन को पूर्व संध्यादेखि नै देशका आन्दोलन उठेका ठाउँहरुमा नेपाली महिलाहरु पनि आफ्नो मौलिक हक र अधिकारको बहालीको निमित्त, देशमा प्रजातंत्रको स्थापनाको निमित्त र देशमा विद्ययमान निरंकुश तानाशाही व्यवस्थाको अन्तको निमित्त घरको चार पर्खाललाई नाघेर संघर्षको मैदानमा उत्रिएका थिए ।

फागुन ९ गते जनकपुरको जदुकुहा नजिकै प्रहरीले चलाएको गोलिबाट पाँच

जनाको मृत्यु भएकोमा तीन जना महिलाहरु नै भएबाट यसमा पनि महिलाहरुको सहभागिता रहेको स्पष्ट हुन्छ । तीन जना मध्ये एक जना जानकी देवी यादव आफ्नै घरको आँगनमा गोरुलाई पानी खुवाउन लाग्दा प्रहरीको गोलीको शिकार भएकी थिइन् । वीरगति प्राप्त गर्ने अन्य दुईजनामा भुवनेश्वरी यादव र सोनावती यादव पर्दछन् ।

फागुन १० गते चितवन जिल्ला पञ्चायतको भवन अगाडिबाट ३०० भन्दा बढी महिलाहरु आ-आफ्ना बच्चालाई पिठ्यूँमा बोकेर हातमा हँसिया, कुटो, कोदालो जस्ता हतियार लिएर नारायणघाटतर्फ जान लाग्दा यी महिला प्रदर्शनकारीसँग तर्सिएर प्रहरीले गोली चलाएका थिए । यसमा दुईजना महिलाहरु घाईते भएका थिए । यो प्रदर्शन कार्यक्रम महिलाहरुले आफ्नै मात्र सहभागितामा आयोजना गरेको देखिन्छ र यस घटनाले उनिहरुको जुझारु एवं सर्घषशील चेतनाको प्रदर्शन गरेको छ । फागुन ११ गते विराटनगरका महिलाहरुले स्थानीय देवकोटा चोक वरिपरिका घरहरुमा पसेर प्रहरीले गरेको ज्यादतीको विरोधमा मुखमा कालो पट्टी बाँधेर मौन जुलुश निकालेका थिए । यसबाट २० जनालाई गिरफ्तार गरिएको थियो ।

निरंकुशताका पुजारीहरुको दमन-चक्रले महिलाहरुलाई पनि छाडेन । फागुन १३ गते २१ वर्षिया छात्रा नीरा शर्मालाई प्रहरीले काठमाडौंको ठहिंटीमा पक्राउ गरी निर्घात पिट्दै लगेको थियो । तर उनले प्रहरी शक्तिसित साहसपूर्वक प्रतिरोध गरिन् । “अवला” भनेर हेलाँ गरिने महिलाहरु सत्य र न्यायको निमत्त, देश र जनताको निमित्त र स्वतन्त्रता र स्वाधीनताको निमित्त आवश्यक परे निरंकुशताका रक्षकहरुसित जुध्न सक्दा रहेछन् र जुद्धा रहेछन् भन्ने पुष्टि यस घट्नाले गर्दछ ।

फागुन २५ गते (८ मार्च) को अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर महिलाहरुले जनआन्दोलनको सफलताको लागि आफ्ना कार्यक्रमहरुलाई अरु तेज पारे । काठमाडौंको पद्म कन्या क्यापसबाट ५०० भन्दा बढी महिलाहरुको जुलुस निस्किएको थियो । यसैगरी बुटवल, पाल्पा, विराटनगर, झापा आदि ठाउँहरुमा पनि विरोध सभा एवं जुलुसहरु भए । महिला दिवस मनाएकोमा, विरोध कार्यक्रममा भाग लिएकोमा विभिन्न ठाउँहरुबाट थुप्रै महिलाहरुलाई गिरफ्तार गरियो ।

फागुन ३० गते चितवनका करीव २००० महिलाहरु हातमा रातो झण्डा

लिएर नारा लगाउँदै नारायणघाट बजार परिक्रमा गर्न निस्किए । महिलाहरुको यस वीरतापूर्ण प्रर्दशनलाई रोक्न प्रहरीले हवाइ फायर गरेको थियो । तर सर्घषशील चेतानाले देश र जनाताको निमित्त सडकमा उत्रिएका ती महिलाहरु निडरताकासाथ अगाडि बढदै गए । यस प्रर्दशनमा भाग लिने महिलाहरुमध्ये २०० भन्दा बढि गिरफ्तार भए । यिनीहरुलाई चितवनको जंगलमा भोकभोकै राखिएको मात्र नभएर निर्लज्ज तरीकाले अमानवीय यातानाहरु पनि खप्न वाध्य पारिएको थियो । चितवनका महिलाहरुको यस अदम्य साहस एवं जुझारुपनाले उनीहरुलाई "चितवन टाइगरनी" भनेर चर्चित समेत बनायो ।

चैत ३ गते काठमाडौंमा भएको लेखक, कालाकारहरुद्वारा मुखमा कालो पट्टी बाँधेर गरिएको विरोध कार्यक्रममा पनि महिलाहरुको सहभागिता रहेको थियो र पक्राउ परेका लेखक, कालाकारहरुमा महिलाहरु पनि थिए । यस्तै चैत ७ गते किर्तीपुरको अडिटोरियममा भएको गोष्ठीबाट गिरफ्तारीमा पर्ने बुद्धिजीवीहरुमा ३० जना जति महिलाहरु थिए । जसमध्ये हिसिला यमी, कल्याणी शाह र मीना पौडेललाई आन्दोलनको समाप्तिपछि मात्र छोडियो ।

चैत १० गते सिराहा जिल्लाको तेतरीया गाँउ वा. नं. २ का ने. क. पा. (चौ.म.) पक्षधर वडा अध्यक्ष अर्जुन थापालाई प्रहरीले गिरफ्तार गरेर लग्दा त्यहाँका महिलाहरुले हँसिया, खुकुरी, लठ्ठी जस्ता हतियार हातमा लिएर प्रहरीसंग डटेका थिए र वडा अध्यक्षलाई गिरफ्तारी हुनबाट फुत्काएका थिए । महिलाहरुको यो निकै साहसपूर्ण कदम थियो ।

चैत १७ गते पद्म कन्या क्याम्पसको प्राङ्गणमा भेला भएर गृहिणीहरुले पञ्चायती व्यावस्थाले सृजना गरेको महँगी र अभावको विरोधमा थाल, कचौरा, डाडु, पन्यूँ आदि ठटाएर प्रर्दशन गरेका थिए र यसै समय त्यहाँका छात्राहरुले पञ्चायतको पुत्ला पनि जलाएका थिए । यसबाट १५ जना जति महिलाहरुलाई गिरफ्तार गरियो । यसै दिन किर्तिपुरको मंगल मा. वि. मा पुत्ला जलाएर दिउँसो ३ बजे सुरु भएको हजारौंको जुलुसमा महिलाहरु अग्रपंक्तिमा रहेका थिए ।

चैत १८ गते शनिबारका दिन पाटनमा निस्किएको हजारौंको जुलुसमा महिलाहरु पनि आफ्ना नानीहरुलाई एक हातले च्यापेर अर्को हातमा खुँडा, खकुरी, चुलेसी आदि जस्ता हतियार बोकेर नारा लगाईरहेका थिए । महिलाहरुको सक्रिय

सहभागिताको एक उल्लेखनीय घटनाको रुपमा यो निकै चर्चित रह्यो । यसै दिन कोठामा बसिरहेकी नर्स विद्या जोशीको कुममा गोली लागेको थियो । चैत १९ गते किर्तीपुरका गृहिणीहरुले पनि रित्तो गाग्री बोकेर जुलुस निकालेका थिए ।

चैत २० गते किर्तीपुरमा गोली चल्नु अघि प्रहरीले गिराफ्तार गरेका मानिसहरुलाई बीच बाटोबाटै छुटाउन र थानामा लगेपछि प्रहरीसित वार्ता गर्न त्यहाँका साहसी महिलाहरुले पहल गरेका थिए । चैत २१ गते किर्तीपुरमा भएको शहीद राजमान मालीको शवयात्रामा महिलाहरु निकै ठूलो संख्यामा सामेल भएका थिए । चैत २२ र २३ गते जन हत्या गर्ने प्रहरीहरुलाई त्यहाँका महिलाहरुले पानी खान नै नदिई सजायँ गरेका थिए ।

चैत २२ गते देशव्यापी रुपमा प्रार्थना सभाको आयोजना गरिएको थियो । त्यस दिन भैरहवाका महिलाहरुले प्रहरीलाई जनताको हत्या नगर्नु भनेर अर्ती दिदै टीका लगाईदिएका थिए । यसै दिन विहान ७:३० बजे तीनथाना गाउँ पंचायतको विष्णुदेवी मन्दीर (काठमाण्डौ) मा आम सभा भएको थियो । यो आम सभा पछि गएर जुलुसमा परिणत भएको थियो र यसको अग्रपक्तिमा पनि महिलाहरु थिए ।

चैत २४ गते पाटनमा कर्फ्यू सुरु भएको दिन ३:४५ बजे विहान जथाभावी गोली बर्साउँदै हिंडेका सैनिकको गोलिबाट घरमै ज्ञानी शोभाको मृत्यु भएको थियो । यस प्रकार ०४६ को जनआन्दोलनमा महिलाहरुले पनि आफुलाई मात्र आन्दोलनको सहायकको रुपमा वा भनौं पुरुषहरुकोसाथ दिएको रुपमा मात्र प्रदर्शित नगरी जुझारु एवं सक्रिय सहभागीको रुपमा प्रदर्शन गर्न सफल भएको पाइन्छ ।

*(मूल्यांकन, चैत्र-बैशाख ०४८/४९, विशेष : जन-आन्दोलन २०४६)*

However, it is true that among the many male columnists writing today, Rajendra Prasad Adhikari (Jana-Ekata) is the only one who has a column on this theme, while a handful of other male writers have contributed an occasional piece or two."

Pratyoush Onta, 'Women's writings' in the media, The Kathmandu Post, November 21, 1997

---

डा. राजेन्द्रप्रसाद अधिकारी मूलतः सार्वजनिक खरिद, निर्माण आयोजना व्यवस्थापन, विवाद समाधान र प्राविधिक शिक्षाको क्षेत्रमा कार्यरत हुनुहुन्छ र प्राध्यापन गर्नुहुन्छ । वहाँले निर्माण व्यवस्थापनको क्षेत्रमा विद्यावारिधी गर्नु भएको छ । वहाँले जन-प्रशासन, राजनीतिशास्त्र, कानुन जस्ता विषयको पनि अध्ययन गर्नु भएको छ । विषयगत लेखन बाहेक वहाँका साहित्यिक कृतिहरु पनि प्रकाशित छन् । हाल वहाँ एकीकृत विकास संस्था (आइडिएस) को अध्यक्ष हुनुहुन्छ ।

**डा. अधिकारीका प्रकाशित कृतिहरू:**

१. खै के हाँस्नु र ? (कवितासंग्रह), २०३८
२. आजको आकाश (संयुक्त कवितासंग्रह), २०४२
३. Construction Management, 1989
४. भवन निर्माण (सह-लेखन), २०५५
५. सामाजिक अध्ययन (सह-लेखन), २०५६
६. आजको आकाश (संयुक्त कवितासंग्रह), २०६३
७. Engineering Professional Practice, 2010
८. आयान कुर्दी, (कवितासंग्रह),२०७५
९. सुशासन र प्रभावकारिताको कसीमा सार्वजनिक खरिद र निर्माण आयोजना व्यवस्थापन, २०७७
१०. आजको आकाश (तेस्रो संयुक्त कवितासंग्रह), २०७९

9789937140805

नारी : समाज, घटना र पात्रहरू - राजेन्द्रप्रसाद अधिकारी वि.सं. २०७९